# अर्घाखाँची जिल्लाका अर्घाराज्यमा प्रचलित धार्मिक गीतको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र

सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको

स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ

पत्रको प्रयोजनका लागि

प्रस्तुत

## शोधपत्र


शोधकर्ता

मेघनाथ आचार्य

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौँ


२०७०

# शोध निर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह दोस्रो वर्षका छात्र **मेघनाथ आचार्यले** **अर्घाखाँची जिल्लाका अर्घाराज्यमा प्रचलित धार्मिक गीतको अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नु भएको हो । यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि म नेपाली केन्द्रीय विभाग कीर्तिपुर समक्ष सिफारिस गर्दछु ।

......................

(प्रा.डा. कृष्णप्रसाद घिमिरे)

**शोध निर्देशक**

त्रिभुवन विश्वविद्यालय

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौँ

मिति :- २०७०/११/३०

# त्रिभुवन विश्वविद्यालय

## मानविकी तथा सामाजिक शास्त्र सङ्काय

## नेपाली केन्द्रीय विभाग, कीर्तिपुर

## स्वीकृति–पत्र

त्रिभुवन विश्वविद्यालय, मानिविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको समूह २०६४/०६५ का छात्र **मेघनाथ आचार्य**ले ले स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नु भएको **अर्घाखाँची जिल्लाका अर्घाराज्यमा प्रचलित धार्मिक गीतको अध्ययन** शीर्षकको शोधपत्रको आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

| **मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| १. प्रा.डा. देवीप्रसाद गौतम (विभागीय प्रमुख) | ................................ |
| २. प्रा.डा. कृष्णप्रसाद घिमिरे (शोध निर्देशक) | ............................... |
| ३. प्रा.डा. दयाराम श्रेष्ठ (बाह्य परीक्षक) | ................................ |

मिति: २०७०/१२/१७

v

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दशौँ पत्रको प्रयोजनको लागि आदरणीय गुरूवर **प्रा.डा. श्री कृष्णप्रसाद घिमिरेज्यू**को कुशल निर्देशनमा तयार पारेको हुँ । आफ्नो अति व्यस्त समयमा पनि यो शोधपत्र तयार पार्ने सन्दर्भमा आइपरेका विभिन्न समस्या र अड्चनहरुसँग जुध्ने प्रेरणा दिँदै सही पथप्रदर्शन गराएर अघि बढ्न उत्प्रेरित गर्दै पर्याप्त समय दिई उचित परामर्श, निर्देशन, सहयोग तथा उत्साह प्रदान गर्नुहुने गुरूवरको सद्भावबाट ज्यादै म प्रभावित छु । यसका साथै मार्गनिर्देशन गरी अविस्मरणीय सहयोग गर्नुहुने श्रद्धेय गुरूवर प्रति म हार्दिक कृतज्ञताज्ञापन एवम् श्रद्धाभाव व्यक्त गर्दछु ।

'अर्घाखाँची जिल्लाका अर्घाराज्यमा प्रचलित धार्मिक गीतको अध्ययन' नामक शोधप्रस्ताव स्वीकृत गरी शोधपत्र लेख्न अभिप्रेरित गर्नुहुने विभागीय प्रमुख प्रा.डा. देवीप्रसाद गौतम र शोधपत्र तयार पार्ने क्रममा समय-समयमा आवश्यक सुझाव र सल्लाह दिई सहयोग गर्नुहुने नेपाली केन्द्रीय विभागका सम्पूर्ण गुरूवरहरु प्रति हार्दिक कृतज्ञ छु । यो शोधपत्र तयार पार्दा सामग्री सङ्कलन गर्ने क्रममा अहम् भूमिका प्रदान गर्नुहुने अर्घाखाँची मरेङ्गका मुमलाल पाण्डे, प्रेमबहादुर विक, डिभर्नाका टोमलाल आचार्य, पूर्णवहादुर थापा, जीवलाल थापा, चेतवहादुर कुँवर, घनसिंह थापामगर, खनका भीमप्रसाद रिजाल, यमप्रसाद खनाल, अर्घातोसका लोकनाथ सुवेदी, अर्घाका तेजनाथ भुसाल, यज्ञप्रसाद खनाल, बालकृष्ण आचार्य, ढिकुराका होमाकान्त पोखेल, धारापानीका ऋषिराम चुदाँली, वाङ्लाका टोमलाल भुसाल, मीना आचार्य र सन्धिखर्कका माधवराज चुदाँली प्रति नतमस्तक छु ।

प्रस्तुत शोधपत्र तयार पार्दा आवश्यक सामग्री उपलब्ध गराइ दिने त्रि.वि केन्द्रीय पुस्तकालय, नेपाल प्रज्ञा प्रतिष्ठान, साझा प्रकाशन प्रति आभार प्रकट गर्दछु । यसै गरी आफ्नो अमूल्य श्रम र पसिना खर्चेर शरीर तिलान्जलि दिँदै मेरो अध्ययनको यस अवस्थासम्म ल्याइपुऱ्याउनु हुने पूज्यनीय पिता माता ढुण्डिराज र भीमकला आचार्यप्रति म आजीवन ऋणी छु । मेरो अध्ययनको दौरान यहाँसम्म पुऱ्याउन सहयोग गर्ने दाजु-भाउजू हेमराज र सीता आचार्यलाई सम्झनु धर्म सम्झेको छु । यो शोधपत्रको दौरान विभिन्न क्षेत्रबाट सहयोग गर्ने बहिनी मीना आचार्यप्रति आभारी छु साथै आफ्ना मनका इच्छा आकाङ्क्षालाई मेरो सफलतामा परिणत गर्दै विविध क्षेत्रमा सहयोग

गर्ने जीवनसङ्गिनी लक्ष्मी आचार्यलाई  सम्झन चाहन्छु । शोधपत्रलाई यहाँसम्म पुऱ्याउन सहयोग गर्ने बहिनीहरु रिमा ज्ञवाली र निर्मला खनाललाई पनि बिर्सिन सक्दिन ।

धार्मिक गीत सङ्कलन तथा रेकर्ड गर्ने क्रममा आवश्यक सहयोग पुऱ्याउनुहुने सम्पूर्ण अर्घाखाँची वासी इष्टमित्र, दाजुभाइ, दिदीबहिनी, कलाकार, गायक, सज्जनमित्र तथा बुबाआमाहरूप्रति कृतज्ञताज्ञापन गर्दछु साथै शोधपत्र तयारपार्दा सहयोग पुऱ्याउने साथीहरु माधवप्रसाद चुँदाली, सुमन्त पोखेल, युवराज आचार्य, रेसम आचार्य, भेषराज खनाल, विष्णुप्रसाद चुँदाली, कृष्णप्रसाद आचार्य, माधव आचार्य, लक्ष्मण पन्थी र प्रदिप खनाल प्रति आभार प्रकट गर्दछु ।

यसरी नै शोधलाई छिटो-छरितो साथै शुद्धसँग टङ्कन सहयोग गरिदिने अशोक दहित र सुभाष खत्री तथा युनिभर्सल फोटो कपी एण्ड कम्प्युटर सेन्टरप्रति पनि  धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा म यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग समक्ष प्रस्तुत गर्दछु ।

शैक्षिक सत्रः २०६४/०६५

क्रमाङ्कः २३६

मितिः २०७०/११/२५

सम्पर्क सूत्रः ९८४१८४०८५५

डिभर्ना २, भैँसीथला


शोधार्थी

__________

मेघनाथ आचार्य

नेपाली कन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौँ ।

२०७०

# विषय सूची


| **पहिलो-परिच्छेद : शोध परिचय** | **पृष्ठ** |
|---|---|
| १.१ शोध परिचय | १ |
| १.२ शोध कार्यको प्रयोजन | १ |
| १.३ विषय परिचय | १ |
| १.४ समस्या कथन | २ |
| १.५ शोधकार्यको उद्देश्यहरु | ३ |
| १.६ पूर्वकार्यको समीक्षा | ३ |
| १.७ शोधकार्यको औचित्य | ५ |
| १.८ शोधकार्यको सीमाङ्कन | ५ |
| १.९ शोधविधि | ६ |
| १.९.१ सामग्री सङ्कलन विधि | ६ |
| १.९.२ सैद्धान्तिक ढाँचा | ६ |
| १.१० शोधपत्रको रूपरेखा | ७ |
| **दोस्रो-परिच्छेद : अर्घाखाँची जिल्लाको सङ्क्षिप्त परिचय** | |
| २.१ अर्घाखाँची जिल्ला | ८ |
| २.२ अर्घाखाँची जिज्लाको पूर्व अवस्था | ८ |
| २.३ अर्घाराज्यको ऐतिहासिक पृष्ठभूमि | ८ |
| २.३.१ अर्घाराज्यको सम्बन्धी विभिन्न मत | ७ |
| २.३.२ अर्घाराज्यको सिमाना | १० |
| २.४ अर्घाखाँची जिल्लाको नामकरण | ११ |
| २.४.१ अर्घाराज्यको नामकरण | ११ |
| २.४.२ खाँचीराज्यको नामकरण | १२ |
| २.५ भौगोलिक परिचय | १२ |
| २.५.१ भौगोलिक स्थिति | १२ |
| २.५.२ हावापानी | १३ |
| २.५.३ भू-उपयोग स्थिति | १३ |
| २.५.४ सिमाना | १४ |
| २.५.५ जडिबुटी तथा वन्यजन्तुहरु | १४ |
| २.५.६ खनिज सम्पदा | १५ |
| २.५.७ नदी र ताल | १५ |
| २.६ सामाजिक संरचना | १६ |
| २.६.१ धर्म-संस्कृति | १६ |

२.६.२ जनसङ्ख्या १७
२.६.३ भाषा १७
२.७ राजनैतिक तथा प्रशासनिक विभाजन १८
२.८ अर्घाखाँची जिल्लाका महत्त्वपूर्ण धार्मिक तथा पर्यटकीय स्थलहरु १८
२.८.१ ऐतिहासिक पौराणिक स्थलहरु १९
२.८.२ धार्मिक तथा पर्यटकीय स्थलहरु २१
२.९ स्वास्थ्य तथा शैक्षिक स्थिति २१
२.१० सडक एवम् बाटोघाटोको स्थिति २२
२.११ विद्युतीकरणको स्थिति २३
२.१२ निष्कर्ष २३

**तेस्रो-परिच्छेद : धार्मिक गीतको परिचय र वर्गीकरण**

३.१ धार्मिक गीतको पृष्ठभूमि २५
३.२ धार्मिक गीतको परिचय २५
३.३ धार्मिक गीतको विशेषता २६
३.३.१ सामुदायिकता २७
३.३.२ पारम्परिकता २७
३.३.३ मौलिकता २७
३.३.४ गतिशीतला २७
३.४ धार्मिक गीतको महत्त्व २८
३.४.१ सैद्धान्तिक महत्त्व २८
३.४.२ प्रायोगिक महत्त्व २९
३.५ धार्मिक गीतको वर्गीकरण २९
३.६ धार्मिक गीतहरु ३०
३.६.१ भजन ३१
३.६.१.१ आरती ३१
३.६.१.२ निर्गुण ३७
३.६.१.३ चरित्र ३८
३.६.१.४ वाणी ३९
३.६.१.५ भिमलु ३८
३.६.१.६ कीर्तन ४०
३.६.१.७ चुड्किला भजन ४१
३.६.१.८ सवाई भजन ४१
३.६.१.९ पुष्पाञ्जली ४२
३.६.२ संस्कार गीतहरु ४२
३.६.२.१ मागल/सगुन ४३
३.६.२.२ रत्यौली/जिउँती ४४

३.६.३ पर्व गीतहरु ४६
३.६.३.१ फागु गीत ४८
३.६.३.२ मारुनी गीत ४९
३.६.३.३ मालसिरी ४९
३.६.३.४ तीज गीत ५०
३.६.४ निष्कर्ष ५२
**चौथो-परिच्छेदः अर्घाखाँची जिल्लाका अर्घाराज्यमा प्रचलित धार्मिक गीत**
४.१ पृष्ठभूमि ५३
४.२ भजन ५३
४.२.१ आरती ५३
४.२.२ चरित्र भजन ६०
४.२.३. वाणी भजन ६६
४.२.४ निर्गुण भजन ६७
४.२.५ भिमलु भजन ६८
४.२.६.चुड्का भजन ६९
४.२.७ कीर्तन भजन ६९
४.२.८ सवाई भजन ७०
४.२.९ पुष्पाञ्जली ७३
४.२.१० जयकार ७५
४.३ संस्कार गीत ७५
४.३.१ मागल गीत (भलाये सगुनाये) ७६
४.३.२ रत्यौली (जीउँती) ७८
४.४ पर्वगीत ८०
४.४.१ तीज गीत ८०
४.४.२ रागमालश्री ८३
४.४.३. सोरठी (मारुनी) ८५
४.४.४ होली गीत (फागु) ८८
४.२.५ निष्कर्ष ९५
**पाँचौं-परिच्छेद : अर्घाखाँची जिल्लाका अर्घाराज्यमा प्रचलित धार्मिक गीतको विश्लेषण**
५.१ परिचय
५.२ विषयवस्तुका आधारमा ९६
५.२.१ सामाजिक चित्रण ९६
५.२.२ सांस्कृतिक चित्रण ९५
५.२.३ आर्थिक चित्रण ९७
५.२.४ प्रकृति चित्रण ९८
५.३. भाषा प्रयोगका आधारमा ९९

५.४ लयविधानका आधारमा १००
५.५ संरचनाका आधारमा १०२
५.६ धार्मिक गीतका तत्त्वहरुका आधारमा १०३
५.६.१ सन्देश १०४
५.६.२ भाषा १०४
५.६.३ चरन १०५
५.६.४ थेगो १०५
५.६.५ उद्देश्य १०५
५.६.६ शैली १०५
५.६.७ रिटक १०६
५.७ काव्यतत्त्वको आधारमा १०६
५.७.१ रस १०६
५.७.२ अलङ्कार १०८
५.८. गायन विधिका आधारमा ११०
५.९ मञ्चीय दृष्टिका आधारमा ११०
५.१० नृत्य विधानका आधारमा १११
५.११ वाद्यवादनका आधारमा १११
५.१२ निष्कर्ष ११२

**छैटौं परिच्छेदः उपसंहार**

६.१ सारांश ११३
६.२ निष्कर्ष ११६

**परिशिष्टहरु** **११९-१५२**

क) स्थानीय भाषिका
ख) अन्तर्वार्ता
ग) स्रोतव्यक्तिका नाम

**सन्दर्भ सामग्रीसूची** **१५३-१५४**

# सङ्क्षेपीकृत शब्दसूची

| | | |
|---|---|---|
| सङ्क्षिप्त रूप | - | पूर्ण रूप |
| अप्र. | - | अप्रकाशित |
| ई. | - | ईस्वीय संवत् |
| उ.मा.वि. | - | उच्च माध्यमिक विद्यालय |
| कि.मि. | - | किलो मिटर |
| क्र.स. | - | क्रम संङ्ख्या |
| क्षे.नं. | - | क्षेत्र नम्वर |
| गा.वि.स. | - | गाउँ विकास समिति |
| जि.वि.स.का. | - | जिल्ला विकास समितिको कार्यालय |
| डा. | - | डाक्टर |
| ते.सं. | - | तेस्रो संस्करण |
| त्रि.वि. | - | त्रिभुवन विश्वविद्यालय |
| दो.सं. | - | दोस्रो संस्करण |
| नि.मा.वि. | - | निम्नमाध्यमिक विद्यालय |
| पृ. | - | पृष्ठ |
| प्र. | - | प्रकाशन |
| प्रा.डा. | - | प्राध्यापक डाक्टर |
| प्रा.लि. | - | प्रायभेट लिमिटेड |
| प्रा.वि. | - | प्राथमिक विद्यालय |
| वडा नं. | - | वडा नम्वर |
| वि.सं. | - | विक्रम संवत् |
| सि.एम्.ए. | - | कम्युनिटी मेडिकल एसिस्टेन्ट |

# पहिलो-परिच्छेद

# शोध परिचय

## १.१ शोध परिचय

प्रस्तुत शोधपत्रको शीर्षक **अर्घाखाँची जिल्लाका अर्घाराज्यमा प्रचलित धार्मिक गीतको अध्ययन** रहेको छ ।

## १.२ शोध कार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह नेपाली विषयको द्वितीय वर्षको दसौं पत्रको प्रयोजनका लागि तयार पारिएको छ ।

## १.३ विषय परिचय

लोक साहित्यका विभिन्न विधा उपविधाहरुमध्ये लोकगीत अन्तर्गत पर्ने एउटा शाखाका रूपमा धार्मिक गीतलाई लिइन्छ । धार्मिक गीत भन्नाले पवित्र धार्मिक कार्य पर्व तथा उत्सवहरुमा विभिन्न वाद्यवादनका सामग्रीहरुको सहयोग लिई रागात्मक अभिव्यक्तिसँगै ईश्वरीय अनिश्वरीय विषयवस्तुमा आधारित गीतात्मक प्रस्तुतिलाई नै धार्मिक गीत भनिन्छ । धार्मिक गीतमा लोकसमाजका आस्था, विश्वास र प्रतिमानहरु प्रतिविम्बित भएर आएका हुन्छन् । समुदायको कल्पना, अनुभवका साथै ज्ञानका माध्यमबाट रचना गरिएको अद्‌भुत रोमाञ्चक एवम् व्यावहारिक संयोजन गरिएको हुन्छ । धार्मिक गीतमा समाजमा भएका आस्था, विश्वास र प्रतिमानहरु प्रतिविम्बित भएर आएका हुन्छन् । धार्मिक गीतहरु भक्तिमूलक विधा अन्तर्गत पर्दछन् । यसको क्षेत्र त्यक्तिमै सीमित नरहेर अन्य कुरा पनि पाउन सकिन्छ । धार्मिक गीत ज्ञान र अनुभवका अमूल्य नीधि हुन्, लोक समाजका दर्पण हुन्, साथै धार्मिक गीतमा लोक संस्कारमा निहित कला संस्कृति, साहित्य र परम्परा विद्यमान रहेका हुन्छन् । धार्मिक गीतहरुमा विभिन्न अतिरञ्जनात्मक रोमान्चक तत्त्वहरु रहने हुँदा यस्ता तत्त्वहरुले बढी भन्दा बढी आकर्षक बनाई सामूहिक मनोरञ्जन दिनाका साथै प्रत्यक्ष वा परोक्ष शिक्षा दिने कार्य पनि गरेका हुन्छन् । जसले धार्मिक गीतका माध्यमबाट लोकजीवनका ज्ञान, सीप र अनुभवहरु मौलिक रूपमा पुस्तौं पुस्तासम्म जीवन्त भएका हुन्छन् । यसरी धर्म प्राप्त गर्ने भावनाले अभिप्रेरित भई धार्मिक कार्यका अवसरमा कार्यसिद्धि कामनाले गाइने गीतलाई धार्मिक गीत भनिएको हो । अर्घाखाँचीमा अन्य

लोकगीतहरुले भन्दा यस्ता गीतहरुले धार्मिक जीवनको आस्थालाई व्यक्त गरेका हुन्छन् । यही कारणले त्यस्ता गीतहरुको विशेष भूमिका रहेको छ । यस्ता गीतहरुमा आध्यात्मिक दर्शनको मात्रा बढी हुन्छ । धार्मिक गीतमा जनसमुदायका नीति नियम आचार संहिताको प्रशस्त कुराहरुलाई स्थान दिइएको हुन्छ । जन समाजका तीर्थ, वर्त, पूजा, पर्व, संस्कार, जात्रा, उत्सव आदिको यसमा पर्याप्त वर्णन रहन्छ । पवित्र नदीका स्थान, देवताको दर्शन तथा तीर्थवर्तको महत्त्व यसमा अत्यन्त रोचकपाराले प्रस्तुत गरिएको हुन्छ । विभिन्न जाति, समुदायमा आ-आफ्ना धर्म नीति नियमका मान्यता र अवस्थाको वास्तविक स्थिति धार्मिक गीतमा हुन्छ साथै प्राचीनकालदेखि वर्तमानसम्मको समाजको धार्मिक मूल्य मान्यता र नीति नियमका कुराहरु थाहा पाउन सकिने हुँदा धार्मिक गीतको आफ्नै मौलिक महत्त्व रहेको छ ।

हाम्रो समाजमा छरिएर रहेको लोक साहित्यलाई खोजी गरी प्रकाशमा ल्याउनु हाम्रो दायित्व हो । समयमै खोजी नीती र संरक्षण गरिएन भने लोक साहित्यका कतिपय पक्षहरु लोप हुने अवस्थामा पुग्न सक्छन् । धार्मिक गीत भनेका समाजका गहना हुन् । यी ज्ञान र अनुभवका अमूल्य निधि हुन् । राष्ट्रका पहिचानका साथै धार्मिक संस्कृतिका संवाहक हुन् । धार्मिक गीतमा लोक संस्कारमा निहित कला, संस्कृति, साहित्य र परम्परा विद्यमान रहेका हुन्छन् । धार्मिक गीतमा लोकभावना, लोकविश्वास, सामाजिक रीतिरिवाज र लोक संस्कृतिको प्रत्यक्षतः प्रभाव रहेको हुन्छ । धार्मिक गीतहरुले प्रत्यक्ष वा परोक्ष रूपमा शिक्षा दिने काम गरेका हुन्छन् । यस्ता लोक समाजमा भएका धार्मिक गीतको दोहन र उत्खनन  गरी वास्तविक मूल्य प्रदान गर्नु हाम्रो कर्तव्य हो । त्यसैले अर्घाखाँची जिल्लाका अर्घाराज्यमा प्रचलित धार्मिक गीतको अध्ययन विषयमा केन्द्रित रहेर यसको अध्ययन गरिएको छ ।

## १.४ समस्या कथन

नेपालका विभिन्न जिल्ला तथा क्षेत्रबाट लोक साहित्यका क्षेत्रमा विभिन्न अध्ययन गरिएको भए पनि लुम्बिनी अञ्चल अन्तर्गत अर्घाखाँची जिल्लाको अर्घाराज्यमा प्रचलित धार्मिक गीतको अध्ययन नभएकाले अर्घाखाँची जिल्लाको अर्घाराज्यमा प्रचलित धार्मिक गीतको अध्ययन गर्नु यस शोध पत्रको मुख्य समस्या रहेको छ ।

यो शोधपत्र निम्नलिखित समस्यामा केन्द्रित रहेको छ :

क) अर्घाखाँची जिल्लाका अर्घाराज्यमा के, कति धार्मिक गीत प्रचलित छन् ?

ख) अर्घाखाँची जिल्लाका अर्घाराज्यमा प्रचलित धार्मिक गीतहरु के कति प्रकारका छन् ?

ग) अर्घाखाँची जिल्लाका अर्घाराज्यमा प्रचलित धार्मिक गीतहरुका मूल विशेषता के-के हुन् ?

## १.५ शोधकार्यका उद्देश्यहरु

हालसम्म अर्घाखाँची जिल्लाका अर्घाराज्यमा प्रचलित धार्मिक गीतहरु समग्र रूपमा अध्ययन अनुसन्धान अभावले गर्दा विभिन्न समस्याहरु छन् । जुन समस्या उपर्युक्त समस्या कथनमा उल्लेख गरिएका छन् । शोध अनुसन्धान पश्चात् तिनै समस्याहरुको समाधान गर्न निम्न उद्देश्य राखिएका छन् ।

प्रश्तुत शोधपत्रका निम्नलिखित उद्देश्यहरु रहेका छन् :

क) अर्घाखाँची जिल्लाका अर्घाराज्यमा प्रचलित धार्मिक गीतहरुको सङ्कलन गर्नु,

ख) अर्घाखाँची जिल्लाका अर्घाराज्यमा प्रचलित धार्मिक गीतहरुको वर्गीकरण गर्नु,

ग) अर्घाखाँची जिल्लाका अर्घाराज्यमा प्रचलित धार्मिक गीतहरुको विश्लेषण गर्नु,

## १.६ पूर्वकार्यको समीक्षा

नेपाली धार्मिक गीतको अध्ययन अनुसन्धान गर्ने परम्परा अन्य विधा उपविधाको तुलनामा कमै मात्र भएको देखिन्छ । अर्घाराज्यकै सेरोफेरोमा रहेर हेर्ने हो भने धार्मिक गीतको अध्ययन गर्ने परम्परा प्रायःन्युन देखिन्छ । विशेष गरी अर्घाखाँची जिल्लाको साहित्यिक योगदान, लोककथा, लोकगीतको बारेमा केही झल्को भएपनि धार्मिक गीतको अध्ययन नगरेको  यथार्थ देखिन्छ । लोकसाहित्य सम्वन्धी पुस्तकहरुमा धार्मिक गीतको सामान्य परिचय दिएको पाइन्छ । लोकगीतको अध्ययन गर्ने सन्दर्भमा भजन, भजनेगीत चुड्का, धार्मिक गीत, स्तुतिगीत शीर्षक दिएर सामान्य चर्चा गरेको पाइन्छ । अर्घाखाँची जिल्लाको धार्मिक गीतमै केन्द्रित भएर हालसम्म कसैले अध्ययन गरेको पाइदैन । धार्मिक गीतको चर्चा गर्ने सन्दर्भमा व्यक्त भएका केही विद्वानहरुको भनाइ यहाँ कालक्रमिक रूपमा प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ ।

१. धर्मराज थापा र हंसपुरे सुवेदीले “नेपाली लोकसाहित्यको विवेचना” मा लोक गीतका विशेषता, वर्गीकरण र विश्लेषण प्रस्तुत गर्ने क्रममा सामान्य लोक गीत अन्तर्गत चुड्का भजन र वर्तसम्बन्धी गीतमा भजनको प्रकृति अनुसार मोटामोटी विभाजन गरी  अध्ययन गरेका छन् । [1]

२. कृष्णप्रसाद घिमिरेले अर्घाखाँचीको पटौटी गा.वि.स.मा गाइने प्रतिनिधिमूलक नेपाली लोकगीतको सविस्तार वर्णन गरेका छन् । यस भिजेल प्रोफाइलमा त्यहाँका लोकगीतका विशेषताका वारेमा उल्लेख त हुन्छ तर अर्घाखाँची जिल्लाका सबै धार्मिक गीतहरुको अध्ययन भएको पाइँदैन । [2]

३. माधव चुँदालीले “अर्घाखाँची जिल्लाको साहित्य योगदान” अप्रकाशित शोधपत्र २०५५ मा सप्ताह, लक्षवत्ती र यस्तै अन्य पूजा आजाका अवसरमा खैंजडी र मजुरा बजाइनु भन्दै कलश शिरमा राखेर विभिन्न तालमा नाचिने नाचलाई भजन भनिन्छ । भगवानलाई नाचेर खुसी पार्नु पर्छ भन्ने उद्देश्यले यो नाच नाचिन्छ भनेका छन् तर धार्मिक गीतको उनले वर्णन गरेका छैनन् । [3]

४. कृष्णप्रसाद पराजुलीले “नेपाली लोकगीतको आलोकमा” जीवन चक्रीय र लोक गीत अन्तर्गत धार्मिक गीतलाई वर्तगीत र भजन गरी उल्लेख गरेका छन् । [4]

५. दिलीप कुमार काफ्ले “नेपाली लोक साहित्यको अनुसन्धान परम्परा” अप्रकाशित शोधपत्र २०५८ मा वर्ष गीत अर्न्तगत तीजगीत, मालसिरी, भैलो, देउसी, भजन, आदिलाई धार्मिक प्रकृतिका गीत भनेर देखाएका छन् ।[5]

६. लक्ष्मी पोखेलले “अर्घाखाँची जिल्लाका लोकगीतहरुको सङ्कलन वर्गीकरण र विश्लेषण” अप्रकाशित शोधपत्र , २०५९ मा अर्घाखाँचीका लोकगीतका दुई शाखा विशेष गीत र सामान्य लोकगीत भनी विशेष लोकगीत अन्तर्गत धार्मिक गीत राखी धार्मिक गीत अन्तर्गत भजन, कीर्तन, आरती, वर्तगीत राखी देखाइएको छ ।[6]

---

ज्ञ धर्मराज थापा र हंसपूरे सूवेदी, **नेपाली लोक साहित्यको विवेचना**, (का७मा८ौ़ः पाठ्यक्रम विकास केन्द्र,  द्दण्ढज्ञ), पृ. ज्ञण्ण-ज्ञघघ.

द्द कृष्ठाप्रसाद रि्मिरे, **पद्दौदी गाउ़ पञ्चायतका लोक गीतहरुको विश्लेषठात्मक अध्ययन**, अप्रकाशित, भिजेल प्रोफाइल, (त्रि.वि.रा.वि.से.द्दण्ढद्द), पृ.ठघ-डछ ।

घ माधवराज चू़दाली, **अर्३खा़ची जिल्लाको साहित्यिक योगदान**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (काठमाडौ़ः नेपाली केन्द्रीय विभाग, द्दण्छछ) पृ. द्दद्द ।

ढ कृष्णप्रसाद पराजुली, **नेपाली लोकगीतको आलोकमा,** (काठमाडौँः वीणा प्रकाशन प्रा.लि., २०५७), पृ. २३२ ।

छ दिलीपकूमार काफ्ले, **नेपाली लोक साहित्यको अनूसन्धान परम्परा,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, (काठमाडौ़ः नेपाली केन्द्रीय विभाग, द्दण्छड), पृ.ज्ञड ।

ट लक्ष्मी पोखेल, **अर्घाखाँची जिल्लाका लोक गीतहरुको सङ्कलन, वर्गीकरण र विष्लेषण,**  अप्रकाशित स्नातकोत्तर शोधपत्र, (काठमाडौ़ नेपाली केन्द्रीय विभाग,  २०६३), पृ. ११ ।

७. गोविन्द आचार्यको "लोकगीतको विश्लेषण"मा राप्ती अञ्चलको लोकगीतको परिचय दिने क्रममा वाह्रमासे गीत शीर्षकमा धार्मिक गीत उपशीर्षकमा भजनको परिचय दिएका छन् । ८. हरिप्रसाद चुदालीले "गुल्मी जिल्लामा प्रचलित लोक भजनको सङ्कलन वर्गीकरण तथा विश्लेषण" अप्रकाशित शोधपत्र, २०६३ मा लोक भजनको वर्णन गरेका छन् । [ठ]

माथि उल्लिखित पुस्तक तथा लेखसमीक्षकहरुबाट धार्मिक गीतको बारेमा केही परिचय प्राप्त त हुन्छ तर अझैसम्म प्रर्याप्त मात्रामा विभिन्न क्षेत्र भाषा वा विषयका धार्मिक गीतहरुको समग्र रूपमा अध्ययन अनुसन्धान हुन सकिरहेको छैन । अर्घाखाँची जिल्लाका धार्मिक गीतको विशेष चर्चा नभइसकेकोले त्यसको अभाव खड्किएको वेला अवश्य पनि यस अर्घाखाँची जिल्लाको अर्घाराज्यमा प्रचलित धार्मिक गीतको अध्ययनले त्यसको अभाव पुरा गर्ने आशा राखिएको छ । यसमा अर्घाखाँची जिल्लाका अर्घाराज्यमा प्रचलित धार्मिक गीतहरुलाई समेटेर अध्ययन र विश्लेषण गरिएको छ । त्यसैले यो शोधपत्रको आवश्यकता र विशेष महत्त्व रहेको छ ।

## १.७ शोधकार्यको औचित्य

नेपाली समाजमा छरिएर रहेका लोक साहित्यका विभिन्न विधा उपविधाहरुको खोजी गरी प्रकाशमा ल्याउनु आवश्यक छ । त्यस्ता कार्यहरु समयमै खोजीनीति र संरक्षण गरिएन भने लोक साहित्यका कतिपय पक्षहरु लोप हुन सक्दछन् । त्यसैले तिनको समयमै सङ्कलन गर्नुपर्छ । प्रस्तुत शोधपत्रमा सामग्री सङ्कलनलाई मुख्य आधार बनाईको छ । यस सन्दर्भमा यसको औचित्य प्रष्ट हुन्छ । यहाँ प्रचलित धार्मिक रीतिरिवाज, रहनसहन, स्थानीय भाषा-भाषाको जानकारीका साथै धार्मिक गीतको जानकारी लिन पनि यस शोधकार्यबाट सहयोग पुग्नेछ । यसको अध्ययनबाट नेपालका विभिन्न क्षेत्रमा रहेका धार्मिक गीतको अध्ययन अध्यापन गर्न समेत सहयोग पुग्नेछ । त्यसैले यो कार्य क्षेत्रीय, प्राज्ञिक एवम् अनुसन्धानात्मक दृष्टिले औचित्यपूर्ण रहेको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

यस शोधकार्यका लागि नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने अर्घाखाँची जिल्लाको उत्तरीभेग यस शोधपत्रको मुख्य क्षेत्र हो । यस शोधपत्रका लागि अर्घाखाँची जिल्लाका मुख्य स्थान र विशेषतः अर्घाराज्यलाई प्राथमिकता दिइएको छ । विभिन्न स्थानमा सङ्कलित धार्मिक

[ठ] हरिप्रसाद चूभ्दाली, **गूल्मी जिल्लामा प्रचलित लोकभजनको सङ्कलन वर्गीकरण तथा विश्लेषण,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, ( कीर्तिपुरः नेपाली केन्द्रीय विभाग २०६३), पृ. १६ ।

गीतहरुलाई लोक साहित्यका आधुनिक सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ । यो नै शोधपत्रको सीमा हो ।

## १.९ शोधविधि

गीत छनोट गर्दा क्षेत्रगत आधारलाई लिइएको छ । गीतमा अनि, पनि बाहेक स्थानीय भाषालाई जस्ताको त्यस्तै राखिएको छ । भौगोलिक क्षेत्रमा गई टेप रेकर्ड गर्दा स्थानीय मानिसको पनि सहयोग लिइएको छ ।

### १.९.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यका निम्ति सामाग्री सङ्कलन गर्दा क्षेत्रीय अनुसन्धान विधिको उपयोग गरिएको छ । सम्वन्धित क्षेत्रमा गई धेरै पुराना लिखित तथा मौखिक सामग्रीहरुको अन्तवार्ताको माध्यमबाट सहयोग लिइएको छ । साथै धार्मिक कार्य, मेला, पर्व, उत्सव आदि क्रियाकलापमा प्रत्यक्ष सहभागी भई गायकहरुद्धारा गाइएका लोक भजनहरुलाई टेप रेकर्ड गरी सङ्कलन गरिएको छ । साथ-साथै मेला पर्व तथा धार्मिक कार्यमा उपस्थित हुन नसकेको ठाउँमा त्यहाँका बुढापाका र सम्बन्धित गायकहरुलाई गाउन लगाई प्रस्नोत्तर तथा सङ्कलन विधि अपनाई पाण्डु लिपिलाई पनि सामग्री अपनाइएको छ । आवश्यक परेका खण्डमा पुस्तकालयीय अध्ययन विधिको पनि प्रयोग गरिएको छ ।

### १.९.२ सैद्धान्तिक ढाँचा

प्रस्तुत शोधपत्र तयार पार्दा सङ्कलित सामग्रीको परिचय, गीति तथा काव्यतत्त्वको चिनारीका साथै सङ्क्षिप्त विश्लेषणात्मक ढाँचाको प्रयोग गरिएको छ

### १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि निम्न लिखित परिच्छेदमा विभाजन गरिएको छ ।

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : अर्घाखाँची जिल्लाको सङ्क्षिप्त परिचय

तेस्रो परिच्छेद : धार्मिक गीतको परिचय र वर्गीकरण

चौथो परिच्छेद : अर्घाखाँची जिल्लाका अर्घाराज्यमा प्रचलित धार्मिक गीतको सङ्कलन

पाचौँ परिच्छेद : अर्घाखाँची जिल्लाका अर्घाराज्यमा प्रचलित धार्मिक गीतको विश्लेषण

छैटौँ परिच्छेद : उपसंहार

सारांश : यहाँ प्रस्तुत शोधपत्रका दोस्रो, तेस्रो, चौथो र पाँचौँ परिच्छेदमा गरिएको अध्ययनलाई निष्कर्षित गरिएको छ ।

निष्कर्ष : यहाँ प्रस्तुत शोधपत्रका दोस्रो, तेस्रो, चौथो र पाँचौँ परिच्छेदमा गरिएको अध्ययनको सारांशलाई उल्लेख गरिएको छ ।

यसरी शोधपत्रलाई आवश्यकता अनुसार शीर्षकका उपशीर्षकहरु दिँदै पूर्णता प्रदान गर्ने प्रयत्न गरिएको छ र अन्त्यमा परिशिष्ट सहित सन्दर्भग्रन्थ सूची राखिएको छ ।

# दोस्रो-परिच्छेद

## अर्घाखाँची जिल्लाको सङ्क्षिप्त परिचय

### २.१ अर्घाखाँची जिल्ला

अर्घाखाँची पश्चिमाञ्चल विकास क्षेत्रको लुम्बिनी अञ्चलमा अवस्थित एक पहाडी जिल्ला हो । नेपालको अरू जिल्लाहरु जस्तै यस जिल्लाको पनि आफ्नै गरिमामय इतिहास छ । प्राकृतिक सौन्दर्यले भरिपूर्ण रहेको यस जिल्लाको भौगोलिक विविधतापूर्ण हुनु पनि यसको आफ्नै विशेषता हो । यस जिल्लामा प्राचीन धरोहरदेखि लिएर पौराणिक तथा धार्मिक तीर्थस्थलहरु, पर्यटकीय क्षेत्रहरु अवस्थित छन् । यस जिल्लाका पौराणिक, धार्मिक, ऐतिहासिक, भौगोलिक, सामाजिक सांस्कृतिक र प्राकृतिक क्षेत्रहरुको संक्षिप्त परिचय यसरी दिन सकिन्छ ।

### २.२ अर्घाखाँची जिल्लाको पूर्व अवस्था

नेपाल एक सङ्घीय, लोकतान्त्रिक गणतन्त्रामक राज्य हुनु अगाडि नेपाल अधिराज्यको एकीकरण गर्नुपूर्व चौबीसे राज्य अन्तर्गत अर्घा र खाँची गरी दुई राज्यको रूपमा यो जिल्ला अस्तित्वमा थियो । एकीकरण पछि अर्घा र खाँची दुई राज्य मिलेर अर्घाखाँचीको नामकरण भयो । २०१८ सालसम्म यो जिल्ला गुल्मी जिल्ला अन्तर्गत पर्दथ्यो भने देश ७५ जिल्लामा विभाजन भएपछि छुट्टै जिल्ला अर्घाखाँचीको रूपमा अस्तित्वमा आयो । अर्घा र खाँचीका राजाहरुको लडाइँ पश्चात दुई राजाहरुको सन्धि सम्पन्न भएको यो जिल्लाको सदरमुकामको नाम सन्धिखर्क रहन गएको भन्ने ऐतिहासिक पृष्ठभूमि छ ।[ड]

### २.३ अर्घाराज्यको ऐतिहासिक पृष्ठभूमि

अर्घाराज्यको नामकरण सम्वन्धी विभिन्न ऐतिहासिक मत-मतान्तरहरु यहाँ दिइएको छ ।

### २.३.१ अर्घाराज्य सम्बन्धी विभिन्नमत

अर्घाखाँची जिल्लाको इतिहास खोतल्दै जाँदा विक्रमको चौथो शताब्दिको उत्तरार्द्धमा सिम्रौनगढ राज्यमा हरिसिंह देव शासन गर्दै थिए । वि.सं. १३८१ मा दिल्लीका सुल्तान गया सुद्दिन तुगलकले वङ्गालमा आक्रमण गरी दिल्ली फर्कदा तिरहुको बाटो गरी फर्केका थिए । त्यस बेला गया सुद्दिनले सिम्रौनगढ आक्रमण गर्न लाग्यो भन्ने संझी प्रजा उठाई हरिसिंह देव लड्न तयार भै निस्के । तिरहुतका राजा देवसँग गया सुद्दिन तुगलकको लडाई पऱ्यो, गया सुद्दिनको फौजले सिम्रौनगढ

[ड] जिल्ला कार्य समिति, **अर्घाखाँची जिल्लाको सङ्क्षिप्त परिचय,** गा.वि.स. आवाज, (अर्घाखाँचीः जिल्ला कार्य समिति, द्दण्टट), पृ.द्द ।

ध्वस्त पारी दियो । त्यसपछि हरिसिंहदेवले यताउति भागी ज्यान जोगाए । केही काल पछि उनी नेपालको पहाडी भागमा बसे । उनका छोरा, मन्त्री भारद्वारहरु थिए । दोलखा तिर आउँदा टिंपाट भन्ने ठाउँमा वि.सं. १३८२ मा हरिसिंह देवको मृत्यु भयो । हरिसंह देवका छोरा र मन्त्रीहरु राजा ग्रामका भारदारले कैदगरी हरसिंह देवको सारा सम्पत्ति हात लाए ।[९]

उपयुक्त लेखको वि.सं. १३८१ मा सिम्रौनगढ क्षेत्रमा राजगर्ने राजाहरु मध्ये भागा भाग हुँदा राजा जिल्ला राई भनिने राजाका साथ निजका गुरु पुरेत रामभक्तलाई तपाईका र हाम्रा कुल्यां एउटै तपाईले र हामीले कुल्यां बोकि जाउँ भनि निजका साथमा आई राजा जिल्ला राईका भारदारहरुले गुरुङ राज्य परास्त पारी आफ्नो दायित्त्व कायम गराई राजाको गुरु पुरेत्याँई र देव देवताको स्थापना गराई अर्घाराज्य संचालन गरेको भन्ने पुराना लालमोहर, सनद र लगतहरु मन्दिरमा अघि २-३ सय वर्ष चढाएका घण्टहरुको लेखहरुबाट जानकारी हुन आउँदछ । लिच्छविकालमा यस जिल्लाको इतिहासबारे विशेष उल्लेख पाइदैन । लिच्छविहरुको पतनपछि पश्चिम नेपालमा खस मल्लहरुको अभ्युदय भयो । खस मल्लहरुको चकचकीको समयमा हालको 'अर्घा' र 'खाँची' उक्त खस मल्लहरुको अधीनमा थिए । ईसाको १४ औ शताब्दीमा खस मल्लहरुको पतन भएपछि यस इलाकामा अनेक भुरे राज्यहरु खडा भए । पाल्पामा सेनराज्यको स्थापना हुनु अघि यस क्षेत्रका गाउँ-गाउँमा सीमित स-साना राज्यहरु थिए । काठमाडौँ उपत्यकाका मल्ल राजाहरुमा भएको आपसी कलहले गर्दा टाढाका सामन्तहरुले स्वतन्त्र राज्यहरु खडा गरे र ती राज्यहरुलाई चौबीसे राज्य भनिन्थ्यो र 'अर्घा' र 'खाँची' पनि चौबीसे राज्य मध्येका थिए।[१०]

१८ औँ शताब्दीको सुरुमा यहाँ 'खाँची' र 'अर्घा' दुई साना राज्यहरु थिए । यी दुवै राज्य गुल्मी र पाल्पाको प्रभाव क्षेत्रमा पर्दथे । वि.सं. १८४३ सालमा नेपाल एकीकरणको अभियानमा बहादुर शाहले 'अर्घा' र 'खाँची' नामका दुई राज्यलाई पराजित गरी पाल्पासँगको पूर्व सर्त अनुसार पाल्पालाई जिम्मा लगाएका थिए । भिमसेन थापाको कार्यकाल वि.सं.१८६३ सालमा त्यो पाल्पाराज्य नेपाल अधिराज्यमा गाभियो । त्यसैले 'अर्घा' र 'खाँची' राज्यले ओगटेका क्षेत्रको सम्पूर्ण सरकारी कारोबार पाल्पाबाटै हुन थाल्यो । वि.सं. २०१८ सालसम्म नजिकको छिमेकी जिल्ला गुल्मीबाट शासित भयो । २०१८ सालमा नेपाल अधिराज्यलाई ७५ जिल्लामा विभाजन गरियो । त्यसपछि मात्र अर्घाखाँची जिल्ला एउटा स्वतन्त्र जिल्लाको रूपमा स्थापित भएको हो ।[११]

---

[९] नयनराज पन्त, **इतिहास संशोधन प्रमाण प्रमेय,** (काठमाडौँ: राष्ट्रिय अभिलेखालय, २०१९), पृ. ७१ ।

[१०] तेजनाथ भूसाल, **भू- उद्यान**, (अर्घाखाँचीः भुसाल मन्डल, २०६८), पृष्ठ २९ ।

[११] लक्ष्मी पोखेल, **पूर्ववत्** ।

पृथ्वीनारायण शाहद्वारा नेपालको एकीकरण हुनुभन्दा पूर्व अर्घाखाँची जिल्लामा 'अर्घा' र 'खाँची' नाम गरेका दुईवटा बेग्लाबेग्लै राज्य थिए । पहिले अर्घाराज्यमा गुरुङ राजाले राज्य गर्दथे । पन्ध्रौं शताब्दीको अन्त्यतिर वि.सं. १४९२ मा सिम्रौनगडबाट आएका राईको फौजले गुरुङ राजालाई हराई त्यहाँको शासनको बागडोर आफ्ना हातमा लिएका थिए । उनका १५ पुस्ताले अर्घामा राज्य गरे ।[12] अन्तिम राजा श्री तफ्काको शासन कालमा गढवालमा भएको मुसलमानको आक्रमबाट भागेर राजकुमार शिवराज शाहका छोरा मेघासी राजाले आफ्ना जेठा पुत्र जेमन्तराज शाहका सोह्रौं पुस्ता वीरबहादुर शाह नै अर्घाराज्यका अन्तिम राजा भए । त्यसैगरी वीरेन्द्रराज शाहका सोह्रौं पुस्ताले खाँचीराज्यमा शासन गरे । खाँचीका अन्तिम राजा दुर्गाभाजन शाह भएका थिए ।[13]

अर्घारजस्थल अर्घामा सिम्रौनगडबाट बि.सं. १३८१ सालदेखि जिल्ला राई राजा अर्घा आई गुरुङहरुको राज्यलाई हटाई राज्य गर्न थाले । ती राजाका साथ सैनिक, दास, पुरेतहरु पनि साथै ल्याएका थिए । जिल्ला राईले १३८१ बाट अर्घारजस्थलमा राज्य गर्न थाले । त्यसैबेलादेखि अर्घाकोटमा पूजा आजा मालसिरी गाउने परम्परा चलि आएको हो । जिल्ला राईका साथमा रामभक्त गरेका पुरोहित आउनु भएको थियो । उहाँका शाखा सन्तान ४३ पिंडिसम्म हामी पुग्यौं र हाल म तेजनाथ भूसाल यही मन्दिरको पूजा गर्ने, मालसिरी गाउने र पुराना पाण्डुलिपि, ताम्रपत्र, शिलापत्र संकलन गर्ने काम गरेको छु ।[14]

### २.३.२ अर्घाराज्यको सिमाना

अर्घा रजस्थलको राज्य विस्तार लालमोहर, सनद, लगतहरुमा भए अनुसार १७ मौज्दा यस राज्यबाट संचालन गरी राखेको पाइन्छ । ती निम्न छन् । अर्घारजस्थल १, अर्घावाँगी २, अर्घाहंसपुर ३, अर्घासाखिन्धारा ४, अर्घाबाँरुक ५, अर्घाम्यालपानी ६, अर्घाढाकाबाङ्ग ७, अर्घाऔवल ८, अर्घानुवाकोट ९, अर्घाघोराखोरी १०, अर्घाखिल्जी असुरकोट ११, अर्घाकिम्डाँडा १२, अर्घाकुर १३, अर्घासन्धिखर्क १४, अर्घाअर्घातोस् १५, अर्घाडिभर्ना १६, अर्घाअर्घाखन १७, अर्घावाङ्ला पनि भेटिएको छ ।

यी १७ मौज्दा जिल्ला राईका सन्तानहरुले एकीकृत नहुँदाका बखतसम्म, जिल्ला राईका सन्तान भीरकुमारले अन्तिम मितिसम्म राज्य सञ्चालन गरी राखेका थिए । पछि पृथ्वीनारायण

---

[12] नारायण आचार्य, **अर्घाखाँची जिल्लाका ऐतिहासिक स्थलहरु**, सन्धि, (अर्घाखाँचीः कर्मचारी मिलन केन्द्र, २०५३), पृ. १४-१६ ।
[13] **ऐजन**, पृ.१४-१६ ।
[14] तेजनाथ भुसाल, वर्ष ७५, अर्घाखाँचीः अर्घा रजस्थल १, मौलिख जानकारी अनुसार ।

शाहले एकीकृत गर्दा खेरी यहाँसम्म आइपुगेर, उनीको शेखपछि उनकी भाउजू र बहादुर शाहले वि.सं. १८४३ मा एकीकरण गरेको प्रमाणहरुमा थाहा पाइएको छ ।[15]

यसरी अर्घाखाँची जिल्लाको अर्घाराज्यको ऐतिहासिक पृष्ठभूमि विभिन्न मत-मतान्तरबाट अर्घाखाँची जिल्लाको वास्तविकता थाहा पाउन सकिन्छ ।

## २.४ अर्घाखाँची जिल्लाको नामकरण

विभिन्न काल खण्डको पृष्ठभूमि अनुसार, ऐतिहासिक, धार्मिक, पौराणिक मान्यता, कुनै निश्चित जातीय विशेषता आदिको आधारमा र विशेषतः धार्मिक तथा ऐतिहासिक मान्यताका आधारमा अर्घाखाँची जिल्लाको नामकरण गरिएको छ ।

### २.४.१ अर्घाराज्यको नामकरण

अघिदेखि नै अर्घा एउटा पवित्रभूमि थियो । तत्कालीन समाजले त्यसलाई अर्ध्य भन्दथे । त्यही अर्ध्य शब्द परिवर्तन हुने क्रममा अर्घा शब्दको उत्पत्ति भएको हो ।[16]

संस्कृत व्याकरण अनुसार 'पादार्ध्यभ्यञ्च' भन्ने सूत्रद्वारा अर्घा शब्दको अर्थ पूजा भन्ने हुन्छ । अर्घ शब्द अजन्त भएकाले अर्घ, 'अर्ध्य' भन्दाभन्दै त्यसको अपभ्रंश भई अर्घा भएको हो ।[17]

संस्कृत शब्द 'अर्ध्य' को पूजनको समयमा दुध, दही, जौ, तिल, अक्षता, दुबो, कुश मिसाई अभिमन्त्रित गरिन्छ । यसरी तयार पारेको 'अर्ध्य' सूर्य, चन्द्र, देवी देवतालाई प्राचीन कालदेखि नै चढाउदै आइएको छ । त्यही 'अर्ध्य' अर्पण गर्ने अर्घा गा.वि.स. १ पाथ्रावाङ्गको ढुङ्गाको नामबाट अर्घा नाम रहन गएको हो ।[18]

जिल्ला राईको पालादेखि अर्घा पाथ्रावाङ्गमा स्थित ढुङ्गामा गाई काटी अर्ध दिइने गरेको हुँदा त्यसको अप्रभ्रंश हुँदै अर्घा भयो भन्ने किम्वदन्ती रहँदै आएको छ ।[19]

पूजनमा अर्ध्य अर्पण गर्ने सन्दर्भमा अपभ्रंश हुँदै 'अर्ध्य' शब्द अर्घाशब्दको निर्माण भएको हो । अर्घाको पाथ्रावाङ्गमा अवस्थित ३७ इन्च लामो ढुङ्गालाई अहिले पनि अर्धेढुङ्गा भनिन्छ । त्यसै ढुङ्गाको नामबाट अर्घाको नामकरण भएको हो भन्ने जनमत रही आएको छ ।[20]

---

[ज्ञछ] ऐजन ।
[ज्ञट] श्री छ को सरकार, मेचीदेखी महाकालीसम्म, सञ्चार मन्त्रालय, भाग घ, (काठमाडौँः सुचना विभाग, द्दण्घज्ञ), पृ.डद्दठ ।
[ज्ञठ] पूष्करनाथ शर्मा, अर्घाखाँची एक संक्षिँप्त चिनारी, (काठमाडौँ, अर्घाखाँची सम्पर्क सदन, द्दण्द्धघ) पृ ज्ञद्द ।
[ज्ञड] नाराय०ा आचार्य, पुर्ववत् पृ.ज्ञघ-ज्ञद्ध ।
[ज्ञढ] ऐजन पृ. द्दढ ।
[द्दण] रमेशचन्द्र भट्टराई, अर्घाखाँची जिल्लामा प्रचलित नेपाली लोककथाको अध्ययन, द्दण्टद्ध, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (कीर्तिपूरः नेपाली केन्द्रीय विभाग, द्दण्टद्ध), पृ. ज्ञण ।

### २.४.२ खाँचीराज्यको नामकरण

पहिले राजाका लागि सञ्चय गरिने अंशलाई खाँचो भन्दथे । खाँचो सङ्कलन गर्ने ठाउँलाई ‘खाँची’ भनिएको हो । प्राचीनकालमा राजालाई दिनुपर्ने कर सङ्ग्रह गरिने ठाउँ वा सरकारी खरखजना राख्ने ठाउँलाई ‘खजाञ्च’ शब्द प्रयोग गर्ने प्रचलन थियो । खजान्च भन्दा-भन्दै खजाञ्चीबाट ‘खाँची’ भनिएको हो ।[21]

किराती भाषामा ‘खाँची’ शब्दको अर्थ पहाडको टुप्पो वा त्यस्तै किल्ला हुने भएकाले ‘खाँची’ शब्दले ऐतिहासिक किल्ला बुझाएको देखिन्छ ।[22]

ऐतिहासिक आधारमा हेर्दा पनि ‘अर्घा’ र ‘खाँची’ दुवै राज्य नेपाल एकीकरण हुनुपूर्व अलग-अलग स्वतन्त्र राज्यका रूपमा स्थापित थिए । चौबीसे राज्यको एकीकरण अभियानको ‘अर्घा’ र ‘खाँची’ राज्य पनि नेपाल अधिराज्यमा गाभिएका हुन् । वि.सं. २०१९ सालमा नेपाल अधिराज्यलाई पचहत्तर जिल्लामा विभाजन गरियो । पवित्रता र पूजा अर्थले प्रसिद्धि पाएको पुरानो ‘अर्घा’ राज्य र आर्थिक रूपले सम्पन्नशाली मानिने ‘खाँची’ राज्यको योगदानबाट अर्घाखाँची जिल्लाको नामकरण भएको हो ।[23]

## २.५ भौगोलिक परिचय

अर्घाखाँची जिल्लाको भौगोलिक अवस्था, हावापानी, भू-उपयोग स्थिति, सिमाना, जडिबुटी, वन्यजन्तुहरु, खनिज सम्पदा, नदी र ताल यहाँ राखिएको छ ।

### २.५.१ भौगोलिक स्थिति

पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत रहेको लुम्बिनी अञ्चलमा पर्ने छ जिल्ला मध्ये यो जिल्लाको पूर्वमा पाल्पा र गुल्मी, पश्चिममा प्यूठान र दाङ्ग, उत्तरमा गुल्मी र प्यूठान तथा दक्षिणमा कपिलवस्तु र रूपन्देही जिल्लाहरु पर्दछन् । यो जिल्ला २७°२३' उत्तरी अक्षांश देखि २८° ६' उत्तरी अक्षांशसम्म र ८२° ४५' पूर्व देशान्तर देखि ८३° २३' पूर्व देशान्तरसम्म फैलिएको छ । समुद्र सहतहबाट ३०५ देखि २११५ मिटर (८२५० फिट) को उचाईमा यो जिल्ला अवस्थित छ । बर्षा २२०१ मिलिमिटर (औषत बार्षिक ६ भने तापक्रमः ६.५°-४०° सेन्टिग्रेड रहेको छ ।[24] झण्डै घोप्टिएको त्रिभुजको जस्तो आकार भएको यस जिल्लाको उत्तरी भाग केही साँधुरीएको र दक्षिणी भाग केही फुकेको देखिन्छ । यस जिल्लाको क्षेत्रफल कुल ११९३ वर्ग किलोमिटर छ ।

---

[द्ज्ञ] पूष्करनाथ शर्मा, पुर्ववत्, पृ ज्ञद्द ।
[द्द] नारायഠ आचार्य, पुर्ववत्, पृ. ज्ञट ।
[द्घ] रमेशचन्द्र भट्टराई, पुर्ववत्, पृ. ज्ञज्ञ ।
[द्ध] जिल्ला विकास समितिको कार्यालय, जिल्ला विकास योजना, (अर्घाखाँचीः जिल्ला परिषद, द्दण्टट⁄टठ), पृ. ज्ञ ।

अर्घाखाँची जिल्लाको भौगोलिक अवस्थिति एकै किसिमको छैन । जिल्लाको दक्षिणी भेगमा पर्ने चुरेको फेदी र बेसी तथा खोचहरु समुद्री सतहदेखि करिब ३०५ मिटरसम्मको उचाईमा पर्दछन् । अर्घाखाँची जिल्लाका सबैभन्दा होचो भू-भाग यही भेगमा पर्दछ । जिल्लाको उत्तरपश्चिममा हंसपुर र पस्लेङका बिचको २५१५ मिटर उचाईमा विद्यमान सिमदेउरालीको लेक नै यस जिल्लाको सबैभन्दा उच्च भू-भाग हो ।

### २.५.२ हावापानी

यस जिल्लाको दक्षिणमा रहेको चुरे पहाडको होचो भाग र बेसीहरुमा उष्ण प्रकारको हावापानी छ । मझौला उचाइमा रहेका पहाडी भेगहरुमा समशितोष्ण हावापानी पाइन्छ भने महाभारत पहाड र २१०० मिटर भन्दा अग्ला लेकहरुमा शितोष्ण हावापानी पाइन्छ । साधारणतया जेठको अन्त्यमा र आषाढदेखि भाद्र महिनासम्म मनसुनको प्रभावले बर्ष हुने यस जिल्लामा पुस माघतिर पश्चिमी वायुको प्रभाव फाटफुट बर्षा समेत हुने गरेको पाइन्छ । हावापानीको विविधताले गर्दा जिल्लाको विभिन्न भागमा पाइने जीवजन्तु र वनस्पतीमा समेत विविधता देखिन्छ । यस जिल्लाको अधिकतम तापक्रम ४० डिग्री सेन्टिग्रेड, न्यूनतम तापक्रम ६.५ डिग्री से. र सदर बार्षिक बर्षा २२०० मि.मि. हुन्छ भने सापेक्षित आद्रता ६४ प्रतिशत हुन्छ ।[25]

### २.५.३ भू-उपयोग स्थिति

अर्घाखाँची जिल्लाको कुल क्षेत्रफल १,२३,२७२ हेक्टर मध्ये खेती योग्य जमिन ३२,५०० हेक्टर २७.२%, खेती गरिएको जमिन २५,१४८ हेक्टर २१.१%, खेत ७,६४८ हेक्टर ६.४%, पाखो ३९,८९२ हेक्टर ३३.४०%, वनजंगल ५१,४७९ हेक्टर ४३.२%, सामुदायिक वन क्षेत्र ३,४२,३१३ हेक्टर, सार्वजनिक जमिन १५,३३६ हेक्टर १२.९%, गुठी ८४० हेक्टर, ०.७%, चरण क्षेत्र १५,३३७ हेक्टर, सिंचित भूमि बर्षभरि २३०० हेक्टर १.९% सिंचित भूमि बर्षामा मात्र, ४६,७० हेक्टर ३.९% असिंचित भूमि २५,५२३ हेक्टर २१.४%, अन्य ४,०२७ हेक्टर २.५% गरि यो जिल्ला फिँजिएको छ ।[26]

### २.५.४ सिमाना

लुम्बिनी अञ्चलमा पर्ने ६ जिल्लाहरुमध्ये तीन पहाडी जिल्ला अन्तर्गतको एउटा जिल्ला अर्घाखाँची हो । समुद्र सतहको ३०५ देखि २५१५ मिटरको उचाइसम्म पुगेको यस जिल्लाको सिमाना पूर्वमा पाल्पा र पश्चिममा प्यूठान र दाङ्ग तथा उत्तरी सिमानामा गुल्मी जिल्ला पर्दछ भने

---

२५ **ऐजन** ।
२६ **ऐजन**.

दक्षिणमा कपिलवस्तु र रूपन्देही जिल्ला अवस्थित छन् ।[27] यस जिल्लाको उत्तरी भेगका लेकहरुमा समशितोष्ण हावापानी पाइन्छ भने जिल्लाका दक्षिणी भेगका बेसीहरुमा उष्ण मनसुनी हावापानीको प्रभाव रहेको पाइन्छ । उत्तरी भेगतिर बस्ती वाक्लो रहेको छ । यसरी आफ्नै निश्चित भौगोलिक क्षेत्रफल र सिमाना भएको यस जिल्लाको गरिमामय इतिहास छ ।

### २.५.५ जडीबुटी तथा वन्यजन्तुहरु

अर्घाखाँची जिल्लामा उचाई अनुसार विभिन्न किसिमका वनस्पति र जडीबुटी पाइन्छन् । यस जिल्लाको मध्य पहाडी भाग ६८ प्रतिशत छ र सिबालिक ३२ प्रतिशत छ । हावापानी अनुसार विभिन्न किसिमका बस्तुहरु उत्पादन हुने गर्दछन् । हंसपुर, खाँचीकोटमा टिमुर, सिमलपानीमा दालचिनी, हंसपुर र खाँचीकोटमा चीराइतो, हंसपुर, खन, खनदह, मरेङ्गमा भट्टमास, धनचौर, ढिकुरा, जुकेनामा मह, ठाडा, सितापुर, जुकेना, सुवर्णाखालमा अदुवा, खन, खनदह, खिदिम, पणेना, मरेङ, अर्घातोषमा सुन्तला, पणेना, ठाडा, पोखराथोकमा भैंसी, ठाडा, सितापुर, सुवर्णखाल, जुकेनामा बाख्रा, ढिकुरा, अड्गुरी, हंसपुरमा बंगुर, संन्धिखर्क, अर्घा, खाँचीकोटमा कुखुराका लागि प्रसिद्ध ठाउँ हुन् । यहाँ पाइने वनस्पतिहरुमा सल्लो, साल, चिउरी, बाँस, निगालो, चिलाउनी तिजु, जामुनो, पैयूँ, राजु, कुट्मेरो, आँप, खन्यु, अँएरो, धार्ने, अमला, हर्रो, बर्रो, सिमल, लाँकुरी, फलेतो, बरपिपल, स्वामी, बैस, काफल, टोंटे, धाइरो, विडुल्नो, अमिला, भब्बु, सुन्तला, ज्यामिर, नासपाती, काब्रो आदि पर्दछन् । यहाँ पाइने विविध किसिमका औषधिहरुमा प्रयोग गरिने जडीबुटीहरु निम्न छन् । मरौटी, पुदीना, अबिजाले, बोझ्रो, चिराइतो, कालो हलेदो, लहरे गिठी, टोप्रेझार, पाती, सिउँडी, थाकल, दालचिनी आकासेवेली, हर्रो, बर्रो, खयर, गानेगुर्जी, बनमेची, असुरो, बादलपाते, दुवसिन्की, सीत, बेल, कालो धमिरो, गोलकास्की, कयनको बोक्रो, बिलाजोर, कौवाकाफल, निम आदि जडीबुटीहरु सहज रूपमा उपलब्ध हुन्छन् ।

हावापानी र वनजङ्गलको विविधताका कारण यस जिल्लामा विविध किसिमका पशुपंक्षीहरु पाइन्छन् । यस जिल्लाको दक्षिणी भेगको चुरेको घनाजङ्गलमा बाघ, भालु, चितुवा, हरिण, ढेडुवा, बंदेल, बाँदर आदि पाइन्छन् । उत्तरी भेगमा स्याल, दुम्सी, बिरालो, भार्से, बाघ, रातोमाउखाने, बाँदर आदि पाइन्छन् भने पंक्षीहरुमा गिद्ध, काग, ढुकुर, सारी, फिस्टो, तित्रो, बकुल्लो, जुरेली, गौंथली, कालिज, चिल, न्याउरो, हिलेगिद्ध, काकाकुल आदि पाइन्छन् । सर्प, गोहोरो, माउसुली, छेपारो, खजुरी, चिप्लेकीरा, जुका, गड्यौला जस्ता घस्रने जीवहरु पनि यस जिल्लामा पाइन्छन् ।

---

[२७] जिल्ला विकास समितिको कार्यालय, अर्घाखाँची जिल्ला एक झलक, (अर्घाखाँचीः जिल्ला प्रोफाइल,२०६८) ।

यसरी विविधताले भरिएको अर्घाखाँची प्राकृतिक सौन्दर्यता, प्राकृतिक जडीबुटी र विविध वन्यजन्तुहरुले भरिएको जिल्ला हो ।

### २.५.६ खनिज सम्पदा

अर्घाखाँची जिल्ला खनिज सम्पदा भएको जिल्लामा पर्दछ । अनुसन्धानमा पछाडि परेका कारण हाल आएर कार्यान्वयन तर्फ रहेको नरपानीको सिमेन्ट खानी, दुन्द्रक खोलाको सिसाखानी, ढिकुरा काफलवासको तामाखानी, छत्रगञ्ज दुलाको तामाखानी, सीतापुर घोरवण्डाको सिसाखानीका साथै ठाउँ-ठाउँमा प्रयाप्त मात्रामा प्लेट ढुङ्गाका खानीहरु पनि यहाँ उपलब्ध छन् ।[28]

### २.५.७ नदी र ताल

अर्घाखाँची जिल्लामा साना ठुला गरी थुप्रै खोला तथा नदीहरु छन् भने तालहरु पनि छन् । यिनीहरुको आ-आफ्नो धार्मिक तथा ऐतिहासिक विशेषता रहेको छ । यस जिल्लामा पूर्वी भेगको तुलनामा पश्चिमी भेगमा बढी नदीहरु रहेका छन् । प्रमुख नदी तथा खोलाहरुमा मथुराबेसी खोला, बाँगी खोला, बाणगङ्गा खोला, सोता खोला, दुर्गाबिसी खोला, सीता खोला, गङ्गाखोला, गछ्छे खोला, रङ्गसिङ खोला, खाँकबेसी खोला आदि पर्दछन् । प्रमुख तालहरुमा ठाडादह (डमरु दह) र सेङलेङ दह पर्दछन् । साना खहरे खोलाहरुमा घोचेखोला, भद्रीखोला, खाँचीखोला, मन्द्रेखोला, फर्ज्याङ्ग खोला, दामनिङ खोला, दुमाडी खोला, खहरेखोला आदि पर्दछन् ।

पश्चिम सिमानाबाट बग्ने प्रमुख नदी झिमरुक हो । यो प्यूठान जिल्लाका ठुला-ठुला फाँट हुँदै खोचमा बदली असुरकोटबाट अर्घाखाँची प्रवेश गरेको छ । त्यसैले यो नदीले सिंचाई सुबिधा पुऱ्याउन सकेको छैन । वाणगङ्गा नदी महाभारत पर्वत श्रृङ्खलाबाट निस्की जिल्लाकै महत्त्वपूर्ण नदी बनेको छ । पणेना, पोखरा थोक, मैदान, धातिवाङ्ग, सीतापुर, पटौटी, ठाडा, सिमलपानी आदि गाविसमा यस नदीका मुहानहरु रहेका छन् । दमिल्ला भन्ने ठाउँमा पुगेपछि ढुङ्गाको बिचबाट मूल निस्किएकोले यसलाई बाणगङ्गा नामले चिनिएको हो । अर्घाखाँचीको सबैभन्दा लामो खोला सीताखोला हो ।[29]

यसरी यस जिल्लामा स-साना भएपनि प्रशस्त खोला, नदी तथा तालहरु पौराणिक परम्परासँग जोडिएका छन् । यिनीहरुको आ-आफ्नै मौलिक विशेषता छ ।

## २.६ सामाजिक संरचना

अर्घाखाँची जिल्लाको धर्म संस्कृति जनसङ्ख्या र भाषा यहाँ दिइएको छ ।

---

द्ड रमेशचन्द्र भट्टराई, पुर्ववत्, पृ. ज्ञद्ध ।

द्ढ ऐजन, पृ. ज्ञघ ।

### २.६.१ धर्म-संस्कृति

अर्घाखाँची जिल्लामा हिन्दु, बौद्ध, इस्लाम, जैन आदि धर्मालम्बी बसोबास गर्दछन् । यहाँ हिन्दुहरु ९८.८६%, बौद्ध ०.०४%, इस्लाम १.०८%, जैन र अन्य ०.०२% रहेका छन् ।[30] यहाँ प्रमुख जातिहरुमा ब्राह्मण, क्षेत्री, मगर, दमाई, कामी, आदि छन् भने अरु जातिहरुमा कुमाल, नेवार, सार्की, मुसलमान, ठकुरी आदि पर्दछन् ।[31]

अन्य जिल्ला जस्तै यस जिल्लाको पनि आफ्नै संस्कृति छ । विभिन्न चाडपर्वहरु छन् अनि गीतहरु पनि छन् । यहाँको प्रमुख चाड विजयादशमी हो । दोस्रो प्रमुख चाड दीपावली हो । अन्य चाडपर्वहरुमा चैतेदशैं, माघेसंक्रान्ति, हरिशयनी एकादशी, हरिबोधनी एकादशी, कोजाग्रत पूर्णिमा, रक्षाबन्धन, फागुपूर्णिमा, नागपञ्चमी, हरितालिका, कृष्णाष्टमी, शिवरात्री, साउने संक्रान्ति, कुशे औंसी आदि रहेका छन् । यस्तै लोककथाहरु, लोकगीतहरु, विभिन्न नृत्यहरु जस्तै सोरठीनृत्य, लाखेनाच, भैरमनाच आदि पनि यस जिल्लाका पहिचान हुन् ।

### २.६.२ जनसङ्ख्या

अर्घाखाँची जिल्लामा वि.सं. २०६८ को जनगणना अनुसार यहाँको कुल जनसङ्ख्या १,९७६३२ रहेको छ । जसमा पुरुषको संख्या ८६,२६६ रहेको छ भने महिलाको संख्या १११,३६६ रहेको छ । अर्घाखाँचीको घरधुरी संख्या ४६,८३५, औषत घरधुरी ४.१५ रहेको छ । अर्घाखाँची जिल्लामा बाहिरबाट आएर व्यवसाय गर्ने जनसंख्या पुरुष ७१६, महिला २१ र घरधुरी ९ रहेका छन् । यस जिल्लामा परिवर्तन प्रतिशत ३८१ रहेको छ । जनसङ्ख्या वृद्धिदर बार्षिक -०.३९% रहेको छ । लैङ्गिक अनुपात ७९ रहेको छ । छुटेका वा बाहिर रहेको जनसङ्ख्यामा पुरुष ३६,१०३ छन् भने महिला ४९२० घरमा बस्ने जनसङ्ख्या ४८,३५४, औषत घरमा बस्ने जनसङ्ख्या ४१५, जनघनत्व १६८, लैङ्गिक अनुपातमा ७९ रहेका छन् । अशक्त जनसङ्ख्यामा महिला ५२३ र पुरुष ७८३ रहेका छन् । उमेर र लिङ्ग अनुसार जनसङ्ख्या १ बर्ष सम्म महिला २,६९४ पुरुष ३,६३९ , १-५ वर्षसम्म महिला १२,७७३, पुरुष १४,९३५, ६-१० बर्षसम्म महिला १६,३५०, पुरुष १७,४१२, ११-१५ बर्षसम्म महिला १६,२७४, पुरुष १९,९२९, १६-४५ बर्षसम्म महिला ४५,२६३, पुरुष ५१,०६५, ४६-५९ बर्षसम्म महिला १६,३०६, पुरुष ११,०२१, ६०-७५ बर्षसम्म महिला ६,५३८, पुरुष ४,९००, ७५-

[30] अर्घाखाँची जिल्ला एक झलक, पूर्ववत् ।
[31] ऐजन ।

माथि महिला २,२३६, पुरुष ४,०५५ रहेका छन् । जम्मा जनसङ्ख्या महिला ११९,०१९ र पुरुष १२६,८०२ रहेका छन् । जम्मा जनसङ्ख्या २४५,९४१ रहेका छन् ।[32]

### २.६.३ भाषा

अर्घाखाँची जिल्लामा नेपाली भाषा बोल्ने जनता धेरै छन् । त्यसपछि नेवार, मगर मुसलमान र कुमालहरु देखिन्छन् । नेवार, मगर, मुसलमानहरु आंशिक रूपमा आ-आफ्नो मातृभाषा पनि प्रयोग गर्दछन् ।

यहाँ बोलिने नेपाली भाषामा शब्द निर्माण पद्धति, सर्वनाम, विशेषण, अव्यय र क्रियापदमा मानक नेपाली भन्दा केही फरक पाउन सकिन्छ । क्रियापद जान्छ, खान्छ, गर्छ का ठाँउमा 'छ' सहायक क्रियामा 'च' पद लिएको पाइन्छ । जस्तै जान्च, खान्च, गर्च, भन्च आदि । सर्वनाममा पनि परिवर्तन देखिन्छ । तिमीले काम गऱ्यौं भन्दा तिम्ले काम गऱ्यौं भन्ने देखिन्छ । क्रियापदमै बहुवचन अनुसार भएको ठाउँमा 'म' प्रयोग देखिन्छ । जस्तै आऔंको स्थानमा आम्, बसौंको स्थानमा बसम्, गर्छौंको स्थानमा गर्छन् । यसका ठाउँका भाषामा प्रायः चाहिँ, कर, पार जस्ता शब्द राखेर बोलिन्छ । स्थानवाचक शब्द यहाँ, त्यहाँका ठाउँमा यत्न, त्यत्न र कसै, कसैले याँ, त्याँ पनि प्रयोग गर्दछन् ।

**अर्घाखाँचीमा प्रचलित केही शब्दहरु निम्न रहेका छन् ।**

| शब्द | अर्थ | शब्द | अर्थ | शब्द | अर्थ |
|---|---|---|---|---|---|
| यत्न | यहाँ | अर्नि | खाजा | कन्नो | पिठिउँ |
| त्यत्न | त्यहाँ | सुपो | नाङ्लो | माखो | झिंगो |
| सिन्की | गुन्द्रुक | भ्याँक्नु | उफार्नु | जिउरो | जिब्रो |
| वहाँ | उहाँ | चाबेल | बेल्चा | ढिक | कान्लो |

पूर्वेली भाषिकाको पर्वती उपभाषिकाको नजिक यो भाषा रहेको देखिन्छ ।

## २.७ राजनैतिक तथा प्रशासनिक विभाजन

अर्घाखाँची जिल्ला नेपाल अधिराज्यको पश्चिमाञ्चल विकासक्षेत्र अन्तर्गत लुम्बिनी अञ्चलमा पर्दछ । यस जिल्लाको सदरमुकाम सन्धिखर्क हो । यो जिल्ला ११९३ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ । ४२ वटा गा.वि.स. र ११ इलाकामा विभाजित यो जिल्ला नौ इलाकामा ४/४ गा.वि.स. र २ वटा इलाकामा ३/३ गा.वि.स. हरु रहेका छन् । ४२ गा.वि.स. लाई २ संसदीय

[घद्द] जि.वि.स. कार्यालयबाद दृण्टढ/ण्द्द/ज्ञट गते प्राप्त मौखिक जानकारी अनुसार ।

निर्वाचन क्षेत्रमा बाँडिएको छ । उत्तरी भेगका १९ वटा गा.वि.स.लाई क्षेत्र नं. १ र बाँकी २३ वटा गा.वि.स. लाई क्षेत्र नं. २ मा राखिएको छ ।

क्षेत्र नं. १ मा ढाकावाङ्ग, हंसपुर, धारापानी, किमडाँडा, अर्घा, बाँगी, खन, खनदह, डिभर्ना, मरेङ्ग, भगवती, अर्घातोष, ठूलापोखरा, वाङ्ला, केरुङ्गा, बल्कोट, चिदिका, छत्रगंञ्ज, गोखुङ्गा पर्दछन् ।

क्षेत्र नं. २ मा पाली, अड्गुरी, नरपानी, खाँचीकोट, ढिकुरा, सन्धिखर्क, नुवाकोट, सुवर्णखाल, धातिवाङ्ग, ठाडा, सीतापुर, सिद्वारा, जलुके, जुकेना, धनचौर, असुरकोट, खिल्जी, मैदान, खिदिम, पोखराथोक , पणेना, परौटी, सिमलपानी पर्दछन् । [३३]

यसरी अर्घाखाँची जिल्ला ११९३ वर्ग किलोमिटरमा २ संसदीय निर्वाचन क्षेत्र, ११ इलाका र ४२ गा.वि.स. विभाजित छ ।

## २.८ अर्घाखाँची जिल्लाका महत्त्वपूर्ण धार्मिक तथा पर्यटकीय स्थलहरु

अर्घाखाँची जिल्लामा विभिन्न ऐतिहासिक, धार्मिक तिर्थस्थलहरु मात्र नभएर कैयौं पुस्ताका आरोह-अवरोहका साक्षी र अवशेषका रूपमा रहेका स्थानहरु पनि थुप्रै छन् । पर्यटकीय दृष्टिले पनि यो जिल्ला अत्यन्त मनोरम देखिन्छ । यहाँका केही महत्त्वपूर्ण धार्मिक स्थलहरु यसप्रकार छन् ।

### २.८.१ ऐतिहासिक पौराणिक स्थलहरु

अर्घाखाँची जिल्लाका इतिहासका कालखण्डमा घटेका र पौराणिक दृष्टिकोणले पनि महत्त्वपूर्ण धार्मिक स्थलहरु अत्यन्त महत्त्वपूर्ण रहेका छन् । तिनीहरुमध्ये मुख्य बलकोटपौवा, मथुरावेसी, मालिका, अर्घाकोट, खाँचीकोट, त्रिवेणीपुर, सुपादेउराली आदि पर्दछन् ।

**'बलकोटपौवा'**

अर्घाखाँची जिल्लाको ऐतिहासिक र धार्मिक दृष्टिले महत्त्वपूर्ण रहेको छ । यो पौवा बलकोट गा.वि.स.मा पर्दछ । अंग्रेजी अक्षर ᑌ आकारको यो तीन तलामा निर्मित छ । यसभित्र शिवालय परशुरामेश्वरका मन्दिर छन् । यस पौवाका झ्याल ढोका, बतासी निकै कलात्मक र आकर्षक चित्रहरु कोरिएका छन् । यहाँ बसन्तपञ्चमी तथा महाशिवरात्रीमा मेला लाग्दछ । पहिले यहाँ सरकारी कार्यालय पनि थिए र पछि पाठशालाको रूपमा पनि रह्यो भने अहिले यो जिर्णोद्वार गर्नुपर्ने अवस्थामा रहेको छ । राणाकालीन समयमा निर्माण भएको यो पौवा बनाउनेका दुवै हात काटिदिएको किम्बदन्ती पाइन्छ ।

[घघ] **ऐजन** ।

**'मथुरावेसी'**

सुन्दरशान्त र प्राकृतिक सौन्दर्यछटाले भरिएको मथुरावेसी भगवती र शिवालयको आकर्षक मन्दिर छ । यहाँ कोटीहोम पछाडी आजसम्म अखण्ड यज्ञ चलिरहेको (पुजारी नमनिधि पोखेल बताउनु हुन्छ) छ । यस ठाउँमा कार्तिक एकादशी, विजयादशमी र महाशिवरात्रीमा विशेष मेला लाग्छ ।[34]

**'अर्घाकोट'**

वि.सं. १३ औं शताब्दीतिर स्थापित अर्घाराज्यमा अवस्थित अर्घाकोट अर्घा गा.वि.स. को टाकुरोमा अवस्थित छ । बाइसे, चौबीसे राजाहरुले पनि यहाँ राज्य संचालन गरेका थिए । यसकोटमा शिवराज शाहको पालामा स्थापित कालिका भगवती, श्रीकृष्ण मन्दिर, नारायण मन्दिर, सरस्वती मन्दिर रहेका छन् । यहाँ विजयादशमी, चैते दशैं, तथा कृष्णाष्टमीका दिन ठुलो मेला लाग्दछ । विशेष गरेर कोजाग्रतपूर्णिमाका दिन भव्य मेला लाग्दछ । यस मन्दिरको पश्चिमपट्टि ठुलो चौर छ । पहिले त्यसलाई टुँडिखेल, पछि अर्घामैदान र अहिले मसुरीपाटाका नामले चिनिन्छ । यहाँबाट विभिन्न हिमालहरुको मनोरम दृष्य देख्न सकिन्छ । यो चौर विमानस्थल बनाउन योग्य पनि रहेको छ ।[35]

**'खाँचीकोट'**

अर्घाखाँची जिल्लाको अर्को महत्त्वपूर्ण स्थान 'खाँचीकोट' पनि एक हो । यो बाइसे-चौबीसे राज्यहरुमध्ये सम्पन्नशालीमा पर्दथ्यो । यहाँ कालिका भगवतीको मन्दिर छ । यस मन्दिरमा विजयादशमीको त्रयोदशीका दिन भव्य मेला लाग्ने, सरायें खेल्ने काम गर्दछन् । महाभारत पर्वतमा अवस्थित यो मन्दिरबाट दक्षिणतर्फ तराई देखिन्छ भने उत्तरतर्फ हिमालका रमणीय दृष्यहरु देखिन्छन् । धार्मिक, ऐतिहासिक र पर्यटकीय दृष्टिले यो अत्यन्त महत्त्वपूर्ण रहेको छ ।

**'सिद्धेश्वर गुफा'**

अर्घाखाँची जिल्लाको डिभर्ना गा.वि.स. वडा नं. २ मा अवस्थित धार्मिक तथा पर्यटकीय दृष्टिले महत्त्वपूर्ण रहेको यो गुफा २०६९/०३/०२ गते पत्ता लागेको हो । यहाँ पौराणिक कालखण्डको जीवित इतिहास रहेको छ । यस गुफामा ईशान्यकोणमा अवस्थित शिवलिङ्ग, पश्चिमकोणमा अवस्थित विश्वरूप, बिचमा कैलाशपर्वत त्यसमा अवस्थित शिव, पार्वती, गणेश, कुमार लगायत जटामा गङ्गामाई, शङ्खचक्रका मूर्तिहरु, उत्तरतिर अवस्थित कालिका भगवती,

---

घद्ध नमनिधि पोखेल, पूजारीबाट द्दण्टढ/ण्ज्ञ/ण्घ गते प्राप्त मौखिक जानकारी अनुसार ।

घछ तेजनाथ भूसाल, वर्ष ६५, अर्घाखाँची, अर्घा १ कोट, २०६९/०७/१६ गते प्राप्त मौखिक जानकारी अनुसार ।

दक्षिण पश्चिम दिशा माथिपट्टि अवस्थित बह्मलोक, दक्षिणतिर धर्मलोक साथै पात्तालमा अवस्थित पाताल, बासुकीद्वारमा गणेश तथा हात्तीको चिन्ह, आकाशमा चुँडाल, गाईका थुन, श्री कृष्णका चरित्र, अष्टनाग आदिको मनोरम दृष्य देख्न पाइन्छ । यहाँ लाग्ने मेलाहरुमा विजयादशमी, चैते दशै, हरिशयनी एकादशी, हरिबोधनी एकादशी लगायत सम्पूर्ण २४ एकादशी, साउने सोमबार, शिवरात्री, श्रीकृष्ण जन्माष्टमी, श्रीकृष्णाष्टमीमा लाग्ने रोपाइजात्रा, दीपावली, रक्षाबन्धन, हरितालिका तीज आदि पर्दछन् । यी बेलाहरुमा भव्यमेला लाग्ने गर्दछ । वास्तुशास्त्रीय दृष्टिले अत्यन्त बेजोड नमूना रहेको यो गुफा जालकाँडाका काखमा रहेको छ । पुरातत्त्व विदहरुले संरक्षण गर्ने सकेको खण्डमा यो गुफा आन्तरिक तथा बाह्य पर्यटकको आगमनमा अर्घाखाँची जिल्लाकै नमूना सावित हुने देखिन्छ ।

अर्घाखाची जिल्लाका अन्य महत्त्वपूर्ण स्थानहरु मध्ये खाँची सन्धिखर्क गा.वि.स. स्थित सिद्धेश्वर शिवालय, भगवतीको मन्दिर, पाञ्चायन देवताको मन्दिर, खिदिमको मालिका मन्दिर, ठाडाको  भगवती मन्दिर, मैदानको भगवती मन्दिर, अर्घातोषको कोट, देवीको मन्दिर, झुक्केपोखरीको अलका देवीको मन्दिर, जालकाँडाको सिद्धेश्वर मन्दिर आदि प्रसिद्धि भित्र पर्दछन् । प्राय:जिल्लाका अग्ला ठाउँहरुमा देवी देउरालीको मन्दिरहरु अवस्थित छन् ।

### २.८.२ धार्मिक तथा पर्यटकीय स्थलहरु

अर्घाखाँची जिल्लाका धेरै स्थलहरु त्यस्ता छन् जुन धार्मिक दृष्टिकोणले कैयौं कालखण्डसम्म इतिहास बोकेका छन् भने अनेकौं पुस्ताका अनगिन्ति आरोह-अवरोहका साक्षी र अवशेषका रूपमा पनि रहेका छन् । यहाँका धेरै स्थानहरु अनुसन्धेय छन् त्यस्तै पर्यटकीय दृष्टिले पनि उत्कृष्ट गन्तव्य स्थल समेत बन्न सक्ने देखिन्छन् । यहाँका धार्मिक तथा पर्यटकीय स्थलहरुमा अर्घाभगवतीको मन्दिर अर्घा गा.वि.स., पाणिनी तपोभूमि पणेना गा.वि.स., सुपादेउराली मन्दिर नरपानी गा.वि.स., छत्रमहाराजको मन्दिर छत्रगन्ज गा.वि.स., दुर्वासेश्वर गुफा खिदिम गा.वि.स., नर्तनातल पर्वत नरपानी गा.वि.स., डमरु दह डाठा गा.वि.स., जालकाँडाको लेक खन गा.वि.स., सिद्धेश्वर गुफा डिभर्ना गा.वि.स., मालारानीको मन्दिर खनदह र हंसपुर गा.वि.स., मनचिन्ते पानी खनदह गा.वि.स., ऐतिहासिक पौवा वलकोट गा.वि.स., मथुरावेसी धार्मिक स्थल वाङ्ला गा.वि.स. घोर्लासीको लेक अर्घा गा.वि.स., स्याङलेङ्ग दह, करनेटाको चौर मैदान गा.वि.स.,सुपा देउराली नरपानी गा.वि.स. आदि रहेका छन् ।[36] यहाँका लेकहरुबाट उत्तरतिर माछापुच्छ्रे, धौलागिरी, मानपाथी, अन्नपूर्ण जस्ता हिमालयहरु देखिन्छन् भने दक्षिणतर्फ भारतका लखनउ, गोन्डा सम्मका

---

घट अर्घाखाँची जिल्लाको संक्षिप्त परिचय, पूर्ववत् पृ. द्द ।

स्थानहरु अवलोकन गर्न सकिन्छ । अनेकौं विशेषता बोकेको यस्ता धार्मिक तथा पर्यटकीय स्थलहरुले अर्घाखाँचीलाई सौन्दर्य तथा सम्पन्नशाली बनाएका छन् ।

## २.९ स्वास्थ्य तथा शैक्षिक स्थिति

अर्घाखाँची जिल्लामा जिल्ला अस्पताल एउटा रहेको छ भने उपस्वाथ्य चौकी ३१ वटा, प्राथमिक स्वास्थ्य केन्द्र २ वटा, स्वास्थ्य चौकी ८ वटा, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र १ वटा, आयुर्वेदिक औषधालय १ वटा रहेका छन् । निजी स्रोतबाट संचालित सि.एम.ए. र भेटनरीहरु एक एक वटा रहेका छन् । यसरी स्वास्थ्य तथा शारीरिक दृष्टिले एक वटा मात्र जिल्ला अस्पताल हुनुले यहाँका ग्रामीण जनताले भनेको बेला स्वास्थ्य लाभ नपाएको देखिन्छ ।

शिक्षा क्षेत्रमा हेर्दा यस जिल्लामा क्याम्पस २ वटा, उच्च मा.वि. २१ वटा, मा.वि. ६१ वटा, नि.मा.वि. ५३, प्रा.वि. २८४ गरी ४२१ शैक्षिक संस्था रहेका छन् ।[37] उच्च शिक्षा प्राप्त महिलाहरु १२४२ र पुरुषहरु ८४५९, माध्यमिक शिक्षा प्राप्त महिलाहरु ५१७७ र पुरुषहरु १०२९०, निम्नमाध्यमिक शिक्षा प्राप्त महिलाहरु ७४७१ र पुरुषहरु ११८४०, प्राथमिक शिक्षा प्राप्त महिलाहरु २०००६ र पुरुषहरु २५२५० रहेका छन् साथै अशिक्षित १-१६ बर्षसम्मका महिलाहरु ४६०६ पुरुषहरु ३०४६ र १७ बर्षदेखि ४५ बर्षसम्मका महिलाहरु २०७५५, पुरुषहरु ९५६४ रहेका छन् । प्राविधिक तर्फ महिलाहरु १३०४ जना रहेका छन् भने पुरुषहरु ३७४५ रहको छन् । रोजगारी प्राप्त महिलाहरु ३९९८ र पुरुष ६१५४, बेरोजगार महिलाहरु २४९१६, पुरुषहरु २५,५३२ साथै चर्पी ९६२ रहेका छन् । परिवारको घरधुरीहरु शिक्षित तथा अशिक्षितको घेराभित्र परेको रेकर्ड २०६८ सालको जनगणनाबाट प्राप्त गर्न सकिन्छ ।[38]

## २.१० सडक एवम् बाटोघाटोको स्थिति

अर्घाखाँची जिल्ला पहाडी जिल्ला भएकाले यहाँको सडक एवम् बाटोघाटोको स्थिति राम्रो छैन । यहाँका सडकहरु हिउँदको समयमा बढी चल्ने गर्दछन् भने प्राय:बर्षाको समयमा नगन्यमात्रामा सवारी साधनको आवत-जावत हुन्छ । यस जिल्लामा सदरमुकाम सम्म जाने गोरुसिङ्गे-सन्धिखर्क ६८ कि.मि. बाटो कालोपत्रे भएको छ, भने सन्धिखर्क-ढोरपाटन, सन्धिखर्क-वलकोट-तम्घास जोड्ने मोटरबाटो ग्राभिल भइरहेको छ । रिडी-वलकोटको बाटो कालोपत्रे हुने स्थितिमा रहेको छ । यस जिल्लामा सम्पूर्ण ४२ वटै गा.वि.स.मा मोटरबाटो पुगेको छ भने गाउँ-गाउँमा समेत यसको विस्तार भएको छ । बाटोघाटोको दृष्टिले यो जिल्ला अगाडि भएपनि

घठ वार्षिक प्रगति प्रतिवेन, (अर्घाखाँचीः जिल्ला पशूसेवा कार्यालय, द्दण्टट/ण्टठ), पृ. छ ।

घड जिल्ला शिक्षा कार्यालयबाध् द्दण्टढ/ण्द्द/ज्ञट गते प्राप्त मौखिक जानकारी अनुसार ।

भौगोलिक अवस्था र प्रशासनको समुचित व्यवस्थाको अभावले अझैं पछाडि परेको देखिन्छ । यस जिल्लामा ६० भन्दा बढी प्रमुख बाटाहरु विस्तार भईसकेका छन् ।[३९]

केही प्रमुख सडक तथा बाटोघाटोहरुको स्थितिः

| क.सं. | सडकको नाम | किसिम | लम्बाई |
|---|---|---|---|
| १ | पन्थरकोट-सन्धिखर्क | कालोपत्रे | ५७ कि.मि. |
| २ | सन्धिखर्क-वल्कोट | ग्राभिल + कच्ची | ४५ कि.मि. |
| ४ | घुम्ती-पाल्पा | कच्ची | ३५कि.मि. |
| ५ | सन्धिखर्क-गोखुङ्गा | कच्ची | २० कि.मि. |
| ६ | सन्धिखर्क- असुरकोट | कच्ची | २० कि.मि. |
| ७ | सन्धिखर्क-ढाकावाङ्ग | कच्ची | २० कि.मि. |
| ८ | नरपानी-नुवाकोट | कच्ची | ८ कि.मि. |
| ९ | ठाडा-जुकेना | कच्ची | ५ कि.मि. |
| १० | डिभर्ना-छत्रगञ्ज | कच्ची | २५ कि.मि. |
| ११ | सन्धिखर्क- खन | कच्ची | २० कि.मि. |
| १२ | भेंडामारे-सिमलपानी | कच्ची | १० कि.मि. |
| १३ | सन्धिखर्क-ढिकुरा | कच्ची | १२ कि.मि. |

## २.११ विद्युतीकरणको स्थिति

अर्घाखाँची जिल्ला पूर्ण रूपमा विद्युतीकरण हुन नसकेको जिल्ला हो । यहाँका ४२ गा.वि.स. हरुमध्ये २४ वटा जिल्लामा (आंशिक समेत) विद्युतीकरण भएको र अन्य गा.वि.स. मा सुचार हुने क्रम रहेको छ साथै अन्य बैकल्पिक उर्जा गोवरग्याँस र सोलारपावरको पनि विस्तारित हुनेक्रम बढिरहेको छ । अर्घाखाँची जिल्लामा विद्युतीकरण भएका गा.वि.स.हरु अर्घा, बांगी, खन, किमडाँडा, नुवाकोट, खिल्जी, असुरकोट, ढिकुरा, खाँचीकोट, डिभर्ना, वाङ्गला, सन्धिखर्क, ठुलापोखरा, अर्घातोष, मरेङ्ग, भगवती, छत्रगंज, केरुङ्गा, वलकोट, चिदिका, पाली, अड्गुरी, नरपानी र ठाडा रहेका छन् भने सोलारपावर भएका गा.वि.स.हरु जुकेना, जलुके, सिद्धारा, हंसपुर, अड्गुरी, धातिवाङ्ग, मैदान, पटौटी,

[घढ] जि.वि.स.का. पुर्ववत् ।

पोखराथोक, खन, गोखुङ्गा, ढिकुरा रहेका छन् साथै गोबर ग्याँस विस्तार गर्ने गा.वि.सं.हरुमा पटौटी, पोखराथोक, खन, गोरखुङ्गा, ढिकुरा आदि रहेका छन् ।[५०]

## २.१२ निष्कर्ष

यस परिच्छेदको शीर्षक अर्घाखाँची जिल्लाको सङ्क्षिप्त परिचयमा अर्घाखाँचीको नामकरण र यहाँको भौगोलिक, राजनैतिक, सामाजिक, आर्थिक लगायत सम्पूर्ण पक्षको चिनारी दिइएको छ । यसरी हेर्दा अर्घाखाँची जिल्ला ऐतिहासिक पवित्रस्थल र आर्थिक दृष्टिले सम्पन्नशाली दुई अलग-अलग राज्य अर्घा र खाँचीको संयोजनबाट यस जिल्लाको नामकरण गरिएको हो । यो जिल्ला समुद्र सतहको ३०५ मिटरदेखि २५१५ मिटर उचाई सम्म फैलिएको भौगोलिक दृष्टिले पहाडी र प्राकृतिक सम्पदाले सम्पन्न जिल्ला हो । विभिन्न नदीनाला, झरना तथा तालहरुले भरिएको यो जिल्ला विभिन्न किसिमका खनिजसम्पदा र पशुपंक्षीहरु पाइन्छन् । प्रसासनिक दृष्टिले यस जिल्लालाई २ संसदीय क्षेत्र, ११ इलाका र ४२ गा.वि.स.मा विभाजन गरिएको छ । जातीय हिसावले ब्राह्मण, क्षेत्री, नेवार, मगर, कुमाल, ठकुरी, गुरुङ आदि हिन्दुधर्मालम्वीको बाहुल्यता रहेता पनि वौद्ध,ईस्लाम, जैन, र क्रिश्चियन धर्ममान्ने मानिसहरुको पनि यहाँ वसोवास रहेको छ साथै विभिन्न जात-जाति, भाषा-भाषी, धर्म संस्कृति भए पनि अनेकतामा एकता र धार्मिक सहिष्णुता रहेको पाइन्छ । शैक्षिक दृष्टिकोणका हिसावले २ क्याम्पस, २१ उच्च मा.वि., ६१ मा.वि., ५१ नि.मा.वि. र ३८४ प्रा.वि. रहेका छन् । यस जिल्लामा साना ठुला गरी ६० भन्दा बढी बाटाघाटाहरु भएको यो जिल्लामा २८ भन्दा बढी गा.वि.स. विद्युतीकरण भएका छन् । विभिन्न ऐतिहासिक तथा पर्यटकीय स्थलहरु पाणिनि तपोभूमी पणेना, सुपादेउराली नरपानी, दुर्वाश्वेर गुफा खिदिम, छत्रमहाराजको मन्दिर छत्रगञ्ज, अर्घा भगवती मन्दिर अर्घा, जालकाँडा खन र वल्कोट पौवा वलकोट गा.वि.स. हरुमा पर्दछन् । प्राथमिक कालका स्वामी शशीधर (१८०४-१९०६) देखि हालसम्म विभिन्न सर्जकहरुले फुटकर कवितादेखि महाकाव्यका यात्रातय गरिसकेका छन् । यसरी अर्घाखाँची जिल्ला विभिन्न जातजाति, भाषाभाषी धर्मसंस्कृति र भौगालिक विविधताले भरिएको, अनेकतामा एकता भएको, गरिमामय अस्तित्व बोकेको महत्त्वपूर्ण जिल्ला हो ।

[द्धण] जिल्ला विद्यूत प्राधिकर०ाको कार्यालयबाध् दृण्टढ/ण्द्द/ज्ञट गते प्राप्त मौखिक जानकारी अनुसार .

# तेस्रो-परिच्छेद

## धार्मिक गीतको परिचय र वर्गीकरण

### ३.१ धार्मिक गीतको पृष्ठभूमि

नेपालको लुम्बिनी अञ्चलमा अवस्थित ६ जिल्ला मध्ये अर्घाखाँची एक मध्यपहाडी जिल्ला हो । यो जिल्ला धार्मिक ऐतिहासिक, पौराणिक तथा सांस्कृतिक विविधताले भरिएको छ । यस जिल्लामा विभिन्न किसिमका जात-जाति, भाषा-भाषी भएका मानिसहरुको बसोबास रहेको छ । यहाँ बसोबास गर्ने मानिसहरुको आफ्नै किसिमका मूल्यमान्यता आस्था, रीतिरिवाज, चालचलन रहेका छन् । आफ्नै किसिमका चाडपर्व, वर्त, धर्म, कर्म, नीतिनियम मान्नु र तिनीहरूबाट नै संस्कार, धर्म, अर्थ, काम, मोक्ष जस्ता पुरुषार्थ प्राप्त गर्नका लागि आफ्नो दैनिक जीवनदेखि मृत्यु पर्यन्त धर्मकर्ममा ओतप्रोत भई धार्मिक गीतको सहाराले आफ्नो जीवनचर्या बिताउनु र तिनीहरुको अनुसरण गर्नुले चाडपर्व, वर्त, धर्मसँग धार्मिक गीतको नङ मासुको जस्तो सम्बन्ध रहेको छ भन्ने देखिन्छ । धार्मिक गीतहरु प्रायःविशेष अवसरमा मात्र गाइन्छन् । कुनै प्रयोजनका लागि गाइने यी गीतले एकातिर शिक्षा प्रदान गरेका छन् भने अर्कोतिर आ-आफ्नो धार्मिक संस्कारलाई बचाएर राखेका छन् । धार्मिक गीतले समाजलाई एकसूत्रमा बाँधेका हुन्छन् । जसले गर्दा सयौं फूलका थुँगाहरु एउटै मालामा अटेका हुन्छन् ।

### ३.१.२ धार्मिक गीतको परिचय

धार्मिक गीत लोकसाहित्यका विभिन्न विधा उपविधाहरुमध्ये लोकगीत अन्तर्गत पर्ने एउटा शाखा हो ।[४१] धार्मिक गीत भन्दा वित्तिकै पवित्र धार्मिक कार्य पर्व तथा उत्सवहरुमा विभिन्न वाद्यवादनका सामग्रीहरुको सहारा लिई वा नलिई रागात्मक अभिव्यक्तिसँगै ईश्वरीय वा अनिश्वरीय विषयवस्तुमा आधारित गीतात्मक प्रस्तुतिलाई नै धार्मिक गीत भन्न सकिन्छ । धार्मिक गीतहरुमा लोक समुदायको कल्पना, अनुभव साथै ज्ञानका माध्यमबाट रचना गरिएको अद्भुत रोमाञ्चक एवम् व्यावहारिक घटनाहरुको संयोजन गरिएका हुन्छन् । लोकसमुदायका आस्था, विश्वास, व्यवहार, ज्ञान र अनुभवलाई काल्पनिक तथा मनोरञ्जनात्मक तत्त्वले वेष्टित गरेर रोमाञ्चक एवम् नैतिकता प्रस्तुत गरिएको हुन्छ । धार्मिक गीतमा लोक समाजका आस्था, विश्वास र प्रतिमानहरु प्रतिविम्बित भएर आएका हुन्छन् । धार्मिक गीतका माध्यमबाट लोकजीवनका ज्ञान, सीप र अनुभवहरु मौखिक रूपमा पुस्तौं पुस्तासम्म जीवन्त भएका हुन्छन् । मूलतः धार्मिक गीतहरु भक्तिमूलक विधा अन्तर्गत पर्दछन् । यसको क्षेत्र त्यत्तिमै सीमित छैन । धार्मिक गीत लोकसमाजका दर्पण हुन् । यी ज्ञान र

---

[४१] कृष्ण प्रसाद पराजुली, **नेपाली लोकगीतको आलोक**, (काठमाडौं: वीणा प्रकाशन, २०५७),पृ. १४९ ।

अनुभवका अमूल्य नीधि हुन् । धार्मिक गीतमा लोक संस्कारमा निहित कला संस्कृति, साहित्य र परम्परा विद्यमान रहेका हुन्छन् । धार्मिक गीतहरुमा विभिन्न अतिरञ्जनात्मक रोमाञ्चक तत्त्वहरु रहने हुँदा यस्ता तत्त्वहरुले बढी भन्दा बढी आकर्षक बनाइ सामूहिक मनोरञ्जन दिनाका साथै प्रत्यक्ष वा परोक्ष शिक्षा दिने कार्य पनि गरेका हुन्छन् । जसले गर्दा यस्ता धार्मिक गीतहरु श्रुतिपरम्पराबाटै एक पुस्ताको ज्ञान, कल्पना र अनुभवहरु अर्को पुस्तामा हस्तान्तरण भई जीवन्त रहेका देखिन्छन् ।

लोकसाहित्य अन्तर्गत पर्ने धार्मिक गीतको इतिहासलाई हेर्दा यसको धेरै पुरानो परम्परा रहिआएको देखिन्छ । आदिम मानव सभ्यताका साथ साथै भाषाको विकास क्रससँगै यसको सुरुवात भएको हुनुपर्छ । हाम्रो अतिप्राचीन धार्मिक ग्रन्थहरु वेद (अपौरुषेय) धर्मशास्त्र, पुराण, उपनिषद, रामायण, महाभारत आदि श्रुतिपरम्पराबाट आधारित भई ईश्वरीय भक्ति भाव देखाई विभिन्न देवी देवताको स्तुति (बन्दना) गरेको पाइन्छ । जसको उद्देश्य समाजलाई कुनै किसिमका शिक्षा दिनु वा मोक्ष प्राप्त गर्नु रहेको देखिन्छ ।

धार्मिक गीत विभिन्न धर्ममान्ने मानिसहरु जस्तै हिन्दु, बौद्ध, इस्लाम, क्रिश्चियन आदिले पनि आफ्नै तरिकाले गाइरहेका हुन्छन् । जातीय र धार्मिक विविधता अनुसार आफ्नै किसिमको चालचलन रीतिरिवाज र परम्परा अनुसार कुनै पनि प्रयोजनमा रहेर मानिसहरुले विभिन्न मठमन्दिर, पाटि ,पौवा, देवालय, घर आँगनमा धार्मिक कार्य गरेर विभिन्न चाडपर्व र संस्कारकर्म मनाउँदा धार्मिक गीतमा भजन, कीर्तन, गरेको देखिन्छ । चाडपर्व, संस्कार कर्म र धार्मिक गीतको सम्बन्ध नङ् र मासुको जस्तै रहेको छ । विशेषगरी संस्कारहरुमा छैंटी, न्वारन, पास्नी बर्तबन्ध, विवाह, चौरासी, मृत्यु र पर्वहरुमा तीज, दशैं, तिहार, होली आदिमा भजन, मागल, फागु, धमारी, भोलाउलो, चुड्किला, आरती, मारुनी, मालसिरी जस्ता धार्मिक गीतहरु गाइन्छ । यी गीतहरु विशेषतः गायन वाद्यवादन तथा नृत्यसँग सम्बन्धित हुन्छन् । यसरी धार्मिक गीतहरु साहित्यिक आश्वादनका दृष्टिले महत्त्वपूर्ण साथै यी गीतहरुले नेपालीपना र स्थानीय मूल्यमान्यतालाई जोगाई राखेका छन् ।

## ३.३ धार्मिक गीतको विशेषता

लोकसाहित्यको आफ्नै विशेषता भए जस्तै यसकै छत्र छाँयामा रहेको धार्मिक गीतको पनि आफ्नै मूल्यमान्यता र विशेषता रहेका छन् । धार्मिक गीत लोकजीवनको रागात्मक र स्वतः स्फूर्त लयात्मक अभिव्यक्ति हो । लोक साहित्य जस्तै यसमा पनि शक्ति, अवतार तथा मनोरञ्जनार्थ लोकमा भिजेका लोकभजनका आफ्नै विशेषताहरु रहेका छन् । यी विशेषताहरुलाई निम्न तरिकाले बाँड्न सकिन्छ । ती हुन् सामुदायिकता, पारम्परिकता, मौलिकता र गतिशीलता ।

### ३.३.१ सामुदायिकता

धार्मिक गीत समुदायद्वारा गाइने गीत हो । यो गीत समुदायका निम्ति समुदायले धर्मशास्त्रादिमा आधारित भएर समुदायद्वारा रचिन्छ, समुदायमा जीवित रहन्छ र समुदायमै विकसित हुन्छ । व्यक्तिद्वारा यसको आराधना गरिए पनि यो विशेषतः समुदायको सम्पत्ति हो । समुदायको सम्पदा हुनु पनि यसको विशेषता हो ।

### ३.३.२ पारम्परिकता

धार्मिक गीतको आफ्नै परम्परा हुन्छ । यो शताब्दियौंदेखि चलिआएको निरन्तर परिवर्तन भइरहेता पनि यसको प्रवाह अविच्छिन्न रहेर आफ्नै परम्पराको निर्माण गरेको हुन्छ । यसले ऋषि मुनिहरुद्वारा रचित बाह्य प्रभावबाट प्रेरित नभएर आफ्नै परम्परा बोकेको हुन्छ । आधुनिक साहित्यमा यसको कुनै सम्बन्ध नरहन पनि सक्छ । समुदायमा आफ्नै भाषा र अभिव्यक्तिका प्रकारहरुमा यसको आफ्नै संवहन रहेको हुन्छ । धार्मिक गीतको आफ्नै परम्परागत मूल्यमान्यता हुनु पनि यसको विशेषता हो ।

### ३.३.३ मौलिकता

धार्मिक गीत लिखित श्रुति, स्मृति, पुराण र अलिखित लोकजीवनको मुख परम्परामा मौलाएको हुन्छ । यो गीत श्रुतिपरम्परामा सरल तथा सहज रूपले फैलाएको हुन्छ भने केही मात्रामा बिर्सिने डरले टिपोट गरिए पनि सङ्कलन र सम्पादन गरी केही मात्रामा छापिएर समुदायमा अलिखित रूपमा जीवित गरेको गीत नै गतिशील धार्मिक गीत हो भन्न सकिन्छ । निरक्षरहरुले यस गीतलाई समाजमा मौलिक रूपले नै सञ्चालन गरेका हुन्छन् । यिनले समाजलाई शिक्षा दिएका हुन्छन् र मौलिक रूपमा परम्परालाई वाहक बनाएका हुन्छन् ।

### ३.३.४ गतिशीलता

परिवर्तनशील हुनु धार्मिक गीतको आफ्नै विशेषता हो । आधुनिक परम्परामा पनि आफ्नो छुट्टै पहिचान राख्नु स्थान र समय अनुसार गतिशील हुनु, कुनै व्यक्ति, समुदायले सङ्कलित गर्ने क्रममा केही भिन्न पनि हुन सक्नु, भाषा, शैली, कथन पद्धति, कथ्य र सन्देश आदिमा परिवर्तन हुनु पनि यसका विशेषताहरु हुन् । वक्ता र श्रोताको रूचि, सन्दर्भ, कला, खेलवाड, भूमिका वा अर्थको परिवर्तन, अनुभव, भुलक्कडकना, अनुवाद श्रोतामा परिवर्तन, प्रस्तोताको उमेर, लिङ्ग आदिले पनि कुनै पनि अभिव्यक्ति वा परम्पराको सम्पादनमा परिवर्तन स्थिति ल्याउँछन् । भन्ने र सुन्नेलाई कुनै परिवर्तन नभएको लागे पनि कुनै न कुनै माध्यमबाट गतिशीलता भएको पाइन्छ ।[४२]

---

[४२] चूडामणि बन्धु, **नेपाली लोहसाहित्य**, (काठमाडौं : एकता बुक्स, २०६९), पृ. ३३ ।

मानिसलाई मानवताको पाठ सिकाउनु, धार्मिक, धर्मइतर भएका व्यक्तिमा प्रेम, करुणा, आशा, शिक्षा, मुक्ति जस्ता विषयको अनुभूति गराउनु यसको विशेषता हो । वाद्यवादन युक्त लयहरु मुखरित हुनु, नृत्यको संलग्नता हुनु, गीतहरुमा रहनी, चरण थेगो हुनु, देहधारी ईश्वर तथा निराकार शक्तिको उपासना हुनु, इतिहास मूलक सरल, सुबोध, सरस र सगुण हुनु, सामूहिक भावभूमि, मौलिक परम्परा, लयात्मक अभिव्यक्ति हुनु पुनरावृत्ति, स्वच्छन्दता, रस सृष्टि, उपदेशात्मकता, स्थानीय रङ्ग र भाषाको छाप हुनु, भाषाका अनेक रूप, यथार्यता, सामाजिक, धार्मिक आध्यात्मिक एवम् भाग्यवादी प्रवृत्ति हुनु पनि यसका विशेषता हुन् । धार्मिक गीत लोकजीवनको गतिशील, भावप्रवाहमा कहिल्यै नसुक्ने साङ्गीतिक स्पन्दन हो ।

## ३.४ धार्मिक गीतको महत्त्व

धार्मिक गीतको आफ्नै किसिमको महत्त्व रहेको छ । धार्मिक गीतले सामाजिक, सांस्कृतिक, ऐतिहासिक, भाषिक, साहित्यिक, भौगोलिक, आर्थिक, पक्षको विविध जानकारी दिने हुँदा यसको आफ्नै महत्त्व रहेको छ । धार्मिक गीत गेयात्मक अभिव्यक्ति हो । यो समाजको दर्पण हो । विभिन्न रसमय ध्वनि सृजित हुने हुँदा धार्मिक गीतले साहित्यिक महत्त्व राख्दछ । धार्मिक गीतलाई सैद्धान्तिक र प्रायःोगिक गरेर दुई किसिमले हेर्न सकिन्छ ।

### ३.४.१ सैद्धान्तिक महत्त्व

ज्ञानका विविध शाखाहरुमा धार्मिक गीत पनि एक हो । धार्मिक गीतले विषयवस्तुलाई जानकारी गराउन्छ । लोकसाहित्यको हाँगाका रूपमा रहेको र अध्ययन गर्नेको चासोको विषय भएकाले यसको अध्ययन गर्ने व्यक्तिलाई आफ्नो परम्परा-संस्कृति, मूल्य मान्यताहरूप्रति अझ सचेत र आस्थावान अनि आफ्नो पहिचान प्रति सजग गराउँछ । धार्मिक गीतले श्रुति, स्मृति, पुराण, पुरातत्त्व, इतिहास, पुराशास्त्र आदिका अन्तर्विषयक अध्ययनका रूपमा उपयोगी हुन सक्छ । नयाँ कुराको सैद्धान्तिक अध्ययन गर्ने व्यक्तिहरुलाई यसको महत्त्व बढी भन्दा बढी रहेको देखिन्छ ।

### ३.४.२ प्रायोगिक महत्त्व


लोकजीवनको अभिव्यक्तिका रूपमा लोकसाहित्यको अध्ययन हुन्छ । श्रव्यकाव्यको श्रवण र दृश्यकाव्यको दर्शन पनि प्रायःोगिक पक्ष हो । लिखित र पाठ्यसामग्रीका रूपमा बढी प्रायोगिक महत्त्व रहेको हुन्छ । धार्मिक गीतले विशेषतः क्षेत्र कार्यलाई बढी महत्त्व दिइएको पाइन्छ । क्षेत्रकार्यबाट संकलित विषयलाई अध्ययन विश्लेषणको विषय बनाएको पाइन्छ । क्षेत्रकार्यको प्रयोजन

भनेको लोकसाहित्यको अध्ययन, संस्कृतिको संरक्षण, भविष्यका निम्ति सङ्ग्रह र साहित्यको प्रयोगका लागि यसको महत्त्व रहेको छ ।[43]

धार्मिक गीतको प्रयोजन नै आनन्द प्राप्त गर्नु र मुक्ति दिनु हो । साथै यसले लोकमानसको अभिव्यक्ति सरल भाषा र सरस शब्दावली, सुरिलो लय र सङ्गीतका साथ प्रस्तुत हुँदा व्यक्तिको दुःख दैन्य र अभावलाई बिर्सेर आनन्दको अनुभव गर्दछ । यसप्रकारको आनन्दको अनुभव बिभिन्न रूपका प्रार्थना मूलक धार्मिक गीत, भजन, स्तुति र आरती, संस्कार र बिभिन्न उल्लासमय वातावरणमा गाइने गीतहरुबाट समेत प्राप्त हुन्छ । धार्मिक गीतले लोकजीवनका सुःख-दुःखका अभिव्यक्ति प्रकट गर्दछन् । यसले युगौंदेखिको लोकजीवनलाई जीवन्त र गतिशील तुल्याउने र मूल्य, मान्यता, आस्था, विश्वास, चिन्तन र बिचार धार्मिक गीतबाट प्राप्त गर्न सकिन्छ । धार्मिक गीतको महत्त्व जीवन्त रहेको छ भन्न सकिन्छ ।

### ३.५ धार्मिक गीतको वर्गीकरण

धार्मिक गीत प्राचीन कालदेखि आधुनिक कालसम्म केही प्राचीन परिपाटि र नवीन वान्किमा हुर्कदै आएको छ । युगौंदेखि श्रुतिस्मृति परम्परामा हुर्केको धार्मिक गीत आजसम्म अविच्छिन्न रूपले रहेको र यसको आदि र अन्त्यको निश्चित सीमा छैन । धार्मिक गीत मूलतः धार्मिक भावसँग सम्बन्धित छ र तर त्यही ठाउँ त्यही परिवेशमा रमाइलोका निम्ति धर्मइतर विषयवस्तुमा आधारित विविध गीतहरु पनि गाइन्छ । समाजमा वृद्ध-वुद्धा, युवापुस्ता, केटाकेटी सबैको जनजिब्रोमा आ-आफ्नो मन बहलाउने धार्मिक गीतहरु गाइएका हुन्छन् । समाजले संस्कार, चाडपर्व र कर्मका बेला विभिन्न गीतहरु गाउने गर्दछन् । यस्ता अवसरहरुमा धार्मिक गीतको सम्बन्ध अपरिहार्य हुन्छ । प्रायःधार्मिक गीतहरु जुनसुकै बेला गाइँदैन, समय र सन्दर्भ अनुसार कुनै प्रयोजनका निम्ति यस्ता गीतहरु गाइन्छन् । विभिन्न विद्वानहरुले लोकगीत अन्तर्गत पर्ने धार्मिक गीतलाई आ-आफ्नै तरिकाले वर्गीकरण गरेको पाइन्छ । यहाँ विशेषतः अर्घाखाँची जिल्लाको अर्घाराज्यमा पाइने धार्मिक गीतको यसरी वर्गीकरण गर्न सकिन्छ ।




[43] चूडामणि वन्धु, पूर्ववत्, पृ. ३६ ।

- → आरती गीत
- → चरित्र गीत
- → वाणी गीत
- → निर्गुण गीत
- → भिमलु गीत
- → कीर्तन गीत
- → चुड्किला गीत
- → सवाई गीत
- → पुष्पाञ्जली गीत

- → मागल गीत
- → रत्यौली गीत

- → तीज गीत
- → मालसिरी गीत
- → मारुनी गीत
- → फागु गीत

धार्मिक गीत अन्तर्गत भजन गीत, संस्कार गीत र पर्वगीत पर्दछन् । भजन, अन्तर्गत आरती, चरित्र, वाणी, निर्गुण, भिमलु कीर्तन, चुड्किला, सवाई, पुष्पाञ्जली पर्दछन् । संस्कार गीतमा मागल र रत्यौली पर्दछन् भने पर्वगीतमा तीजगीत, मालसिरी, मारुनी र फागु पर्दछन् । यसरी अर्घाराज्यका धार्मिक गीतलाई देखाउन सकिन्छ ।

## ३.६ धार्मिक गीतहरु

धार्मिक कार्यका अवसरमा कार्यसिद्धिका कामनाले गाइने गीतलाई धार्मिक गीत भनिन्छ । यस्ता गीतहरुले मानसिक शान्ति र सान्त्वना दिएका हुन्छन् । यी गीतहरु नित्य पूजा गर्ने, नैमिनित्तिक कर्म-वर्त तथा उपासना गर्ने र काम्य कर्म कुनै कार्य सिद्धिको लागि गर्ने गरिन्छ । यी गीतले धार्मिक जीवनको आस्थालाई व्यक्त गरेका हुन्छन् । यी गीतहरुको समाजमा अहम् भूमिका रहेको हुन्छ भने आध्यात्मिक दर्शन र मुक्तिको मार्ग पनि दिएका हुन्छन् । धार्मिक गीत अन्य गीतहरुभन्दा बहुआयामिक रहेका हुन्छन् ।

### ३.६.१ भजन

विशेष पूजा-आजाका अवसरमा भक्तिहरुद्वारा ईश्वरको आरधना गर्ने क्रममा ईश्वर प्रति समर्पित भई गरिने स्तुति (गुणगान) वा भक्तिभाव देखाउँदै गाइने गीत नै भजन हो । यो कुनै पनि वर्त होस्, संस्कार होस् वा पर्व नै किन नहोस् यावत् अवस्थामा दिन-रात यी गीतहरु गाइन्छन् । यी गीतहरु समय अनुसार गाइन्छन् । प्राय:दिनभरी वर्त, अनुष्ठान गर्ने र राती भजन गाउने गरिन्छ । भजन गाउँदा सुरुमा आरती गाइन्छ । त्यसपछि प्राय:चरित्र, वाणी, निर्गुण, भिमलु, कीर्तन, चुड्किला, सवाई हुँदै पुष्पाञ्जली गरी भजनको समाप्ति गरिन्छ । लोक कविहरुले श्रीमद्भागवत, रामायण, महाभारत आदि ठाउँबाट लिएर कथेका धार्मिक गीत पहाडीया कागज (नेपाली कागज) मा लेखेर

राखेका पाण्डुलिपि र हस्तलिपिहरुलाई भक्तिहरुले भक्तिभाव देखाउदै विभिन्न वाद्यवादनका साथ गाइने गीत नै भजन हुन् । भजन गाउँदा शङ्ख, घण्ट, खैंजडी, मजुराको बढी प्रयोग गरिन्छ भने विशेष अवस्थामा पञ्चैबाजा र स्थानीय लोकबाजा पनि बजाउने गरिन्छ । यी गीतहरु वाद्यवादन सहितका हुन् । भजन एकलै वा दुई-दुई, चार-चार जनाको समूह दुई समूहमा बसी सामूहिक रूपमा गाइन्छ । यी गीतहरु प्रायः पुरुषहरु गाउने गर्दछन् भने कहीँ कहीँ महिलाहरुले पनि गाउने गर्दछन् । त्यसैले यी गीतलाई पुरुष प्रधान गीत भनिन्छ । भजन गाउँदा खैंजडी र मजुराको तालमा गाई नृत्य पनि गरिन्छ । त्यसैले यी गीतलाई नृत्यसहितका गीत पनि भनिन्छ । भजनको सुरुवातमा पहिले हरिऽऽ हरिऽऽऽ भनेर ढिलो क्रमले उच्चारण गर्दै लामो स्वरले भनिन्छ भने पछि-पछि जब राग-भाव उत्पन्न हुन्छ तब हतार-हतार भए जस्तो गरेर छिटो-छिटो गाउँदै बजाउँदै र त्यसको तालमा नाचि अन्त्य गरिन्छ । रामायण, चरित्र, महाभारत आदि खण्ड-खण्डमा विभाजित हुन्छन् । प्रत्येक खण्डको अन्त्यमा रचनाकारको नाम पनि पुकारिन्छ । भजनहरु धेरै भएपनि निर्गुण भजनमा भने गहिरो आध्यात्मिक चिन्तन रहेको हुन्छ । यहाँ सांसारिक जीवन पाइसकेपछि मानसिक अनेकबाधा अड्चन रहेका हुन्छन् । अनेक बाधा अड्चन र जालझेलका बिच भगवानमा भक्तिभावले यो जीवन समाप्ति गरेपछि अर्को जन्म लिन नपर्ने, भगवानमै बिलिन हुन पाइने, यो जुनीमा बाँच्न कीर्ति र मरेपछि मुक्ति पाइने प्रायःधार्मिक गीतको सार रहेको हुन्छ ।

### ३.६.१.१ आरती

आराध्य देवीदेवताको पूजा आजा वा यस्तै शुभकार्यमा गाइने भक्तिपरक गीति अभिव्यक्तिलाई आरती भनिन्छ । आरतीलाई दुई प्रकारले गाउने गरिन्छ । कुनै आरती नित्यकर्म सकिसकेपछि अर्थात् यज्ञप्रतिष्ठा सकिसकेपछि ज्योती बालेर गाइन्छ भने कुनै आरती भजन गाउनु भन्दा पहिला विघ्नबाधा नहोस् भनेर मङ्गलाचरणका रूपमा गाउने गरिन्छ । कुन भगवानको आराधना गरेको हो । त्यही भगवानसँग सम्बन्धित आरती गाउने चलन छ । श्रीमद्भागवत लगाएका बेलामा भगवान विष्णुको आरती, रुद्री गरेको बेलामा शिवको आरती, मङ्गलबारको वर्तमा गणेशको आरती, चतुर्मासामा रामायण तथा विष्णुको आरती गाइन्छ । यी गीतहरु शङ्ख, घण्ट, खैंजडी, मजुरा प्रयोग गरी गाइन्छन् । वर्तालुहरुले एकै समूहमा बसी एकै स्वरमा आरती गाइन्छ भने दुई चारवटाको समूह बनाई दुई समूहमा बसी एक समूहले गाउने र अर्को समूहले छोप्ने चलन हुन्छ । आरती समूहमा गाइने धार्मिक गीतहरु हुन् । आरतीमा बिहानको आरती, दिउँसोको आरती, बेलुकाको (सन्ध्या) आरती पर्दछन् । गणेश, विष्णु, शिव, राम, देवी, गङ्गा आदि आरतीहरु प्रायःगाइन्छन् । यी आरतीहरु गाउनुको उद्देश्य मङ्गलका साथै विघ्नबाधा हटोस् भन्ने कामना रहेको

हुन्छ । आरतीलाई गुणका आधारमा, सम्प्रदायका आधारमा, समयका आधारमा र विषयवस्तुका आधारमा गरी चार प्रकार मानेर अध्ययन गरिएको छ ।

**अ) गुणका आधारमा आरती**

गुणका आधारमा आरतीलाई दुई भागमा बाड्न सकिन्छ ।

**(क) सगुण आरती**

देहधारी ईश्वरीय व्यक्तिहरुले चरित्रलाई आधार बनाएर गाइएका आरतीलाई सगुण आरती भनिन्छ । यस्ता आरतीमा गणेश, विष्णु, देवी, शिव, धुर्व, प्रल्हाद चरित्रका आरतीहरु यस भित्र पर्दछन् । यस्ता आरतीहरु सरल, सरस, सुबोधका साथै इतिहास र धर्मशास्त्रलाई आधार बनाएर रचिएका हुन्छन् । जस्तै

**गणेश आरती**

जय गणेश जय गणेश गुरु गणेश देवा, माता हौ कि पार्वती पिता महादेवा ।
चक्रदन्त जध्नमन्त्र चतुर्भुजा धारी, शीरउपर सिन्दुर सोहे मुसाकी सवारी ।
अन्धाओंकी आँख देवे बाझी औँको पुत्र देवे, निर्धनकी धन देवे ।

माथिका उदारहणमा गणेश सम्बन्धित आरती गाइएको छ । सगुण सम्बन्धित आरतीहरु प्रेमाश्रयी, ज्ञानाश्रयी र भावाश्रयी गरी तीन किसिमका हुन्छन् ।

**प्रेमाश्रयी आरती**

विभिन्न देवीदेवताका पात्रहरुले प्रेमले (खुशीले) हाँसेको, रोएको श्रृङ्गारिकतामा आधारित भएर गाइएको आरतीलाई प्रेमाश्रयी आरती भनिन्छ, जस्तैः

**कृष्ण आरती**

हेरां रोवत रोवत मोहन आवये, नैना सौनीर बुहाई ।
वंशी मेरो छीनी लिया हरि, सब सखीयान मिलिमारी । सखी रे .....
हेरां सब सखीयान मिलि मुसुकन लागे, देखो जगती हामरी ।
नन्द नन्दजी कन्तमही ठट्ना, तमुजीतये हामुहारी । सखी रे ......

यहाँ गोपिनीहरुलाई कृष्णले आफ्नो बाँसुरीको प्रभावले रुवाएको प्रसँग र श्रीकृष्णको लीलाको महिमाले गोपिनी र नन्दजीहरु खुशी भएर जितेका देवताहरुले हारेको प्रसङ्ग भेटिन्छ ।

**ज्ञानाश्रयी आरती**

विभिन्न देवीदेवताहरुको जन्म तथा अन्त्य, सुर असुरहरुको चरित्र र अवतार आदिलाई लिएर मानिसलाई असलमार्गमा हिडाउने प्रयोजनका लागि गाइने आरतीलाई ज्ञानाश्रयी आरती भनिन्छ, जस्तैः

**राम आरती**

रामजीको आरती गाउँ साधु भाइ, आफ्नो जनम सुधारणलाई
हेरां केकहीँका बिरोधले राम बनीबासलाई, साथलीये सीताजी लछुमण भाइ । रामजी ...
हेरां चित्र कोटगई प्रभुराम डेरा बनायौं, राक्षेस मारी ऋषिको आपती छुटाई । रामजी ...

यहाँ रामको चरित्रगाथाले (रामको जन्मले) मानिसको जन्म सिद्धभएको कुरा बताइएको छ ।

**भावाश्रयी आरती**

जुन आरतीमा भक्ति र रस प्रमुख भएर आउन्छन् र कहीँ कहीँ ज्ञान वैराग्य चिन्तन लगायत सबै रस सिञ्चित भएका हुन्छन् भने यस्ता आरतीलाई भावाश्रयी आरती भनिन्छ , जस्तैः

**शिव आरती**

शिव नारायण हरि, रस मीठा और नही । शिवनारायण ......
वेदपुराण पढि-पढि थाके, पढिए भवगत गीता नही नही । शिवनारायण ......
सुन्दर देहदेखि जगाजनि भुलै, गए ऐसे बालुगीता नही नही । शिवनारायण ......
तिर्थराग प्रयाग बिराजये, गङ्गा जमुना वहीतपुनिता नही नही । शिवनारायण ......
सुनहो दासो हरिको पुकारो, बिना गुरुज्ञान पढेका गीता नही नही । शिवनारायण ......

यहाँ हरि रूपी नाम रसले भरिएको जसको बयान वेद, गङ्गा, तीर्थ प्रयागले पनि गर्न नसकेको, बिना गुरु भगवान रूपी ज्ञान प्राप्त गर्न नसकिने कुरा बताइएको छ ।

**ख) निर्गुण आरती**

सत्त्व, रज र तम गुणको रङ नलाग्ने स्थितिको परमेश्वरलाई भज्न अथवा निराकार शक्तिको उपासना गर्न रचिएको आरतीलाई निर्गुण आरती भनिन्छ । यस्ता आरती सार्वकालिक हुन्छन् । त्रिगुण र ऐतिहासिकताको जालोबाट मुक्त भएर सार्वकालिकता प्रदान गरिने हुनाले रचनाको हिसाबले कठिन र दुर्बोध हुन्छन् । यस्ता आरतीमा अर्थ गाम्भीर्यता पाइन्छ । यस्ता निर्गुणमा वेदान्तको अद्वैतवादको प्रभाव छ । आत्मचिन्तन, तत्त्व, चिन्तन, अन्धविश्वासको विरोध, समाज सुधार, छुवाछुत र पशुबधको विरोध, क्रान्तिकारी भाव, सधुक्कडी भाषा, भारतीय कवि र पन्थको प्रभाव यी निर्गुण आरतीका विशेषता हुन् । मेरो तेरो भन्दा पनि निश्वार्थ भावको कल्पना गरिएको हुन्छ, जस्तैः

**सूर्य आरती**

भगवान प्रभु दर्शन तिम्रो तीन रूपको, तीनरूपको राम एकै सूर्यको ।

अर्घ चढाउ राम वेद श्रुतिको, भगवान प्रभु ..........

मकर राशी प्रभुको अरुण रह्यो नाम, सवार बह्माजीको दर्शन पाई ।

मध्यम दर्शन प्रभु सदा शिवजीको, अस्ताउँदा दर्शन विष्णुलाई । भगवान ............

नरको पापपुण्य बही बनाइदिने, चित्रगुप्त यमलाई सोही बुझाई दिने, राम ।

बही बुझाई दिएर अवस्थलमा आए, नवैखण्ड सातैदीप प्रकाश गराए । भगवान.......

**महाभारत आरती**

भगवान प्रभु तिम्रो आरती गर्छु बारम्बार, कसले बनायो यो सनिसार । भगवान प्रभु .....

चौरासी लाख जुनी गर्भकोबास चैतन्य दियौ घटमा, तिर्थब्रत दान पुण्य मायामा भूलायौ ।

यहाँ निर्गुण रूप (गुण नभएका) भएका भगवानलाई दर्शन गरिनु पर्ने, अर्घ चढाउनु पर्ने र बाह्र नाम रहेका सूर्य भगवानले बाह्रै महिना, नौ खण्ड र सात दीपको प्रकाश गराउने कुरा बताइएको छ । यो संसार र चैतन्य मायामा भुलाएको प्रसङ्ग यहाँ उल्लेख छ ।

**आ) सम्प्रदायका आधारमा आरती**

सम्प्रदायका आधारमा आरतीलाई तीन भागमा हेर्न सकिन्छ ।

क) शैव ख) शाक्त ग) वैष्णव

**क) शैव आरती**

शिव र शिव परिवार सम्बन्धी आरतीलाई शैव आरती भनिन्छ । यसमा शिव, गणेश, पार्वतीका आरतीहरु पर्दछन्, जस्तैः

**शिव आरती**

शिर गङ्गा, अर्धाङ्ग पार्वती सदा विराजन कैलासी ।

नाचीरहन्छन्, नन्दीभृङ्गी, जन गाउँछन् शिवजी ।

शीतल मन्द सुगन्ध पवन यो, हौ शिव अविनाशी ।

गर्छन् गान गन्धर्वहरु सातै राग उकासी । आदि ।

यहाँ शिव गणहरुको नृत्य सम्बन्धी आरतीको वर्णन गरिएको छ ।

**ख) शाक्त आरती**

भगवती सम्बन्धी गाइने आरतीलाई शाक्त आरती भनिन्छ । गङ्गा, देवी दुर्गा, सरस्वती, लक्ष्मी आरती यस अन्तर्गत पर्दछन् । जस्तै -

**दुर्गा आरती**

जय दुर्गादेवी भगवती सरन तुमार, कमल नयन हे ! तुमार लाल हेमुहार ।

गणपति रवि, देवी, शिव, गोविन्द राम, देवता पञ्चायनी हौ ।

इन्द्र, कुबेर, यम, बरुण, राम, पुकार गर्छौं द्यौता जाति हो । जय दुर्गा ....

यहाँ दुर्गा माताको शक्ति तथा सृष्टि संहारको प्रसङ्ग उल्लेख गरिएको छ ।

**ग) वैष्णव आरती**

विष्णु र विष्णु सम्बन्धी विभिन्न देवताहरुका आरती यस अन्तर्गत पर्दछन् । विष्णुका दश अवतार समेत यसैमा पर्दछन् साथै राम, विष्णु, कृष्ण, सम्बन्धी आरतीहरु पनि यसमा पर्दछन् । राम सम्बन्धी हनुमानको आरती, कृष्ण सम्बन्धी कृष्ण आरती, गोपी आरती, विष्णु सम्बन्धी जगदीशको आरती, हरि आरती, सूर्यको आरती यस अन्तर्गत पर्दछन्, जस्तैः

**रामको आरती**

रामजीको आरती शंकरजीले गाए, राम औतार शिवले बताउन लाए । रामजी .....

कैलाश मन्दिरमा सदा शिव थिया, बामैकाख जगदम्बा पार्वती लिया ।

विन्ती गरिन् पार्वतीले जोरी हुनु बाहु, सुन्ने इच्छा भयो प्रभु रामजीको नाउ । रामजी .....

यहाँ रामको आरती शंकरले गाएको प्रसँग छ ।

**इ) समयका आधारमा आरती**

समयका आधारमा पनि आरती गाउने चलन रहेको छ । समयका आधारमा प्रभाती आरती, सन्ध्या आरती, अखण्ड आरती गरी तीन भागमा वर्गीकरण गर्न सकिन्छ ।

**(क) प्रभाती आरती**

बिहानको समयमा गाइने आरती यस अन्तर्गत पर्दछन् । प्रायः पञ्चायन देवता देवी, विष्णु, शिव, गणेश, सूर्यका आरती यसमा पर्दछन्, जस्तैः

**पञ्चम आरती**

देवदेवीको हरि, मन पञ्चम आरती, पञ्चम आरती पञ्चायनकी । देव..........

सिद्धिदेव गणेश्वर राम गजा शिरकी, शिर सोहय सिन्दूर गौरा सुतकी ।

हरि मन पञ्चम आरती गणेशकी । देव ......

हे राम शिर चन्द्र वृषध्वज राम । भवमा शिवकी, हात डम्बरु, खड्ग त्रिशूल ।

महारुद्रकी हरि, मन पञ्च आरती करम शिवकी । देव .....

यसरी पञ्चम आरती प्रभाती आरतीका रूपमा चिनिन्छ ।

**ख) सन्ध्या आरती**

प्रायः साँझ (सन्ध्या) बेला गाइने आरती सन्ध्या आरती हुन् ।

आरतीको बेला प्रभु सन्जे जगाउ, सन्जे जगाउराम, दीपक जगाऊ । आरतीको .....

महोदधी किनारमा भगवान वैठे, विश्वकर्मा मन्दिर बनाई ।

सो रहे पाण्डव तन रखबारो, ठाकुरजीलाई भोजन लगाई । आरतीको .....

यस्ता आरती प्रायःसाँझमा गाइन्छन् ।

**ग) अखण्डे आरती**

जुनसुकै समयमा पनि गाइने आरती अखण्डे आरती हुन् । यी आरती बिहान, दिउँसो, बेलुका, राती भनेर ख्याल नगरी गाइन्छ, जस्तैः

**जगदीशको आरती**

ऊँ जय जगदीशहरे, स्वामी जय जगदीशहरे । भक्तहरुको संकट क्षणमै दुरकरे । ऊँ ......

जो ध्याओस् फलपाओस दुःख हटोस मनको । सुख सम्पत्ति घर आओस कष्ट मिटोस् तनको । ऊँ...

यस्ता आरती प्रायःसबै बेला गाइन्छन् ।

**ई) विषयवस्तुका आधारमा**

आरतीहरु प्रायः पौराणिक विषयवस्तुमा आधारित हुन्छन् तर केही आरती भने पुराण बाहिरबाट पनि लिइएको हुन्छ । त्यसैले आरतीलाई पौराणिक विषय र पुराणेत्तर विषयवस्तुका आधारमा हेर्न सकिन्छ ।

**क) पौराणिक विषयवस्तुमा आधारित आरती**

यहाँ पुराणका विषयमा आधारित भएर गुरु गोबिन्दको चरित्र निर्गुण आरतीमा गाइएको छ ।

**गुरु गोविन्द आरती**

गुरु गोविन्द लिला तिम्रो अगम्मे अपार ।

लिला तिम्रो अगम्मे अपार, भक्त जन्ला उतारी देउनपार । गुरु .......

पृथ्वी आपतेज वायु आकाश पञ्च तत्त्व शरीर बनो ।

दुनुबाहु करजोरी हरिनाम पुकारो, बालउप्र प्रेम धरी । गुरु .......

**ख) पुराणेत्तर विषयबस्तुमा आधारित आरती**

यहाँ पुराण बाहिर गएर काली गण्डकीको आरती गाइएको छ ।

**काली गण्डकीको आरती**

गण्डकीको आरती मन चित्तलाई, अर्थ बुझी मनले सुन साधु भाइ । ग......

विष्णुजीका गण्डदेखि जनम यिनले पाइन्, गण्डकीका नामले प्रख्यात हुन आइन । ग....

कृष्णका लिला गोदमा लिएर आएकी, कृष्ण काली गण्डकी नाम पाएकी । ग ......

यसरी रस वा भावका आधारमा, आयामका आधारमा, वाद्यवादनका आधारमा पनि आरती तथा धार्मिक गीतलाई छुट्याउन सकिन्छ । आरतीको उद्देश्य भनेको मङ्गलकामना गरी विघ्नबाधा हटाउनु, धर्मार्थकाममोक्ष प्राप्त गर्नु साथै भक्ति, ज्ञान र वैराग्यमा चित्त लगाउनु रहेको देखिन्छ । आरतीमा प्रायः स्थानीय भाषाको प्रयोग देखिन्छ । समय सन्दर्भ अनुसार आरतीहरु पनि परिवर्तनशील देखिनु यसको आफ्नै पहिचान मान्न सकिन्छ ।

### ३.६.१.२ निर्गुण

सत्त्व, रज, तम गुणै नभएका परमेश्वर परमात्माको निराकार शक्तिको उपासना गर्न रचिएका भजन नै निर्गुण हुन् । यस्ता निर्गुण भजन सार्वकालिक हुन्छन् । देहलाई नै सर्वोपरी ठानेर आत्माको अमरतालाई भुल्नु हुँदैन । छोरा, छोरी, परिवार भनेका मानिसका शिकार हुन् । मानिसको जन्म र मरण उसको अधिनमा छैनन् । जीवन अनित्य छ । अनित्यमय संसारलाई बुझ्नु पर्छ । मानिसले जन्मदा ईश्वरको प्रार्थना गर्छु भनेर जन्मने तर जन्मिसकेपछि मायामोहमा परेर बिर्सने गर्दछ । त्यसैले मानिसले निष्काम कर्म गरेर धर्म, कर्म गर्नु पर्दछ र निष्काम कर्म गरेर तिर्थ, वर्त, दान, पुण्य गरेको प्रभावले भगवत पद प्राप्त गर्न सकिन्छ भन्नु यसको मूल सन्देश हो ।

निर्गुण भजनहरु प्रायः यज्ञ, प्रतिष्ठा तथा चौरासी जस्ता पूजा आजामा गाउने गरिन्छ । धार्मिक गीत भजनमा आरती पछि निर्गुण गाइन्छ । निर्गुण भजनहरु गाइरहँदा बुझ्नेहरुलाई श्रीखण्ड र नबुझेमा झुरपताँस पनि लाग्न सक्छ । निर्गुणमा अर्थ गाम्भीर्यता पाइन्छ । निगुर्णहरु प्रायः सार्वकालिक हुन्छन् । जीवनको निरर्थकता निर्गुणमा देखाइएको हुन्छ । यस्ता भजन ब्राह्मण, क्षेत्री, जोगीहरुले धार्मिक क्षेत्रमा बसेर खैंजडी, मजुरा, करताल, झ्याली, मृदङ्ग, एकतारे बजाई गाइन्छ । अनुकूल परेका बेला नृत्य पनि गरिन्छ । जीवनको निष्सारताको बोध गराउँदै ईश्वर भक्तिमा लिन गराउनु प्रमुख उद्देश्य हो ।

**निर्गुण**

साधुभाइ हो हरि भजौं मन चित्तलाई, मन चित्तलाई राम खोजेर नपाई ।
चौरासी योनि चैतन्यको जन्म, गर्भमा नामभजी जाई ।
दया भयो प्रभुको, राहा खोली दियो, हरि भजन कबोल गराई । साधु ......
हरि भजन भुलेर तनपान करिए, बाल रूप ज्ञान नहि आई ।
जोबान पूर्ण अवस्थामा नारी साथै राम, भुलिएतो बिष रस खाई । साधु ......
खानु अखानु गरी धन कमायो, साथ लगि जाँदैन कोही ।
बिना दान पुण्यको धन छैन आफ्नो, संसारमा रहन्छ एही । साधु .....
वृद्ध भई तिर्थ वर्त गर्न सकिदैन, उमेरमा सम्झन्न कोही ।

बहिहेरी पापीलाई दण्ड दिन्छन् यमले, यसले नर्कमा बस्नु पर्छ रोई । साधु .....

सुरदासय प्रभु तमुसौ भजनको, साथ जान्न सुतनारी भाइ ।

हरि भजन तिर्थ वर्त यज्ञदान आफ्नो, अन्त्य गतिमोक्ष दिनलाई । साधु ......

यहाँ मन दिएर हरि भजन गर्नुपर्ने र चौरासी योनि चैतन्यको जन्ममा हरि भजन गर्छु भनेर कबोल गर्ने तर जब जन्म हुन्छ मायामा भुलेर सम्पूर्ण कुरा बिर्सने, बिना हरि भजन गरेर कमाएको सम्पत्ति नास हुने, उमेर छँदै हरि भक्तिमा मन दिई तीर्थ, वर्त, दान पुण्य गर्नु पर्ने जसले अन्त्यमा मोक्ष मिल्ने नत्र यमराजले पापीको बहिहेरी नर्कमा बस्नुपर्ने कुरा व्यक्त भएको छ । त्यसैले आफ्नो जीवन सफल बनाउन हरि भजनमा मन दिनुपर्ने यसको सार मान्न सकिन्छ । जाति स्थान, लय अनुसार निर्गुण भजनका विभिन्न भेद पाइन्छन् ।

### ३.६.१.३ चरित्र

चरित्र भजनहरुमा भगवानका लिलाहरुको वर्णन गरिएको हुन्छ । सुर तथा असुरहरुले गरेको महिमा तथा गाथागान यहाँ पाइन्छ । चरित्रहरुमा कृष्ण चरित्र, राम चरित्र, प्रल्हाद चरित्र, धुर्व चरित्र, सगर राजाको चरित्र, महाभारत चरित्र आदि पर्दछन् । यस्ता चरित्र भजनहरु आरती गाइसकेपछि गाइन्छ । यस्ता चरित्र सम्बन्धित भजनहरु वाद्य र नृत्य सहितका हुन्छन् । यिनीहरुको जस्तै यी चरित्र भजनको पनि उस्तै विशेषता हुन्छन् । यिनीहरुको मुख्य उद्देश्य भक्ति, ज्ञान, वैराग्यमा प्रेरित गरी जन्म सफल पार्नु हो, जस्तैः

**राम चरित्र भजन**

बाजा बजे नौमति हर्ष भयो त्यहाँ, दर्शन गरे रामले गुरु पाउमाँहा ।

हर्ष धारा रोएकि कौशिला माई, दर्शन गरे रामले चरणसमाई । बाजा.....

नरौ माइ कौशिला बनबाट आए, चतुदर्श बर्षमा दर्शन गर्न पाए । बाजा......

रुँदै आइन के कहीँ विन्ति गरिन त्यहाँ, जन्मलिन आउनु मेरा कोखि माँहा । बाजा....

अर्का जन्म जन्मुला झुटा कुरा होइन, साँचै जन्म लिउँला दुध खाने छैन । बाजा....

गुरु आई रामलाई तिलक लगाए, अयुद्धेमा रामले हुकुम चलाए । बाजा......

यसरी रामायणमा रामको चरित्र गाथा सम्बन्धी भजन गाइएको छ । जसको उद्देश्य रामजस्तै आदर्शवादी बनेर जीवन सार्थक बनाउनु हो ।

### ३.६.१.४ वाणी

भगवानको भक्तिमा रही आदर्शमय तरिकाले गाईने कलालाई वाणी भजन भनिन्छ । भजनहरु गाउने क्रममा बिचमा चिया खाने बेला, मध्यान्नको बेला र अल्छि लागेका बेलामा यस्ता

वाणीहरु गाइन्छन् । वाणी गाउँदा भक्ति समूहबाट बढी जान्ने भक्तिले वाणी भजन गाउने गर्दछन् । अल्छी लागेका बेला वाणी भजन सुन्दा आनन्द आउँछ र अल्छी भाग्छ । वाणी भजनमा प्राय:वाद्यवादन प्रयोग गरिदैन र नाचिदैन पनि । यस्ता वाणीहरु बढी ज्ञानमा आधारित हुन्छन् । एकल गान र कहीँ कहीँ समूहमा पनि गाइन्छ । वाणीले भजनेहरुलाई एकचित्त बनाउने र नयाँ उर्जा प्राप्त गर्दछ । यिनीहरुको प्रमुख उद्देश्य ज्ञान दिलाउनु रहेको छ ।

**वाणी**

अच्युतं केशवं कृष्ण दामोदरं जानकी नायकं रामचन्द्रंभजे२ ।
हरे राम हरे राम राम राम हरे हरे, हरे कृष्ण हेर कृष्ण कृष्ण कृष्ण हरे हरे ।
कस्ले भन्छन् त भगवान आउँदैनन्२ । भक्त प्रल्हादले झै बोलाउँदैनन्२ । अच्युतं...
कस्ले भन्छन् त भगवान आउँदैनन् । वैरकृत्ले झै रुहाउँदैनन्२ । अच्युतं ....
कस्ले भन्छन् त भगवान आउँदैनन् । सुतजीले जस्तै गाउँदैनन्२ । अच्युतं ....

यसरी वाणी भजनको आफ्नै महत्त्व र विशेषता रहेको पाइन्छ ।

**३.६.१.५ भिमलु**

भजनहरु गाएर सकिसकेपछि अर्थात् भजन गाएर छोड्ने बेला प्राय:बिहानीपखको समयमा भिमलु भजन गाउने चलन रहेको पाइन्छ । यस्ता भजन गाउँदा उठ्ने बेलामा दैलो पोत्न लगाइन्छ भने सुतेका मानिसहरुलाई उठाउने पनि गरिन्छ । भक्तिहरु भिमलु भजन गाउँदै, बजाउँदै कर्ताका साथ नदी, पधेंरा, धारा, कुवामा गई धूपबत्ती गर्ने, पत्र फूलहरु अर्पण गर्ने गर्दछन् । कहीँ कहीँ भिमलु गाउँदै जाने गरिन्छ भने कहीँ कहीँ भिमलु गाएर सकिसकेपछि फूलपातिलाई भगवानका साथ डोली बनाएर त्यसमा राखी बाजा गाजाका साथ कीर्तन गाउँदै सेलाउन लगिन्छ र धूपबत्ती गरी पुन: बाजागाजाका साथ कीर्तन गर्दै आई भगवानलाई यथास्थान (मन्दिर, गुफा, देवालय) मा राखिन्छ र भजन गाउन छाडिन्छ । यसरी भिमलुको आफ्नै छुट्टै महत्त्व रहेको छ, जस्तै:

**भिमलु**

नातीरी भूपत्ती जागा भै जाउ नन्दलाल, उठेरबस नन्दलाल । नातीरी...
मथुरासै जन्म लियौ गोकुलमा धायौ, दरीसन देऊ हामीलाई । नातीरी .......
घाट उपर खटिया खटिया उपर दोलाई, खटियामा सुतलापरे नन्दलाल । नातीरी...
पुरब दिसा भन्चौ उज्यालो भयो, पन्छीले पहरु जगाई । नातीरी ......
पहरु फोरी फोरी किरणी जो आयो, सेचनाम लाये झुल्के घाम । नातीरी ......
नन्द घाट जमुनाको चीसो ठन्डा जल, हर हर अस्नान करे नन्दलाल । नातीरी....२

यसरी बिहानसम्म बसेर भिमलु गाई समाप्त गरिन्छ ।

### ३.६.१.६ कीर्तन

देवी देउताको नाम जप्दै गाइने एक प्रकारको स्तुति भजनलाई कीर्तन भनिन्छ । कीर्तन गाउँदा महिला पुरुषको विभेद हुँदैन । कीर्तन भजन बिच-बिचमा गाउने चलन बढी देखिन्छ । भगवान प्राप्तिको कामना स्वरूप गाइने कीर्तनमा बाजाको अनिवार्य नभएर पनि बाजा बजाउँदा गायनमा तागत आउने र श्रोताहरुलाई सजिलै प्रभाव पार्न सकिने हुनाले खैंजडी, मजुरा, मृदङ्ग, झ्याली, हारमोनियम लगायत बाजाहरु बजाइन्छ र नृत्य पनि प्रायः हुन्छ । यस्ता कीर्तनहरु राम, कृष्ण, गणेश, शिव, नारायण, दुर्गा, काली आदिका बढी गाइन्छन् । नाम मात्र बढी गाइने कीर्तनलाई नाम कीर्तन भनिन्छ । 'हरे राम हरे राम राम राम हरे हरे' यो नाम कीर्तन हो । कीर्तनलाई नामकीर्तन, नाम सङ्कीर्तन, हरिकीर्तन, हरिनामसङ्कीर्तन आदि नामले पनि पुकारिन्छ । कीर्तनमा प्रायःनाममात्र पुकारिन्छ । कलियुगमा केबल कीर्तन नै मोक्ष प्राप्त गर्ने साधन रहेको पाइन्छ । जस्तै -

**कीर्तन**

हरे राम हरे राम राम राम हरे हरे । हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे ।

राधेश्याम राधेश्याम श्याम श्याम राधे राधे ।

आदि कीर्तनका उदाहरण हुन् ।

### ३.६.१.७ चुड्किला भजन

चुड्किला बिच-बिचमा देवी देउता र अन्य बिषय सम्बन्धी गाउने भजन हो । यो महिला पुरुष दुवैले वाद्यवादन रहित वा सहित, नृत्य रहित या सहित सुरुमा ढिलो क्रमले र पछि छिटो-छिटो क्रमले चहटे गाउने गरिन्छ । यसको उद्देश्य पनि मोक्ष प्राप्त गर्नु नै रहेको छ ।

**चुड्किला धर्म सम्बन्धी**

खोइ बाटो खनेको स्वर्ग जाउँला भनेको । खोई बाटो खनेको ..... ।

भक्ति भावनाले स्वर्ग जान सजिलो । राम राम हरि ..... ।

जाउँला बैकुण्ठमा नाच्दै र गाउँदै बजाउँदै । जाउँला बैकुण्ठमा .....।

**चुड्किला अन्य विषय सम्बन्धी**

नहिन रोएर, पाप जान्छ धोएर ।

खोइ बाटो खनेर, पाप जान्न धोएर ।

लाउन मायाँ लाउने भा, कैले कैले आउने भा ।

यसरी धर्म सम्बन्धी र अन्य विषय सम्बन्धी पनि चुड्किला गीत गाइन्छ ।

### ३.६.१.८ सवाई भजन

सवाई भजन व्यक्ति विशेष, चरित्र विशेष र निर्गुण विशेष फरक गाइन्छन् । सवाई भजन पनि बिच-बिचमा गाउने र मनोरञ्जन र ज्ञान प्राप्त गर्नुका साथै यो भजनको प्रमुख अङ्ग पनि हो । यो एक व्यक्तिले समूहलाई सुनाइन्छ । यसले पनि मानिसलाई ज्ञानको राह खोलिदिन्छ, जस्तैः

**कलिको सवाई**

सुनसुन पञ्च हो म केही भन्चु, कलिका प्रभावको सवाई कहन्चु ।
छोटा बडा सबले भन् भनी भन्चु, कर्म विशेषको काज कहन्चु ।
तिर्थवर्त दानपुण्ये मनमा गुन्नु, यो नयाँ सवाई चित्त लगाई सुन्नु ।
तिर्थ गर्ने ज्ञानि भक्ति संसारदेखि तर्छ, पापी र अधर्मि नरकमा पर्छ ।
संसारी दुनीया मोहवसमा पर्चन्, कलीका वसमापरी दुर्मति लाउँचन् ।
धनव्याधी रहले चीत्त डुलाउँचन्, मै मै गरी गरी जन्म बिताउँछन् ।
बीस पञ्चीसमा बिषयरस खान्चन्, चालीस भएपछि वृद्ध भई जान्छन् ।
छीनी छीनी आईउ धटीब्याल आउच, साठी भएपछि मन पछुताउँच ।
पौरख वुद्धि ब्यतातीस्सर्चन्, लोभ र माया जालमा पर्चन् ।
सो बुझी धर्म तत्काल गर्नु, निश्चय पर्च यमलोक तरनु । आदि ।

यसरी सवाईले पनि भजनलाई गति प्रदान गर्दछ ।

### ३.६.१.९ पुष्पाञ्जली

पुष्पाञ्जली भजन गाइसकेपछि गाउने अभिन्न अङ्ग हो । भजन गर्दा (धार्मिक गीत गाउँदा) चरित्र, आरतीहरु नभ्याइएको खण्डमा भजन पुरा गर्न सम्बन्धित रामायण चरित्रहरुको संक्षिप्त श्लोकहरुद्वारा पुष्पाञ्जली मार्फत पुरा गर्ने गरिन्छ । पुष्पाञ्जली संस्कृत र नेपाली दुवैमा गाइन्छ । पुष्पाञ्जली मार्फत भजन, चरित्र पुरा भएको सङ्केत पनि प्राप्त गर्न सकिन्छ । पुष्पाञ्जली गर्दा हातमा फूल लिएर भक्तिले पुष्पाञ्जली गाउन्छन् । त्यसपछि जयकार गरी हातको फूल भगवानलाई चढाई विसर्जन गर्ने चलन रहेको छ ।

**पशुपतिनाथको पुष्पाञ्जली**

हे शम्भु शिवपार्वती प्रकृतिका यो विश्व सर्वाङ्गका,
प्यारा श्री हरिकार प्राप्ति सबका आत्मा जगतका पिता ।
हातैमा डमरु त्रिशूल र अनि बाघाम्बरैको धरी,
त्यस्ता शम्भु पशुपति धरणिको रक्षा गरून हर घरी ।

यसरी पुष्पाञ्जली गाई भजनको अन्त्यमा जयकार गाइन्छ । जयकार पनि भजनको अङ्ग हो । जय भन्नु भनेको सम्पूर्णले विजय प्राप्त गर्नु वा जित्नु वा राम्रो होस् भनेर चिताउनु हो । जय

शब्दले आरती पुरा भएको सङ्केत गर्दछ । यसरी धार्मिक गीत भजनमा आरती, चरित्र, वाणी, भिमलु कीर्तन चुड्किला सवाई, पुष्पाञ्जली र जयकारको आ-आफ्नै महत्त्व रहेको छ जसले भजनलाई पूर्णता दिन मद्दत गर्दछन् ।

### ३.६.२ संस्कार गीतहरु

मानिसका जन्मदेखि मृत्युसम्म सोह्र संस्कार कर्महरु हुन्छन् । जन्मदेखि मृत्युसम्म सम्पन्न गरिने विभिन्न सांस्कारिक अनुष्ठान अवसरमा गाइने गीतलाई संस्कार गीत भनिन्छ । नेपाली समाजमा जन्मको खुसियाली मनाइन्छ । खास गरी जन्म, बर्तबन्ध, विवाहजस्ता संस्कारहरु विशेष उल्लासमय पूर्वक मनाइन्छ । यी कर्मका अवसरमा जीवनमा नियमितता, व्यवस्थितता आउने गरेको देखिन्छ । यस्ता कर्मका अवसरमा भविष्यको मङ्गलकारी कामना गरिन्छ । संस्कारका अवसरमा गाइने गीतहरुमा लयात्मकता पाइन्छ । यस्ता गीतहरुले परम्परालाई जोगाइराखेका हुन्छन् । संस्कारिक गीतहरुले पथ पदर्शन गरेका हुन्छन् । विशेषतः छैंठिकर्ममा भजन गाउने चलन रहेको छ । भजन गाउनु भनेको नवजात शिशुलाई भगवान श्रीकृष्ण जस्तो अवतारी र चमत्कारी बन्न सकोस् भनेर मङ्गल गाउनु हो । साथै यस धर्तीमा यश राख्न सकोस्, माता पिताको ताप हर्न सकोस् भन्ने कामनाले श्रीकृष्ण चरित्रसम्बन्धी भजन गाइन्छ । यसैगरी विवाह र बर्तबन्धमा पनि मङ्गलगान गाउने चलन छ । यस समयमा भजन नगाएर मागल/सगुन गाउने परम्परा रहेको छ ।

#### ३.६.२.१ मागल/सगुन

मागल/सगुन गीत शुभ मुहूर्तमा गाउने गीत हो । छैंठि, बर्तबन्ध, विवाह आदि अनुष्ठानिक कार्य गर्दा गाइने गीतलाई मागल गीत भनिन्छ । मागल गीतलाई सगुन गीत, मङ्गल गीत, भलाये गीत पनि भनेको पाइन्छ । समाजमा आफ्ना संस्कारजन्य सम्पूर्ण कार्यहरुको प्रारम्भमा सफलता र मंगलको कामना गर्दा यो गीत गाउने गरिन्छ । यी गीतहरुलाई नारीहरुले मात्र गाउँछन् । पहिलेको समयमा नारीहरुले दुलाहका घरबाट दुलहीका घरसम्म विवाहको समयमा कलश लिएर जानेबेलासम्म गाउने चलन थियो । विवाहमा जन्तीलाई स्वागत गर्दा, छोरीलाई बिदाई, गर्दा बुहारीलाई भित्र्याउँदा, कसार बटार्दा, कलश स्थापना गर्दा गाउने चलन बढी रहेको छ । यस्ता गीतहरुमा बाजा बजाइँदैन भने नृत्य पनि गरिदैन । त्यसैले यी गीतहरु गायन अन्तर्गतका गीत हुन् । महिलाहरुले पङ्क्तिबद्ध भएर लामो र ढिलो स्वरमा यस्ता गीतहरु गाउँछन् । गीतमा केटी माग्न आएदेखि विवाह सम्पन्न गरेर गए सम्मका सम्पूर्ण विधि व्यवहारको चित्रण पाइन्छ । आफ्ना छोरीलाई विवाह गरेर पठाउँदाका पीडा यस्ता गीतमा पाइने हुनाले यी गीतहरु करुणरस प्रधान भएर पनि आएका छन् । मागल/सगुन गीतहरु लोप हुने अवस्थामा छन् । नयाँ पुस्तामा हस्तान्तरण हुन सकेका छैनन् । विवाह कर्मका सम्पूर्ण झलक भेटिने हुँदा यी गीतलाई सांस्कृतिक महत्त्व

बोकेका गीतका रूपमा चिन्न सकिन्छ । बिना वाद्यवादन गाइने, भावप्रधान र संक्षिप्तता गीतका विशेषता हुन् । ईश्वरीय शक्तिको स्तुति र आह्वान गरी कार्यसिद्धिको कामना गर्नु गीतको उद्देश्य हो ।[४४]

**विवाहका अघिल्ला दिन कसार बटार्दा निम्न मागल गीत (माल) गाइन्छ ।**

भोलाए सगुनाये यिनै सगुन मेरो बालै लगनैका हुन ।

ब्रह्मा विष्णु महेश्वर तिम्लाई आयो शिरै निम्ता ।

आवो आवो भगवान हाम्रै गृह्य, तिमी नभै हुने छैन शुभविवाह ।

आकाशैका सूर्ये चन्द्र तिम्लाई आयो शिरै निम्ता ।

आवो आवो भगवान हाम्रै गृह्य, तिमी नभै हुने छैन शुभविवाह ।

यही केर कुलदेव तिम्लाई आयो शिरै निम्ता । आवो ...........

यही केर सिमेभुमे तिम्लाई आयो शिरै निम्ता । आवो ............

पातालैका बासुदेव, पातालैका नासुनाग तिम्लाई आयो शिरै निम्ता । आवो ......

**यसपछि आफन्तलाई र सबै भन्दा पहिला गुरुलाई निम्ता गरिने फाग यसप्रकार छ ।**

आफ्र भन्ने गाउँ, गुरू भन्ने नाउँ, जाउन सुबै जाउन साबै निम्ती बोलाई ल्याऊ ।

आवो आवो बरामण हाम्रै गृह्य हो, तिमी नभै हुने छैन शुभै विवाह हो ।

यसरी नै निम्ता भनेर क्रमैसित गाउँघरका दिदी बहिनी, दाजुभाइ, भान्जभान्जी र आफन्तीहरु सबैलाई बोलाइन्छ । जन्ती पर्सनेबेलामा यसरी मङ्गल गान गाइन्छ ।

**भलाये सगुनाये**

कस्ता आये भत्खरु त कस्ता आये बर, पर्साइदेउन मेरा बावा पर्साइदेउन ।

बालुकन्ये कुमारैला पर्साईदेउन, पुजाईदेउन मेरा बाबा पुजाईदेउन ।

शिरैबाट पाउसम्म पुजाईदेउन, सूर्य चन्द्र साक्षी राखी पुजाईदेउन ।

आदि भनी सबैलाई साक्षी राख्नु पर्छ ।

**बुहारी भित्र्याउँदा निम्न मङ्गगल गान गाइन्छ ।**

काली र मालीबाट याँउदा बिहा गरिल्याए, छट छट नन्द नानी जान्छु  भन्डार ।

बाबा मेरै आमा मेरै दिन्न भन्डार ।

पसर भरि रूपैंया त थाप मेरा ननदु, छट, छट नन्द नानी जान्छु भण्डार ।

यसरी माना पाथी भर्दा, चतुर्थी पूजा गर्दा र बर्तबन्ध आदि विभिन्न अवसरमा गाइने मागलले संस्कारलाई लोकको गौरवपूर्ण परम्परासँग जोड्छ ।

---

[४४] मिना आचार्य, वर्ष ६८, अर्घाखाँची, वाङ्ला, गा.वि.स. २, २०६९/०३/३० गते प्राप्त **मौखिक** जानकारी अनुसार ।

### ३.६.२.२ रत्यौली/जिउँती

अर्घाखाँची जिल्लाको अर्घाराज्यमा संस्कार गीत अन्तर्गत पर्ने रत्यौली गीत पनि एक हो । रत्यौली शब्दको निष्पत्ति रातमा गाएर, नाँचेर भएको देखिन्छ भने यसलाई कसैले रतेली त कसैले रतेउली भनेको पाइन्छ । रत्यौली शब्दको निर्माण यसरी गरेको देखिन्छ ।

रात + एउली > यौली = रतेउली > रत्यौली र

रात + एली = रतेली बनेको देखिन्छ । [४५]

कृष्णको 'रति' लीलाबाट रत्यौली भएको पनि पाइन्छ । 'रति' श्रृङ्गार रसको स्थायी भाव हो भने रत्यौली पनि श्रृङ्गारिक हो । नेपाली समाजमा वैवाहिक संस्कार कर्मका बेला दुलाहा अन्माएपछि दुलाहा कै घरमा नारीहरुले गाउने र नाच्ने गीतलाई रत्यौली गीत भनिन्छ । दुलही भित्र्याउने र खुशियालीमा खासगरी रातमै गीत गाइने भएकाले यसलाई रात शब्दबाट रत्यौली भएको मान्न सकिन्छ । रातीमा गाउने भएर रत्यौली भनिए तापनि अर्घाखाँचीमा यी गीतहरु दिउँसो विहे भए दिउँसै पनि गाइन्छ । दुलाहाका घरमा विवाहका अवसरमा बालिएको शुभ सूचक बत्ती कुर्न भनि जम्मा भएका महिलाहरुले गाउने सामूहिक गीत रत्यौली हो ।[४६] विवाहका अवसरमा दुई जोर बत्ती बाल्ने चलन रहेको छ । बालिएका बत्तीहरु रातभरी ननिभुन भनि रातीमा जाग्राम बस्ने र सामूहिक रूपमा महिलाहरुले यो गीत गाउँछन् । यो गीत गाउँदा पहिले-पहिले तालीको मात्र प्रयोग गरिन्थ्यो भने पछि आएर मादल वा खैंजडी बजाउने गरेको पाइन्छ । यो गीतको रोचक पक्ष भनेको नृत्य र अभिनय हो । यसरी नृत्य गर्ने मानिसलाई लुठो, जोगी वा जोगिया भन्ने चलन रहेको छ । यो गीतका केही लोक विश्वास पनि रहेका छन् । रत्यौली हेर्ने वा सुन्ने गरेमा त्यस व्यक्तिको आयु घट्छ भन्ने गरिन्छ भने रत्यौली गाउने र सुन्ने गरेमा नयाँ दम्पत्तीको आयु बढ्ने गर्दछ भन्ने गरेको पाइन्छ । यो गीत नारी प्रधान गीत हो । यसमा पुरुषलाई बन्देज लगाइएको हुन्छ । यी गीतहरु वाद्य-नृत्यसहितका हुन्छन् । यी गीतहरु गाउँदा सुरुमा धार्मिक दृष्टिले महत्त्वपूर्ण र मङ्गल भावनाका गाइन्छन् । अर्घाराज्यका धार्मिक दृष्टिले महत्त्वपूर्ण रहेका गीतहरुको आफ्नै विशेषता रहेको छ ।[४७]

**धार्मिक प्रवृत्ति अन्तर्गत रहेका रत्यौली गीतहरु यसप्रकार रहेका छन् ।**

वल्ला कुना पल्ला कुना जोरै बत्ती बाली दिए है ।
हामीता सिन्दूर लिएर बिहे गर्न जान्छम् हामरो जीउँती जगाइ दिए है ।
पढ्निता भन्चन् पढ्निता भन्चन्, बनारसमा पढेर, अरे भैया बनारमा ।अरे भैया..... रिटक

---

[४५] कृष्ण प्रसाद पराजुली, **पूर्ववत्,** पृ. २६२ ।

[४६] कुसुमार न्यौपाने, **प्रज्ञा,** अंक २ पूर्णाङ्क १०४, (काठमाडौं: नेपाल प्रज्ञा प्रतिष्ठान, २०६७), पृ. ९९ ।

[४७] भीमकला आचार्य, वर्ष ५५, अर्घखाँची, डिभर्ना-२ , भैस्थला २०६९/०३/१० गते प्राप्त **मौखिक** जानकारी अनुसार ।

हामरा बाला श्रीकृष्ण जस्ता गए डोली चढेर, अरे भैया गएडोली चढेर ।अरे भैया.... टिरक

सुरु सुरुमा माङ्गलिक गीत बढी गाइन्छ भने पछि गएर गीतमा 'अरे भैया' 'मेरा बहादुरै', 'बरिलै' जस्ता थेगोहरु जोडेर गीतहरु दोहोऱ्याइन्छ । यी गीतहरुमा कतै धर्म प्राप्ती त कतै मनोरञ्जन बढी भेटिए पनि नेपाली समाजमा भएको सामाजिक रीतिरिवाज, चालचलन, नारीहरु प्रति भएका शोषण दमन, दाइजो प्रथाको तडक-भडक र हास्यव्यङ्ग्य हुनु पनि यी गीतहरुको उद्देश्य रहेको पाइन्छ ।

माना भरि सिन्दूर लैजाउ मेरा भाई, अरे भैया लैजाउ मेरा भाइ । रिटक
मानाभरि सिन्दूर लैजाउ मेरा बाल, अेर भैया लैजाउ मेरा बाल । रिटक
पाथी भरि गहना लैजाउ मेरा भाइ, कति रैछ अभागेनी भन्चन् बरिलै । रिटक
बास्साभरि कपडा लैजाउ मेरा भाइ, कति रैच निर्धनी भन्चन् बरिलै । रिटक
कत्तिको इजेती होला सोफा दाइजो देला कि नदेला । रिटक
दुलाहाका घर पोरी रातो भाले फर्फर्, दुलाहाकी आमाला पोइल जाने सर्खर् । रिटक
थालैभरी अक्षता हेर्छ धामिले, लए पनि लान दे क्यारम् हामीले । रिटक

यसरी अर्घाखाँचीको रत्यौली गीतहरुको पनि धार्मिक मूल्यमान्यता रहको भेटिन्छ ।

### ३.६.३ पर्व गीतहरु

अर्घाखाँची जिल्लाको अर्घाराज्यमा विभिन्न किसिमका चाडपर्वहरु मनाउँदा वा चाडपर्वका अवसरमा गीतहरु गाइन्छन् । चाडपर्वका अवसरमा गाइने गीतहरुलाई पर्वगीत भनिन्छ । विशेषतः तीज, दशैं, तिहार र होली जस्ता पर्वहरुमा क्रमशः विशेष गरेर तीज, मालसिरी, मारुनी, फागु गीतहरु गाइन्छन् । यी गीतहरुलाई नै पर्व गीत भनिन्छ । यी गीतहरुले पर्वहरुलाई जीवन्त तुल्याइरहेका छन् । ईश्वरप्रति भक्ति भाव दर्शाउन र आफ्नो बर्षभरिको थकान र जीवनको बोझलाई हलुङ्गो बनाउन र समय क्रममा खास-खास घुम्ती र मोडमा उल्लास लिने र दिने, दुःखलाई सुखको आभाष लिन निश्चित समय छुट्ट्याई त्यसको व्यवस्था गरिएको हुन्छ । त्यसलाई पर्व भनिन्छ । ती पर्वहरु धार्मिक आस्थाले मनाइएका हुन्छन् । यी पर्वहरु विभिन्न समयक्रम ( ऋतुहरु) मा विभाजित गरिएको हुन्छ । समयक्रममा मनाइएका पर्वहरुमा पर्वको भावना अनुसार अभिव्यक्ति फरक-फरक ढङ्गले प्रस्तुत गरिएको हुन्छ । अभिव्यक्तिहरुलाई लयात्मक ढङ्गले धार्मिक ओतप्रोतका साथ गीतमा प्रस्तुत गरिएको हुन्छ । यी गीतहरुले पर्वहरुलाई स्वागत र विदाई गरेका हुन्छन् । त्यसैले पर्वगीतहरुको आफ्नै किसिमको महत्त्व रहेको छ । गीत बिनाका पर्वहरु गोरु बिनाका रथ तुल्य भएका छन् । त्यसैले यी गीतहरु र पर्वहरुको नङ मासुको सम्बन्ध रहेको छ भन्न सकिन्छ । यी गीतहरुले धर्म, अर्थ, काम, मोक्षको कामना गरेका हुन्छन् भने रोजी, रोटीको व्यवस्था

गरी दिएका छन् । यी पर्वहरु मनाउँदा आफन्त वा इष्टमित्रहरुसँग भेटघाट हुने, सुख-दुःख साटा-साट गर्ने, मिठो-मसिनो खाने पर्व अनुसार फरक-फरक ढङ्गले आनन्द लिने र गीतहरुका माध्यमले ईश्वरप्रति भक्तिभाव दर्शाउने गरिन्छ । यसरी यहाँका पर्व गीतहरुको आफ्नै किसिमका विशेषता रहेका छन् भन्न सकिन्छ ।

### ३.६.३.१ फागु गीत

फागुन महिनामा पर्ने फागु चाडका अवसरमा गाइने गीतलाई फागु गीत भनिन्छ । फागुलाई कसैले होरी, होली, फाउ, फागु आदि नामले चिन्दछन् । यसरी हेर्दा फागुन महिनामा पर्ने फागु चाडका अवसरमा गाइने भएकाले यसलाई फागु गीत भनेर भनिन्छ । यो गीत नेपालमा भारतबाट भित्रिएको मानिन्छ । होली पर्व मनाउनुको मुख्य उद्देश्य मनोरञ्जन भए पनि दैत्यराज हिरण्यकशिपुकी बहिनी होलिकाले हिरण्यकशिपुका छोरा प्रल्हादलाई आगामा जलाएर मार्न खोज्दा आफै होलिका जलेर मरेको खुसियालीमा मनाइने गरिन्छ । यसरी हेर्दा यस पर्वको उद्देश्य भनेको असत्य माथि सत्यको विजय नै हो । यो चाड फागु महिनाको शुक्ल अष्टमी देखि तराईमा कृष्ण प्रतिपदासम्म मनाइन्छ । यो पर्व ठाउँ विशेष विभिन्न ठाउँमा विभिन्न जातिले आफ्नै तरिकाले मनाइन्छ । यो चाडमा विशेषतः पुरुषहरु बढी सक्रीय रहन्छन् भने कतै-कतै स्त्रीहरुको पनि सहभागिता रहेको देखिन्छ । यो गीतको गायनमा बढी भन्दा बढी सहभागिता रहन्छ । अर्घाखाँचीको अर्घाराज्यमा बढी भन्दा बढी खन, खनदह र अर्घातोषमा गाइन्छ । अर्घातोषमा अर्घातोष, माझकोट, तिनथुममा बढी फागु खेलिन्छ । होली खेल्दा पञ्चेबाजा, शङ्ख, घण्ट झ्याली र दमाहा ठट्याई-ठट्याई पुरुषहरुले मात्र खुब जोशले वरिपरि गोलो रूपमा उँभिई गाउने गरिन्छ । यसरी गाउँदा पाका मानिसले भट्याउने र अरूले छोप्ने गरिन्छ । दर्शकका रूपमा नारीहरु पनि हुन्छन् । तर गाउने, नाच्ने, बजाउनेहरुमा पुरुषकै बढी सहभागिता भएकाले यसलाई पुरुष प्रधान गीत भनिन्छ । फागु गीतहरु शिलल र अश्लिल गरी दुई प्रकारका हुन्छन् । अश्लिल गीत गोठालाले र पाखा ठाउँमा गाइन्छ भने फागुपूर्णिमाका दिन भने शिलल गीत नै गाइन्छ । होली गीतमा हिन्दी भाषाको बढी प्रभाव रहेको छ । होलीमा प्रायः चीर गाड्ने देखी लिएर हिड्ने र पोल्ने बेला रामायण र कृष्ण लीलाका गीतहरु गाइन्छ । यिनै विशेषताका साथ होलीको प्रमुख उद्देश्य भनेको असत्य माथि सत्यको विजय नै देखिन्छ ।[४८]

[४८] लोकनाथ सुवेदी, वर्ष ७५, अर्घाखाँची, अर्घातोष, सत्यवती, २०६९/११/१८ गते प्राप्त **अन्तवार्ता र मौखिक** जानकारी अनुसार ।

**सबैभन्दा पहिला चीर गाडिन्छ । चीर गाड्दा यसरी भट्याइन्छ ।**

पहिल्यै फागु कसले खेले अयुद्धेमा महाराज खेले, राजारामका चौतरा भाइ ।

उहीपछि फागु कसले खेले, गोकुलमाहाँ कृष्णजी खेले, कृष्णजीका बलभद्र भाइ ।

इतिहासदेखि आजसम्म रामायण, कृष्ण चरित्र आदि फागुमा क्रमबद्ध रूपमा भन्दै खेलिन्छ । त्यसपछि चीर लिएर जाँदा निम्न फागु खेलिन्छ, जस्तैः

नन्दाको मारु खेले हो हो रे, नन्दाको मारु खेले, पहिल्यै फागु अयुद्धेमा खेले ।

दशरथ ए हो दशरथ रामजु बढे, हो हो रे नन्दाको मारु खेले ।

यसरी भट्याउँदै चीर चौतारमा लगिन्छ र चीर पोलिन्छ । चीर पोल्दा यसरी फागु गीत गाइन्छ ।

होरी खेले रघु चीर हरे हजमै, कसले बाँध्यो चीर हरे हजमै । होरी खेले .....

कसका हात लटपट होये, कसले बाँधीचीर हरे हजमै । होरी खेले .......

रामका हातमा लटपट होये, लक्ष्मणले बाँधी चीर हरे हजमै । होरी खेले .....

यसरी कोटका पट्याङ्गीनीमा बसेर चीर गाइन्छ र चौतारामा लगेर पट्याङ्गीनीमा गाडेको चीरलाई लगेर बालिन्छ । यी सम्पूर्ण काम होली गीतका सहराले गरिन्छ । अन्तिममा होलीको प्रसाद खाई घर-घरमा जाने चलन रहेको छ ।

### ३.६.३.२ मारुनी गीत

'मारु' शब्दमा 'नि' प्रत्यय लागेर मारुनी बनेको मानिन्छ । यो शब्द संस्कृतबाट आएको हो । मारुनी गीत पनि तिहारका अवसरमा गाइन्छ । त्यसैले यसलाई पनि पर्व गीत भनिन्छ । 'मारु' शब्दको अर्थ दीपक रागको एक भेद हो । त्यही 'मारु' राग गाउने स्त्रीलाई मारुनी भनिएको मान्न सकिन्छ । [४९]

मारुनी शब्द राग गाउने मानिसलाई भनिथ्यो । पछि गएर नाच्ने मान्छेलाई मारुनी शब्दले पुकारियो । मारुनी नृत्यगीत नेपाली लोक जीवनमा प्रचलित प्रसिद्ध लोकगीत हो । विशेषतः पश्चिमाञ्चलका जिल्लाहरुमा यो गीत बढी प्रचलित छ । पहिले जस्तो यो गीत झ्याँङ्गीएको नभए पनि विभिन्न सङ्घसंस्थाहरु खोलेर यसलाई आधुनिकीकरण गर्दै लगेको भेट्न सकिन्छ । अर्घाखाँचीमा मारुनी गीत खासगरी लक्ष्मी पूजा गरेपछि आरम्भ हुन्छ र हरिवोधिनी एकादशीसम्म यसको अन्त्य गरिन्छ । खासगरी यो गीत भैली समूहले आयोजना गरेका हुन्छन् । सुरुमा भैलो भट्याइन्छ र पछि गएर मारुनी नाच देखाइन्छ । हिजो आज भने यो गीत व्यवसायीकरण भएर विभिन्न व्यक्तिले विभिन्न समयमा यसको आयोजना गरेको पनि देखिन्छ ।

---

[४९] यमप्रसाद आचार्य, वर्ष ४४ , अर्घाखाँची, मरेङ्ग फाप्रे, २०६९/१०/११ गते विहिबार प्राप्त **मौखिक** जानकारी अनुसार ।

भैलो भट्याइसकेपछि मारुनी नाच नाचिन्छ । मारुनी नाच्दा दुई पुरुषलाई मारुनी (महिलाको भेष) बनाइन्छ । एउटा 'पुरुसुङ्गे' र दुईवटा मादले हुन्छन् । सामूहिक रूपमा यो गीत गाइन्छ र नाचिन्छ । त्यसैले यो मारुनी गीत नृत्यका रूपमा स्थापित हुन पुगेको छ । मारुनी सामूहिक गीत हो । यस गीतमा ख्याली, झ्याउरे र चुड्का पनि मिसाएर गाउने गरिन्छ । मादलेले लट्ठपारेर दिएको ताल र सुरमा मारुनी र पुरुसुङ्गे कम्मर मर्काइ मर्काइ नाच्छन् । यस गीतमा तिहारको प्रसङ्ग, दिदी बहिनीले घरमा नभएका दाजु भाइलाई सम्झने, बदमास श्रीमानले श्रीमतीलाई दुःख दिएर माइत जानुपर्ने बाध्यता आदि प्रसङ्ग रोचक र मार्मिक अनि नाटकीय ढङ्गले आएको देखिन्छ । मारुनी गीतहरु प्रायः करुण, श्रृङ्गार र वीर रस प्रधान हुन्छन् । यस्ता गीतहरु गाउँदा मादल कर्नाल मुरली जस्ता वाद्यवादन प्रयोग गरिन्छ ।[५०] यो ऋतुकालीन गीत हो । यिनै विशेषताका साथ यो गीतको प्रमुख उद्देश्य भनेको दाजुभाइ दिदी बहिनी बिच सामित्यता बढाउने र श्रीमान् श्रीमती बिच भएको अनेक कुकृत्यको पर्दाफास गरी धार्मिक आस्था जगेर्ना गर्नु हो । जसले गर्दा रोचक र नाटकीय ढङ्गले मनोरञ्जनका साथै समाजका कुरीतिको अन्त्य गर्न सघाउपुगेको देखिन्छ । यो गीत सबै भन्दा पहिला देवी बाँधेर सोरठी नृत्य गाइन्छ । त्यसपछि आशिक दिई देवी बिदा गरिन्छ । सबैभन्दा पहिला देवी बाँधिन्छ । देवी बाँध्दा निम्न मङ्गलाचरणका साथ सुरु गरिन्छ ।

पूर्वै दिशाबाट आउनन् देवी उनै देवीको शरण, हा हाई देवी सरमास्वती उनै देवीको शरण ।
पश्चिमै दिशाबाट आउनन् देवी,उनै देवीको शरण, हा हाई देवी सरमास्वती उनै देवीको शरण ।

यसैगरी दशैदिशा सम्म भनिन्छ । अन्य गीतहरु-

सुन मुरली बज्यो मुरली ए हो गोकुलमा बाजित्रा भयो मुरली ए हो ।
शिरै लाउने शिरिफूल, कृष्णजीला सुहायो ।
सुन मुरली ए हो यसै राजाले बेची खायो । शिरै लाउने शिरिफूल यसै राजाले बेची खायो ।
यसै राजाको आश मलाई छैन, चलि जाउ माइतिको देशैमा,२

यसैगरी शिरै लाउने टिकिया, कानै लाउने कुण्डलु, गलै गाउने हैकलु आदि लेखिएको प्रसङ्ग मार्मिक रूपले आएको देखिन्छ । बिचमा आशिक दिइन्छ ।

पञ्चभाइले दिएको आशिक लाखै भरि भैर जावस ।
दुधै खानु भातै थुक्नु२, हौर जावस२ । पञ्चभाइले ......
तिनै कन्ये पाँचै पुत्र हजुरैला, हा लाखै भरी भैर जावस । पञ्चभाइले .......
उग खोले रोहेणीले लियो सुपैँया२, मुखियाले दान दिये हजार रुपियाँ२ पञ्चभाइले.. ।

[५०] प्रेमबहादुर वि.क, उमेर ७५, अर्घाखाँची, मरेड ५ फाप्रे, २०६९/१०/११ गने प्राप्त **लिखित** जानकारी अनुसार ।

**त्यसपछि देवी विदाई गरिन्छ ।**

हा पूरवै दिशाबाट२, समभ्कम्ला२, सरमास्वती, पश्चिमै समभ्कम्ला२,

सरमास्वती शरण तुमारो ।

शिवै हामरो सरमास्वती माई देवी शिवै हामरो, दक्षिणै समभ्कमला२,

सरमास्वती शरण तुमारो ।

यसरी सोरठी नृत्य सहितको आदि, मध्य र अन्त्य भएको गीत हो । जसले समाजमा भएका पर्वहरुलाई जोगाउन रोचक भूमिका खेलेको छ ।

**३.६.३.३ मालसिरी**

चैते दशै र बडादशैमा नवदुर्गा पूजा गर्दा पूर्णिमा सम्म गाइने गीत नै मालसिरी हो । 'मालश्री' शब्द सङ्गीत शास्त्रमा उल्लेख भएको छ । त्यसैलाई नेपालीमा मालसिरी भनिएको हो । मालश्री एक रागिनीको नाम हो । त्यसैमा रचिएको गीत मालसिरी हो । कालान्तरमा दशैमा गाउने गीत मालसिरी भनि बुभ्किएको देखिन्छ । यो गीत कालीका शिरमा धूप, दीप, नैवेद्य दिएर सकिसकेपछि गाउन सुरु गरिन्छ । अर्घाखाँचीमा पनि दुर्गा र कालिका देवीका कोटमा पुजारी र प्रायः गन्धर्वहरुले सारङ्गीको धुनमा मधुर कण्ठले मार्मिक ढङ्गले गाउने गरेको भेटिन्छ ।[५१] गीतमा नृत्य समावेश हुँदैन र पुरुषहरुले मात्र यो गीत गाउँछन् । त्यसैले यस गीतलाई पुरुष प्रधान गीत भन्न सकिन्छ । खास गरेर देवीले राक्षस माथि विजय प्राप्त गरेकाले उनैको गुणगानका निम्ति यो गीत गाउन थालिएको पाइन्छ । विजय प्राप्त गरी गाइएकाले यी गीतहरु वीर रस प्रधान भएका देखिन्छन् । यिनै विशेषताका साथ गीतको प्रमुख उद्देश्य दानवी प्रवृत्ति त्यागी मानवीय प्रवृत्तिमा लाग्नु रहेको छ । यो गीत गाउँदा सुरुमा मङ्गलाचरण गाइन्छ ।

"श्री गणेश पूजा नदियै बहिनी चन्द्रबदनी मृगलोचनी २"

गंगायमुना त्रिवेणी संगमा मोक्षदायिनी कालिका,२ चन्द्ररूपिणी प्रचन्दरूपिणी रक्तबीज निपातिनी । "श्री

शङ्ख चक्र गदा पद्मले कोटिवान जिसासीनी, लालरूप कपडा बीज असुर मारि सुधारिणी२ । "श्री

कहीँ-कहीँ मङ्गलाचरणको रूपमा निम्न मालासिरी भन्ने चलन रहेको छ ।

पहिला परेवा, द्वितीया दुध, तृतीयाको तिलपूजा, चौथीको चारैपूजा, पञ्चमीको पञ्चवली, षष्ठीको षष्ठम पूजा, सप्तमीको फूलपाती, अष्टमीको कालरात्री, न्वामीको खड्गपूजा दशमीको तिलक पाती ।

देवी दुर्गा उत्पन्न भए जनम लिए, कैलाश ज्योती जगमग चौदिशा फिरे ।

[५१] तेजनाथ भुसाल , **पूर्ववत्** ।

चौसष्ठी जोगिनी तिम्रो साथमा, कहाँ हो माई तिम्रो जन्मभूमि ? कहाँ तिम्रो डेरा ? आकाश हो हाम्रो जन्मभूमि, पाताल हाम्रो डेरा, आउँदो मासमा तिम्रो सेवा ।

भक्तलाई दिए वरदान, जयदेवी भैरवी गोरखनाथ, दर्शन देउनारलोक ।

यसरी मालसिरी गाएपछि कोटमा सराऐं नाच्ने पनि चलन रहेको छ ।

### ३.६.३.४ तीज गीत

हिन्दुनारीहरुको सबैभन्दा ठुलो पर्व तीज भाद्र शुक्ल तृतीयाको दिन मनाईन्छ । त्यही तीजका अवसरमा नारीहरुद्वारा गाइने गीतलाई तीजको गीत भनिन्छ । तीजका अवसरमा दरखानका निम्ति विवाहिता नारीहरुलाई माइतीहरु लिन आउछन् । दर खाने दिन, वर्त बस्ने दिन र पञ्चमी पूजाका दिन विवाहित, अविवाहित नारीहरुको सौभाग्यावती हुने र मनोकाङक्षा पुरा हुने कामनाले शिवजीको पूजा गरेर मनाउँछन् । चेली बेटीले आफ्ना घरमा दुःख पाएको कुरालाई साथीसङ्गी भेट हुँदा सासूले दिएको ताडना र थिचोमिचोले जन्माएका प्रताडनाहरु, संस्कारगत र सामाजिक विधिले पाएका दुःख र दर्दहरुलाई अभिव्यक्त गरेका हुन्छन् । तीजका गीतहरु मार्फत दिदी बहिनी र दाजुभाइ प्रतिको प्रेम, जन्मथलो तथा बाल्यकालका घटनाहरु पनि गीतका माध्यममा व्यक्त गर्दछन् । तीजका गीतमा कथानक मिसिएको हुन्छन् भने यी गीतहरु कोही धार्मिक विषयका हुन्छन् भने कोही सामाजिक विषयका हुन्छन् । यो गीत गाउँदा प्रायःलोक बाजा मादलको प्रयोग गरिन्छ भने पूजाका अवसरमा कहीँ-कहीँ मजुरा शङ्ख, घण्ट, खैंजडी पनि बजाईएको हुन्छ । बाजाको अभावमा नारीहरुले तालीले यो गीत गाउँदछन् । गाउँदै, नाच्दै गीतको राग निकालिन्छ । गीतमा, माया, बरिलै, हेरन मायालु भन्नु गीतको विशेषता मान्न सकिन्छ । यस्ता थेगोहरुले गीतलाई जीवन्त प्रदान गरेको हुन्छ । गीतमा कथानक भए पनि घटना प्रधान भन्दा चुड्का बढी प्रयोग गरिन्छ । तीज गीत गाउँदा सामूहिक रूपमा बसेर एउटाले भिक्ने र समूहमा गाउने गरिन्छ । तीज गीत नारीहरुले मात्र गाउने भएकाले यसलाई नारी प्रधान गीत भनिन्छ । गीतहरु गाउनु धर्म प्राप्त गर्ने भए पनि मनोरञ्जन र समाजसुधार गर्नु गीतको प्रमुख उद्देश्य रहेको छ । तीजका गीत पनि ऋषि पञ्चमी पूजाका दिन गाउने गीतहरु प्रायःधार्मिक तथा माङ्गलिक प्रकृतिका भेटिन्छन् । अरु गीतहरु सामाजिक हुन्छन् ।

#### माङ्गलिक गीतहरु

कहाँ जान्चौ रानी चरी बगाल, बरिलै भगवानलाई भेटन २ ।

भगवानलाई भेटी के पाहुर ल्यायौं २, बरिलै फूलपाती अक्षता ।

रूपको चौकी सूनको छायाँ २, बरिलै भगवान बसेका ।

कहाँ जान्चौ ढुकुरको बगाल, बरिलै भगवान भेटन २ ।

यसैगरी कागचरी, मैनाचरी आदि भन्दै दोहोऱ्याइन्छ ।

रूपको चौकी सुनको थालि २, रूपको चौकि सुनको छावा, बरिलै भगवान बसेका ।

आउँदै गरि धूपगरि, आउँदै गरि खुसभई, पूजागरन हरिपूजा गरन २ ।

फूलबारिको जेठो थुँगो जेठा ऋषिलाई, हाई हाई जेठा ऋषिलाई २ ।

यसैगरी माइलो, साँइलो, काँइलो, राइँलो, ठाईलो थुँगो हुँदै कान्छो थुँगो कान्छा ऋषिलाई भनि टुङ्याइन्छ । तीजका गीतमा दार्शनिकता पनि भेटिन्छ ।

थुँगे सरि फूल फूल्यो फूलबारीमा रहिरह्यो, टिपम् क्यार बरिलै सुनको थालीमा ।

सुनको थालमा टिपेपछि भगवानलाई चढ्दो हो, भुलो बरै सनिसार मायाँ जालैमा ।

यसरी तीजका गीतहरुमा धार्मिक, दार्शनिक र सामाजिकता भेट्न सकिन्छ ।

## ३.६.४ निष्कर्ष

धार्मिक कार्यका अवसरमा कार्यसिद्धिको कामनाले गाइने गीतलाई धार्मिक गीत भनिन्छ । धार्मिक गीतका विषय र प्रकृतिलाई हेर्दा भजन गीत, संस्कार गीत र पर्व गीत गरी तीन किसिमका छन् । भजन गीत भन्नाले आरती चरित्र, वाणी, निर्गुण, भिमुल, कीर्तन, चुड्किला, सवाई र पुष्पाञ्जलीहरु हुन् । जुन विशेष अवसरमा मात्र गाइन्छन् । विशेष अवसर भन्नाले धर्म, कर्म, संस्कार आदि पर्दछन् । संस्कार गीत भन्नाले मागल र रत्यौली गीत पर्दछन् । यी गीत विवाह तथा बर्तबन्ध संस्कारमा गाइन्छन् । पर्व गीत भन्नाले पर्वका अवसरमा मात्र प्रायःगाईने गीत भन्ने बुझिन्छ । फागुपूर्णिमामा फागु गीत, तिहारमा मारुनी गीत, दशैंमा मालसिरी गीत र तीजमा  तीज गीत गाइन्छन् । यी धार्मिक गीतको उद्देश्य आध्यात्मिक चेतना फैलाउनु, नैतिक उपदेश दिनु, जीवनलाई सार्थक बनाउनु, संस्कृत तुल्याउनु, मनोरञ्जन दिलाउनु, संस्कृतिको संरक्षण गर्नु, असत्यबाट सत्यमा हिँडाउनु, आफ्नो जीवनलाई सार्थक र सहज तरिकाले हिँडाउनु, धर्म, अर्थ, काम, मोक्षको फल प्राप्त गर्नु रहेको छ । यसरी धार्मिक गीतले लोकजीवनको सामाजिक सांस्कृतिक, आध्यात्मिक भावना समेट्दै सम्पन्न, विपन्नताको प्रतिबिम्ब उतारेका छन् र अर्घाखाँचीको वास्तविक लोकजीवनको मूल्यमान्यता संस्कार, संस्कृतिको स्तरलाई झल्काउदै साङ्गोपाङ्ग परिचय दिएका छन् । यिनीहरुले अर्घाखाँची अर्घाराज्यको धार्मिक परिचय दिएका छन् । त्यहाँ मानिसहरुको मनोभावना, आस्था र चिन्तनलाई धार्मिक गीतबाट प्रस्तुत गरिरहेको देखिन्छ ।

# चौथो-परिच्छेद

## अर्घाखाँची जिल्लाका अर्घाराज्यमा प्रचलित धार्मिक गीत

### ४.१ पृष्ठभूमि

यस परिच्छेदमा अर्घाखाँची जिल्लाका अर्घाराज्यमा प्रचलित धार्मिक गीतको सङ्कलन प्रस्तुत गरिएको छ । धार्मिक गीतहरु राख्दा सुरुमा भजन गीतहरु, संस्कार गीतहरु र पर्व गीतहरु क्रमैले विभिन्न शीर्षकमा विभाजन गरेर प्रस्तुत गरिएको छ ।

### ४.२ भजन

धार्मिक गीत भजन विशेष पूजा आजाका अवसरमा भक्तिहरुद्धारा ईश्वरको आरधना गर्ने क्रममा ईश्वरप्रति समर्पित भई गरिने स्तुति वा भक्तिभाव देखाउँदै गाइने गीतलाई नै भजन भनिन्छ । यस्ता भजने गीतहरु यहाँ क्रमैसँग पहिला आरती, चरित्र, वाणी, निर्गुण, भिमलु, कीर्तन, चुड्किला, सवाई र पुष्पाञ्जली, जयकार क्रमैसँग राखिएको छ ।

### ४.२.१ आरती

कुनै पनि शुभकार्यमा विघ्नबाधा नहोस् भनेर सुरुमा र अन्त्यमा ज्योती बालेर मङ्गलाचरण स्वरूप गाइने धार्मिक गीतलाई आरती भनिन्छ । यी आरतीहरु जुन भगवानको आरधना गरेको त्यहीसँग सम्बन्धित भएर गाउने चलन छ । यस्ता आरतीहरु प्रायःजुनसुकै समयमा गाइन्छ । साथै यस्ता गीतहरुले मङ्गलकामना पनि  गरेका हुन्छन् ।

**शिव आरती**

धार्मिक गीत गाउँदा सुरुवातमा मङ्गलाचरण गाउने चलन छ । ठाउँ अनुसार मङ्गल गीत फरक पनि गाइन्छ । यहाँ शिव आरती कीर्तन प्रस्तुत छ ।

‘शिव नारायण हरि रस मीठा और नही, प्रभुनारायण हरि । प्रभु नारायण हरि... । रिटक
वेद पुराण पडि परि थाकै, परि रे हितका भगवत गीता नही नही । शिव नारायण हरि...
सुन्दर देह देखि जगाजनि भुलै, भुलै ऐसे वालु गीता नही नही । शिव नारायण हरि...।
तिर्थराज प्रयाण विराजै गंगा जमुना सहि तबनेगा नही नही । शिव नारायण हरि...
सुन हो दाशके हरिके पुकारो, विना गुरु ज्ञान पढेगा गीता नही नही । शिव नारायण हरि...[52]

[52] यज्ञप्रसाद खनाल र अन्य साथीहरु हेरौं परिशिष्ट ‘घ’ को १ मा दिएको नामावली अनुसार ।

## सूर्य आरती

सुरुमा र भजनको बिच बिचमा सूर्य आरती गाइन्छ ।

भगवान प्रभु दर्शन तिम्रो तीन रूपको, तीन रूपको राम एकै सूर्यको ।
अर्घ चढाउ राम वेद श्रुतिको,"भगवान प्रभु..." रिटक
मकर राशी प्रभुको अरुण रह्यो नाम, सवार ब्रह्माजीको दर्शन पाई ।
मध्यमा दर्शन प्रभु सदा शिवजीको, अस्ताउँदा दर्शन विष्णुलाई ॥१॥ भगवान....
कुम्भ राशी प्रभुको सूर्य रह्यो नाम, नाउँ वेदाङ्ग नाम पाई ।
मेष राशी प्रभुको भानु रह्यो नाम, वृष राशी प्रभुको इन्द्र नाम पाई ॥२॥ भगवान....
मिथुन राशी प्रभुको रवि रह्यो नाम, कर्कटमा गभस्ती नाम होई ।
सिंह राशी प्रभुको यम नाम रह्यो, कन्यामा सूवर्ण नाम पाईः ॥३॥ भगवान........
तुला राशी प्रभुको दिवाकर नाउँ, वृश्चिकमा रह्यो मित्र नाउँ ।
धन राशी प्रभुको विष्णु रह्यो नाम, पुग्यो प्रभु द्वादश नाउँ ॥४॥ भगवान........
हा.हा. सूर्यनारायण दर्शन गराउ...।[53] रिटक (बारम्बार भन्नु)

बारम्बार भन्ने, १८, २१, ३२, ५१-५४, १०८-१००८ जति भने पनि हुने जसले नाच्ने मान्छेलाई जोसमा परिणत गराउँछ । यसमा पहिला उच्चारण ह्रस्व, दीर्घ अनि प्लूत लागु हुन्छ । एक जोडीले भन्ने त्यसपछि अर्को जोडी वा समूहले यसैलाई दोहोऱ्याउने गर्दछन् ।

## गणेश आरती

विध्नवाधा हटोस् भनेर गणेश आरती गाइन्छ ।

जै गणेश जै गणेश गुरु गणेश देवा, माता हौ कि पार्वती पिता महादेव । जै... रिटक
चकदन्त जघ्नमन्त्र२ चतुर्भुजा धारी, शीर उपर सिन्दूर सोहे मुसाकी सवारी । जै ....
अन्धाओंको आँख देवे बाभ्कीओंको पुत्र देवे, निर्धनकी धन देवे । जै.....
मेवा लड्डु भोजन देवे सन्त कर सेवा, फूल चडे हार चडे और चडे मेवा । जै....
सन्ततिके लाज राखे कोटि शम्भुवारी, मनोरथ पूर्ण करता जाउँ तरीपारी । जै....
गणेशजीकी आरती सन्जेप्रहर राती, राम राम कृष्ण कृष्ण जपौं भजौं दिन राती ।जै....[54]

## जगदीशको आरती

विष्णु भगवानको पूजा गर्दा जगदीशको आरती गरिन्छ ।

ॐ जय जगदीश हरे, स्वामी जय जगदीश हरे । भक्तहरुको सङ्कट क्षणमै दूर गरे । रिटक

---

[53] ऐजन ।

[54] भीमप्रसाद रिजाल र अन्य साथीहरु हेरौं परिशिष्ट 'घ' को २ मा दिएको नामावली अनुसार ।

जो ध्याओस् फल पाओस् दुख हटोस् मनको । सुखसम्पति घर आओस् कष्ट मिटोस् तनका । ॐ

बा आमा हौ तिमी नै मेरा, शरण परूँ कसको । तिमी बिना छैन अरु क्वै, आशा गरूँ कसको । ॐ

तिमी पुरा परमात्मा, तिमी अन्तरयामी । परब्रह्मा परमेश्वर तिमी सबका स्वामी । ॐ

तिमी करूणाका सागर, तिमी पालन कर्ता । मै मुरख खल कामी, कृपा गरे भर्ता । ॐ

तिमी हौ एक अगोचर, प्राण पति । कुन विधि मिलु दयामय ! तिमीसँग यो कुमति । ॐ

दीनबन्धु दुखहर्ता तिमी रक्षक मेरा । करूणा-हात उठाऊ, द्वार खडा छ तेरा । ॐ

विषय विकास हटाऊ, पाप छुटाऊ देवा । श्रद्धा भक्ति बढाऊ सज्जनको सेवा । ॐ

ॐ जय जगदीश हरे....... ।

## रामको आरती

पुत्र जन्मोत्सव आदिमा रामको आरती गाइन्छ ।

मन मालती रामजीकी आरती गाऊ । मन........

पहिलामा आरती राजा दरशथकी दोसरी कौशिला माई ।

तेसरीमा आरती रानी सुमित्राकी, चौथैमा कैकेई माई ॥१॥ मन .........

पाँचौमा आरती आफै रामजीकी छैठौँमा भरत भाइ ।

सौतौ आरती भैया लछुमनकी, आठौँ, शत्रुघन भाइ ॥२॥ मन........

नवौँमा आरती गुरु वशिष्ठकी, दशौँ जानकी माई ।

एघारौँमा आरती राजा सुग्रिबकी बाह्रौँ हनू वीरलाई ॥३॥ मन..........

बंह्मण परशुराम श्रीराम रूप, चौधे वर्ष हो बनबास ।

लश शिर रावणलाई मारी निभायौँ, बिभिषलाई दियौँ लङ्काको राज ॥४॥ मन...........

रामजीको आरती शंकरजीले गाई,

राम औतार शिवले बताऊ न मलाई । राम जी...........

कैलाश मन्दिरमा सदा शिव थिया, बामै काख जगदम्बा पार्वती लिया ।

बिन्ती गरिन् पार्वतीले जोरी दुनु बाहु, सुन्ने इच्छा भयो प्रभु रामजीका नाउँ ॥१॥

राम औता र लिलन हामु सब बताई, सुन न तिमी पार्वती मन चित्तलाई ।

पापी भयो रावण कुम्भकर्ण भाइ, विष्णु साथ गए ब्रह्मा मोराउनलाई ॥२॥ रामजी...

कबुल गरे हरिले रावण मार्नलाई अयोध्यामा जन्मे हरि राम नाम पाई ।

पिता दशरथ कौशिला माई, जन्म लिए रामजीले लछुमन भाइ ॥३॥ रामजी....

बुझी विश्वामित्र अयोध्यामा आए, राक्षस मोराउन लगे दुनुभाइ ।

हरिदासय प्रभु आरती बनाई, जो गावे यो आरती परम सुफल पाई ॥४॥ रामजी...

## दुर्गाको आरती

दुर्गा माताको शक्ति तथा सृष्टि संहारको प्रसङ्गलाई लिएर गाइने भजन दुर्गाको आरती भजन हो ।

जय दुर्गादेवी भगवती सरन तुमार । कमल नयन हे ! तुमार लाल हे मुहार तुमार ॥

गणपति रवि, देवी, शिव, गोविन्द राम । देवता पञ्चायनी हौ !

इन्द्र, कुबेर, यम, वरुण, राम । पुकार गर्छौं द्यौता जाति हौं ॥ जय...

अविनाशी माईका चरण समाऔं । राम जन्म, जन्मको फाँसी छुटाऔं ॥

दायाँ अङ्ग कृष्णजी बाँया अङ्ग राधा राम । राज्य गर्न गोकुल पठाउँ ॥ जय...

चौधे भुवनकी जगदम्बा माई, राम । सृष्टि गर्‍यौ राधा कृष्णलाई ॥

गोकुलमा संयोग भए राधा कृष्ण, राम । तनदेखि नीर बसाई ॥ जय...

शेष शयनमा आफै प्रभु सोहाए, राम । सरवण मयल धराई ॥

मधु र मयल धराई । मधु र कैटभ दैत्यको सृष्टि जमाए, राम ॥

ब्रह्माजीलाई आतुर परी जाई ॥ जय...

नाभी उपर कमल, कमल उपर ब्रह्माजी, राम । ब्रह्माजी रहे बिलखाई ॥

आकाशवाणीले शब्द सुनायो, राम । बह्माजीले समाधि लगाई ॥ जय...

बह्मा, विष्णु बसेर आसन जमाए, राम । साथ लिए सदाशिवलाई ॥

सुधा र समुन्द्र पार गरा हो, राम । दर्शन पायौं बदन छिपाई ॥ जय...

सत्व, रजो, तमो गुण तीन शक्ति पायौं, राम । आफ्ना आफ्ना अवस्थलमा जाई ॥

जगदम्बा माईका बचन सुन्न पायौं, राम । संसारमा माया फैलाई ॥ जय...

अपार लिला भगवतीको कोही नजाने, राम । समुन्द्रमा खली तनकी ॥

शम्भु निशम्भुको प्राण हरलियौ, राम । माता हौ त्रिभुवनकी ॥ जय...

हरि दासय प्रभु तमुसौं भजनको, राम । सरस्वती चरण समाई ॥

गायत्री माता सबकी विधाता राम । बैकुण्ठको राहा खुलाई ॥ जय...

## लक्ष्मीको आरती

लक्ष्मी प्राप्त हेतु कुनै पूजा आजाका अवसरमा लक्ष्मीको आरती गाइन्छ ।

जय लक्ष्मी माता, जय लक्ष्मी माता ! गरछन्, निशि दिन सेवा विष्णु शिव धाता । जय...

ब्रह्माणी रूद्राणी कमला तिमी हौ जगमाता, सूर्य चन्द्रमा ध्याउँछन् ऋषि गाउँछन् माता । जय...

दुर्गारूप निरञ्जन सुख सम्पति दाता । सच्चा ध्यान जनकन दिन्छ्यौ झलरी छाता । जय...

तिमी विष्णुसँग बस्छ्यौ तिमी हौ सुखदाता । भक्तहरुका घरमा बस्छ्यौ भवसागरको त्राता । जय...

तिमी नभई यज्ञ हुँदैन, लुगा पनि कोही पाउन्न । शुभ-गुण सुन्दर युक्त क्षीर नीधिमा टन्न । जय...

श्री लक्ष्मीको आरती जो कोही जन गाओस् । उर-उमङ्ग अति उपजी पाप उतरी जाओस् । जय...

## सन्जे आरती

सन्ध्याकालीन समयमा भगवानको धूपबत्ती गर्दै गाइने आरती भजनहरुलाई सन्जे आरती भनिन्छ । ती यस प्रकार छन् ।

आरतीको बेला प्रभु सन्जे जगाऊ ।

सन्जे जगाऊ राम, दीपक जगाऊ । आरती.....

महोदधी किनारमा भगवान बैठे, विश्वकर्मा मन्दिर बनाई !

सो  रहे पाण्डव तन रखबारो, ठाकुरजीलाई भोजल लगाई

नदी किनारमा श्रीखण्डको बिरुवा , सर्वजात फूल फुली जाई ॥१॥ आरती..........

चन्दन घोटी ठाकुरको ललाट भराए,फूलमाला गला पहिराई ॥२॥

तुलसी मञ्जरीले नित्य पूजा गरे, धूप दीप कपुर चढाई ।

झकमक ज्योती आरती जगाए, विभीषणले दरिसन पाई ॥३॥

उडिसा नगरमा भगवान बैठे, नरलोक दर्शन गर्न धाई ।

पूर्वका पुण्यले दरिसन गरनु, महोदधी सागर नुहाई ॥४॥

मार्कण्डेय श्रीकृष्ण, इन्द्र यमुनो, सेती गंगा स्नान गरी ।

वैद्यरूप हरिको दरिसन गरनु, साक्षी गोपाल नाम लेखाई ॥५॥

आरती जगामला सन्जेको बेलामा

सन्जेको बेलामा साँझको बेलामा आरती...........

बिष्णु भगवान्ले अंश लिइ आए, कृष्ण औतार लिएर जाम चलाए ॥१॥

कृष्णज्यूले जनम मथुरामा लिए, नन्दजीका दरबारमा गंगल गराइ दिए ॥२।

भक्तजन जति छन् शरण आए,पापी कंश मारेर भार हटाए ॥३॥

ब्रह्मा बिष्णु बिष्णु शिवजी एकै रूप थिए, भार हर्न भूमिको तीन रूप लिए ॥४॥

आरती जगामला साँझ बेलामा ॥

पारिजात फूलको बिरुवा जमाम्ला, सोही र फूल टिपेर दीपलाई चढाम्ला, आरती.....

थुँगेसरी फूलको बिरुवा जमाम्ला, सोही र फूल टिपेर दीपलाई चढाम्ला, आरती......

मखमली  फूलको बिरुवा जमाम्ला, सोही र फूल टिपेर दीपलाई चढाम्ला, आरती....

सर्वजात फूलको बिरुवा जमाम्ला, सोही र फूल टिपेर दीपलाई चढाम्ला, आरती......

**पन्ध्रम आरती**

यहाँ दुईदुई चरणमा रामसम्बन्धी पन्ध्र आरती भएको हुनाले पन्ध्रम आरती भनिएको हो ।

आरती श्री जय राजा राम रामचन्द्रकी जय । आरती .........रिटक

पहिलामा आरती राम फूलकी माला । काली नाग गाँथी ल्याउने श्रीकृष्ण बाला ।

दोसरी आरती राम देवकी नन्खदन । धक्त उद्धरण कंसकी खञ्ज्न ।

तेसरीआरती राम त्रिभुवन मोहए राम ! गरूड आसन श्री बिष्णु सोहए ।

चौथैमा आरती राम चुहूँजुग पूजा राम ! चारैजगा नारायणकी कोही नाही दुजा ।

पञ्चैमा आरती राम मङ्गलु गावै राम ! राधा र रूक्मीणी चमर डोलावै ।

षष्ठैमा आरती राम सदा रस खावे ॥आरती॥ रामज्यूका सतगुण भक्तजन गावे ।

सप्तमैमा आरती राम, समीधा,पाती राम ! बजाउलन शङ्ख र घंण्ट चढाई बेलीपाती ।

अष्टमै आरती राम, राम बल दाता राम ! धन्य तिम्रो काखी धन्य, कौशिला माता ।

नवमै आरती, नवनीधि गंगा राम ! हामुक छुटाउ प्रभ यमको यो फन्दा ।

दशैमा आरती राम, दशरथ पिता राम ! रावण मारी भार हर्नेपुत्र सर्वजिता ।

मोह भैलो धंट राम, जिहा, भैलो राला राम ! हृदयकी कागजु, पवन जलई धारा ।

सुवर्ण दियो राम कपुरको बाती राम ! रामजीका सत्गुण भजौं दिन राति ।

जमे धनराजा रामजीका आरती गावैं राम ! बस्न पाँउला बैकुण्ठमा परम सुफल पावै ।

कृष्ण काली, बाग्मती राम भागीरथी गंगा राम ! हामीकन देउन प्रभु धर्मको सङ्गा ।

टिपी ल्याउँ फूलपाती राम पुजौं हरि देवा राम ! जानी नजानी गर्छौं प्रभु तिम्रो सेवा ।

## तुलसा आरती

एकादशी, स्वस्थानी आदि समयमा तुलसाको आरती गाइन्छ ।

जय हर गंगा तुलसा नमो नमो, नारायणी तुलसा औ श्रीपति हा राम । जय ......
नमो नमो भजौं शिव शिव२, जय हर गंगा तुलसा नमो नमो । जय ......
एकुमा अंश विष्णुको तुलसाको जनम २ राम, गंगा गीता सुवर्णकी माई । एकुमा...
दुसरी अंश विष्णुको शालिकरामको जनम राम, तिल कुश पिपलु नाम पाई । जय ...
तेसरी अंश विष्णुको भागवत पुराण राम२, चार धाम क्षेत्र बनी जाई । जय...
चौथै र अंश विष्णुको वेद र गायत्री२, अज्ञानीले खवरी नपाई । जय...
हरिशयनि वर्तमा खेती गर्नु तुलसा राम, वर्त गर्नु चौमासा लगाई । जय ........
हा हा हरिबोधनि व्रतमा यज्ञ गर्नु, प्रभुग्यानी वर्तमा यज्ञ गर्नु पचिष्ठा राम । जय...
विप्रद्वारा पूजा गरी आई प्रभुग्यानी, चौरासी लाख जुनी कवि नहि पाईए राम । जय...
तुलसाको वरदान पाई, जय हर गंगा......,नारायणी तुलसा.......
हरिदासय प्रभु तमुसं भजनको राम, तुलसा हुन् जगतकी माई । हरिदा.......रिटक
भजन गर्ने पुण्डेलाई दिन्छिन् वरदान२ राम, जय हर....। नारायणी तुलसा......। [55]

## पृथ्वी आरती

पृथ्वीको प्राकृतिक वर्णन सम्बन्धी महिमा यहाँ दिइएको छ ।

हरि धन्नमा देवी पृथ्वी वसुन्धरा माई, नित्ये सन्ध्ये आरती गर्चौ तिमीलाई ।
धन्न तिमी पृथ्वी वसुन्धरा माई २, ब्रह्मा विष्णु शिवको एकै मूर्ति होईये माई ।
सृष्टि गर्दा तिन मूर्ति होई, धन्न तिमी......... ।
नरनारायण शयनमा वायु आधार, पापी रच्यौ सेवा गर्नलाई ।
अन्न प्राणी तृण रची सृष्टि जमायौ, खाई प्राणी पालन गर्नलाई । धन्न तिमी...... ।
अनेक मुगा मोती तिम्रै गोदरैये, अष्टधातु खोजी खोजी ल्याउँ ।
सही धातु खारी खारी चलन गराई, अक्कल दियौ नर पतिलाई । धन्न तिमी..... ।
अनेक फलफूल लट किडकीरयाहु, ठाउँ ठाउँ क्षेत्र वनी गई ।
अनेक क्षेत्र गङ्गा तीर्थ गर्नलाई, कस्ती हुनन् वसुन्धरा माई । धन्न तिमी...... ।
तिनै र जहुको अङ्गुल वन्याहु, चौबीस अङ्गुल हात बनी जाई ।
चारैहातको नापनी वन्याहु, दुवै हजार नापनीको कोष बनी जाई । धन्न तिमी...... ।
चारै र कोषको योजन वन्याहु, दुवै हजार योजनको देश बनी जाई ।
सप्पै र देशको मण्डल वन्याहु, सप्पै मण्डल खण्ड बनी जाई । धन्न तिमी....... ।
यिनै नवै खण्डकी वसुन्धरा माई, सूर्य र चन्द्रमाको दिप्रका जगाई । धन्न तिमी......।

---

[छछ] ऐजन ।

नित्ये सन्ध्ये आरती गर्चन् तिमीलाई, सदा नित्य आरती गर्चन् तिमीलाई । धन्न तिमी.... ।[56]

## ४.२.२ चरित्र भजन

चरित्र भजनमा भगवानका लिलाहरुको वर्णन गरिएको हुन्छ । यस्ता चरित्रमा कहीँ एक अंशको वर्णन गरिएको हुन्छ भने कहीँ इतिवृत वर्णन गरिएको हुन्छ । यसरी सुर तथा असुरहरुको महिमा तथा गाथा गान यहाँ पाइन्छ ।

### कृष्ण चरित्र

कृष्ण भगवानको चरित्र सम्बन्धी महिमा यहाँ दिइएको छ ।

देवका हौ रानी देवका हौ, देवका हौ रानी देवका हौ ।
आज तिम्रा विवाह सोचेरानी देवका हौ । देवका..... रिटक
कस्येपजीका वसुदेउ अदिती देवका, मथुरामा जन्म लिन आई ।
पूर्व जुनीमा तपगरे हरिको, हरिबाट वरदान पाई । देवका...रिटक
सुरसेन राजाले नारदलाई पठाए, देवका मागनलाई ।
उग्रसेन कंशले देवनिकाला दिए, वसुदेवको विवाह गर्नलाई । देवका......रिटक [57]

### श्री निर्गराजा चरित्र

निर्गराजाको चरित्र सम्बन्धी अंश यहाँ दिइएको छ ।

बिच वनमा सिंहराजले गौवा चराई, गौवा चराई राम वछिया हराई । बिच....रिटक
पियासले वछिया तलाउमा गयो, गज देखि गौवा फर्कि आई ।
सोही गाई निर्गका वथानमा आयो, यो थाहा छैन कसैलाई ॥१॥ बिच.....रिटक
सधा नित्ये गौदान गर्थे निर्गराजाले, निम्ता थियो शुक शर्मालाई ।
दोस्रो दिनमा सोही गाई दान गरे राजाले, भुल परि खबरि नपाई ॥२॥ बिच...रिटक[58]

### गोविन्द चरित्र

यहाँ भगवान गोविन्द अथवा कृष्णको चरित्र वर्णन गरिएको छ ।

भज गोविन्द गोविन्द गोपाल२, हरि हरि कृष्ण कानैया गोद नन्दलाल२ । भजगोविन्द.....
मधुरासै हरि जन्मलिया हो, गोकुलमा धावत नन्दलाल हरि हरि । भजगोविन्द.....
देवकीका नैया बलभद्रजिका भैया, कृष्णजी गोदका गोपाल । भजगोविन्द.....
नन्दनको तिरकुटि धुनिया लावे हा, मालेनि आवो फूलमा लावत । भजगोविन्द.....
केश  पकडी हरिले केश पसारो, मारयो द्वारवती शिशुपाल । भजगोविन्द ....
जयजमुनाका निरतिर ध्यानु चरावे, मुरली वजावत नन्दलाल । हरि हरि

---

[56] होमाकान्त पोखेल र अन्य साथीहरु हेरौं परिशिष्ट 'घ' को ३ मा दिएको नामावली अनुसार ।
छठ यशप्रसाद खनाल, पूर्ववत् ।
[58] ऐजन ।

बाँसुरी बजावत नन्दलाल, चौधइ भूवनका हउ नन्दलाल। "हरि बोल हरि बोल" रिटक
तिन त्रिभूवनका हउ नन्दलाल... "जय हरि बोल" रिटक
वसुदेउका पुत्र वंशी नन्दजूका वाला' देवकाका जन्मलिएर जसुदाका पाला।
चौधई भूवनका हउ नन्दलाल, हरिवोल... हामी साथ साथी ल्याउने कृष्ण गोपाल।[59]

## राम चरित्र

रामको अवतार सम्बन्धी महिमा यहाँ दिइएको छ।

राम औतार हरिको बताउ भगवान, बताउ भगवान हरी शुन्न लागो मन। राम....
अघि लङ्का राजधानी राक्षसले गरेका, विष्णु गई छिन्न-भिन्न लाई।
डर मानि विष्णुको पात्तालमा गए, लङ्का राज्ये कुवेरले चलाई ॥१॥ राम.......
पुत्री साथ लिएर आए राक्षेस सुमाली, लङ्काको चर्चो गर्नलाई।
कुवेरलाई देखेर सोच गऱ्यो मनमा, यसता कुलमा हुन्नन् कि मलाई ॥२॥ राम औतार....
कैकशिलाई वाउले अराइ पठायो, विश्रवाका साथ तमु जाई।
बलवान पुत्रको वरदान माग्नु, लङ्काको राज्ये गर्नलाई ॥३॥ राम औतार.....
भयङ्कर पुत्रको वर दिए ऋषिले, विन्ति गरिन असल पुत्रलाई।
दशमास गरभ पूर्ण हुदै आयो, कैकेयीलाई जन्मे तीन भाइ ॥४॥ राम औतार....
रामजीका भगत विभिषण जनमे, शुपर्णखा दुष्ट जन्म पाई।
हा हाई.. औतार पाए रामजीले लक्षुमण भाइ॥५॥ राम औतार....[60]

## राम चरित्र

आए नारद घुम्दै फिर्दै मर्तेलोक आई, मर्तेलोक धाई राम उपदेश नपाई। आए....रिटक
नाना प्रंकारका रोग विधि देखेर, फेरी घुमि वैकुण्ठमा जाई।
शङ्ख चक्र गदा पद्म वनमा ल्याई, नारायणको भेट गर्नलाई। आए..... रिटक
दुनुबाहु करजोरी विन्ति गर्नलाए, पापी जनको उद्धार गर्नलाई।
श्रीराम साथमा सोधनी गरे त्याहाँ, पापी जनको मुक्ति गर्नलाई। आए..... रिटक
नारदलाई नारायणले सोधनी गरे त्याहाँ, केहुकाम वैकुण्ठमा आई।
पापी कलियुगको उद्धार गर तिमीले, सत्ते धर्म बचाउनलाई। आए ...... रिटक
राम सहित नारायणको वर्त गर्नेलाई, पाप ताप सबै छुटि जाई।
धन जन सम्पत्ति यसै जुनीमाहाँ, अन्ते हुँदा वैकुण्ठमा जाई। आए ...... रिटक
राम राम हरी। श्रीभगवान हरी।
यो पनि रामको त्यो पनि रामको सारा संसार रामको मै पनि रामको। चहते [61]

[59] रेमलाल खनाल र अन्य साथीहरु हेरौं परिशिष्ट 'घ' को ४ मा दिएको नामावली अनुसार।
[60] चूरामणि मरासिनी र अन्य साथीहरु हेरौं परिशिष्ट 'घ' को ५ मा दिएको नामावली अनुसार।
[61] **ऐजन।**

## दशअवतारसम्बन्धी भजन

भगवानका दशअवतार सम्बन्धी भजनको महिमा यहाँ दिइएको छ ।

प्रथम औतार लिनुभयो प्रभु मत्स्यमा रूप धारणम् ।

के कामले लिनुभयो मत्स्य औतार हे सनुकादी ऋषि हो ।

शङ्ख, चक्र, गदा, पद्म संङ्खासुरलाई छेदनम् यही कामले लिनुभयो ।

द्वितीय औतार लिनुभयो मत्स्य रूप धारणम् के कामले प्रभु ।

सुर असुर साथ भए मन्द्राचल तारणम्, यहि कामले ।

तृतीय औतार लिनुभयो प्रभु बरहा रूप धारणम् के कामले ।

हिरण्याक्ष मारीकन वेद पृथ्वी पालनम्, यही कामले ।

चतृर्थ औतार लिनुभयो प्रभु नृसिंह रूप धारणम् के कामले ।

खम्बा फारी प्रकट भए भक्त बाला रक्षणम्, यही कामले ।

पञ्चम औतार लिनुभयो प्रभु वामन रूप धारणम् के कामले ।

तीन पाइलामा भूमि लिनुभयो बलिराजलाई तारणम्, यही कामले ।

षष्ठीमा औतार लिनुभयो प्रभु परशुराम रूप धारणम् के कामले ।

पितृको वचन सत्यमा लिई सकल क्षत्री नासतम्, यही कामले ।

सप्तम् औतार लिनुभयो प्रभु राम रूप धारणम् के कामले ।

गृह त्यागी बनबास राउन्ने राजालाई मारणम् यही कामले ।

अष्टम औतार लिनुभयो प्रभु कृष्ण रूप धारणम् के कामले ।

बाला खेली बहुत भए कंसाकुरलाई छेदनम्, यही कामले ।

नवौँ औतार लिनुभयो प्रभु बुद्ध रूप धारणम् के कामले ।

नष्ट धर्म प्रकट भए साधे सन्तपालनम्, यही कामले ।

दशौँ औतार लिनुभयो प्रभु कलकी रूप धारणम् के कामले ।

ऋषि हो यही काम लिनुभयो कलकी औतार ।

भनभन नारायण हरिन्जू रघुवर कल्की गोविन्दम् ।

## हरिको चरित्र भजन

लैजाऊ ठाकुर विमानमा फूलका जोवान । लैजाऊ

स्वर्ग, मर्त्य, पाताल, घुम्छ, चौधै लोक । तीर्थवर्त छोडि आउँछ, कर्मलाई लाउँछ दोष । लैजाऊ

पैला जानु काँही क्षेत्र पितृ तार्नलाई । पछि गर्नु चारै धाम, पाप हर्नलाई । लैजाऊ

तीर्थ गर्नु, वर्त गर्नु, गर्नु यज्ञ दान । अन्त्य घडिमा मिल्ने छ, बैकुण्ठमा जान । लैजाऊ

सोही फूल टिपेर हरिलाई चढाम्ला । हरि श्रीखण्ड काठ घोटी घोटी हरिलाई चढाम्ला । हरि

इन्द्र कमल फूलको बिरुवा जमाँम्ला । सोही र फूल टिपेर हरिलाई चढाम्ला । हरि

## नारायणको चरित्र भजन

पूजा बनाम्, कैसे पूजा बनाम्, नारायणलाई क्या हो पूजा बनाम् ।

चन्दन चढाऊँ भने चनोटा बिटाल्यो, क्या हो चन्दन चढाऊँ ॥१॥ नारा.....

अक्षेता चढाऊँ भने चनोटा बिटाल्यो, क्या हो अक्षेता चढाऊँ ॥२॥ नारा......

फूल चढाऊँ भने भमरा बिटाल्यो, क्या गरी फूल चढाऊँ ॥३॥ नारा......

दूध चढाऊँ भने बघुवा बिटाल्यो, क्या गरी दूध चढाऊँ ॥४॥ नारा......

जल चढाऊँ भने मछली बिटाल्यो, क्या गरी जल चढाऊँ ॥५॥ नारा......

धूप चढाऊँ भने मदानी बिटाल्यो, क्या गरी धूप चढाऊँ ॥६॥ नारा......

## कालीगण्डकीको भजन

जाऊ न श्री गङ्गालाई पृथ्वीमा लिनलाई

जन्म लिनलाई राम मोक्ष दिनलाई ॥ जाऊ.....

मुक्ति क्षेत्र शिरमा जनम लियौ हो, सय आठ धारा बहाई ।

जल बिचमा अग्निज्वाला क्षेत्र बने तीर्थ गर्नलाई ॥ जाऊ.......

पापी जति मनुष्य यमका दुवार, पापले उच्छार नपाई ।

गण्डकी विष्णुले रचे  कालीगङ्गाजी, पापीको मुक्ति गर्नलाई ॥ जाऊ....

रस्ता लियौ गङ्गा माई सागरमा धाई, ठाउँ ठाउँ घाट बनी जाई

रिडीसमानको घाट नाहीँ काहीँ, क्षेत्र बन्यो तीर्थ गर्नलाई ॥ जाऊँ.....

शालिग्राम चक्र तिम्रा गोदहीमा रहिए, कालीगङ्गा उत्तमती माई

पुष्प पत्र भेटी चढाई स्नान गर्नु ताहाँ, जन्म जन्मको पाप छुटी जाई ॥ जाऊ...

भक्ति राखी मनमा स्नान गर्नु गङ्गामा अर्घ दिनु सूर्य नारायणलाई ।

पिण्ड दिनु तर्पण ब्राह्मण बोलाई, पितृ जान्छन् गति मुक्ति पाई । जाऊ...

हरिदासय प्रभु तमुसौँ भजनको सुन हो सन्त साधु भाइ ।

स्नान गर्नु गङ्गामा दर्शन ऋषिकेशको बैकुण्ठको राशा खुलाई ॥ जाऊ...

## कृष्णको भजन

चम्कन लागे बिजुली गर्जन लागे मेघ, पानी वर्षा, बर्खा हुनलाई ॥

उच्च भए बाडी गङ्गा बाजा बज्न लाए, कृष्णजीको जन्म हुन जाई ॥ देवका...

भाद्र कृष्ण अष्टमी रोहिणी नक्षत्र बुधबार जोग परी आई ।

आधा राती बिचमा जन्म भयो कृष्णको, देवलोकले फूल बर्साई ॥ देवका...

सुवर्ण चतुर्बाहु शङ्ख चक्र धारी, गदा पद्म वनमाला लाई

पिताम्बर बस्तरु माथै हीरामोती, कोटि सूर्य चमक देखाई । देवका...

घणदासय प्रभु तमसौ भजनको, पाले सबै भुली भुली जाई ।

स्वर्गदेवहरुले वायुलाई अराए, भित्र ताही फूल बसाई । देवका...

चतुर्बाहुका जन्मे हरि मथुरामा आई ।

मथुरामा आई राम कंस मार्नलाई ॥

देवोका वासुदेवले स्तुति गर्न लाए, चिनिम् प्रभु ईश्वर तिमीलाई ।

पाप ताप अभिलास सबे गयो मनको, प्रभु तिम्रो दरिसन पाई ॥ चतुर्बाहु...

दाजै पापी कंसको दया छैन मनमा, छैटौँ गर्भ मारीमारी आई ।

दिव्य रूप छिपाई बालरूप लेऊ न, कंसको डर लाग्यो हामीलाई ॥ चतुर्बाहु...

नरोऊ माई देवका पुत्र जन्म होला, हामु कन्ने जनमन आई ।

वासुदेवका साथमा पुत्र पठाइदिए, कन्ने लगिदिनु कंसलाई ॥ चतुर्बाहु...

भार्जे बिन्ती सुनेर मगन भए वासुदेव, गमन गरे गोकुल जानलाई ।

नाङ्ली उप्र माथमा राखे भगवान्लाई, रोइन् रानी मन धरकाई ॥ चतुर्बाहु...

छैटौँ गर्भ मार्‍यौ दाजै सातै गर्भ तुयो, अष्टम गर्भ छोरी मैले पाई ।

दुनु बाहु कर जोरी बिन्ती गर्न लागिन्, यति कन्ने छोडी जाऊ मलाई ॥

भगवानको लीला सबै कंस के चाल पाउँथ्यो ।

शंका गरी नजर लाउँदै चारैतिर धाउँथ्यो ॥

## रावणको चरित्र

जन्मो रावण्ये दसशीर बीसभुजा पाई, बीसभुजा पाई राम मरुहुन लाई ।
दसशीर बीसबाहु रावण्ये जनम, भयङ्कर कुम्भकर्ण भाइ ।
रामजीका भगत विभिषण जनमे, सुपर्णखा दुष्ट जन्म पाई ॥१॥ जन्मो .......
रोज भए दिनहुँ बढो पापी रावन्ये, स्वर्गर्त्यक हुन जाई ।
तिनलोक वत्से गर्ने घमण्ड लिएर, गोकर्णमा तप गर्न जाई ॥२॥ जन्मो ......
तप गरो अयु बर्ष पाँच हजार, कुम्भकर्ण विभिषण भाइ ।
रावन्ये वीरले ठुलो तप गरो, शीरमाथि हुम चलाई ॥३॥ जन्मो ........
रावन्येका डरले इन्द्रपुरी थर्को, ब्रह्मा आए वरदिन लाई ।
मागे बमोजिमको वरदिए ब्रह्माले, नरको डर लाग्दैन मलाई ॥४॥ जन्मो.........
घणदासै प्रभु तमसौ भजनको, निकाल गरो कुर्विलाई ।
सुन लङ्का पुरीमा हुकुम चलायो, ठाउँ ठाउँ सन्देश पठाई ॥५॥ जन्मो.........
राम राम हरि । शंकर भगवान हरि ।
"वासुदेवाय वासुदेवाय ॐ नमो भगवते वासुदेवाय"[६२]

## कृष्ण चरित्र

माई देवका आनन्द रहु मनमा, आनन्द रहु मनमा विरहता नलेउ मनमा । रिटक
अघिपूर्व जुनीमा कस्येप अदिति, ताप गरिउ मन चित्तलाई ।
वरदिन आए माई तिम्रो कुटिमा, दर्शन गरिउ चरण समाई । माई देवका....॥१॥
इच्छे गरिन उनले हरिपुत्रलाई, तिन जन्म कवोल गराई ।
तथास्तु वरदान दिए माई मईले, सोही वर पूर्ण हुन जाई । माई देवका....॥२॥
कंश पापी राजाको डर नलेउ मनमा, बाबाजीले गोकुलमा लैजाउ ।
जै जशोदाको कन्या साटीलेउ२, जल्दी जाउ जल्दीगरी आऊ । माई देवका....॥३॥
दुनु वाहु रूपगरी दर्शन दिए हरिले राम, मगन भए देवका माई । दुनु .......
जै जशोदाको उपदेश बताउन लागे राम,निशि बिचमा गकुल जानलाई । माई देवका....॥४॥ [६३]

## ४.२.३. वाणी भजन

भगवानको भक्तिमा रही आदर्शमय तरिकाले गाइने कलालाई वाणी भजन भनिन्छ । यस्ता भजनहरु बिच बिचमा गाइन्छ । मध्यान्तको समय तथा अल्छि लागेको वेला प्रायःयस्ता वाणी भजनहरु गाइन्छ । भजनको बिच बिचमा जान्ने एकजना भक्तिले वाणी गाउने गर्दछन् ।

---

[६२] **ऐजन** ।
[टघ] भीमप्रसाद रिजाल, **पूर्ववत्** ।

## वाणी भजन

अच्युतं केशवं कृष्णदामोदरं जानकी नायकं रामचन्द्रभजे२।
हरे राम हरे राम राम हरे हरे, हरे कृष्ण हरे कृष्ण कृष्ण हरे हरे ।
कस्ले भन्छन् त भगवान आउदैन२, भक्त प्रह्लादले झै बोलाउँदैनन्२ ।
अच्युतं केशवं कृष्णदामोदरं जानकी नायकं रामचन्द्रं भजे२ ।
हरेराम हरे राम राम हरे हरे, हरे कृष्ण हरे कृष्ण कृष्ण हरे हरे२।
कस्ले भन्छन् त भगवान आउँदैनन्, वैरकृत्ले झैँ रुहाउँदैनन्२ ।
अच्युतं केशवं कृष्णदामोदरं जानकी नायकं रामचन्द्रं भजे२ ।
हरेराम हरे राम राम हरे हरे, हरे कृष्ण हरे कृष्ण कृष्ण हरे हरे२।
कस्ले भन्छन् भगवान आउँदैनन्, आमा यसोदाले जस्तै सुताउँदैनन्२ ।
अच्युतं केशवं कृष्णदामोदरं जानकी नायकं रामचन्द्रं भजे२ ।
हरेराम हरे राम राम हरे हरे, हरे कृष्ण हरे कृष्ण कृष्ण हरे हरे२।
कस्ले भन्छन् भगवान आउँदैनन्, सुतजीले जस्तै गाउँदैनन्२ ।
अच्युतं केशवं कृष्णदामोदरं जानकी नायकं रामचन्द्रं भजे२ ।
हरेराम हरे राम राम हरे हरे, हरे कृष्ण हरे कृष्ण कृष्ण हरे हरे२। [64]

## वाणी

रामजीको आरती शंकरजीले गाए हो शंकरजीले गाए, राम औतार शिवजी बताउन लाए ।
कैलास मन्दिरमा सदा शिव थिए२, वामैकाख जगदम्बी पार्वती लिए । कैलास....
बिन्ति गरिन् पार्वतीले जोरिन दुनुवाहु२, सुन्ने इच्छा भयो प्रभु२ रामजीको नाउँ । राम....
रामजीको आरतीलाई सवै राम, हामुकौ वताउ ?
राम औतार लीला सवै राम, रामुको वताउ सुन तिमी पार्वता२ मनचित्त लाए । राम....
पापी भयो रावण्य राम, कुम्भकर्ण भाइ, पापी भयो रावण्य २ ।
कुम्भकर्ण भाइ, विष्णु साथ गए ब्रह्मा २ मराउनलाई, राम......
कवुल गरे प्रभुजीले राम२, रावण मार्नलाई कवुल गरे २ ।
कवुल गरे प्रभुजीले राम रावण मार्नलाई, अयुद्धेमा जन्मे हरि राम नाम पाई२ । राम.....
यता दशरथ राम कौशिला माई , जन्म लिए रामजीले लक्ष्मण भाइ । राम....
सुनि विश्वामित्र राम अयुद्धेमा आए, लङ्कापुरीमा रावण मराउन लाए दुनुभाइ । राम....
घणदासै प्रभु रामको आरती गाउँ, भन्ने सुन्ने सबैलाई परम्पर पाए । राम.... [65]

---

[64] रेमलाल खनाल, पूर्ववत् ।
[65] भीमप्रसाद रिजाल, पूर्ववत् ।

## ४.२.४ निर्गुण भजन

निराकार शक्ति स्वरूप परमात्माको उपासना गर्न रचिएका भजन नै निर्गुण भजन हुन् । यस्ता भजनहरु सार्वकालिक हुन्छन् । यी भजनहरु भजन गाउँदा बिच बिचमा गाइन्छ भने यस्ता भजन प्रायःयज्ञ पचिष्ठा, चौरासी आदिमा गाइन्छन् ।

### निर्गुण

"हरिका चरण चित्त लाउ मन२", "लाउ मन लेउ मन देउ मन२" रिटक
साथकि संगिनी मिली मतो जमाया, हिँड सँगै पानिया भराउँन जाम ।
शिर घैला हात कठताल बाजे, गागरिमा सुर्ता राखेमन । हरिका...
वा द्वारको नाचने आयो, लेककहे कीर्तशो शोक ।
नचने नाचो सोहीनचाबारे, ताल, मृदङ्ग श्रोर्तराखे मन । हरिका ....
आफ्नो ओधन भोरन गौ चलिये, गौवा वन कैसे धाई ।
तृण जो खाये मुख तृण चापये पच्छियैमा श्रोर्त राखे मन । हरिकाः...
तरपोजा बोकिये नरपाउ थकिये, नर परे शिरला थारि ।
राम र नागको ज्ञान बँधाया, प्रभुका चरण देउमन हरिका..... ॥इति॥
बोलो सियावर रामचन्द्रकी जय, पवनसुत हनुमानकी जय,
हे नाथ मन विश्व नारायण रूप भगवान आनन्दका मानिस ।
चौधैं लोक दिशा प्रकाश गरने ब्रह्माण्डका व्यापक ॥
हे नाथ मन नित्य ज्ञान दिने सनातन अरु श्रीशेष आईसिको ।
हाम्रो दण्डवत सदानुकृपया स्वीकार गर्नुस् प्रभो ॥ नारायण....[66]

### निर्गुण

मेरा हरिज्यू ऋतु घुम्दै हृदयमा आउ राम, रिङ्दै घुम्दै हृदयमा आउ । 'हा हरि' रहनी (थेगो)
ब्रह्मा विष्णु शिवले सृष्टि जमाए राम, ए रचना गरे चारवेद ब्रह्मा विष्णु२ ।
संसारमा माया फैलाई मेरा हरिज्यू, वेदरस झिकेर भागवत बनाए राम । मेरा....
पातालमा पाउ तिम्रो पृथ्वी वदार राम, आकाशमा पुग्यो तिम्रो शीर२ ।
नाउँ र ठाउँ वनस्पति रोग न तुमार राम, नशा पुगे नदी तीर ॥२॥ मेरा....
चारै र युगको हृदय तुमारो राम, सकल विशेष तिम्रो रूप चारै२ ।
एक नेत्र शीतल चन्द्रमा तुमारा राम, एक नेत्र उनै रवि धूप ॥३॥ मेरा.....
ब्रह्मा विष्णु शिवको एकै मूर्ति भयो राम, सृष्टि गर्दा तिन मूर्ति होई ब्रह्मा२ ।
सवै जीव प्राणीमा एकै हरि रैहे, अर्को ध्वजा छैन कहिं नाही ॥४॥ मेरा....[67]

---

[टट] रेमलाल पा०८६, **पूर्ववत्** ।
[टठ] भीमप्रसाद रिजाल, **पूर्ववत्** ।

**निर्गुण**

गाउँ साधुभाइ हो भजौं मन चित्तलाई, मन चित्तलाई राम खोजेर नपाई ।
चौरासी योनि चैतन्यको जन्म, गर्भमा नाम भजी जाई ।
दया भयो प्रभुको राहा खोलि दियो, हरि भजन कवोल गराई ॥१॥  साधु ....
हरि भजन भुलेर तनपान करिए, वाला रूप ज्ञान नहि आई ।
जोवान पूर्ण अवस्थामा नारी साथै राम, भुलिए तो विष रस खाई ॥२॥ साधु ....
खानु अखानु गरी धन कमायो, साथ लगी जादैन कोही ।
विना दान पुन्यको धन छैन आफ्नो, संसारमा रहन्छ येही ॥३॥ साधु .....
वृद्ध भई तीर्थवर्त गर्न सकिदैन, उमेरमा सम्झन्न कोही ।
बही हेरी पापीलाई दण्ड दिन्छन यमले, यसले नर्कमा वस्नुपर्छ रोई ॥४॥ साधु .....
सुरदासय प्रभु तमु सौ भजनको, साथ जान्नन् सुत नारी भाइ ।
हरि भजन तीर्थ व्रत यज्ञदान आफ्नो, अन्त्य गति मोक्ष दिनलाई ॥५॥ साधु .....[टड]

**स्वस्थानी**

धन्य देवी स्वस्थानी भगवती माई, मन इच्छे वरदान दिन्छिन् सवैलाई । धन्य.....
हा हाइ भगवती माई । धन्ये देवी.....चहते
अस्नान गर्नु उठेर प्रातकालमाहाँ, पौष शुक्ल पूर्णिमामा वर्त लिनु याहाँ । धन्य.....
वर्त लिनु स्वस्थानीको एक छाक खाई, पूजा गर्नु देवीको मनचित्त लाई । धन्य......
शिवलिङ्ग थापनु मध्ये दिनमाहाँ, पूजा गरी देवीको पर्नु पाउँ माहाँ । धन्य.......
इष्टमित्र दाजुभाइ निम्ता दिनु ताहाँ, पूजा गरी कथाहा सुन्नु निसी माहाँ । धन्य ...
स्वस्थानीको किताब लिनु हातमाहाँ, भेटिराखी पाउँमा ढोगीदिनु त्याहाँ । धन्य .....
मैना दिन सम्म नियम गर्नु ताहाँ, पूजा गर्नु समाप्ती माघे पूर्णीमाहाँ । धन्य .......
हरिवोल हरिवोल .......जय जय हो, जय जय हो । रिटक [टढ]

## ४.२.५ भिमलु भजन

भजन गाएर छोड्ने बेला प्राय:बिहानी पखको समयमा भिमलु भजन गाउने चलन रहेको छ । भजन गाउँदा गाउँदै सुतेका वा निदाएकालाई उठाएर दैलो पोत्न लगाई भिमलु भजन गाइन्छ । भिमलु भजन गाइसके पछि प्राय:भजनको अन्त्य गरिन्छ ।

**भिमलु**

बाँसुरी बजाउ यदुवीर, मुरली बजाउ यदुवीर । बाँसुरी बजाउ.....

---

[टड] होमाकान्त पोखेल, **पूर्ववत्** ।
[टढ] चुडामणि मरासिनी, **पूर्ववत्** ।

रञ्जन खेल जसोदानारायण । मुरली बजाउ यदुवीर । बाँसुरी बजाउ यदुवीर....
गाय पिताम्बर तिलक अति सोहये, सुन्दरही श्याम शरिर । जसोदा नारायण ।
शङ्ख चक्र गदा पद्म सारङ्ग सोहये, मुकुट सोहये तनका शीर । जसोदा नारायण ।
एकु हात शङ्ख लिए कुहात मुरेली, मुरेली बाँसुरी आधार । जसोदा नारायण......
एकुमा म्यूल गरे जसोदा माई, बालखुला बन्धन लगाई । जसोदा नारायण.....
मोहनका मोह परिन जसोदा माई, बालखुला बन्धन चिताई जसोदा नारायण....
बन्धन खोजी खोजी गाँसन लागिन्, जति गाँस्यो धरि हुन जाई । जसोदा नारायण.....
थकित भईन जसोदा पसिना बुहाइन, कृपा भयो बन्धन हुनलाई । जसोदा नारायण....
जगतला भईन पार्ने मोहन बाला, हाम्रो मोह ग्रन्थी फूकाई देउ । जसोदा नारायण.....
राधे श्याम२, श्याम२, राधे२, राधे कृष्ण२, कृष्ण२, राधे२, बोलो कृष्ण भगवानको जय ।[70]

## भिमलु

मन मेरा नाम, हरि हो भिमलु भयौ रामतिर रिटक ।
मन मेरा नाम, हरि हो भिमलु भयौ रामतिर ।
मास आसारकी वरत एकादशी, गोवालेनी रहे जलनीर ।
जय जमुनाको तीरमा वछिया चरावै, लङ्गुर र हमोजात अहेर ।
अघिदिजन पछि कुछर नाही देखेउ, वस्तरु धराई ल्यौमैतिर ल्यौमैतिर ।
कदम उपरमा श्री कृष्ण जो हाँसे, हरि ॐ फेरी ता पसे जलनीर ।
हरि कति तिम्रा पार पिताम्बर हैये मन मेरा राम, कति तिम्रा मती मकाहार ।
साथमा चलनी सवै ग्वालेनी नारी, विन्ती करो यरदार मन मेरा राम ।
हरि हो गोकुल रमाउनिन वछिया हमारी, मधुवन रमाउनिन गाई मन मेरा राम ।
वहुत विलमे भया होरे वाला, कंशले रिस रियाई मन मेरा राम ।
बरत एकादसी रानीले उपासीन तिज, जै जमुनाका निरतिर वछिया चरावै ।
मुरली बजाऊ रघुवीर मन मेरा राम भिमलु [71]

## ४.२.६. चुड्का भजन

भजन गाउँदा बिच बिचमा मनोरञ्जनका लागि गाइने भजन नै चुड्का भजन हो । यो भजन वाणी जस्तै हुन्छ । जान्ने भक्ति वा समूहद्धारा चुड्का भजन गाइन्छ । चुड्का भजनले सुतेका मानिसलाई पनि जागा वनाउँछ । चुड्का गाई मनोरञ्जन गर्ने पनि गरिन्छ ।

## चुड्का

---

ठण रेमलाल पा०ड्े, **पूर्ववत्** ।
ठञ होमाकान्त पोख्रेल, **पूर्ववत्** ।

देख्तो चोर्ते तेरे काना तैतो चोर्ते हाम्रा सारी, चोर्ते तेरे काना तैंतो मोहनी रूप धारी ।

मोहनी रूप धारी तैतो चोर्ते हाम्रा सारी, गौवा दोर्‍यो सोधनी गर्‍यो ।

जोस निकाल्यो मटुला फिड्कर मखान चोरी, खायो दिन राती२ ।

कदमका रुख उपर वस्त्र लुकायो २, वस्त्र छैन केले साथ यहाँ पाए ।

चोर्ते तेरे काना तैतो चोर्ते हाम्रा सारी२, चोर्ते हाम्रा सारी तैंतो मोहनी रूप धारी २ ।

कंशै राजाका राजाको मारी, हंसै हंसा वाप्का वेटी२, पुलिस खानमे पकडिकी लैजाउ२ वंशै तेरो मेटी ।

चोर्ते तेरे काना तैतो चोर्ते हाम्रा सारी२, चोर्ते....।

मैवालाको माया बाध्न छोटा बहुतै कप्ती तोरी,

माया बाध्न तै बालाको रोरा बहुतै कप्ती तोरी ।

छोटी तुलसी सासी वनाइचौ२, अब आयौ हाम्रा पति छोडिडे । चोर्ते तेरे......।[७२]

## ४.२.७ कीर्तन भजन

भजन गाउँदा गाउँदै वा भजनको अन्त्यमा कीर्तन भजन गाइन्छ । यस्ता भजन छोटा र चाख लाग्दा हुन्छन् । कहिले कहिले भजन बाहिर रहेर पनि यस्ता कीर्तन गाइन्छन् । कीर्तनलाई चहटेका रूपमा लगी नाच्ने, गाउने, बजाउने, मानिसको अल्छि भगाउने र भजन गाउँन प्रेरित गर्ने गरिन्छ ।

### कीर्तन

हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे । कलौ केशव कीर्तनात् । श्रद्धा भक्ति समन्वित ।

ॐ नमो भगवते वासुदेवाय, वासुदेवाय वासुदेवाय, ॐ नमो भगवते वासुदेवाय ।

चुड्किला (चहते)

खोई वाटो खनेको, स्वर्ग जाउँला भनेको । खोई वाटो खनेको......

भक्ति भावनाले, स्वर्ग जान सजिलो । राम राम हरि

जाउँला वैकुण्ठमा, नाच्दै र गाउँदै बजाउँदै । जाउँला वैकुण्ठमा .....

कैलाशमा शिवजी, अयोध्यामा राम । कैलाशमा शिवजी.......

म अर्घाखाँचीको बैनी गुल्मी जिल्लाकी माया लाउन मिल्लाकी ।

ठुलो धोका थियो भिरमा पर्खाल चिन्नलाई, मायासित हिँड्नलाई ।

धोका पुर्‍याई दिम्ला भिरमा पर्खाल चिन्नेलाई, मायासित हिँड्नेलाई ।

महिला – पर बारी गौ छर, माया लाउने मन छ र ।

पुरुष – उँधै पाइपरेको उँधै काफल पाकेको, फुलमायाले डाकेको ।

महिला – भेट हुँदो हो कि बेसी मकै छरेता, आउने जाने गरेता ।

पुरुष – यानुमाया यानुमाया बाखरी खोर, यानुमाया यानुमाया हो ......

---

[७२] भीमप्रसाद रिजाल, **पूर्ववत्** ।

ऋचक – माया लाउने मन छ भने यानुमायालाई सोध यानुमाया यानुमायाँ ......

आउबस परी चरी भए क्या राम्रो सुन परी, आउबस परी......

सुनको खेत बैनीला गैरी खेत मला, राम राम हरि ।

उँधै सललल लौरी पनि म पनि, राम राम हरि ।

मलाई बगाउलाकी फुल बगाउने नदीले , राम राम हरि ।

चाँचल मिलाउ खैजडी, झम्कन लाए मजुरा ।

दाइलाई भोटो पनेला, मलाई ठुटो चोलो ।

फूलको माला द्यौतालाई, पुण्य कर्तालाई ।

स्वर्ग जाने बाटो, न ढुङ्गो न माटो, राम राम हरि ।

लाउन माया लाउने भा, कैले कैले आउने भा ।

**वामरी**

छैन वरिपरि कहाँ बसायो वामरी, छैन भन्छौ वामरी लाइद्यौ कपाल कोरी ।

खै कपाल कोरेको वामरी फूल लाउने भा ।

आउँदैन हरी मनमा पिर नपरी, जिन्दगी भरीलाई सम्झ हरिलाई ।

पु. लाउँ माया लाइन्छ, जिन्दगी चाहिन्छ ।

म. अब केही गरिन्छ, जिन्दगी भरिन्छ ।

पु. नहिन रोएर, पाप जान्छ धोएर ।

म. खोइ बाटो खनेर, पाप जान्न धोएर ।[73]

## ४.२.८ सवाई भजन

भजन गाउँदा बिच बिचमा एकजना जान्ने भक्तिले मार्मिकताका साथ सवाई गाउँने गर्दछन् । सवाईले भजनलाई रोचकता थपेको हुन्छ ।

### सासू वुहारीको झगडाको सवाई

सुनसुन पाँच हो मै केही भन्छु । सासूको र बुहारीको सवाई कहन्छु ॥

सासू भन्ने बुहारी बुहारी भन्ने जीउ । तखतामा राखेको कल्ले खायो घीउ ॥

सिरानिला खोल छैन सिरकला पल्ला । बुहारीला गाली गर्दा सासूको नाम कत्ति चल्ला ॥

सबै ढोका बन गर्छु मूल ढोका खोल्छु । अब देखि गाली गरिस भने तेरो मुख पोल्छु ॥[74]

### गीद्धको र मुसाको सवाई

टपटप चैया फुली गयो पैंया२, नेताको धागो सर्कन लायो,

ऐरा गयें मूसो लिऐं, मूसो मैले गिद्धलाई दिऐं,

---

[73] होमाकान्त पोखेल, **पूर्ववत्** ।

[74] प्रेम बहादुर विक, **पूर्ववत्**, हेरौं परिशिष्ट 'घ' को ६ मा दिएको नाम अनुसार ।

गिद्धले मला प्वाँख दियो, प्वाँख मैले आरनमा हालें,
आरनबाट सियो झिकें, सियो मैले सुजिदाइलाई दिऐं,
सुजीदाइले मला टोपी दियो, टोपी मैले गोठालदाइलाई दिऐं,
गोठालदाइले मला हँसिया दियो, हँसिया मैले रुखलाई दिऐं,
रुखले मला घाँस दियो, घाँस मैले कालुगाईलाई दिऐं,
कालुगाईले मला दुदु दियो, दुदु मैले रहमा हालें,
रहबाट सहर निकालें सहर मैले घोडाला दिऐं,
घोडो गयो मिरैमिर, म गएँ तिरैतिर,
सानिमाको हात कर्कलाको पात । [७५]

## भक्तिको सवाई

सुनसुन पाँच हो म केही भन्छु । निरगुणका रसको सवाई कहन्छु ॥
ज्ञानी भक्ति जनले भन भनि भन्छु । निरगुणका रसको सवाई कहन्छु ॥
तीर्थव्रत ज्ञानपुन्य मनमा गुन्नु । यो नयाँ सवाई चित्त लाई सुन्नु ॥
धर्म गर्ने भक्ति संसारदेखि तर्छन् । पापी र अधर्मी नरकमा पर्छन् ॥
ॠतुकाल आएपछि ॠतु हुन्छन नारी । स्वामीसाथ बिजलिन आशा गर्छन धारी ॥
संजोग पर्दा रजबीज मिल्न जान्छ ताहाँ । वादलसरि भित्र पनि हुन्छ आपस माहा ॥
केही दिनमा वावु पछि दुवै खोजी दिन्छ । रजबीज मिले पछि अर्कै रूप लिन्छ ॥
पक्षधरमा वयरजस्तो गेडा हुन जान्छ । आफू खान्छ माथि माथि दुवैलाई तान्छ ॥
मैना दिनमा पिण्डजस्तो रूप बन्न जाई । भित्र बल गर्छ ताहाँ ठाउँ रोक्नलाई ॥
जाप सरि हुन जान्छ जिवरूपी तारा । पञ्चतत्व शरीर मिली शरीर बन्छ सारा ॥
जे जे खान्छे आमा ताहाँ सोही रस खान्छ ॥ सोही रस खाई खाई शरिर बढ्न जान्छ ।
तितो पिरो खुट्टा तातो खोजी खोजी खान्छन् । गर्भमा बालखले अति दुःख पाउन्छन् ॥
नर्कवासको दुःख भन्दा गर्भवासमा हुन्छ । सास फेर्न नभएर धुरुधुरु रुन्छ ॥
करदेखि ईश्वरको गर्न लाग्छ ध्यान । भजन गर्ने कवोल गरी बाटो खोज्छ जान ॥
धेरै पछि ईश्वरले विन्ती सुनि लिन्छन् । मेरो भक्ति लिएस भनि राहा खोलि दिन्छन् ॥
निक्ली जाँदो बालकला अति दुःख पर्छ । दुनुबाहु करजोरी मृत्युमण्डल झर्छ ॥
कहाँ कहाँ थिये कहाँ कहाँ आयें अभिजन रुन्छ । बालक भन्ने माया मात्र हुन मायाका हुन झोली ॥
यसै गरी बालक जोबान जब विति हाल्छ । जोवानपूर्ण अवस्थामा अयस गर्न थाल्छ ॥
जोवान भन्ने अबस्था हो मनुष्येको जस्तो, केही कुरा नदेखिने मुर्ख पुरुष जस्तो ॥
परनारी मगन पार्ने जोबान राम्रोदेखि । पाप गरी झुट बोल्छन् मनमा लिन्छन् शेखी ॥
छलवाजी कपट खोजी खोजी गर्छन् । पराइको झुटो धन अनायकमा हर्छन् ॥

---

[७५] **ऐजन ।**

यस्तै कर्म गर्दा गर्दै वृद्ध पनि हुन्छ । सासफेर्न नभएर धुरुधुरु रुन्छ ॥
आफ्नो सिगान आफै खाइ बुढो भइ आउछ । जानिनछु मैले भने पछि पछि ल्याउँछ ॥
नाना  वेदी शरीरमा लागि पनि हाल्छ । आफ्नै बन्धुभाइ सबै सबले हेला गर्छन् ॥
धन जन सम्पत्ती त मरी के लानु । नाङ्गै जन्मी नाङ्गै लानु आखिर के छ लानु ॥
लाख पनि भए पनि साथ केही जान्न । पाप धर्म देखि अरु केही पनि लान्न ॥
नजरको पानी सुकि सुकि हाल्छ वाल । हर वखत वग्छ सिगान मुखबाट रात ॥
को हुन् माता को हुन् पिता को हुन् बन्धुभाइ । एक्लै दण्ड खानुपर्छ जेमपुरी जाई ॥
आफ्नू स्वास्नी भाइबन्धु केही छैन आफ्नो । कस्का साथ कोही जान्छ यसको बिचार राख्न ॥
यो सवाई बनाउने घणहरिदास । भन्ने सुन्ने सबैलाई वैकुण्ठको वास ॥ हरि

## सवाई

श्रीगुरु गणपति वाणि बुद्धिका दाता । सिद्धि विनायक धन्य विधाता ।
दुनुकर जोरी सेवा लगाउँ । यो छन्द सवही मुलूक फिजाउँ ।
पाप र पुण्यको महिमा गाउँ । सुक्ष्म विस्तारले मुलूक फिराउँ ।
जलाशयमा विष्णु रहेथे । नाभि कमलमा ब्रह्मा भयेथे ।
सात समुद्रले पृथिवी भरेको । तीन भूवनमा तलाउ परेको ।
स्वर्ग मर्त्य पाताल एक मर्त्य याहाँ । मधुकैटभ उत्पन्न भयो जब याहाँ ।
मध्य तलाउको गृत्य बनायो, पुष्पकमलमा तपस्या लायो ।
जो संसारको महावीर थियो, विष्णु सुमिरन मनमा लिए ।
पञ्च वर्ष ब्रह्माले समाधी लगाए । गरुडमा सवार भई विष्णु त्यही आए ।
विष थियो कालिकोटमा शिवजीले लिए । हिमालय खण्डमा शयन गर्न लाए ।
लक्ष्मीका मर्म सबै पचेए । अमृतका छलले दैत्य मर्त्ये ।
सुदर्शन चक्रको शक्ति बढेको । राहुको शीरच्छेदन गरेको ।
यस्ता बडा कठिनले पृथ्वी पाए । स्वर्गमय पातालको खण्ड लगाए ।
सत्य त्रेता द्वापर कलियुग चार । तिथि नक्षत्र वने सातवार ।
देवगण जम्मा भई सव यही भयो । पापी र पाखण्डीका बिचार गर्न लायो ।
पृथिवीमा फिर्दछन् द्वादश महिना । दिन घुमाउदछन् कालको ऐना ।
अल्प आयु जुग प्रमाणको भोग गर्चन । पापी र पाखण्डी नरकमा पर्चन् ।
के लिइ आउछ के लिइ जान्छ । दैवको लीलाको बुझी जान्छ ।
स्वर्ग र नरक सबै लेखाउछन् । ज्ञानी भक्त मर्दा खेरी विष्णुदुत आउछन् ।
हास्दै खेल्दै वैकुण्ठमा लान्छन् । विष्णुलाई महल मिल्छ खानु अमृत मेल ।
रात दिन ईश्वरको गर्नु मिल्छ सेवा । अरु चिज बीज भनि सकिदैन ।
वैकुण्ठमा आएजस्तो अन्त पाइदैन । पाप पुण्य गरेको त रवि शशि देख्छन् ।

चित्रगुप्त बसेर वहीमा लेख्छन् । पापीलाई जेमका दुतले छेक्दछन् ।

रगतका तलाउमा रास खटाउँछन् । कुम्भिपाक नरकमा हालि पठाउँचन् ।

फेरीफेरी जन्म चौरासीमा झार्चन् । अनेक तरहका दुत पनि दुत पनि आउँचन् । लालजयकेश उग्रमुख भएका । सिंहका रूप झै रूप भएका ।

कतिकन सम्पत्ति कतिकन नास्ति । पापीलाई दिन्छन् बारम्बार सास्ती ।

चिन्दैनन् दुनिया यमको मामलो । पापीलाई लाउँछन् फलामको साङ्लो ।

ठाउँठाउँ पयङ्गिनी बाधि टोलाउँछन् । हातमा गङ्ग लिएर यमराज आउँछन् ।

काटकाट भनेरत दुतमार्फत अह्राउँछन् । काटेका ठाउँमा नुन चुक लाउँछन् ।

यसैगरी पापीको हुर्मत लिन्चन । धर्म चिन्दैन पाप चिनाउँचौ ।

अकार्थैमा जन्म बिताउछौं । काल छ धेरै जिउनु छ थोरै । बिच बिच यमका आर छन धेरै ।

बुझ्नु बुझाउनु सबैकन पर्छ । कार्य विशेषको राहदानी गर्छ ।

मट्टीको मूर्ति त पवनको छानु । निश्चय पर्छ यमलोक जानु ।

के लिइ आउँच के लिइ जान्च । पुरानो जयघ्र अग्निले खान्च ।

धर्म कर्म राख्नु मनैमा । क्षत्रीको मुक्ति हुन्च रणैमा ।

वेदपाठ ध्वनि होम यज्ञजाहाँ । ब्राह्मणको मुक्ति रहला ताहाँ ।

परोपकारी अल्पाहारी । मुक्तिका बलले तरिन्छ पारी ।

धर्मको विरुवा गुप्तिले रहन्छ । पापीको महिमा फेरी कहिन्छ ।

अल्प बुद्धिले नजिकै देखाउँच । दिनहु कमाइ विधाताले लेखाउँच ।

यो सनिसारमा चाकरी पिदोछ । मट्टीको मूर्ति छिनमा गिर्दाउच ।

झुटा कुरा गर्ने नभएको बोल्ने । अर्काको सम्पत्ति घर गई मोल्ने ।

स्वर्गका पितृला नरकमा झारने । ठाडा कुरा गर्ने गुरुसित लड्ने ।

अर्काको निन्दा कन्सुली गर्ने । अपहत्ये अजातमा सर्ने ।

ब्राह्मणलाई दिएको दातव्य हर्ने । कन्या दुरही गर्ने मित्र दुरही गर्ने ।

बाङ्गो तुलो जोख्ने, कोल्टे पाथी भर्ने । वनैकन भन्नु चौरासिमा पर्ने ।

नुन हरने ऋण पचाउने । अर्काको ज्यान धन देश लगाउने ।

उल्टा मतिमा दुनिया फिर्छ । दुष्ट स्वभावले नरकमा गिर्छ ।

पापी पुरुषले देख्दैन राहा । मोरुलता भन्ने पुग्दैन थाहा ।

मास वैशाख पञ्चामीयुक्त । यो कवि कथाहा भए सम्म युक्त ।[76]

---

[76] मुमलाल पाण्डे, वर्ष ७६, अर्घाखाँची मरेङ्ग ८ देउराली, २०६९/१०/११ गते बिहिवार हेरौं परिशिष्ट 'घ' को ७ मा दिएको नाम अनुसार ।

### ४.२.९ पुष्पाञ्जली

भजन गाउँदा अन्त्यमा टुटफुट भएका सम्पूर्णको सारमानी स्तोत्रहरुका माध्यमले एक जना जान्ने भक्ति वा पण्डितले भन्दछन् । अरू दर्शकहरुले हातमा फूल लिन्छन् । अनि भगवानको नाम लिई यसको अन्त्य गरिन्छ । भजन गर्दा (धार्मिक गीत गाउँदा) चरित्र, आरतीहरू नभ्याईएको खण्डमा भजन पुरा गर्न सम्बन्धित रामायण चरित्रहरूको संक्षिप्त श्लोकहरूद्वारा पुष्पाञ्जली मार्फत पुरा गर्ने गरिन्छ ।

**पशुपतिनाथ**

हे शम्भु शिवपार्वती प्रकृतिका यो विश्व सर्वाङ्गका,
प्यारा श्रीहरिका र प्राणीसवका आत्मा जगतका पिता ।
हातैमा डमरु त्रिसूल र अनि बाघाम्बरैको धरी,
यस्ता शम्भु पशुपति धरणिको रक्षा गरून हर घरी ॥

**हरि**

पैले मङ्गलमा छ नित्य पथको ज्योर्तिमयै रूपका,
यस्ता हुन हरिका र पुण्यफलको गर्छन स्तुति वेदले ।
दिब्यैलाई छ प्रकाश गरने ज्योतिमयै रूपले,
यस्ता पुष्प र अनन्त वेद पथ छन् रक्षा गरून हर घरी ॥

**नारायण**

यस्ता कारणले विरङ्ग कलिको रावणजीका पापहरू,
रच्दै सृष्टि र अन्य भयले नारद विभिषणहरू ।
हे शम्भु धरि भर गया वरिपरि आफै यो सृष्टि गरी,
यसता रित सित भज्नु भक्त जनले दिनदिन नारायण हरि ॥
प्रभु तिनदेखि काम, कस्ता हुँदा भए ती बालक मूर्ति राम ।
भाँचे धनुउकुसमा न त राम हिँडेर के चल्दथ्यो हरि लेख्न सुधा भएर ॥ नारायण....
आयु छिन्न हुँदैछ रात दिउँसो हप्ता र मैना बनी ।
थाहै हुन्न अनेक काम रहँदा मैना बितेको पनि ॥ [७७]

### ४.२.१० जयकार

भजन गर्दा पुष्पाञ्जली गरी सकेपछि भगवानको नाम लिइ जयकार गरिन्छ । यसरी जयकार गरी सके पछि भजनको अन्त्य भएको जानकारी हुन्छ र फूल प्रसाद खाई विदा हुने चलन रहेको छ ।

---

[७७] रेमलाल पा०८६, **पूर्ववत्** ।

**जयकार**

एकवार वोलो गणपत्यादि पाञ्चायन देवताहरूको जय, विनायकादि पञ्चलोक पालहरूको जय,सूर्यादिनवग्रहहरूको जय, इन्द्रादिदेवीदेवताहरूको जय, अग्न्यादिप्रत्यादिदेवताहरूको जय, इन्द्रादिदशदिक्पालहरूको जय, ध्रुवाद्यष्ट वसूहरूको जय, धात्रादि द्वादशादित्यहरूको जय,वीरभद्रादि दश रुद्रहरूको जय, गौर्‍यादिषोडषमातृहरूको जय, आवाहादिसप्तमरुहरूको जय, विनायकव्रह्मविष्णुरुद्रार्कवनस्पतीहरूको जय, ग्रामदेवताको जय, इष्टदेवताको जय, पितृदेवताको जय, कुरुक्षेत्रको जय, चारवेदको जय, अष्टादशपुराणको जय, गणेशपाञ्चायतनको जय, दुर्गापाञ्चायतनको जय, रामपाञ्चायतनको जय, शिवपाञ्चायतनको जय, कीर्तन मण्डलीको जय, कर्तावक्ताश्रोताहरूको जय, पुण्यभूमिको जय, सनातन धर्मको जय, गुरुदेवको जय, लक्ष्मिनारायण भगवानको जय । सियावर रामचन्द्र भगवानको जय, पवनसूत हनुमानको जय, कृष्णचन्द्र भगवानको जय, श्याम सदा शिव भगवानको जय, सूर्यनारायण भगवानको जय, नेपाल जननीको जय, सत्य सनातन धर्मको जय ।[78]

## ४.३ संस्कार गीत

मानिसका जन्मदेखि मृत्यु पर्यन्त सोह्र संस्कार कर्महरु विभिन्न सांस्कारिक अनुष्ठानका अवसरमा गाइने गीतलाई संस्कार गीत भनिन्छ । यहाँ मागल/सगुन र रत्यौली/जिउँती गीतलाई यहाँ क्रमश राखिएको छ । यी गीतहरुले एकातिर संस्कार संस्कृतिलाई जोगाई राख्न मद्दत पुर्‍याएका छन् भने अर्कातिर मानिसलाई सु-संस्कृत बनाएका छन् ।

### ४.३.१ मागल गीत (भलाये सगुनाये)

मागलगीत गाउँदा वाद्यवादनको प्रयोग गरिदैन । महिलाहरूले समूहमा बसेर गीत गाउँछन् तर बाहिर सक्नेले पञ्चेबाजाको पनि व्यवस्था गरेका हुन्छन् । यो गीत वर, वधु दुबै पक्षबाट गाइने गीत हो । मागलगीत लोप हुने अवस्थामा छ । मागलगीत विवाह, बर्तबन्धमा गाउने गरिन्छ । सबै भन्दा पहिला विवाहका अघिल्ला दिन कसार बटार्दा निम्न सगुनहरू(माल) गाइन्छ ।

### १. भलाये सगुनाये

भोलाए सुगनाये यिनै सगुन मेरो बालै लगनैका हुन् ।
ब्रह्मा विष्णु महेश्वर तिम्लाइ आयो शिरै निम्ता,
आवो आवो२ भगवान हाम्रै गृह्य, तिमी नभै हुने छैन शुभ विवाह ।
आकाशैका सूर्ये चन्द्र तिम्लाई आयो शिरै निम्ता ,
आवो आवो२ भगवान हाम्रै गृह्य हो, तिमी नभै हुने छैन शुभ विवाह ।
यहीकेर कुलदेव२ तिम्लाइ आयो शिरै निम्ता,

[78] ऐजन ।

आवो आवो२ भगवान हाम्रै गृह्य हो, तिमी नभै हुने छैन शुभ विवाह ।

यही केर सिमेभ्रुमे तिम्लाई आयो शिरै निम्ता,

आवो आवो२ भगवान हाम्रै गृह्य हो, तिमी नभै हुने छैन शुभ विवाह ।

पातालैका वासुदेव, पातालैका वासुनाग तिम्लाई आयो शिरै निम्ता,

आवो आवो२ भगवान हाम्रै गृह्य हो, तिमी नभै हुने छैन शुभ विवाह ।

**विवाह**

सबैभन्दा पहिला गुरुलाई निम्ता गरीने उक्त फागु यस प्रकार छ ।

आफ्र भन्ने गाउँ गुरुभन्ने नाउँ, जाउन सुबै जाउन साबै निम्ती बोलाई ल्याउ ।

आवो आवो वरामण हाम्रै गृह्य हो, तिमी नभै हुने छैन शुभै विहा हो ।

यसैगरी निम्ता भनेर आफ्ना गाउँघरका दिदीबहिनी, दाजुभाई, भाञ्जभाञ्जी र आफन्तहरू सबैलाई बोलाईन्छ ।

**जन्ती पर्सने बेलामा यसरी मङ्गल गान गाइन्छ :–**
**भलाये सगुनाये**

कस्ता आये भत्खरु त कस्ता आये वर, पर्साइदेउन मेरा बाबा पर्साइदेउन ।

बालुकन्ये कुमारैला पर्साइदेउन, पुजाइदेउन मेरा बाबा पुजाइदेउन ।

शिरैबाट पाउसम्म पुजाईदेउन, सूर्य चन्द्र साक्षी राखी पुजाईदेउन ।

पुजाइ देउन मेरा बाबा पुजाइदेउन, दियोकलश साक्षी राखि पुजाइदेउन ।

बरामण साक्षी राखी पुजाइदेउन, पुजाइदेउन मेरा बाला बालुकन्ये कुमारैला । भनी सबैलाई साक्षिराख्नुपर्छ । यसै गरी दियो कलश जस्तै सूर्यचन्द्र र शिरैदेखि पाउसम्म क्रमैसित पर्सिदै जानुपर्छ । यही भाकामा भन्दै जाने......

**बुहारी भित्र्याउँदा निम्न मंङ्गल गान गाइन्छ ।**

काली र माली बाट याँउदा विहा गरी ल्याए, छट छट नन्द नानी जान्छु भँडार ।
बाबा मेरै आमा मेरै दिन्न भँडार ।
पसर भरी रूपैया त थाप ननदु, छट छट नन्द नानी जान्छु भँडार ।[79]

## ४.३.२ रत्यौली (जीउँती)

विवाह गर्दा जब जन्तिहरू दुलही लिन जान्छन् । दुलाहाका घरमा आइमाइहरू मात्र भएर, पुरुषहरूलाई बाहेक गरेर रत्यौली (जिउँती) गीत गाउन थाल्छन् । यस्ता गीतहरू गाउँदा “अरे भैया”, “बरिलै”, “मेरा बाँदुरै” जस्ता थेगोहरू जोडेर गीत दोहोऱ्याइन्छ । सुरु सुरुमा माङ्गलिक र धार्मिक गीतहरू पनि गाइन्छ ।

**सुरुमा मङ्गल भावनाका गीत यस प्रकार छन् :–**

पढ्निता भन्चन् पढ्निता भन्च्न बनारसमा पढेर, “अरे भैया” बनारसमा अरे भैया रिटक

---

[७९] मीना आचार्य र अन्य साथीहरु, हेरौं परिशिष्ट ‘घ’ को ८ मा दिएको नामावली अनुसार ।

हामरा बाला श्रीकृष्ण जस्ता गए डोली चढेर, “अरे भैया” गए डोली चढेर अरे । रिटक

ल्याउँचन् डोली भोरेर, ल्याउँचन डोली भोरेर, “अरे भैया” ल्याउँचन् डोली भोरेर । रिटक

**आखिरि यस्ता गीतहरू धर्म प्राप्ति र मनोरञ्जन भए पनि यी गीतले सामाजिक रीतिरिवाज-दाइजोप्रथाको तडकभडक, नारीले पाएका शोषण पनि उजागर गरेका छन् ।**

मानाभरि सिन्दूर लैजाउ मेरा भाइ, अरे भैया लैजाउ मेरा भाइ । रिटक

मानाभरि सिन्दूर लैजाउ मेरा बाला, अरे भैया लैजाउ मेरा बाला । रिटक

पाथिभरि गहना लैजाउ मेरा भाइ, कति रैच अभागेनी भन्छन बरिलै । रिटक

बाक्साभरि कपडा लैजाउ मेरा भाइ, कति रैच निर्धनी भन्छन् बरिलै । रिटक

लगनको टपरी गौदानको गाई, यतिबेला दुलहीले सिन्दूर लाउनलाई । रिटक

कस्ता ल्यायौ ससुरा कस्तो ल्यायौ घर, बाबा जस्ता ससुरा दरबारजस्तो घर । रिटक

त्रिपासा सरर भैमा झरर, केटी माग्नी कलिया अँघि सरर । रिटक

कस्ती ल्यायो सासू कस्तो ल्यायौ घर, आमा जस्ती सासू दरवारजस्तो घर ।

कत्तिको इजेती होला, सोफा दाइजो देला कि नदेला । रिटक

कत्तिको इजेती होला, दराज दाइजो देला कि नदेला । रिटक

कत्तिको इजेती होला, रोंचे दाइजो देला कि नदेला । रिटक ॥ आदि॥

हाम्रो भाई कहाँ पुग्यो होला, यति बेला ओडायो दोसल्ला । रिटक

भरेता बुहारी आउँछे, सासूलाई बोकेर डुलाउँछे । रिटक

बोकेर डुलाउने कुन्थियो, रुखो वचन नलाए हुन्थियो ।

**अनेकथरी हाँस्य व्यङ्ग्य**

दुलाहाका घर पोरी रातो भाले फर्फर, दुलाहाकी आमाला पोइल जाने सर्खर ॥ रिटक

थालैभरी अक्षता हेर्छ धामिले, लए पनि लान दे क्यारम् हामीले । रिटक

दुलाहाकि आमाला लयो कामीले, लए पनि लान दे क्यारम् हामीले । रिटक

जेते पाते खानेकुरा खान्न रोगीले, दुलाहाकी दिदीला लयो जोगिले । रिटक

**सन्तान जन्मिए पनि छोरो नजन्मिएमा अपहेलित हुनुपर्ने र महिला निःसन्तान बनी भने थारी/बाँझी भन्ने र क्षमताभन्दा बढी बलका कामहरू गर्नु पर्ने कुरा यसरी व्यक्त गर्दछन् ।**

ऐया नि बोइ थारि बाँझि भन्दथ्यौ, ऐया नि बोइ दुबै मैना लाए है । रिटक

ऐया नि बोइ थारि बाँझि भन्दथ्यौ, ऐया नि बोइ ऐले मला छोरै हो । रिटक

ऐया नि बोइ सातबोरा बोकाउँथ्यौ, ऐया नि बोइ दाइने कोखो सपक्कै । रिटक

ऐया नि बोइ एक महिना दुई महिना लागे, ऐया नि बोइ थारि बाँझि भन्दथ्यौ । रिटक

ऐया नि बोइ उकाली ओराली गराउँथ्यौ, ऐया नि बोइ दाब्रे कोखो सपक्क । रिटक

ऐया नि बोइ अहिले ता मता रहेँचु, ऐया नि बोइ थारि बाँझि भन्दथ्यौ । रिटक

ऐया नि बोइ मूरी मकै पिसाउँथिउ,ऐया नि बोइ सात महिना पुगि आठमैना लाए है । रिटक
ऐया नि बोइ खोरको खसी मला हो, ऐया नि बोइ हापको घिउ मला हो । रिटक
ऐया नि बोइ हर्पेको तेल मला हो, ऐया नि बोइ खुट्टा मेरा पल्टे है । रिटक
ऐया नि बोइ तल्ला घरका जेठाजू, ऐया नि बोइ हाम्रा घरका लोफन्दास । रिटक
ऐया नि बोइ बटौलिमा जान्थे कि, ऐया नि बोइ जिरो मसला ल्याउथे कि । रिटक
ऐया नि बोइ छिटो छिटो आउनु है, ऐया नि बोइ तामाको ताउली गन्याउँन्छ । रिटक
ऐया नि बोइ काँसको कसौंडी ल्याइदिए है,ऐया नि बोइ नौमहिना पुगी दश मैना लाए ।
ऐया नि बोइ ज्वानो पनि ल्याइदिए है, ऐया नि बोइ ऐले मला छोरै हो । रिटक
दिन ओढ्ने कम्मलुता राती ओढ्ने खोल, अरे भोइया राती ओढ्ने खोल .....। रिटक
छोरी पाउनी जाबीलाई टिमुरको झोल, अरे भोइया टिमुरको झोल ...... । रिटक
छोरी पाइस क्याच्च अरे भोईया ....... । रिटक
बाटामुनि बाटामाथि कालो चुयेत्रो मेरा बाँदुरै । रिटक
हाम्रा भाइको विहा भयो कत्रो कत्रो लाम्ला भन्थे 'जाबो मुयेत्रो'
मेरा बहादुरै जाबो मुयेत्रो । रिटक
त्रिपासा सरर भैमा झरर, मेरा बाँदुरै भैमा झरर । रिटक
पारिबाट झल्लाभिरे आयो बरिलै, म जानी छैन बाबा बरिलै । रिटक
तिम्ला देखी आएँ मता जान्छिउ कि नाई ? झल्ला भिरे जोगिसित जान्न मता नाई । रिटक
चाँवलु लाए घुन अरे भैया । रिटक
घोडामा चढेर कम्मरै कँसेर चिटिक्क जिएर विहागर्न जानी कसका बाला हुन् अरे भैया कसका बाला हुन् ? रिटक
भरियै कँसेर नदियै तरेर विहागर्न जानी हामरै बाला हुन् अरे भैया हामरै बाला हुन् । रिटक [८०]

## ४.४ पर्वगीत

मानिसले विभिन्न किसिमका चाडपर्वहरु मनाउँदा यस्ता अवसरमा गीतहरु गाइन्छन् । चाडपर्वका अवसरमा गाइने गीतलाई पर्वगीत भनिन्छ । विशेष गरेर तीजमा तीजगीत, दशैमा मालसिरी, तिहारमा मारूनी र होलीमा फागुगीतहरु गाइन्छन् । यी गीतहरुले मानिसलाई एकातिर पर्वहरुका जगेर्ना गर्न मद्दत पुऱ्याएका छन् भने अर्कातिर मानिसहरुलाई भावनात्मक रूपले सङ्गठित हुन प्रेरित गरेका छन् । पर्व गीतहरुलाई यहाँ प्रस्तुत गरिएको छ ।

### ४.४.१ तीज गीत

[८०] ( शशिकला पौडेल /अन्य साथीहरु,हेरौं परिशिष्ट 'घ' को ९ मा दिएको नामावली अनुसार ।

भाद्र महिनाको शुक्ल तृतीयाको दिन तीज पर्व पर्दछ साथै त्यसैको पर्सिपल्ट ऋषिपञ्चमी पर्दछ । त्यही अवसरमा विवाहिता तथा अविवाहिता नारीहरुले गाउने गीतलाई तीज गीत भनिन्छ । यस्ता गीतहरु सुरुमा मङ्गल भावनाका हुन्छन् भने पछि व्यवहारिक पनि आएका हुन्छन्

**तीज गीत**

कहाँ जान्चौ रानी चरी बगाल, बरिलै भगवानलाई भेटन२।
भगवानलाई भेटी के पाहुर ल्यायौ२, बरिलै फूलपाती अक्षता२ ।
रूपको चौकी सुनको छाँया२, बरिलै भगवान बसेका ।
हा कहाँ जाञ्चौ ढुकुरको बगाल, बरिलै भगवान भेटन२ ।
यसैगरी कागचरी, मैनाचरी आदि भन्दै त्यही क्रम दोहोऱ्याउने गरिन्छ ।
भगवानलाई भेटी के पाहुर ल्यायौ२, बरिलै फूलपाती अक्षता ।
रूपको चौकी सुनको थालि२, रूपको चौकि सुनको छावा, बरिलै भगवान बसेका२ ।
आउँदै गरि धूपगरि आउँदै गरि खुसभई, पूजा गरन हरि पूजा गरन२ ।
फूलबारीको जेठो थुँगो जेठा ऋषिलाई, हाई हाई जेठा ऋषिलाई२ ।
फूलबारीको माइलो थुँगो२ माइला ऋषिलाई, हाई हाई माइला ऋषिलाई२ ।
फूलबारीको साँइलो थुँगो२ साँइला ऋषिलाई, हाई हाई साँइला ऋषिलाई२ ।
फूलबारीको काँइलो थुँगो२ काँइला ऋषिलाई, हाई हाई काँइला ऋषिलाई२ ।
फूलबारीको राँइलो थुँगो२ राँइला ऋषिलाई, हाई हाई राँइला ऋषिलाई२ ।
फूलबारीको ठाँइलो थुँगो२ ठाँइला ऋषिलाई, हाई हाई ठाँइला ऋषिलाई२।
फूलबारीको कान्छो थुँगो२ कान्छा ऋषिलाई, हाई हाई कान्छा ऋषिलाई२ ।

**हरये नमः जय**

एकबार बोलो सप्त ऋषिहरूको जय, एकबार बोलो दीप, कलश, गणेशको जय, ब्रह्मा, विष्णु, महेश्वरको जय, पितृ देवताहरूको जय, कुलदेवताहरूको जय, इष्टदेवताको जय, ग्रामदेवताको जय, पशुपतिनाथको जय, सनातन धर्मको जय ।

तिज गित एउटाले गीत भिक्ने र अरूले सामूहिक गाउने गरिन्छ । यस्ता गीतमा दार्शनीकता भेटिन्छ ।

थुँगेसरि फूल फुल्यो फूलबारीमा रहिरह्यो,टिपम् क्यार बरिलै सुनको थालीमा । रिटक
सुनको थालमा टिपे पछि भगवानलाई चढ्दो हो, भुलो बरै सनिसार माया जालैमा । रिटक
कर्कलाको पानी जस्तो मनुष्यको शरीर२, अजम्बरी जन्मे जस्तो तेज बरिलै । रिटक
धन अघि लाग्दैन साथी पछि जाँदैन२, मै हुँ भन्ने वीर पनि एक्लै जानी हो । रिटक

**दरखाईसकेपछि माइतमा गाउने गीत**

आमाले पकाएको घीउ हालेको खाजा, बाबाले जमाएको दही बरिलै । रिटक

**एक वर्षका तीजमा पनि माइती पक्षका लिन आउँदा आफ्ना घरकाले नपठाएमा यस्तो भन्छन् :–**

वर्ष दिनका तीजमा बाबा लिन आउनु भो२, पठाएनन् घरकाले फर्की जानु भो । रिटक

**कुनै चेलीका माइतीपक्ष नहुँदा तीजमा माइत जान नपाउँदा यस्तो भन्छन्ः–**

तीज आयो भनेर सबै जान्छन् माइत, हामी चेली अभागेनी कस्का माइत जाम् ?

डाँडैमाको पिपलु त मैदानको चौपारी, किन आउँछ पूर्वे बतास पातै फरर । रिटक

हाम्रा बाबा विदेश हाम्री आमा विदेश, किन आउँछ पापी तीज मनै धरर । रिटक

**माइती पक्षका दाजुभाइ भएर पनि लिन नआउँदा त्यसलाई यसरी गीतमार्फत् दुःख व्यक्त गर्दछन् :–**

सानो मकै पाको ठुलो मकै पाकेन, अहिलेको तीजमा भाइले डाकेन । रिटक

**त्यसैगरी मावली तर्फबाट मामा लिन आउने कुरा यसरी व्यक्त गर्दछन् :–**

तीजका खाजा मीठा भदौरे तामाले, नरोउ भान्जी लिन आम्ला भन्ते मामाले । रिटक

**दिदी बहिनीसित वर्षदिनमा भेटहुँदा यसरी दुःख साटासाट गर्दछन् :–**

शिरै लाउने शिरफूलमा के छ बरै पत्थर ? कन्नो फर्कि गयौ राजै मेरो को छ र ? रिटक

पराइको छोरो बाबा निष्ठूरे मनको, देश छोडी विदेशमा ढलिकिन्छ । रिटक

**घरमा दुःख पाएको कुरा माइतीमा आएर यसरी भन्दछन् :–**

गोठ जाँदा ससुराले घाँसका मुठा पल्टाउनी, भित्र जाँदा सासूले आँखा झल्काउनी ।

स्वामी मुख हेरुँ भने खुन खाएका बाघ झैँ, सासू मुख हेरुँ भने पोल्ने आगा झै । रिटक

रुँदैरुँदै गएर बलेनिमा बस्नी हो, कस्को मुख हेरेर भित्र पस्नी हो । रिटक

**सानो छँदा नपढाउने अनि ठुली भएपछि टाढा दिने । छोरीलाई हेला गरी नपढाउने कुरा यसरी व्यक्त गर्छन् :–**

सानी छँदा बाबाले पढाएनन् क, ख, रा, ठुली भएँ बाबाले दिए पोखरा । रिटक

पोखराको ठाउँमा लेख्न पढ्न जान्दिन, टाढा परो माइती देश खबर पाउँदिन । रिटक

**आफ्नो घरबार बिग्रिएर माइतीमा बस्दा र माइतीका दाइ भाउजूले रुखो बचन लाउँदा आफ्नो दुःख यसरी भन्दछन् :–**

हामरी आमाले सुकाएको बिस्कुन२, भँगेरी चरीले मैदानमा लरिलरर । रिटक

हामरा दाजुले ठ्याक्क बचन लाउँदा२, घर मेरो छैन र रुन्छ मन धरिधरर । रिटक

हामरी आमाले सुकाएको बिस्कुन२, भँगेरी चरीले मैदानमा लरिलरर । रिटक

कान्छिमा भाउजूले ट्याक्क बचन लाउँदा, घरमेरो छैन र रुन्छ मन धरिधरर। रिटक

**घटेका घटनालाई यसरी गीतका माध्यमबाट व्यक्त गरिन्छ ।**

सानी-सानी नानीले पोते लाइकी घाँटीमा, आमाले छोरी मारी अर्घाखाँचीमा । रिटक
बाबा गए बेसीमा आमा गइन् घाँसमा, सानीमा आमाले मारी बरिलै ।
बाबा आए बेसीबाट आमा आइन् घाँसबाट, खै तो बाला भनेर सोधे बरिलै । रिटक
बुबुमाम खुवाएर भर्खरै सुताइछु, भान्सामा आउन परो भात पकाइछु । रिटक
भान्सामा जाँदाखेरी तरकारी मासुको, कहाँबाट लिएको मासु बरिलै । रिटक
तेही र तल सानो-सानो बोके पाठो काटेको, त्यहिंबाट लिएको मासु बरिलै । रिटक
सदाको मासुता कतिमिठो हुनिथ्यो, आज किन मासु मिठो छैन बरिलै । रिटक
सानो थियो बोके पाठो त्यही भएर होला कि, खाना खायौ स्वामी राजै मनै रोला कि । रिटक
आमा लाइन् कल्लाउन बाबा लाए टोलाउन, चुत्राबेसी गए बरै डोर बोलाउन । रिटक

**समाचार शुभ अशुभ कौवाबाट ल्याएको कुरा यसरी भन्दछन्, साथै दैनिक चर्या यसरी भन्दछन् :–**

आँगनिका डिलबसी कालिकौवा करायो, केकेन समिचार दियो बरिलै ।
आँगनिका डिलबसी काली कौवा करायो, उठ सासू लाल्टिन बाल फल्टिन हरायो ।
बाबाले भन्नुभयो चिठी केला आएन, आमाले भन्नुभयो "निद्रा लाएन" । रिटक
घुम्दै-घुम्दै चिठी आयो श्रीमतीला भनेर, बाउ-आमा त बस्न मात्रै दिन गनेर । रिटक

**महिलालाई पुरुष सरह अधिकार मागेर नभई खोसेर लिनुपर्ने बताउँछन् :-**

कोही छैन दाजुभाई पाइलट बनेका, हाम्ला सधैं चुलो चौको कुर्न भनेका ।
हुन्न सधैं महिलाहरू चुलो चौको कुरेर, महिला हक लिनुपर्छ अघि सरेर ।
महिला हक मागि होइन खोसीलिन सिकौन, सोझासाझा चेलीलाई बाटो देखाउन ।
ऐंसलुका बोटमुनी कति चिसो पानी, ओंदली भोरी भोरी खाम्ला बरिलै । रिटक
अँघिलाम्ला हाम्रा बाबा पछिलाम्ला भरिए, माझैमा ढलिकँदै जाम्ला बरिलै । रिटक
बर्षदिनका तीजमा बाबा लिन आउनुभो, पठाएनन् घरकाले रुँदै जानुभो । रिटक
आँगनिका डिलबसि कालीकौवा काका, के केमा समिचार दियो बरिलै ।
एकुमा समिचार कागजुको चिर्कटो, दोसरै समिचार तिम्ला दिन हो ।
मेरो मायाँ हुँदो होत दाजै लिन आउँदा हुन्, कागजुको चिर्कटाले जान्न बरिलै ।
बाउ आमाका पालामा घिउ र भात थालमा, दाई भाउजूका पालामा आँसु गालामा ।
बाउ आमाका पालामा खवा खीर खाइएन, दाई भाउजूका पालामा बास पाइएन ।
भाउजूले पकाएको खुवाखिर तितो छ, मेरो घरको बासी आटो कति मिठो छ ।
बेसी फूल्यो टुनि बरिलै, यो छोरीको जुनि बरिलै । रिटक
कति चिसो पानी बरिलै, छोरा जस्तै छोरी पनि केही कम् छैन दाँज बरिलै । रिटक

आधा धरती बोक्ने हाम्रा, बलीया छन् काँध बरिलै । रिटक [81]

## ४.४.२ रागमालश्री

चैते दशैँ र वडा दशैँ पर्वमा नवदुर्गा पूजा गर्दा पूर्णिमासम्म गाइने गीत नै मालसिरी गीत हो । अर्घाखाँचीमा दुर्गा वा कालिका मन्दिरमा प्रायः यस्ता गीतहरु गाइन्छ ।

**रागमालश्री**

"श्री गणेशपूजा नदियै बहिनी चन्द्रवदनी मृगलोचनी२"
गंगा यमुना त्रिवेणी संगमा मोक्षदायिनी कालिका२,
चन्द्ररूपिणी प्रचण्डरूपिणी रक्तवीज निपातिनी । "श्री....
शङ्ख चक्र गदा पद्मले कोटिवान जिसाजिसी,
लालरूप कपडा बीज असुर मारि सुधारिणी२ । श्री.......
डमरुडिमडिम हात त्रिसूल खड्गखप्पर धारिणी,
हातगप्पर त्रिसुललियेकी चौषष्ठि योगिनी साधए२। श्री...
"जय देवी भैरवी गोरखनाथ दर्शन देउ भवानीए२"
प्रथम देवी उत्पन्न भए है जन्मलिए कैलाशए,
ज्योती जगमग चहुँदिशि देवी चौषष्ठि योगिनी साथए । जय....
सप्ना दिए है गोरखनाथकी भैरवदेवी मनाइए,
विश्वासए प्रसन्ना देवी वरदान दिए सर्वदेसए । जय....
देवी वचन वरदान पाए है भारत सकल नेपालए,
खात सिंहासन जितिलिए है सब देसए । जय.....
देव वरन माथ मुकुट वदन सूर्योदय,
तपस्या जीवि भए हैं तखत भये हो नेपालए । जय....
शिरमा सिन्दूर मुकुट झलकत कुण्डल झलत कानमा,
देव वर श्रीरणबहादुर तपस्या जीति अखण्डए जय...
"हा हा ज्वाला नयनी माता तीन लोककी माइये"
वारि वान गंगा पारी क्षीरनदी बिच जालन्धर पीठये ।
तेतीस कोटी देवता भये हो ठाडे धन्य ईश्वरी गाइये ॥ हा हा........
अम्बिका माई अम्बर भरीपुर साथ भैरवी ठाढिये ।
चंड मुंड धुम्रलोचनी रक्तबीज निपातिनी ॥ हा हा...........
वज्रेश्वरी त्रिपुर सुन्दरी तीन भूवनकी माईये ।

[81] रमादेवी खनाल र अन्य साथीहरु,हेरौं परिशिष्ट 'घ' को १० मा दिएको नामावली अनुसार ।

ज्वाला माता ज्योती जगमग कोटी नगरकी माईये ॥ हा हा........

जयन्तीमाता जगदेख बनी युद्ध भैरबी साथये ।

कालिका माई राग्दा लीये दैव्य दल सब मारिये२ ॥ हा हा.........

धन्य किल्ला कपुर सागर मनको महल बनाइये ।

कोटी तीरथ जाई उठाइये जनमको छाप छुटाइये ॥ हा हा.... [८२]

## मालसिरी (मङ्गलाचरण)

पहिला परेवा, द्वितीया दुध, तृतीयाको तिल पूजा, चौथीको चारै पूजा, पञ्चमीको पञ्चवली, षष्ठीको षष्ठम पूजा, सप्तमीको फूलपाती, अष्टमीको कालरात्री, न्वामीको खड्ग पूजा, दशमीको तिलकपाती । [८३]

## नवदुर्गा कोटमा गाउने मालसिरी

देवी दुर्गा उत्पन्न भए जनम लिए, कैलाश ज्योती जगमग चौदिशा फिरे,

चौसष्टी जोगिनी तिम्रो साथमा ।

कहाँ हो माई तिम्रो जनम भूमि ? कहाँ तिम्रो डेरा ? आकाश हो हाम्रो जनम भूमि,

पाताल हाम्रो डेरा ।

आउँदो मासमा तिम्रो सेवा, भगतलाई दिए वरदान, जय देवी भैरवी गोरखनाथ,

दर्शन देउ नारलोक ।

सेता चमरु फिरति धजा फराहर मयति सोपित,

सोवर्ण खाटमा चलि आए दुर्गा आफै भवानी ।

सत्य जुगमा सितामाई कइये द्वापरमा द्रुपता,

तृत्य जुगमा तुलसा कइये कलि जुगमा कालीका ।

जय देवी भैरवी गोरखनाथ दर्शन देउ प्रभु नारलोकले,

सेता चमरु फरहर भएती सोयति श्यामा ।

कसकी हौ तिमी छोरी बुहारी ? कसकी हौ तिमी नारी ?

जय देवी भैरवी गोरखनाथ दर्शन देउ प्रभु नारलोकले ।

जहाँ उत्पन्न भये जनम लिये क्या कहे ज्योती जगमग चौदिशा फिरे,

चौषष्ठि योगिनी तिम्रो साथ लिए ।

## ४.४.३. सोरठी (मारुनी)

सोरठी गीत तिहारका अवसरमा गाइन्छ । तिहारमा द्यौसी, भैलो खेलीसकेपछि विभिन्न नृत्यका साथ यो गीत गाइन्छ । यो गीत प्रायःभैली समूहले आयोजना गरेर गाइन्छ र नाचिन्छ ।

---

[८२] तेजनाथ भूसाल, **पुर्ववत्**, हेरौं परिशिष्ट 'घ' को ११ मा दिएको नाम अनुसार ।

[८३] वेलवहादूर गन्धर्व, वर्ष ठण, अर्घाखाँची, अर्घा १, कोट, २०६९/०७/१३ गते पूर्णिमाका दिन, हेरौं परिशिष्ट १२ दिएको नाम अनुसार ।

**सोरठी (मारुनी)**

सोर सय ग्वालेनी हाम्रा, जमुनामा नुहाउन जाउँ ।

हो बाह्रवर्षको सोमबारे औंसी, जमुनामा नुहाउन जाउँ ।

सोर सय ग्वालेनी हाम्रा, जमुनामा नुहाउन जाउँ, हा हा जमुनामा नुहाउन जाउँ ।

ए हो झिलिमिलि के देखें मैले राजैजुको दरवार, हा हा राजैजुको दरवार ।

सोर सय ग्वालेनी हाम्रा जमुनामा नुहाउन जाउँ, जनम भयो बालकृष्णको जनम भयो२ ।

भदौ र महिनाको अष्टमी तिथि, रोहिणी नक्षत्र बुधवार गोकुलमा कृष्णको औतार ।

बाबा छन् हामरा पिताजी देवा, देवकीको कोखिमा औतार लिए राम ।

जसुदाको दुध खान गए राम, जनम भयो बालकृष्णको जनम भयो२ ।

**सोरठी (मङ्गलाचरण)**

सोरठी नृत्य गाउँदा जहिले पनि तिहारमा भैलो भट्याइन्छ । ठुली एकादशी पछि देवी बाँधेर सोरठी नृत्य गाइन्छ । त्यस पछि आशिक दिई देवी विदा गरिन्छ ।

**देवी बाँध्ने (देवी बाँधेपछि मात्र शुरु हुने)**

पूर्वै दिशाबाट आउनन् देवी२, उनै देवीको शरण,

हा हाई देवी सरमास्वती२ उनै देवीको शरण ।

पश्चिमै दिशाबाट आउनन् देवी२, उनै देवीको शरण,

हा हाई सरमास्वती२ उनै देवीको शरण ।

दक्षिण दिशाबाट आउनन् देवी२, उनै देवीको शरण,

हा हाई देवी सरमास्वती२ उनै देवीको शरण ।

उत्तरै दिशाबाट आउनन् देवी२, उनै देवीको शरण,

हा हाई देवी सरमास्वती२ उनै देवीको शरण ।

आकाशैबाट आउनन् देवी२, उनै देवीको शरण,

हा हाई देवी सरमास्वती२ उनै देवीको शरण ।

पातालैबाट आउनन् देवी२, उनै देवीको शरण,

हा हाई देवी सरमास्वती२ उनै देवीको शरण ।

चारै दिशाबाट आउनन् देवी२, उनै देवीको शरण,

हा हाई देवी सरमास्वती२ उनै देवीको शरण ।

ठाउँठाउँबाट आउनन् देवी२, उनै देवीको शरण,

हा हाई देवी सरमास्वती२ उनै देवीको शरण ।

**मङ्गलाचरण**

सुन मुरली बज्यो मुरली ए गोकुलमा बाजित्रा भयो मुरली एहो,

शिरैलाउने शिरिफूल कृष्णजीलाई सुहायो ।

सुन मुरली येहो यसै राजाले बेची खायो !

शिरै लाउने शिरिफूल यसै राजाले बेची खायो !

यसै राजाको आस मलाई छैन चलि जाउ माइतीको देशैमा,

चलि जाउ माइतिको देशैमा । रिटक

शिरै लाउने टिकिया यसै राजाले बेची खायो२ !

यसै राजाको आस मलाई छैन चलि जाउ माइतीको देशैमा । रिटक....

हा हा कानै लाउने कुण्डलु यसै राजाले बेची खायो !

यसै राजाको आस मलाई छैन चलि जाउ माइतीको देशैमा । रिटक...

हा हा गलै लाउने हैकलु यसै राजाले बेची खायो !

नाकै लाउने नथिया यसै राजाले बेची खायो !

यसै राजाको आस मलाई छैन चलि जाउ माइतीको देशैमा । रिटक...

हातै लाउने वडरु यसै राजाले बेची खायो२ !

यसै राजाको आस मलाई छैन चलि जाउ माइतीको देशैमा । रिटक...

गलि लाउने कडिया यसै राजाले बेची खायो !

यसै राजाको आस मलाई छैन चलि जाउ माइतीको देशैमा । रिटक...

कुमै लाउने चोलिया यसै राजाले बेची खायो !

यसै राजाको आस मलाई छैन चलि जाउ माइतीको देशैमा । रिटक...

कम्मर बाँध्ने पटुकी यसै राजाले बेची खायो !

यसै राजाको आस मलाई छैन चलि जाउ माइतीको देशैमा । रिटक...

यसै गरी अन्य भगवान कृष्ण सम्बन्धी, राम सम्बन्धी गीतहरू पनि गाइन्छन् र गीतहरू पछाडि आशिक दिने काम हुन्छ ।

**आशिक**

हा हा फलामैका डाँडाभाटा२ हौर जावस२, हा हा पञ्चभाइले दिएको आशिक,

पञ्चभाइले दिएको आशिक लाखै भरि भैर जावस ।

हा हा झेंगटिको छानो राजै२ यसै दुवार हौर जावस,

पञ्चभाइले दिएको आशिक२ लाखै भरि भैर जावस ।

पोखरीको मौला झैं२ खपिराखे हौर जावस, वरझैं तपी रहे२ यसै दुवार हौर जावस, पञ्चभाइले दिएको आशिक२ लाखै भरि भैर जावस ।

काँस झैं फुलि राख२ होइ जावस२, पञ्चभाइले दिएको आशिक२ हौर जावस ।

बाँस झैं फुलि गये हौर जावस, पञ्चभाइले दिएको आशिक२ लाखै भरि भैर जावस ।

बाँस झैं नुगी राखे२ हौर जावस, पञ्चभाइले दिएको आशिक२लाखै भरि भैर जावस ।

लासैमा घोडा राजै२ होइर जावस, पञ्चभाइले दिएको आशिक लाखै भरि भैर जावस ।

काखैमा छोड राजै भैर जावस । रिटक

पञ्चभाइले दिएको आशिक लाखै भरि भैर जावस । रिटक....

लङ्काको सुन राजै यसै दुवार हौर जावस, पञ्चभाइले दिएको आशिक लाखै भरि भैर जावस ।

भोटको नुन राजै यसै दुवार हौर जावस, पञ्चभाइले दिएको आशिक लाखै भरि भैर जावस ।

बारीमा तोरी राजै हौर जावस पञ्चभाइले......

काखैमा छोरी राजै हौर जावोस, पञ्चभाइले दिएको आशिक भैर जावस ।

बाटामुनि बाटामाथि बुढो धेयेरो हो बुढो धेंयेरो गाउने नाच्ने 'गली कण्ठ सुकि गयो२बुढो भएर२ । पञ्चभाइले दिएको आशिक लाखै भरि भैर जावस ।

दुधै खानु भातै थुक्नु२ हौर जावस२, पञ्चभाइले दिएको आशिक लाखै भरि भैर जावस ।

तिनै कन्ये पाँचै पुत्र हजूरैला हा लाखै भरि भैर जावस । पञ्चभाईले.....

उग खोले रोहिणीले 'लियो सुपैयाँ२,मुखियाले दिएका मुखियाले दान दिए हजार रूपैया२ पञ्चभाइले....

## विदाई सम्बन्धित गीत देवीलाई विदाई ।

हा पूरवै दिशाबाट२ समझम्ला२ सरमास्वती,

पश्चिमै समझम्ला२ सरमास्वती सरण तुमारो ।

शिवै हामरो सरमास्वती माई देवी शिवै हामरो,

दक्षिणै समझम्ला२ सरमास्वती सरण तुमारो ।

शिवै हामरो सरमास्वती माई देवी शिवै हामरो,

उत्तरै समझम्ला२ सरमास्वती सरण तुमारो ।

आकाशै समझम्ला२ सरमास्वती सरण तुमारो,

शिवै हामरो२ सरमास्वती माई देवी शिवै हामरो ।

पातालै समझम्ला२ सरमास्वती सरण तुमारो ।

शिरै लाउने शिरको शिरफूल वरु झिकिराख, अब भयो मारुले भैया 'मरिदैको भेष' ।

निदार लाउने२ निलैको टिकिया वरु झिकिराख, अब भयो२ मारुले भैया मरिदैको भेष ।

मरिम् भने२ मरिदा गइम् बाँचे हुँला भेट, कानै लाउने२ कुण्डलु वरु झिकिराख ।

अब भयो२ मारुले भैया मरिदैको भेष, नाखै लाउने नाकको नथिया वरु झिकिराख ।

अब भयो२ मारुले दादै मरिदैको भेट, गलै लाउने२ गलैको हैकलु वरु झिकिराख ।

हातै लाउने हातैको वडरु वरु झिकिराख, अब भयो२ मारुले दादै मरिदैको भेट ।

गलै लाउने गडिको कडिया वरु झिकिराख, अब भयो२ मारुले दादै मरिदैको भेट ।

मरिम् भने मरिदा गइम् बाँचे हुँला भेट ।

बाटामुनि बाटामाथि बुढो धेयेरो हो बुढो धुयेर 'गली कण्ठ सुकि गयो नाच्ने गाउने थियें हजुर बुढो भएर हौर जागोस, पञ्चभाइले दिएको आशिक२ लाखै भरि भैर जावस् । [८५]

## ४.४.४ होली गीत (फागु)

फागुन महिनाको शुक्ल पक्षको एकादशी, द्वादशी, त्रयोदशी, चतुदर्शी र पुर्णिमातिथीका दिन फागु खेल्ने चलन रहेको छ साथै तराई तिर भने प्रतिपदाका दिन धुमधामसँग यो पर्व मनाइन्छ । सबैभन्दा पहिले चीर गाडिन्छ । चीर गाड्ने क्रममा त्यस्लाई भट्टयाउने गरिन्छ । चीर भट्याउँदा यसरी भट्याइन्छ ।

पहिल्लै फागु कसले खेले, अयुद्धेमा माहाराज खेले, राजा रामका चौतारा भाइ ।
उहीपछि फागु कसले खेले, गोकुलमाहाँ कृष्णजी खेले, कृष्णजीका वलभद्र भाइ ।
उहीपछि फागु कसले खेले२, जगन्नाथमाहाँ वहुतरूप खेले, बहुतै रूपको दर्शन पाई ।
उहीपछि फागु कसले खेले२, पठ्याङ्गीनिमाहाँ जेठा बुढा खेले, जेठा बुढाका भरथरु भाइ२ ।
जेठा बुढा जिवे लाखवरी, भरथरु जिवे लाखवरी, हो हो हो पदरी-सोहोर तिलौरा माकै वचन सुनसरि२ ।
ए कटुवाल येत्तै आ, घरि घरि टन्टा दुनियाला ला, चुवा अविरको वुकुवा ला ।
ए कटुवाल येतै आ, चुवा अविरको वुकुवा ला, हो हो हो हो पहरी, हामरे वचन सुनसरी ।
ए कटुवाल यत्तै आ, घरि घरि टन्टा दुनियाला ला, यहाँको बराबर डावरु जाई ।
डावरुकी मथेलु क्या हुन खाई, खावो खावो कटवाल भाइ ।
ए कटुवाल यत्तै आ, जाइए बजारमा ल्याइये दाल, मारबे बुढी करावे बाबु ।
जो कत्ति भब्वा बेला, ए करुवा तेल लावे राख, राम जुका भैया लक्षुमण दे, पौवा सेलावे गंगा तिर ॥ इति ॥

### चीर लिएर हिड्ने

नन्दाको मारु खेले हो हो रे, नन्दाको मारु खेले, पहिलै फागु अयुद्धेमा खेले ।
दशरथ ए हो दशरथ रामजु बढे हो हो रे नन्दाको मारुखेले ।
उहीपछि फागु गोकुलमा खेले२, राजा येहो राजा कृष्ण वढे । हो हो रे नन्दाको मारुखेले ।
उहीपछि फागु वृन्दावनमा खेले२, ए हो भाँति रंग वढे । हो हो रे नन्दाको मारुखेले ।
उहीपछि फागु नेपालमा खेले, भाँति यहो भाँति भाँतिका रंगवढे हो हो र नन्दाको मारु खेले ।
उहीपछि फागु पाल्पामा खेले२, चुवा येहो चुवा अविरउडे हो रे हो रे नन्दाको मारु खेले ।
उहीपछि फागु मैदानमा खेले, भाँति येहो भाँति रंग बढे हो हो रे नन्दाको मारु खेले ।
उहीपछि फागु चौतारामा खेले२,चौदिशा यहो चौदिश धुलियाउडे होहो रे नन्दाको मारुखेले ।

---

[८५] प्रेमबहादुर विक र अन्य साथीहरु,हेरौं परिशिष्ट 'घ' को १३ मा दिएको नामावली अनुसार ।

**चौतारा (चीरपोल्ने ठाउँ) मा लैजाँदा निम्न फागु भनिन्छ।**

**रामायण फागु**

देखवती ढाल तेरा देखवती ढाल, सामन्ये होरी साउँ देखवती ढाल ।
कौसिला र सुमित्रा केकहि जोयेहो२, यिन तीन रानी दशरथका२ ।
सामन्ये होरी साउँ देखवती ढाल, देखवती ढाल तेरा देखवती ढाल । सामन्ये.....
रामहि लक्षुमण भरत सत्रुधन गुण२, यिन चार वेटा दशरथका२ । सामन्ये....
हामरी आमा केकहीँले एक ख्याल करियेर२, राजा दशरथला वाचा बँधाई२। सामन्ये......
देखवती ढाल तेरा देखवती ढाल, सामन्य होरी साउँ देखवती ढाल ।
राम हो लक्षुमणला वनीवास लेखो हो२, भरत शत्रुधनला टिका लगाई । सामन्ये.....
एकपाउ भितर एकु पाउ बाहिर२, संगारमा हेरदाजै लेखो वनिवास२ । सामन्ये.....
देखवती ढाल तेरा देखवती ढाल, सामन्ये होरी साउँ देखवती ढाल ।
सिताले लाउन् फूलवाको वारी हो२, लक्षुमणबाट बाचा बँधाई२। सामान्ये.......
कञ्चनका मिरगुले फूलबारी धुलो हो२, रामता चल्यानि शिखार२ ।
सामान्ये होरीसाउँ देखवती ढाल, देखवती ढाल तेरा देखवती ढाल ।
बिच विन्द्रावन रावण मिरगु गिराय हो२, देख्या दशै शिर२ ।
होरी साउँ देखवती ढाल, देखवती ढाल तेरा देखवती ढाल ।
हाहा गाढा छोडिदे लंका लावण्ये (रावण), भोलि सावण्ये गाढा छोडिदे लङ्का लावण्ये ।
जनककी सीता तमु हरिहर ल्यावेस्२, सोहीका हात प्रभु लावण्य वली सावण्ये ।
गाढा छोडिदे लङ्का सावण्ये, गाई केरे वसिया जुधाई केरे धावण्ये, कलि सावण्ये ।
गाढा छोडिदे लंका लावण्ये (रावण्य), रावण्ये मारि विभिषण थापये२ ।
अयुद्धे वाधि वढासावण्ये, गाढा छोडिदे लङ्का लावण्ये ।

यसैगरी अरु अरु श्रीकृष्ण चरित्रका होलीहरू गाइन्छन् । क्रमैसित अन्य चरित्रहरू पनि गाइन्छन् । चीर पोल्दा गाउने फागु थोरै धेरै यहाँ दिइएको छ ।

**चीरपोल्ने**

होली खेले रघु चीर हरि हजमै२, कसले बाँध्यो चीर हरे हजमै । होरी खेले.......
कसका हात लटपट होये, कसले बाँधो चीर हरे हजमै । होरी खेले......
रामका हातला लतपट होई२, लक्षुमणले बाँधो चीरहरे हजमै । होरी खेले.....

यसरी फागु विभिन्न वाजा गाजाहरू पञ्चैवाजा शङ्ख, घण्ट, दमा आदिका साथ होली गाइन्छ र यो लोप हुने अवस्थामा छ भनी अर्घातोसका लोकनाथ सुवेदी भन्नुहुन्छ "मेरा शेख पछि यो फागु जगर्ना गर्ने कोही पनि छैन । अर्घातोस, माझकोकोट र तिनथुमको अन्तभन्दा यहाँ राम्रो छ । यो सबै राखिदिनुहोला ।

## रामायण

रामै जो खेलता छिना जो होली, खेलता राम रस होरे ।

लै बुँदा राम हनुमान पठाये हो हो२, दिजीये सिताका हात अरे । आ हाई ......

कसका पुत्र तमु कसका सेवका२, कौना वीरले पठायो हो रे । आ हाइ......

अञ्जनिका पुत्र हामु रामजुका सेवक, लक्ष्मण वीरले पठाये हो रे । आ हाई......

के रामका पाउ थकित भयाहो२, किर बल घटल शरिर । आ हाई ......

नाहि रामका पाउ थकित भयाहो२, नाहि बलघटल शरिर । आ हाई....

नर आफू आँउदा लेखि पठाउँदा२, मै रहुँ कौने आधार । आ हाई......

कागत कादेश मसिनाहि जल, कुशलहि मुदरी पठाई । आ हाई.......

आज राति सपनिमा नैनिको देखो हो हो, सुनमा फूलवारी भषमा उडाई । आ हाई......

सपनि बिचार हो रानी मन्धोधरा, लङ्का विभिषणला होला हरे । आ हाइ ......

मेघका घन जैसो फोज हामरो२, कुम्भकर्ण जैसो भाई । आ हाइ .....

सात समुद्रमा खेवा हामरो२, को छोये गडलङ्का हरे । आ हाई......

एउटा मुखचीर टुपिया नुगायो होहो२, छिनमा फूलवारी धुलिया उठाई । आ हाइ .....

लङ्काका कपडुले लुङ्गुर बँधायो हो हो२, घिउ र तेलले छिपाई । आ हाइ ......

आफ्ना लुङ्गुरमा अगनि जो लाये, छिनमा लङ्का भसम गराई । आ हाई.....

सुनै लायो बग्न, चाँदी लायो डग्न । आ हाइ खेलता......

सात समुद्रमा आयो आ हाइ खेलता....... ॥ इति ॥

## अश्वमेघ यज्ञ

फरसेजा हाई शिव फरसेजा, चल हो सदा शिव । फरसेजा.....

राम लक्ष्मणले शुभ जोग्ये सोचो हो, चारै दिशा कुना खम्बा गडाई । आ हाई....

सोरहि ऋषि सोरहि ब्रह्मा निमति पठायो२, पार पितम्बरु छायो रे । चल हो.....

आवो आवो ब्रह्मा ऋषि कामलु बैठे२, बैठे ब्राह्मणले होम चलाई । चल हो....

सत्ते चढाउनन् धोती औठी, क्याउँ चढाउनन् कोपिला गाई । चल हो....

रामै चढाउनन धोतीमा औंठी२' लक्ष्मण चढाउनन कोपिला गाई । चल हो......॥ इति ॥

## जोगि भयर हिड्ने

जोगि जो माता पिता हिडनु जो भलाई,

सातै खण्ड महलमा मनै नाही लावे२ आ हाई

कासे कुशे झुपडि तो लाउनु जो भलाई । जोगि जो.....

काहाजकि चीरमा मनै नाहि लावे२, वनै केरे कन्तमूल लाउनु जो भलाई । आ हाई जोगि..

सानु त्यो बारीमा मनै नाहिं लावे२, कसर पसर भयङ्गाउनु भलाई । आ हाई जोगि.....

सुनै कन्छै नाडिमा मनै नाहि लावे२, तुम्बिको जल अचाउनु भलाई । जोगि.....

खात तकियामा मनै नाहि लावे२, वनै केरे खरुका पिठाउनु भलाई । आ हाई जोगि...

## रामऔतार

राम औतारमै वार नहि आ डगमग डोल, राम औतारमै वार२ नहि आ डगमग डोल ।

घिउँ किरि समाचार डकि ठुगियाचचाइम् हो२,

सुनहि रूपले बँधाई नहिं आ डगमग डोल राम औ.....

हुँगियामा काठकि डुगियात छायंभो२,

क्या होम काठकी हरि नवना२, नहि आ डगमग.....

मागइट ढुँगिया डगौरवान लायो हो२, कैसै विधि उतारम्ला पार । नहि आ डगमग.....

रामजीका साथ उत्रिजाम्ला पास, नहि आ डगमग.....॥ इति ॥

इह बुँडा बुडा परिमारय, रसका बुँडा वुडा परिमारय२, युपर घुमे स्वमीसार । रसका.....

राजा बैठावोला सिंहासन ये हो२, रानी बैठाये घटका२, रसका....

राजा सुवावोला जामापगरि वो२, रानी सुवाई झगडा२ । रसका.....

राजा उडावोला चुवा अविर हो२, रानी उडाई पचका२ । रसका.....

कोटका पट्याङ्गीनीमा बसेर गाउने, मन्दिरका बाहिर पाठा काट्ने ठाउँलाई पट्याङ्गीनी भनिन्छ । त्यहि पट्याङ्गीनीमा बसेर गीत गाउने चलन छ ।[85]

## रामायण सम्बन्धी फागु

रामजने रामजने रामबोधने अब सोहीया । रामजने......

सिमलुका गाथ चढी हेर भैया पानीया। रामजने.....

पानीया ता छैन अब देश अब सोहीया । रामजने.....

पानीया ता छैन यता देश अब सोहीया। रामजने.....

पूर्वका डाली बसी हेर भैया पानिया२ । रामजने.....

पानीयाको लाग्ला उपदेश अब सोहीया रामजने । रामजने...

रामजने रामजने रामबोधने अब सोहीया रामजने,

पानीयाता छैन एता देश अब सोहीया रामजने । रामजने...

जहाँ होलान हाँस र वकुला२,

उतैतिर लाग्ला उपदेश अब सोहीया रामजने । रामजने....

यसैगरी उत्तरका डालीबसी हेरभैया पनैया,

पनैयाको लाग्ला उपदेश अब सोहीया राम जने । रामजने....

रामजने रामजने रामबोधने अबसोहीया रामजने,

पनैयाको लाग्ला उपदेश अब सोहीया रामजने । रामजने....

[85] लोकनाथ सुवेदी, **पूर्ववत्,** हेरौं परिशिष्ट 'घ' को १४ मा दिएको नाम अनुसार ।

जहाँमा होलान् खेती र पाती२,

उतैतिर लाग्ला उपदेश अब सोहीया रामजने । रामजने....

दक्षिणका डाली बसी हेर भैया पनैया२,

पानीयाको लाग्ला उपदेश अबसोहीया रामजने । रामजने....

एकडाली टेकियो त एकडाली छोपियो२,

तै त होला यमुना अब सोहीया रामजने । रामजने....

एक अचम्म देखिम् हली र हरवा, दोसरी अचम्म देखिम कामधेनु गाई,

अब सोहीया रामजने । रामजने....

तेसरी अचम्म देखिम् हाम्ले जौ र गहुँ२,

चौथै अचम्म देखिम् हाम्ले ताल पोखरी, अब सोहीया रामजने । रामजने....

अघिल्लि अँधेर्नी पछिल्ली पधेर्नी२,

माझकी नानीले पानी खान देऊ, अबसोहीया रामजने । रामजने....

कसका हौ तिमी चेला र बेटा२,

क्या क्या हो तिम्रो नाउ ? अब सोहीया रामजने । रामजने....

दशरथ राजाका हौ हामी चेला र बेटा२,

राम र लक्ष्मण हो हाम्रो नाउँ अबसौहिया रामजने । रामजने....

कहाँ हो तिम्रो रहनु बसनु२,

कहाँ हो तिम्रो खेलने ठाउँ अबसोहीया रामजने । रामजने....

अयुध्यामा हो हाम्रो रहनु बसनु२,

गकुलमा हो हाम्रो खेलने ठाउँ अबसोहीया रामजने । रामजने....

पिनाको धनुक् राखी ऋषि बसे ध्यानमा२ । रामजने..........

जस्ले उठाउला पिना धनु उसैलाई दिम्ला जुडापान, अब सोहीया रामजने । रामजने....

बुढी औलो धसेरै धनुकी उठाए२, धनुता भयो टुकै टुक अबसोहीया रामजने । रामजने....

जनक राजाको सुनकेरे ढलवा२, उसैलाई दिम्ला जुडापान अबसोहीया रामजने । रामजने...

भैयाले मच्चाउँदा ओलक ढोलकी आज ता । रामजने....

दाजैता सीताजीलाई लैजाउ अयोध्या, अबसोहीया रामजने । रामजने....

## कृष्ण सम्बन्धी फागु

कृष्णजीले गौवा फुकाई मधुवन लगे२, ब्रह्माजीले पछिया लुकाई । प्यारे आफै मधुवन जा ।

काँश र कुशको पछिया वनाया२, मधुवन रामलीन गई । प्यारे मधुवन जा ।

गोकुल नगरिमा पर्वत उठाए२, पर्वतले गोकुल धोपाई । प्यारे मधुवन जा ।

कंशका ग्वालिनि दैया बेच्न जान्थ२, कृष्णजीले लाए जगात । प्यारे मधुवन जा ।

रेरे दधि चाखिल्याउँ सीनकिले डोबील्याउँ,

तेरोदधि अमिलो कँहि नविकाई। प्यारे मधुवन जा।
आफू तिम्लाई पनि छल्यो, दिदै हाम्लाई पनि ढाँट्यो,
आज पनि आए दिदै त्यही कनैया। प्यारे मधुवन जा।
तेहि पापि कनैया नन्दजीको चेर्ले२, तिम्लाई पनि प्यारे मधुवन जा। प्यारे मधुवन जा।
हातमा मुरली मुखमाधेनु बजायो२, सोह्रसय ग्वालेनीलाई मोहेनी लगायो। प्यारे मधुवन जा।
तेही पापि कनैया जसुदाको चेलो२, तिम्लाइ पनि प्यारे मधुवन जा२॥

## अन्य फागु/होली गितहरु

हो हो हो  लहरी तुमरे बचन सुनसरी, हामरे बचन फूल सरी। हो हो हो....
पैलामा फागु कसले खेले हो हो हो२, पैलामा फागु स्वर्गमा खेले हो हो हो ....
उहीपछि फागु कसले खेले हो हो हो २, उहीपछि फागु कैलाशमा खेले हो हो हो.....
उहीपछि फागु कसले खेले हो हो हो२, उहीपछि फागु पतालमा खेले हो हो हो.....
उहीपछि फागु कसले खेले हो हो हो२, उहीपछि फागु लङ्कामा खेले हो हो हो....
उहीपछि फागु कसले खेले हो हो हा२, उहीपछि फागु अयोध्यामा खेले हो हो हो
अयोध्या पोछि कहाँ खेले हो हो हो, अयोध्या पोछि मथुरामा खेले हो हो हो .....
उहीपछि फागु कसले खेले हो हो हो२,
उहीपछि फागु नेपाल नगरीमा खेले हो हो हो ........
नेपाल नगरी कहाँ खेले हो हो हा नेपाल नगरी पाल्पामा खेले हो हो हो ....
पाल्पा नगरी कहाँ खेले हो हो हा, पाल्पा नगरी धुर्कोमा खेले हो हो हो .....
धुर्कोट पोछि कहाँ खेले हो हो हो,  धुर्कोट पोछि अर्घामा खेले हो हो हो .....
अर्घा पोछि कहाँ खेले हो हो हो, अर्धा नगरी डिभर्नामा खेले हो हो हो ....
हे मारमा भरी ठेकडी, खाउँ भाई मासु र भात
यति भन्दै चीर जलाउन लिएर हिड्ने
ओ नमः शिवायः ओ शिव देश्व लम्बै लङ्गौ हो,
बुङ्गौ हो। योगिकाका मातासित हिड्नु होला हो,
हो हई बसनु होला। यो शिव सुन केरे झारी मननही भावे तुमारे जल।

## शिव होली

नाङ्गा होरे वा बुङ्गा होरे, तेरेशिव अच्छा जङ्गलैमा। नङ्गा.....
योगीका माता हिड्नु होला, हो हई बसनु होला। नाङ्गा.....
सुन केरे झारी मननही भावे, तुमारो जल अच्छा जङ्गलैमा। नाङ्गा.......
तेरे शिव देशमै नङ्गा होरे, शाल दुशाल शिवमन नही भावे
डम्बरु छाला आच्छा जङ्गमै झुप्पागडे, तेरे शिव देखलम्बै झुप्पागड नाङ्गा.....
खाजा खिचडी मन नहि भावे, वनको कन्त मुल आच्छा जङ्गलमै झुप्पागड.....

तेरे शिव देखलम्बै नङ्गा......

सुनके महलमै मननहि भावे, यापे झुप्पे जङ्गलमै हो

तेरे शिव जङ्गलमै आच्छा जङ्गलमै हो, तेरे शिव जङ्गलमै नङ्गा......

सुन केरे हार मन नहि भावे, नाग नगीनी आये जङ्गलमै

झुप्पागडे तेरे विना नाङ्गै, पान र सुपारी मन नहि भावे,

नाङ्ग धतुरो आच्छा जङ्गलमै झुप्पागडे, तेरे शिव आच्छा जङ्गलमै नाङ्गा.....

## कृष्ण होली

होरी स्याउँ होरी स्याउँ होरी खेलन, हगुवा होरी हो होरी खेलन होरी

राजा परीक्षितले सातैदिनको शराप पाई, शराप तिन्ले पाई राम उपदेश लगाई । हो हो ...

ऋषी घर गएर राजालाई सुदाये, भगवत मुनी मुक्ती हुन जाई । हो हो ....

गङ्गा किनारामा यज्ञ बनाये, कर्मैसित राजालाई सुदाई । होरी .....

दशमै कन्दमा श्री कृष्ण लिला शोधीये, शुकऋषी बनाउन होइ । हो हो .....

राधा र कृष्णको नाच हेरीन जसोदा, जसोदाको मन अचम्मै । हो हो......

खेली खेली थकीत भया हो, भोक प्याश खवरु नपाई । हो हो ....

खाना खान बोलाईन जसोदा माई, तेसै बिच पानी परी आई । हो हो ....

दुध दही मखान खान दिइन ताँ हाँ हात पाऊ कम्मरु नचाई हो हो ....

नाचीन राधीका अचम्म गराई, जै जै कार मनाई फूल बर्षाये । हो हो ।[८८]

---

[डट] मणिराम खनाल, वर्ष छण, अर्घाखाँची, अर्घातोस ६, चौरी, २०६९/०२/२७ गते शनिवार, हेरौं परिशिष्ट 'घ' को १५ मा दिएको नाम अनुसार ।

### ४.२.१४ निष्कर्ष

नेपालको मध्यपश्चिमाञ्चल भित्र पर्ने अर्घाखाँची एक पहाडी जिल्ला हो । यस जिल्लामा लिखित साहित्यका विभिन्न विधा उपविधा रहेका छन् । लोक गीत, लोक नाटक, लोक कथा, गाउँखाने कथा, उखान टुक्का आदि लोक साहित्यका विभिन्न विधा मध्ये लोक गीत अन्तर्गत पर्ने धार्मिक गीत पनि एक हो । यस जिल्लामा पनि लोक साहित्यको निकै पुरानो परम्परा रहेका छ । उकाली, ओराली, लेकवेसी, गर्दा होस् वा कृषिकर्म गर्दा, पर्व तथा कर्महरु गर्दा होस् वा विभिन्न धार्मिक उत्सवहरु गर्दाहोस् वा घर आगन ,मठमन्दिर, भञ्ज्याङ्ग, चौतारी, खुला ठाउँ वा चौरमा लोक साहित्यका विविध विधाहरु प्रस्तुत हुने गर्दछन् । ती विधाहरुमा धार्मिक गीतको दृष्टिकोणले त अर्घाखाँचीलाई जन्म थलोको रूपमा लिन सकिन्छ । यस्ता धार्मिक गीतहरु विभिन्न संस्कार तथा पर्वहरुमा विशेष भएर देखापर्दछन् । ती धार्मिक गीतहरु भजने, गीत, संस्कार गीत र पर्व गीतहरुको यहाँ सङ्कलन गरिएको छ । जसले अर्घाखाँचीको अर्घाराज्यको धार्मिक परिचय दिएका छन् ।

# पाँचौं-परिच्छेद

## अर्घाखाँची जिल्लाका अर्घाराज्यमा प्रचलित धार्मिक गीतको विश्लेषण

### ५.१ परिचय

धार्मिक कार्यका अवसरमा कार्यसिद्धि कामनाले गाइने गीतलाई धार्मिक गीत भनिन्छ । यी गीतहरुको आफ्नै विशेषता रहेको छ । धार्मिक गीतले जीवनको समस्त पक्षलाई ओगट्नुका साथै वर्तमान, भूत, भविष्यको साङ्गोपाङ्ग इतिहाससमेटेको हुन्छ । गीतहरुमा लोक जीवनका रागात्मक, आध्यात्मिक भावनादेखि लिएर प्राकृतिक, सामाजिक, आर्थिक अवस्थाको प्रतिविम्ब पनि पनि पाइन्छ । धार्मिक गीतले लोकजीवनको विविध प्रसङ्गलाई समेट्नुका साथै आफ्नै संरचना र भाषा प्रयोग देख्न सकिन्छ । विविध आयाममा जीवित धार्मिक गीतको आफ्नै मूल्य मान्यता र नीति नियम रहेको छ ।[87] यी विषयमध्ये खास खास विषयमा रही यसको विश्लेषण गर्न खोजिएको छ ।

### ५.२ विषयवस्तुका आधारमा

अर्घाखाँची जिल्लाका अर्घाराज्यका धार्मिक गीतहरुका विविध विषयवस्तुहरु सेमटिएका छन् । यहाँका धार्मिक गीत अन्तर्गत रहेका भजनेगीत, संस्कार गीत र पर्वगीतहरु लोक परम्परा, लोकसंस्कार र लोक प्रचलनमा बाँचेका छन् । यहाँका गीतहरुले पनि सामाजिक, सांस्कृतिक, आर्थिक र प्राकृतिक विषयवस्तुप्रति बढी भन्दा बढी चित्रण गर्न खोजेका छन् । यिनै विषयवस्तुमा रही धार्मिक गीतको विश्लेषण गर्न खोजिएको छ ।

#### ५.२.१ सामाजिक चित्रण

धार्मिक गीतहरु पनि समाजबाट आएका हुन् । समाजबाट नै मलजल हुनुले यसको समाजमा प्रत्यक्ष सम्बन्ध छ भन्न सकिन्छ । यसैको संस्कार स्वरूप मानिस जन्मन्छ, हुर्कन्छ, रमाउँछ र समाजप्रतिको दायित्व पुरा गर्छ । समाजमा हुने दुःख-सुख, प्रेम प्रसङ्ग, पारिवारिक सम्बन्ध, सामाजिक नीति नियम, यावत् कुराहरु उसले कुनै न कुनै माध्यमबाट पुरा गरेको हुन्छ । लोकव्यवहारमा उकाली, ओराली, भञ्ज्याङ्ग, चौतारीमा विभिन्न प्रसङ्ग अनुसार गीतका माध्यमबाट लयात्मकताका साथै आफ्ना अभिव्यक्तिहरु प्रकट भएको हुन्छ । त्यसले केही न केही सामाजिक जीवनको चित्रण गरेको हुन्छ ।

पारिवारिक नातागोतामा सौतेनी आमाका छोराछोरीलाई हेला गर्ने चलन पुरानो समयमा पनि रहेको सामाजिक चित्रण यहाँ, देख्न सकिन्छ, जस्तैः

उत्तम देखे राजाले काखमा बसेका, ध्रुव गये काख बस्नलाई ।

---

८७ कृष्णप्रसाद घिमिरे, **अनुसन्धानात्मक समालोचना**, ( काठमाडौं : कला बुक्स सेन्टर,२०६९), पृ. ११३ ।

सौते आमा सुरुचीले छेडा हान्न लागीन्, धुर्वजीको विरह चली जाई ।

यहाँ आफ्ना बुवाका काखमा वस्ता पनि सौतेनी आमा सुरुचीले छेड हानेकी हुँदा धुर्वलाई विरह चलेको कुरा देखाइएको छ ।

यहाँका धार्मिक गीतहरु गाउँदा वा केही गर्दा पहिला भगवानलाई चढाउने सामाजिक चलन रहेको गीतमा देख्न सकिन्छ, जस्तैः

सपा र सपी घाँसै र काटिम् झेंडीको थुमेला, आ हाई झेंडिको थुमेला ।
लो तो बा लौ लौ झेंडीको थुमेला, पहिलोमा पटक आएको गीत सीमेर भुमेला । आ हाई
रिमि र झिमी पानी है आयो असारे सिमिला, आ हाई असारे सिमिला । लौ तो बा लौ
दोस्रो पटक गाएको गीत अर्घाकी देवीलाई आ हाई अर्घाकी देवीला । लौ तो बा लौ
तेस्रोमा पटक गाएको गीत उल्ककी छत्रला, आ हाई उल्ककी छत्रला । लौ तो बा लौ

यसरी घाँस काट्न सुरुगर्दा झेंडीको थुमेला चढाउनु पर्ने, पहिलो पटक गीत गाउँदा सीमे र भुमेला चढाउनु पर्ने, दोस्रो पटक गाएको गीत अर्घाकी देवीलाई चढाउनु पर्ने, तेस्रो पटक गाएको गीत उल्ककी छत्रला चढाई गीत गाउनु पर्ने सामाजिक प्रचलन यी गीतहरुमा देख्न सकिन्छ । आफू बुढो भए पनि बाँच्नका लागि गाउनु पर्ने पीडा सोरठी गीतमा देख्न सकिन्छ ।

बाटामुनि बाटामाथि बुढो धयेरो, गाउने नाच्ने 'गली कण्ठ' सुकि गयो बुढो भएर ।

### ५.२.२ सांस्कृतिक चित्रण

यहाँका धार्मिक गीतहरुको संस्कार र चाडपर्वहरुसँग घनिष्ट सम्बन्ध रहेको छ । संस्कार र चाडपर्वहरु गीत बिना निरर्थक हुन्छन् । मानिसले जन्मदेखि मृत्युसम्म गरिने सोह्र संस्कार र पर्वहरु जस्तै दशैं, तिहार, फागुपूर्णिमा आदिमा खानपान, कलाकौशल वाद्यवादन, तडक-भडक गइन्छन् । ती कुराहरु गीतहरुमा आएका हुन्छन् ।

सोह्र संस्कार मध्ये विवाह पनि एक हो । कुनै पनि संस्कारमा सुरुमा माङ्गलिक काम गरिन्छ । यसरी मङ्गल काम गर्दा सुरुमा भगवानलाई डाक्ने र लगन लेख्ने चलन रहेको छ । लगन लेखेको खण्डमा विवाह शुभ हुने परम्परा रहेको छ । विवाहको भलाए गाउँदा यसरी सुरु गरिन्छ ।

भोलाये सगुनाये यिनै सगुन मेरो बालै लगनैका हुन् ।
ब्रह्माविष्णु महेश्वर तिम्लाई आयो शिरै निम्ता ।
आवो आवो भगवान हाम्रै गृह्य, तिमी नभै हुने छैन शुभ विवाह ।
आकाशैका सूर्ये चन्द्र तिम्लाई आयो शिरै निम्ता ।
आवो आवो भगवान हाम्रै गृह्य, तिमी नभै हुने छैन शुभ विवाह ।

विवाहका अवसरमा वरपक्षका तर्फबाट केटीका घर जाँदा जन्ती पर्साउँदा सूर्य, चन्द्र दियो कलश साक्षी राख्नु पर्ने यसरी व्यक्त गरिएको छ ।

कस्ता आए भत्खरु त कस्ता आए वर, पर्साइदेउन मेरा बाबा पर्साइदेउन ।
बालुकन्ने कुमारैला पर्साइदेउन, पुजाइदेउन मेरा बाबा पुजाइदेउन ।
शिरैदेखि पाउसम्म पुजाइदेउन, सूर्ये, चन्द्र साक्षी राखी पुजाइदेउन ।
पुजाइदेउन मेरा बाबा पुजाइदेउन, दियो कलश साक्षी राखि पुजाइदेउन ।

विवाहका अवसरमा धार्मिक गीतमा धर्म प्राप्ति र मनोरञ्जन भए पनि यिनीहरुले दाइजोप्रथाको तडक भडक पनि देखाएका छन्, जस्तै :

हामरा बाला श्रीकृष्ण जस्ता गएडोली चढेर अरे भैया गएडोली चढेर ।
ल्याउँचन् डोली भोरेर, अरे भैया ल्याउँचन् डोली भोरेर ।
पाथिभरी गहना लैजाउमेरा भाइ, कति रैच अभागेनी भन्छन् बरिलै ।
बाक्सा भरी कपडा लैजाउमेरा भाइ, कति रैच निर्धनी भन्छन् बरिलै ।

यसरी धार्मिक गीतहरुको पनि आफ्नै किसिमको सांस्कृतिक महत्त्व रहेको छ भन्न सकिन्छ ।

### ५.२.३ आर्थिक चित्रण

अर्घाखाँची जिल्लाका धार्मिक गीतले आर्थिक पक्षको पनि उजागर गरेको देखिन्छ । आर्थिक सम्पन्नता भएमात्र विभिन्न किसिमका यज्ञ, प्रतिष्ठाहरु गर्न सकिन्छ । अर्थले नै धर्म, अर्थ, काम, मोक्षको पुरुषार्थ सिद्ध गरेको हुन्छ । जसको सहायताले गर्दा मानिसहरु खानपान, बसोबास, लत्ताकपडा जुटाउन गाह्रो भएका बेला कुनै पनि धर्मका माध्यमले भगवानलाई खुशी बनाएर लक्ष्मी प्राप्त गर्ने माध्यम यहाँ देखिन्छ :

लक्ष्मीको बास उत्तम लक्षण हुनेले मात्र प्राप्त गर्ने कुरा यहाँ उल्लेख गरिएको छ ।
लक्ष्मीले वास गर्छिन् लक्ष्मी साथैमा, गृह्य लक्ष्मीका ख्यालै नाहि होई ।
धर्मवती नारीका असल लक्षणले, धन जन उत्तम त्यही पाई ।

धर्म र पापको अवस्था हेरेर स्वर्ग जानुपर्दछ । त्यसैले आफ्नो नभनिकन दान पुण्य गर्नुपर्ने उल्लेख यहाँ पाइन्छ :

जानीलिनु मनले दान पुण्ये आफ्नो,
पुण्य आफ्नो राम धर्म आफ्नो,
कोही जान्न साथमा धन जन सम्पत्ति,साथ जान्न सुन नरनारी आई ।
धरमी धरम पापीको पाप, साथमा बनी जाई ।

मानिसले मरिहत्ते गरी धनकमाए पनि बिना पुण्यको धन नरहने कुरा यहाँ बताइएको छ ।

खानु अखानु गरी धन कमायो, साथ, लगि जाँदैन केही ।
बिना दान पुण्यको धन छैन आफ्नो, संसारमा रहन्छ यही ।

यसरी धार्मिक गीतमा आर्थिक पक्ष पनि भेटिएको पाइन्छ ।

## ५.२.४ प्रकृति चित्रण

प्रकृतिको विश्लेषण गर्नु धार्मिक गीतको अर्को विशेषता हो । पञ्चमहाभूतको वर्णन कतै देखिन्छ भने कतै समयको कालक्रमको बारे वर्णन भेटिन्छ । प्रकृति चित्रण सम्बन्धी पृथ्वीको बनावटको बारेमा यस्तो भेटिन्छ :

तिनै र जहुको अङ्गुल बन्याहु, चौबीस अङ्गुल हात बनी जाई ।
चारै हातको नापनी बन्याहु, दुवै नापनीको कोष बनीजाई ।
चारै र कोषको योजन बन्याहु, दुवै हजार योजनको देश बनी जाई ।
सप्तै र देशको मण्डल बन्याहु, सप्तै मण्डल खण्ड बनी जाई ।
यिनै नवै खण्डकी बसुन्धरामाई, सूर्य र चन्द्रमाको दिप्रका जलाई ।
धन्नमा देवी पृथ्वी बसुन्धरामाई, नित्ये सन्धे आरती गर्छौ तिमीलाई ।

**समयलाई यसरी वर्णन गरिएको छ :**

बारै र ऋतुका नयाँ हल गोरु, जोत्ने हलि छ ही भाइ ।
सातै गाँउ जोती जोती अर्जन बनाए, अगम्यको दौलत तुल्याई ।
सत्य त्रेता द्वापर कलि नाउ चलाउ, योगबार तिथिका दहिमा जमाई ।
धर्मका मनु दिन रातीका नेति, दहिया माथि साधु खुवाई ।

**अन्नपानी र धातुहरु सम्बन्धी प्रकृति चित्रण :**

अन्न प्राणी ऋण रची सृष्टि जमायौ, खाई प्राणी पालन गर्नलाई ।
अनेक मुगा मोती तिम्रै गोदरैये, अष्ट धातु खोजी खोजी ल्याउ ।
सोही धातु खारी खारी चलन गराई, अक्कल दियौ नरपतिलाई ।

**नदीहरु सम्बन्धी चित्रण :**

तिर्थराग प्रयाग विराजै गंगा जमुना सही तबनेगा नही नही ।
तिर्थराग प्रयाग विराजै गंगा यमुना वही तपुनिता नही नही ।

**वनस्पती सम्बन्धी चित्रण :**

जय हर गंगा तुलसा नमो नमो, नारायणी तुलसा औ श्रीपति हा राम ।
दुसरी अंश विष्णु शालिकरामको जनम, तिल कुश पिपलु नाम पाई ।

यसरी प्रकृति चित्रण सम्बन्धी विविध प्रसङ्गहरु भेट्न सकिन्छ ।

## ५.३. भाषा प्रयोगका आधारमा

नेपाली भाषाको अविकसित रूप हुनु धार्मिक गीतको प्रमुख विशेषता हो । वि.सं. १३८१ सालतिरको मानिने रागमालश्री हालसम्म पनि त्यही रूपमा देखिनु नेपाली भाषाको पूर्वरूप मान्न सकिन्छ । धार्मिक गीत भजनहरुमा भने प्रमुखरूपले हिन्दी त्यसपछि राजस्थानी, ब्रज भोजपुरी, अवधी आदि भाषाको सम्मिश्रण भएको देखिन्छ । जेहोस् धार्मिक गीतहरुमा स्थानीय भाषाको बढी प्रयोग र अन्य भाषाहरु पनि गौण रूपले आएको मान्न पाइन्छ । प्रायःगीतहरुमा श्रुति परम्पराका आधारमा एक पिंढीबाट अर्को पिंढीमा सर्दै जाने क्रममा शब्दहरुमा कहीँ थप्दै जाने, कहीँ मिलाउने, काट्ने, कहीँ हलन्तलाई अजन्त त कहीँ अजन्तलाई हलन्त बनाएर ताल, लय मिलाउने गरेको देखिन्छ ।

१३औं शताब्दीतिरबाट गाउन सुरु गरिएको भनिएको रागमालश्री यसप्रकार छ ।

"श्री गणेश पूजा नदियै बहिनी चन्द्रबदनी मृगलोचनी२ ।
गंगा युमना त्रिवेणी संगमा मोक्षदायिनी २ ।
चन्द्ररूपिणी प्रचण्डरूपिणी रक्तबीज निपातिनी ।
शङ्ख चक्र गदा पद्मले कोटिवान जिसाजिसी ।
लालरूप कपडा बीज असुरमारि सुधारिणी ।

नेपाली भन्ने गरे पनि यसमा संस्कृत र हिन्दीको प्रभाव बढी देखिन्छ ।

शिव नारायण हरि रसमिठा और नही, प्रभुनारायण हरि ।
बेद पुराण पडि परि थाकै, परिरे हितका भगवत गीता नही नही ।
सुन्दर देह देखि जगाजनि भुलै भुलै ऐसे बालुगीता नही नही ।
तीर्थराग प्रयाग विराजै गंगा जमुना सहित बनेगा नही नही ।

**स्थानीय लोकभाकामा नेपाली धार्मिक गीतको स्वरूप यस्तो देख्न सकिन्छ :**

देखवती ढाल तेरा देखवती ढाल, सामन्ये होरी साउँ देखवती ढाल ।
कौसिला र सुमित्रा के कही जोयेहो, यिन तीन रानी दशरथका ।
सामन्ने होरी साउँ देखवती ढाल, देखवती ढाल तेरा देखवती ढाल ।

**नेपाली भाषा इतरका गीतहरु पनि यहाँ देख्न सकिन्छ :**

रामजने, रामजने रामबोधने, अवसोहीया रामजने,
सिमलुका गाथ चढी हेर भैया पानीया । रामजने ....
पानीया ता छैन अवदेश अब सोहीया रामजने,
पानीयात छैन यता देश अब सोहीया रामजने । रामजने ....

धेरै जसो धार्मिक गीतका भाषाहरु नेपाली भाषा इतरबाट लिइएको छ । प्रायः यी गीतहरु पौराणिक ग्रन्थहरुबाट रचना गरिएकाले त्यस्ता ग्रन्थहरुबाट लिएको भाषिक संरचना अलि जटिल

देखिन्छ । गीतहरुमा अप्रचलित शब्दहरु पनि भेटिन्छन् । मालसिरी, आरती, फागुगीतहरुमा बढी अप्रचलित शब्दहरु देखिन्छ,जस्तै :

**मालसिरी**

हाँहाँ ज्वाला नयनी माता तीन त्रिलोककी माइये ।

वारि वानगंगा पारि क्षीरनदी बिच जालन्धर पिठये ।

तेतिस कोटी देवता भये हो ठाढे धन्य ईश्वरी माइये ।

मातृ तुम ही जगतकी धनि असल दान दिलाइयो

विषयके विष हरकर नित्य अमृत पिलाइयो ।

प्रायःलोक प्रचलितका गीतहरुमा भने विभिन्न किसिमका थेगोहरु जस्तैः कर, बाय, अरे, बहाँदुरै जस्ता प्रयोग गरिन्छ । जसले भाषामा मिठास थपेको हुन्छ । साथै पनि र भने जस्ता अव्ययहरुमा 'पिनि' 'बिनि' र 'पार' जस्ता शब्दहरु प्रयोग गरिनु, भयो, खायो, गयो जस्ता क्रियापदमा भओ, खाओ, गओ शब्द प्रयोग गरिनु, क्रियापदहरु जस्तै छ का ठाउँमा चको प्रयोग गरिनु जस्तै हुन्छ = हुन्च, गर्छ = गर्च, भन्छ = भन्च आदि र निपात शब्द नै का ठाउँमा जो प्रयोग गरिन्छ । यसरी यहाँका धार्मिक गीतहरु कथ्य भाषाका माध्यममा नै गाइन्छ ।

के लिई आउँच, के लिई जान्च, पुरानु जयघ्र अग्निले खान्च ।

पापको बिचार गरी चुर्ण गराउँचन्, पापीको हुर्मत यसैगरी लिन्चन् ।

यसरी माथिका क्रियापदमा आउँच, जान्च, खान्चमा 'छ' का ठाउँमा 'च' थपिनु र गराउँचन्, लिन्चनका ठाउँमा पनि 'च' थपिनु एउटा उदाहरण हो ।

यसरी अर्घाखाँचीका धार्मिक गीतमा एकातिर पौराणिक ग्रन्थहरुको प्रभाव परेको छ भने अर्कोतिर स्थानीय लोकभाषाको प्रभाव देखिन्छ । साथै यहाँका गीतहरुमा नेपालीभाषा इतरका भाषाहरुबाट पनि बढी भन्दा बढी प्रभाव परेका देखिन्छ ।

**५.४ लयविधानका आधारमा**

धार्मिक गीतको महत्त्वपूर्ण तत्त्व लय पनि एक हो । लय बिना गीतले गीति तत्त्व प्राप्त गर्न सक्दैन । जस्तो सुकै अवस्थामा पनि गीतमा लयात्मक मधुरताले नै स्थान लिएको हुन्छ । गीतको रागमा मानिसलाई पगाल्न, तान्न र भुलाउन सक्ने शक्ति लोकगीतमा लय वा भाकाले ल्याएको हुन्छ । त्यही शक्तिले गर्दा धार्मिक गीत लोकप्रिय र विश्वसनीय बन्न पुगेको छ । धार्मिक गीतहरु छन्द र नियममा रहे पनि शास्त्रीय नियमसँग पूर्णरूपमा मिल्दैनन् । धार्मिक गीतमा गुरुलघुको त्यति ख्याल भएको देखिदैन । कहीँ लघु भएका ठाउँमा पनि दीर्घ उच्चारण गरिएको हुन्छ भने कहीँ दीर्घ भएका ठाउँमा पनि ह्रस्व उच्चारण गरी स्वर तानेर भाका मिलाउन सक्दो प्रयास गरिएको हुन्छ ।

गीतहरुमा एकदुई अक्षर बढी, घटी जे भए पनि हुन्छ तर गाउँदा भने मिल्नुपर्छ । गीत गाउँदा गीतमा आउने अनुप्रासले गीतमा मधुरता ल्याएको हुन्छ । कुनै कुनै शब्दमा भने स्वर मिलाउनका लागि अनुपयुक्त अक्षरको प्रयोग भएको पनि देखिन्छ । यसरी सरसर्ती हेर्दा धार्मिक गीत शास्त्रीय छन्द विधानका नजिक रहेको देख्न सकिन्छ ।

हा हा "हरिका चरण चित्तलाउ मन, लाउमन लेउमन देउमन" रिटक

माथिको भजनमा सुरुमा 'हा-हा' भनेर रहनी निकालिएको छ । जुन गीत गाउँदा ढिलो क्रमले गाउने भन्ने बुझिन्छ । यसरी रहनी गाइसकेपछि भजन गाइन्छ । भजनको चरण समाप्ति भइसकेपछि पुनः दोहोऱ्याइन्छ । भजन दोहोऱ्याई तेहेऱ्याई भजन भन्दा छिटो-छिटो क्रममा भनिन्छ । त्यही छिटो भन्ने क्रमलाई रिटक भनिन्छ । रिटक भनेको बारम्बार दोहोऱ्याउनु हो । यसरी रिटक गाउँदा गीतलाई छिटो-छिटो क्रममा धार्मिक गीत गाइन्छ । यसरी सुरुमा त्यही गीत ढिलो क्रममा तालक्रमले भनिन्छ भने त्यही गीत पछिल्लो क्रममा छिटो-छिटो भनिन्छ र पुन पछाडि ढीलो गरी समाप्त गरिन्छ । यसरी धार्मिक गीतहरुमा लय र भाकामा एकरूपता हुँदैन भक्ति अनुसार गीतहरु गाइन्छ ।

तीर्थवर्त ज्ञानपुण्य मनमा गुन्नु, यो नयाँ सवाई चित्तलाई सुन्नु ।
धर्म गर्ने भक्ति संसारदेखि तर्चन् । पापी र अधर्मि नरकमा पर्चन् ।

यी गीतहरु गाउँदा एकजनाले ठाडो भाकामा गाइन्छ । साथै छिटो पनि गाइन्छ ।

सुनको थालमा टिपेपछि भगवानलाई चढ्दो हो, भुलो बरै सनिसार माया जालैमा ।
कर्कलाको पानी जस्तो मनुष्यको शरीर, अजम्बरी जन्मे जस्तो तेज बरिलै ।

यो गीत गाउँदा महिलाहरुले लामो भाका हालेर ढिलो स्वरमा गाउने चलन छ । धार्मिक गीतका भजनहरु प्रायःढिलो क्रममा भनि छिटो-छिटो टुङ्गयाइन्छ । संस्कारका गीतहरु लामो स्वर निकालेर ढिलो क्रममा भनिन्छ । पर्वगीतहरु भने छिटो-छिटो भनिन्छ । यसरी प्रायःधार्मिक गीतहरुमा लयमा समानता पाइदैन ।

### ५.५ संरचनाका आधारमा

धार्मिक गीत भन्ने बित्तिकै संरचना नहुने कुरै भएन । संरचनाले गीतको छन्द थाहा पाइन्छ । गीत कुन छन्दमा छ, त्यसको स्वरूप कस्तो छ भन्ने कुरा नै संरचना हो । संरचनालाई गीतको अङ्ग पनि भनिन्छ । अङ्ग बिना गीत अधुरो हुन्छ । अर्घाराज्यमा प्रचलित धार्मिक गीतको एउटै संरचना रहेको छैन । उही गीतमा पनि फरक संरचना रहेको देखिन्छ । गीत मिलाउनको लागि केही ठाउँमा शब्द झिक्ने त केही ठाउँमा शब्द राखेर गीतलाई फरक संरचनामा ढाली लयात्मक रूपमा गाइन्छ । जस्तैः धार्मिक गीत सोरठी/मारुनी को संरचना यस्तो रहेको छ ।

सोर सय ग्वालेनी हामरा, जमुनामा नुहाउन जाउँ ।

SII ISS SSI SII SSI SII SS = 20

हो बाह्रवर्षको सोमबारे औसी, जमुनामा नुहाउन जाउँ

SSI SIS SIS SSS IIS SIS II SS = 22

यसरी उही गीतको पहिलो चरण १० वर्णमा रोकी २० वर्णमा टुङ्याईएको छ भने दोस्रो चरण १२ वर्णमा रोकी २२ वर्णमा टुङ्याइएको छ । यसरी यहाँ संरचनाका दृष्टिले एकरूपता पाइदैन र ह्रस्व दीर्घ पनि एक नासको देखिदैन । भाका भने एउटै रहेको छ । मालसिरी प्रायः २१ अक्षरसम्म रहेको हुन्छ । जहाँ दुई चरणमा एक श्लोक हुन्छ । पहिलो चरणमा ७ अक्षर, दोस्रो चरण १४ अक्षरमा विश्राम हुन्छ । यसरी हेर्दा मालसिरी गीत स्रग्धरा वार्णिक छन्दको नजिक रहेको देखिन्छ ।

कहाँ हो माई तिम्रो, जनम भूमि कहाँ तिम्रो डेरा नी आ हा ।

आकाश हो हाम्रो जनमभूमि पात्ताल हाम्रो डेरानी आ हा ।

यसरी पहिलो चरण र दोस्रो चरणमा बराबर अक्षरगत संरचना रहेको छ । जसमा ७ अक्षरमा विश्राम र २१ अक्षरमा अन्त्य भएको छ । संरचनाका दृष्टिले फागुगीत एकनासको देखिदैन, जस्तै :

देखवती ढाल तेरा देखवती ढाल, सामन्ये होरी साउँ देखवती ढाल ।

कौसिला र सुमित्रा केकहि जोये हो, यिन तीन रानी दश रथका ।

यसरी पहिलो चरणको पहिलो पाऊ १४ अक्षरमा संरचित छ । दोस्रो चरणको पहिलो पाउ १४ अक्षरमा संरचित छ भने दोस्रो चरणको दोस्रो पाउ १३ अक्षरमा संरचित छ भने दोस्रोचरणको दोस्रो पाउ ११ अक्षरमा संरचित छ । यसरी संरचनाका दृष्टिले फागु गीतमा एकरूपता पाइदैन ।

यसरी अर्घाखाँचीको कोही गीतमा संरचना मिले पनि धेरै गीतमा संरचना नमिलेको आभाष हुन्छ ।

## ५.६ धार्मिक गीत तत्त्वहरुका आधारमा

धार्मिक गीतमा नभई नहुने आवश्यकीय वस्तुलाई तत्त्वका रूपमा लिन सकिन्छ । यी तत्त्वको उपस्थिती बिना धार्मिक गीतको पूर्णता प्राप्त हुन सक्दैन । तत्त्वहरुलाई उपकरण, अङ्ग, घटक, संरचक घटक, अवयव आदि नामले पनि पुकारिन्छ । यी आवश्यक तत्त्वको उपस्थिति बिना धार्मिक गीतले आफ्नो संरचना प्राप्त गर्न सक्दैन । यहाँ कुनै एक धार्मिक गीत भजन भित्र रहेर धार्मिक गीतको तत्त्व केलाउने काम गरिएको छ ।

### ५.६.१ सन्देश

कुनै पनि धार्मिक गीतमा केही न केही सन्देश रहेकै हुन्छ । सन्देशमा गाउँघरका उकाली ओरालीका अनुभव जन्य अभिव्यक्तिका साथै शासन व्यवस्था, स्वतन्त्रता, निरङ्कुशता, राष्ट्रियता र स्वाभिमान स्वभाविक रूपमा प्रभावकारी सन्देशहरु धार्मिक गीतमा झ्याम्मिएर आएका हुन्छन् । धार्मिक गीत अनुसार सन्देशहरु पनि फरक-फरक हुन सक्छन् ।

आ ऽ ऽ ऽ हरि

मायाँ मोहनी मेरो मनत रोइरोइरह्यो२, विर्सनलाई कठीन भयो ।

मायाँ मोहनी मेरो मनत रोइरोइरह्यो२ ।

आ ऽ ऽ ऽ हरि

नाम यौता हरिको बच्चाउ भगवान,२ सुन्दर लाग्यो नाम,

नाम यौता हरिको बच्चाउ भगवान२ ।

हरि हरि नाम यौता हरिको बच्चाउ भगवान । इत्यादि ।

माथि दिइएको भजनले कहीँ शान्तिको कामना गरेको देखिन्छ भने कहीँ भक्तितर्फको उन्मुखतालाई जोड दिएको छ ।

### ५.६.२ भाषा

भाषा बिना कुनै पनि बिचारको आदान प्रदान हुन सक्दैन । भाषाले कुन ठाउँको लोक संस्कृतिको हो, त्यो चिनाउँछ र पछि आउने पिंढीलाई वास्तविक स्वरूप दिन्छ । लोकसाहित्यले लिखित भाषालाई भन्दा लोकभाषालाई प्राथमिकता दिन्छ । भाषामा रस, अलङ्कार, विम्ब, शब्द प्रयोग, वाक्यविन्यास आदि यसभित्र आउँछन् । माथि प्रस्तुत भजन क्षेत्रीय भाषाको प्रयोग हो । साथै यस्ता हिन्दीको और, नहि जस्ता शब्दले हिन्दीको प्रभाव रहेको देखाउँछ । कविता प्रधान श्लोके छन्द, लय सुरुमा मन्द र पछि द्रुत लय देखिन्छ ।[८८]

---

[८८] दयाराम श्रेष्ठ, **साहित्यको इतिहास : सिद्धान्त र सन्दर्भ,** (काठमाडौँ : त्रिकोण प्रकाशन, २०६९) पृ. ८५ ।

### ५.६.३ चरन

शास्त्रीय भाषामा अन्तराको स्थान नै धार्मिक गीतमा चरनले लिन्छ । यसलाई फाँकी पनि भनेको देखिन्छ । धार्मिक गीतमा कथाबस्तु, बिचार वा भाव अगाडि बढाउनु चरन हो ।[८९] चरनमा एक एक टुक्का बारम्बार पुनरावृत्ति गरिन्छ । माथिको भजनमा 'नाम यौता हरिको' भन्ने पुनरावृत्ति भएकाले यसलाई चरन भनिन्छ ।

### ५.६.४ थेगो

आवश्यक तत्त्व थेगो पनि हो । यसले गीतमा चमत्कारी अर्थ प्रदान गर्दछ । यो बारम्बार आवृत्ति हुन्छ । जसले गेयता प्रदान पनि गर्दछ । माथि सुरुमा थालिएको पुनः आवृत्ति हुँदा थेगोको काम गरेको छ ।

### ५.६.५ उद्देश्य

बिना कुनै प्रयोजन गीतहरु गाइदैनन् । तिनीहरुको केही न केही उद्देश्य भएकै हुन्छ । केही गीतमा उद्देश्य परोक्ष भए पनि अधिकांश गीतमा प्रत्यक्ष उद्देश्य देखाइन्छ । धार्मिक गीतको उद्देश्य भनेको अर्ति उपदेश तथा ज्ञान वृद्धि गराउने, मनोरञ्जन प्रदान गर्ने, सामाजिक यथार्थको प्रकटीकरण गर्ने हुन्छ । प्रायः वर्तका गीतहरु धार्मिक उद्देश्यले गरिएका हुन्छन् भने संस्कारका गीतहरु मनोरञ्जन प्रदानका लागि गरिन्छन् । संस्कारका गीतहरु जन्मदा हर्षोल्लास गर्ने त मर्दा वा बुढेसकाल लागिसकेपछि गरिने चौरासी जस्ता कर्म गर्दा भगवान प्राप्ति आदि कामनाले प्रेरित भएका हुन्छन् । प्रसङ्ग अनुसार माथिको भजनमा हरिको नाम नभुलि स्वर्ग प्राप्त गर्नु प्रमुख उद्देश्य रहेको छ ।

### ५.६.६ शैली

अभिव्यक्ति गर्ने ढाँचालाई शैली भनिन्छ । धार्मिक गीतमा अधिकांश लोकशैलीको प्रयोग गरिन्छ । यस्तो लोकशैली अकृतिम र अजटिल हुन्छ । सहज र स्वभाविक साधारण शैली हुनु यसको आफ्नै विशेषता भन्न सकिन्छ ।

### ५.६.७ रिटक

आरती गाउँदा सुरुको अंश दोहोरिने क्रमलाई रिटक भनिन्छ । यसलाई स्थाई, रहनी, पुनरावृत्ति पनि भनेको पाइन्छ । भजन गाउँदा सुरुगर्दा गाइने चरण पुनः पुनरावृत्ति गरिन्छ भने

[८९] ऐजन ।

त्यसलाई रिटक भनिन्छ । चुड्काहरुको बारम्बार पुनरावृत्ति हुन्छ भने भजनहरुमा दुईचरण पछि प्राय:पुनरावृत्ति गरिन्छ । कहीँ कहीँ सम्पूर्ण आरती, भजन पछाडि पुनरावृत्ति गरी टुङ्याान्छ । यसरी भजनमा रिटकको पनि आफ्नै स्थान रहेको छ ।

### ५.७ काव्यतत्त्वको आधारमा

धार्मिक गीतमा शास्त्रीय आधार भन्दा पनि लोक साहित्यिक आधारमान्नु राम्रो हुन्छ । धार्मिक गीतहरुमा पनि काव्यतत्त्व भेटिन्छ । काव्यतत्त्व भन्नाले रस, अलङ्कार, विम्ब, प्रतिक जस्ता तत्त्वलाई मानिन्छ । जसले धार्मिक गीतको सौन्दर्य बढाएको हुन्छ ।

### ५.७.१ रस

रसलाई काव्यशास्त्रमा 'रसना' वा अनेक दृष्टिले हेरिए जस्तै धार्मिक गीतमा पनि नवरसको केही झल्को पाइन्छ । भावको संयोग द्वारा नै रसको निष्पत्ति भएको पाइन्छ ।

**श्रृङ्गार रसका गीतहरु**

श्रृङ्गार रसका धार्मिकगीतहरु सम्भोग/संयोग र विप्रलम्भ/वियोग श्रृङ्गार गरी
दुई प्रकारका देखिन्छन् ।

**सम्भोग/संयोग श्रृङ्गारका भजनहरु**

भेट भई राधा कृष्ण मोहपरी रैये, माया रस भिजि भिजि आई ।

यहाँ राधा र कृष्णको संयोग अर्थात् मिलन भएको छ र मोहमा परेर मायारूपी रसले शरीर भिजेको उदारहण छ ।

हेरी रोवत रोवत, मोहन आये, नैना सौनिर बुहाई ।

बंशीमेरो छिनी लिया हरि, सब सखियान मिलि मारी ।

यहाँ हरि, नन्दबाबा र सखिहरु बंशीको प्रभावले मिलेको प्रसङ्ग आएको छ । त्यसैले यहाँपनि संयोग देख्न सकिन्छ ।

**विप्रलम्भ /वियोग श्रृङ्गारका भजनहरु**

विदा दिए प्रभुले रुँदै गइन् घरमा, फर्की फर्की हेरिन् हरिलाई ।

विह्वल भई गइन् राधा फूल बारी बगैचा, कठिन भयो चित्रथामनलाई ।

यहाँ प्रभुले राधालाई विदा दिँदा राधाले फर्की फर्की हेरी विह्वल भई फूलवारीको बगैचामा गएर पनि चित्त थाम्न नसकेको प्रसङ्गले विप्रलम्भ श्रृङ्गार रस रहेको देख्न सकिन्छ ।

**अन्य श्रृङ्गार रसका गीतहरु**

कनैया आयो मुरली बजायो, सोह्रसये ग्वालेनीलाई मोहमा डुबायो ।

आज पनि आयो दिदै त्यही कनैया, भोलि पनि आउँछ दिदै त्यहि कनैया ।

त्यो पापी कनैया जसुधाको चेलो, तिम्ला पनि छलो मला पनि छलो ।

कनैया आयो शङ्ख बजाये, सोह्रसय ग्वालेनिका बस्त्र लुकायो ।

## वीर रसका गीतहरु

कम्मरमा समाई फन्फनी घुमाये, पटकी मारे हरिले चाणुजोधालाई ।

कुस्ती गरे संग्राम रणभूमि माहा, मारीदीये रामले मुस्टिकलाई ।

यसरी कंश युद्धका बेला कृष्ण र बलरामले चाणुर्जोध र मृस्टिकलाई मारेको वीर रस सम्बन्धी भजन यहाँ देखिन्छ ।

रणभूमि बसेका थीये दुनुभाइ, सोच गरे हरिले कंश मार्नलाई ।

थरथर राजाको मुकुट कान लायो, कंश राजा वीरको आयु घटी आयो ।

यसरी कंशलाई मार्दाको वीर रस प्रधान भजन यहाँ देख्न पाइन्छ ।

## हास्य रसका गीतहरु

मोहपरे ग्वालेनी मुखरसखाये, काउकुति लाएर कृष्णलाई चलाये ।

मटुकी र गबुवा सबैलुकाई दिये, बाछा फोई भकार्मा सुद्धी गराई दिये ।

खुवामुजा चोरेर बाँदरलाई खुवाये, सोह्रसये ग्वालेनी धुरूक्कै रूवाये ।

यसरी कृष्णले ग्वालेनीलाई दुःख दिएको प्रसङ्ग र कृष्णलाई ग्वालेनीले काउकुति लाएर हँसाएकोले यहाँ हाँस्य रसप्रधान गीत देख्न पाइन्छ ।

देखवती ढाल तेरो देखवती ढाल, सामान्ये होरी साउँ देखवती ढाल ।

यसरी होली गीतमा पनि हाँस्य प्रधानका गीतहरु रहेका छन् ।

## अन्य हाँस्य प्रधान गीतहरु

देख्तो चोरते तेरे काना तैंतो चोर्ने हाम्रो सारी, चोरते काना तैंतो मोहन रूप धारी ।

मोहनी रूप धारी तैंतो चोर्ने हाम्रा सारी ।

## शान्त रसका गीतहरु

बाजा बजे नौमति, हर्ष भयो त्यहाँ, दर्शन गरे रामले, गुरु पाउ माँहाँ ।

हर्ष धारा रोएकि कौशिला माई, दर्शन गरे रामले, चरण समाई ।

हरि भजन हरि भजन, जिन्दगी हो सपना हरि भजन ।

सांसारिक प्रपन्चबाट पारलाउनकोलाई कहिल्यै आत्तिन नहुने केबल हरि नाम जपेर हरिका चरण समाएर दर्शन गर्नुले शान्त रस यहाँ देख्न सकिन्छ ।

शिव हरि ! शिव हरि ! हरि गुण गाउन, नित्य हरि भजन गरी बैकण्ठमा जाउन ।

ब्रह्मा विष्णु, महेश्वर सूर्य गणेश्वर, पञ्च देवमा मन चित्त लाउन ।

### ५.७.२ अलङ्कार

धार्मिक गीतमा पनि विभिन्न किसिमका अलङ्कार प्रयोग भएको देखिन्छ । विशेष गरेर शब्दालङ्कार बढी भेटिन्छ भने अर्थालङ्कार पनि केही मात्रामा पाइन्छ । शब्दालङ्कारका केही उदाहरण, गीतमा देख्नसकिन्छ, जस्तैः

**अन्त्यानुप्रास अलङ्कार**

गीतको चरणको अन्त्यमा वर्णका पद दोहोरिएमा र तुकबन्दी मिलेका गीतमा अन्त्यानुप्रास अलङ्कार हुन्छ ।[९०] गीतलाई रोचक, मधुर तथा प्रभावकारी बनाउन यो अलङ्कार बढी आवश्यक हुन्छ, जस्तैः

रावणले हरिको तप गऱ्यो काँहाँ, के के माग्यो वरदान बह्मा साथ माहाँ ।

के दिए वरदान बलवान भयो, युद्धे गर्न रावण कहाँ कहाँ गयो ।

यहाँ अन्त्यमा कहाँ, महाँ, भयो गयो ले अन्यानुप्रास अलङ्कार भएको पुष्टि भएको छ । यस्ता अन्त्यानुप्रास भएका भजनहरु धेरै देखिन्छन् ।

**छेकानुप्रास अलङ्कार**

अनेक ब्यञ्जनको उसै क्रममा एकपटक मात्र आवृत्ति भएमा छेकानुप्रास अलङ्कार हुन्छ ।[९१] जस्तैः

काली र मालीबाट याँउदा विहागरी ल्याए, छट छट नन्द नानी जान्छु भण्डार ।

यहाँ काली, माली र छट-छट जस्ता शब्द दोहोरिएर आएकाले छेकानुप्रास अलङ्कार देखिन्छ । अर्को उदाहरण

आफ्र भन्ने गाउँ गुरु भन्ने नाउँ, जाउन सुबै जाउन साबै निम्ति बोलाइल्याउ ।

यहाँ पनि गाउँ, नाउँ, जाउन, आउन, सुबै, सावै आएकाले छेकानुप्रास अलङ्कार भेटिन्छ ।

**वृत्यानुप्रास अलङ्कार**

उहि क्रममा एक वा अनेक व्यञ्जनहरुको पटक-पटक पुनरावृत्तिलाई वृत्यानुप्रास अलङ्कार हुन्छ, जस्तैः

त्रिपासा सरर भैना झरर, केटी माग्नी कलिया अँघि सरर ।

कस्ती ल्यायौ सासू कस्तो ल्यायौ घर, आमा जस्ती सासू दरवार जस्तो घर ।

---

[९०] ईश्वर कुमार श्रेष्ठ, **पूर्वीय एवं पाश्चात्य साहित्य समालोचना**, तेस्रो सं., (काठमाडौं: साझा प्रकाशन, २०५१), पृ. १३३ ।

[९१] **ऐजन**, पृ. १२९ ।

यहाँ र वर्ण, यौ वर्ण, ती वर्ण, घर वर्ण अनेक पटक आवृत्ति भएकाले वृत्यानुप्रास अलङ्कार देखिन्छ ।

**श्लेष अलङ्कार**

एउटै शब्दले एकभन्दा बढी अर्थ बुझाइन्छ भने त्यस्तो अलङ्कारलाई श्लेष भनिन्छ । निर्गुण भजनमा श्लेष अलङ्कार भेटिन्छ ।[९२] जस्तैः

सृष्टि गरे हरिले अपूर्व चरीको, चार खुट्टा दश शिर बनाई राम ।
अगम्य अपारको चरी बनाए, कालो सेतो रूप देखाई राम ।
बाह्रै र ऋतुका नयाँ हल गोरु, जोत्ने हली छ है भाइ, राम ।
सातै गाउँ जोती जोती आजन बनाए, अगम्यको दौलत तुल्याई राम ।

यहाँ चीर भनेर चार युग र दश शिर भनेर दश दिशा भनिएको छ भने बाह्रै ऋतु भन्नाले बाह्र महिना, ऋतु भन्नाले छ हल गोरु, हली भन्नाले भगवान, सातै गाउँ भन्नाले सातद्विप फलाएर दौलत दिएको कुरा बुझिन्छ । यसरी यहाँ सोझो अर्थ र भित्रको अर्थ गरी दुई अर्थ बुझिएकोले श्लेष अलङ्कार भएको छ ।

**अन्य श्लेष अलङ्कार**

इन्द्रिय समानको पर्वत नाहि, मायाको तलाउ बनो ।
मनको रेल बुद्धिको खेल, चित्रको सवारी चलो ।
ध्युं किम्लीले झाँतो बोकी ल्यायो, भुसुना रिगायो राम
समुद्रमा आगो लाग्यो खरले निभायो, राम .....
अघि-अघि आफै जन्मिन, पछि जन्मे जेठा दाइ राम ।
बात कहँदा बाबा जन्मे, माई जन्मिन कन्थालाई ।

यसरी दुई अर्थ भेटिदा श्लेष अलङ्कार भएको छ ।

**उपमा अलङ्कार**

जहाँ दुई वस्तु उपमान र उपमेयको समान धर्मबाट विशिष्ट शोभाको वर्णन गरिन्छ । त्यहाँ उपमा अलङ्कार हुन्छ । यहाँ उपमान (दाँज्ने विषय) उपमेय (जसलाई दाँजिन्छ), सामान्य धर्म, र वाचक पद (सरि, झै, जस्तै आदि) उक्त चारै तत्त्व पुगेमा पूर्णोपमा अलङ्कार हुन्छ भने कुनै एउटा नभएमा लुप्तोपमा अलङ्कार र हुन्छ ।[९३] जस्तै

मलाई बगाउलाकि फूल बगाउने नदीले । नाचन नानी नाचन, कैलासका शिव झैं ।
आउन वरिपरि राधा कृष्ण झै गरी । बसन बाबु बस, कैलासका शिव झै ।

---

[९२] हेमाङ्गराज अधिकारी, **पूर्वीय समालोचना सिद्धान्त,** छैटौं सं., (काठमाडौंः साझा प्रकाशन, २०५६), पृ. ५६ ।
[९३] हेमाङ्गराज अधिकारी, **पूर्ववत** पृ. ५६ ।

नाच फुरुरुरु बत्तीका पुतली झैं ।

**यमक अलङ्कार**

शब्द वा शब्दांशको धेरै चोटि प्रयोग भई प्रत्येक चोटि त्यसको अर्थ सार्थक भिन्नार्थक वा निरर्थक पनि हुने भएमा यमक अलङ्कार हुन्छ, जस्तैः

उत्तमले लाएका उत्तम बस्त्र राम, मैला बस्त्र धुर्वजीलेलाई ।

राजा रानी उत्तम बगैचामा गएका राम, धुर्व पनि पछि पछि जाई ।

यसरी अन्य अलङ्कारहरु पनि धार्मिक गीतमा भेट्न सकिन्छ ।

**५.८. गायन विधिका आधारमा**

मानिसहरुले सनातन धर्मलाई थामी राख्न विभिन्न माध्यमका आधारमा रहेर काम गरेका हुन्छन् । अर्घाखाँची अर्घाराज्यका धार्मिक गीतहरु कर्म, संस्कार र पर्वका अवसरमा भक्ति वा भक्तिहरुले गाउने गर्दछन् । विभिन्न देवी देवताको पूजा गरेर कुनै पनि व्यक्ति वा समूहले भजनमण्डलीलाई भजन गाउन निमन्त्रणा गर्दछन् । उनीहरुले साथै वाद्यवादनका सामग्री ल्याउँछन् । कतिपय भक्ति तथा मानिसहरु निमन्त्रणा नगरिकनै आएर भजनहरु गाउँछन् । गाउन जान्नेले गाउने, नजान्नेले छोपेर रमाइलो गर्दछन् । यसरी गाउँदा ३-३ जनाको समूह वा ३ जना भन्दा बढीको दुई समूहमा प्रायः भजन गाउँछन् भने अन्य तीज गीत, मालसिरी गीत , फागु गीत, भलाये गीत र जिउँती गीत पनि समूहमा गाउँछन् । यी गीतमा एक जनाले भट्याइन्छ र अन्यले छोपिन्छ । होली  गीत मन्दिरमा र खुला चौतारो आदिमा बढी गाइन्छ भने अन्य गीत घरको बाहिर बसेर गाउँछन् । प्रायःजुन गीतमा पनि जान्ने व्यक्तिले गीत झिक्ने काम गर्दछ भने अन्यले छोप्ने काम गर्दछन् । भजन र मालसिरी एकल पनि गाइन्छ भने प्रायः सम्पूर्ण गीत युगल नै गाइन्छ । यसरी प्रत्येक गीतमा आ-आफ्नै रहनी र विश्राम हुने गर्दछन् ।

धार्मिक गीतमा भजन गीत महिला पुरुष दुवैले गाइन्छ भने मालसिरी, फागु गीत र सोरठी गीत पुरुषले मात्र गाउने पुरुष प्रधान गीत हुन् । तिज गीत, जीँउती गीत र भलाये गीत महिलाले मात्र आउने नारी प्रधान गीत हुन् । यसरी नारी र पुरुषले आफ्नै किसिमले यी गीतलाई जगेर्ना गरी राखेका छन् ।

**५.९ मञ्चीय दृष्टिका आधारमा**

गीतहरु गाइने ठाउँ नै मञ्च हो । अर्घाखाँचीमा अर्घाराज्यको धार्मिक गीत भजन घरको भित्र, दलान, आगन वा मन्दिरको पेटिमा गाइन्छ । मालसिरी मन्दिरमा मात्र गाइन्छ । तिज गीत घर, मन्दिर र खुला ठाउँमा गाइन्छ । भलाए गीत घरमा मात्र गाइन्छ । फागुगीत मन्दिर र खुला ठाउँमा गाइन्छ । सोरठी गीत प्रायः आगन र सार्वजनिक ठाउँमा गाइन्छ । भजन, फागु गीत र

सोरठी गीत समय हेरेर महिना दिनसम्म गाइन्छ भने अन्य गीत एकदिन मात्र गाइन्छ । यसरी जहाँ गीतहरु गाइन्छ प्रायः गाउने मानिसहरु अगाडि, छोप्ने मानिस त्यस पछाडि र हेर्ने मानिस अझै पछाडि बस्ने परिपाटि मिलाईएको हुन्छ । नाच्नको लागि बिचमा ठाउँ छुट्याइएको हुन्छ । गाउने मानिसहरु बस्ने ठाउँ प्रायः मण्डप बनाइएको हुन्छ । त्यो अग्लो र ठुलो हुन्छ । पूजा गरेको ठाउँ छ भने मात्र भजन मण्डली वरिपरि घुमेर गाउँछन् भने अन्य बेला बसेरै गीत गाउँछन् । होली गीत, सोरठी गीत र मालसिरी उठेर गाइन्छ भने अन्य गीत बसेरै गाइन्छ । यसरी समय अवस्था हेरेर गीत गाउन मञ्चको व्यवस्था गरिएको हुन्छ ।

## ५.१० नृत्य विधानका आधारमा

यहाँका धार्मिक गीतमा भलाये गीत र फागुगीतमा नाच्ने चलन खासै देखिदैन अन्य गीतहरु भने नृत्यप्रधान नै रहेका छन् । प्रायः गीत गाउँदा मानिसहरुको बिचमा अथवा गीत गाउने व्यक्तिको अगाडि खाली ठाउँ मञ्च बनाइएको हुन्छ भने त्यहीँ खाली ठाउँमा नाच्ने गरिन्छ । ठाउँ फराकिलो नभएर एकल र ठाउँ ठुलो भए समूहमा नाच्ने गरिन्छ । धार्मिक गीतमा बच्चादेखि वृद्धहरुको उपस्थिति रहन्छ र सकि नसकि नाच्छन् र सक्ने मानिसले शिरमा कलश र हातमा सुपो वा थाली राखेर कला प्रदर्शन गरेका हुन्छन् । गीत गाउने गायकहरु जति राम्रो गाउन्छन् त्यति नृत्य पनि राम्रो हुन्छ । गीतकै तालमा नृत्य गरिन्छ । गीतकारहरु ढिलो गीत गाउँदा ढिलो नाच्ने र छिटो गीत गाउँदा छिटो-छिटो नाच्ने चलन छ । यसरी नाच्दा सुरुमा नमस्कार गरी सुरु गर्ने र अन्तिममा पनि नमस्कारै गरी टुङ्गयाउँछन् ।

## ५.११ वाद्यवादनका आधारमा

यहाँका धार्मिक गीतहरु गाउँदा वाद्यवादनको प्रयोग गरिएको हुन्छ । भजन गीत गाउँदा खैंजडी, मजुरा, शङ्ख, घण्ट बजाइन्छ । मालसिरी र फागु गीत गाउँदा पञ्चेबाजा बजाइन्छ । सोरठी गीत गाउँदा मादल, दमाह, बाँसुरी बजाइन्छ । तिज गीत गाउँदा मादलको बढी प्रयोग गरिन्छ । मादल नभए थपडी बजाएर पनि गाइन्छ । भलाये गीत दमा, शङ्ख, घण्ट आदि बजाएर गाइन्छ । मालसिरी गाउँदा गितार बजाएर पनि गाइन्छ । यसरी अलग-अलग गीतहरु अलग-अलग वाद्यवादन सामग्रीको सहयोगले गाउने गरिन्छ ।

बनावटका दृष्टिले खैंजडी, मादल र दमाह काठ र छालाबाट निर्मित हुन्छन् । गितार काठ र सनको धागोबाट निर्मित हुन्छ । शङ्ख शङ्खे किराको बाहिरी खप्परबाट बनाइन्छ । बाँसुरी निगालाको बनाइएको हुन्छ । मजुरा काँसको हुन्छ र यसमा बिचमा प्वाल बनाई धागाको सहयोगले

निर्मित गरिन्छ भने अन्य घण्ट, कर्नाल, घ्याम्पो आदि काँस वा तामाबाट बनाइएका हुन्छन् । फरक-फरक ढङ्गले बजाई धार्मिक गीतलाई जगेर्ना गर्न मद्दत पुगेको छ ।

## ५.१२ निष्कर्ष

धार्मिक गीत भन्नाले पवित्र धार्मिक कार्य तथा उत्सवहरुमा विभिन्न वाद्यवादनका सामग्रीहरुको सहारा लिई वा नलिई रागात्मक अभिव्यक्तिसंगै ईश्वरीय वा अनिश्वरीय विषयवस्तुमा आधारित गीतात्मक प्रस्तुतिलाई धार्मिक गीत भन्न सकिन्छ । यसको आफ्नै मौलिकता रहेको छ । त्यसैले यसलाई विभिन्न विषयवस्तु भित्र रहेर वर्गीकरण गरिएको छ । विषयवस्तुका आधारमा सामाजिक चित्रण, सांस्कृतिक चित्रण, आर्थिक चित्रण, प्रकृति चित्रणमा रही वर्गीकरण गरिएको छ भने भाषा प्रयोगका आधारमा, लयविधानका आधारमा, संरचनाका आधारमा पनि धार्मिक गीतको वर्गीकरण गरिएको छ । साथै धार्मिक गीतका तत्त्वहरुका आधारभित्र कुनै एउटा धार्मिक गीतको अंशलाई लिएर त्यसको तत्त्वहरुलाई केलाउने काम गरिएको छ । तत्त्वहरुमा सन्देश, भाषा, चरण, थेगो, उद्देश्य, शैली, रिटक केलाईएको छ भने काव्यतत्त्वका आधारभित्र रस र अलङ्कारलाई केलाईएको छ । गीतलाई गायन विधिका आधारमा, मञ्चीय दृष्टिका आधारमा, नृत्य विधानका आधारमा, वाद्य विधानका आधारमा पनि वर्गीकरण गरेर हेरिएको छ । यसरी अर्घाखाँची जिल्लाको धार्मिक गीतमा समस्त चित्रण र स्थानीय भाषाको पनि प्रयोग भएको भेटिन्छ । गीतमा हुने लय, संरचना, तत्त्व, काव्यतत्त्व पनि धार्मिक गीतमा देखिन्छ । साथै धार्मिक गीतले अर्घाखाँचीको गायन विधि, मञ्चीय दृष्टि, नृत्य र वाद्यवादनको पनि परिचय दिएका छन् । समग्र रूपमा भन्नुपर्दा अर्घाखाँचीको समस्त पक्षमा रही धार्मिक गीतले छुट्टै पहिचान राखेको छ भन्न सकिन्छ ।

# छैटौं परिच्छेद

## उपसंहार

प्रस्तुत शोधकार्य अर्घाखाँची जिल्लाका अर्घाराज्यमा प्रचलित धार्मिक गीतको अध्ययन शीर्षकमा सम्पन्न गरिएको छ । यो शोधकार्य शोधपत्रका रूपमा जम्मा छैटौँ परिच्छेदमा विभाजन गरी आवश्यक शोधप्रविधि अँगाली सङ्गठित पारिएको छ । यसको पहिलो परिच्छेद शोधपरिचयका औपचारिकतासँग सम्बन्धित छ भने यो अन्तिम छैटौं परिच्छेद उपसंहारका रूपमा रहेको छ । त्यस्तै शोधपत्रका दोस्रो, तेस्रो, चौथो र पाँचौं परिच्छेदमा गरिएको अध्ययनलाई निष्कर्षित गर्ने शोधको औपचारिकतासँग सम्बन्धित छ ।

### ६.१ सारांश

प्रस्तुत शोधपत्रको दोस्रो परिच्छेदको शीर्षक 'अर्घाखाँची जिल्लाको सङ्क्षिप्त परिचय' रहेको छ । यसमा अर्घाखाँची जिल्लाको छोटो परिचय दिइएको छ । यो पाँच विकास क्षेत्र अन्तर्गत पश्चिमाञ्चल विकास क्षेत्रको लुम्बिनी अञ्चलमा अवस्थित ६ जिल्लाहरुमध्ये एक हो । नेपालका अरू जिल्लाहरु जस्तै यस जिल्लाको पनि आफ्नै गरिमामय इतिहास छ । यस जिल्लामा प्राचीन धरोहरदेखि लिएर पौराणिक तथा धार्मिक तीर्थस्थलहरु, पर्यटकीय क्षेत्रहरु अवस्थित छन् । यस जिल्लाको नामकरण ऐतिहासिक बाइसे चौबीसे राज्य अर्घा र खाँचीबाट अर्घाखाँचीको नामकरण भएको हो । वि.सं. २०१८ सालसम्म यो जिल्ला गुल्मी जिल्ला अन्तर्गत रहे पनि देश ७५ जिल्लामा विभाजन हुँदा अहिलेको अर्घाखाँची जिल्ला बनेको हो । समुद्र सतहको ३०५ मिटरदेखि २५१५ मिटरको उचाइसम्म फैलिएको जिल्लाको पूर्वमा पाल्पा, पश्चिममा प्यूठान र दाङ्ग उत्तरमा गुल्मी र दक्षिणमा कपिलवस्तु र रूपन्देही जिल्लाको बिचमा पर्ने पहाडी जिल्ला हो । प्रशासनिक दृष्टिले २ संसदीय निर्वाचन क्षेत्र, ११ इलाका र ४२ गाउँ विकास समितिमा विभाजित यस जिल्लाको सदरमुकाम सन्धिखर्क हो । यस जिल्लामा २०६८ को जनगणना अनुसार यहाँको जनसङ्ख्या २४५८२१ रहेको छ । यस जिल्लामा प्रमुख धर्मालम्बीहरुमा हिन्दु, इस्लाम, बौद्ध र जैन आदि रहेका छन् । यस जिल्लामा स्वास्थ्य तथा शैक्षिक स्थितिमा १ जिल्ला अस्पताल रहेको छ भने उपस्वास्थ्य चौकी ३१, प्राथमिक स्वास्थ्य केन्द्र २, स्वास्थ्य चौकी ८, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र १, आयुर्वेद औषधालय १, ३० निजी स्रोतबाट सञ्चालित सि.म.ए., भेटनेरी १, रहेका छन् भने शिक्षा क्षेत्रमा हेर्दा २ वटा क्याम्पस, उच्च मा.वि. २१ वटा, मा.वि. ६१, नि.मा.वि ५३, प्रा.वि. २८४ गरी ४२१ शैक्षिक संस्था रहेका छन् । विभिन्न किसिमका प्राकृतिक सौन्दर्यछटा र विभिन्न जडीबुटीले

धनी यस जिल्लामा प्रसिद्ध ताल र खोला नालाहरु छन् । पूर्वपश्चिम राजमार्गले छोएको यस जिल्लामा एउटा सडक कालो पत्रे, एक ग्राभील गरी ३२ भन्दा बढी सडक खण्ड रहेका छन् । २८ भन्दा बढी गा.वि.स विद्युतीकरण भएको यस जिल्ला विभिन्न प्राकृतिक सम्पदाको दृष्टिकोणले महत्त्वपूर्ण जिल्लाको रूपमा चिनिन्छ ।

प्रस्तुत शोधपत्रको तेस्रो परिच्छेदको शीर्षक धार्मिक गीतको परिचय र वर्गीकरण रहेको छ । यहाँ धार्मिक गीतको पृष्ठभूमि, धार्मिक गीतको विशेषता, धार्मिक गीतको महत्त्व, धार्मिक गीतको वर्गीकरण गर्दै सम्पूर्ण धार्मिक गीतलाई खुलस्त पारिएको छ । यहाँ यसैलाई विस्तृत रूपमा दिइएको छ । लोकसाहित्य विधाको लोकगीत अन्तर्गत पर्ने धार्मिक गीतले पनि लोक साहित्यलाई बलियो बनाउन मद्दत पुगेको छ । धार्मिक गीत भन्नाले पवित्र धार्मिक कार्य पर्व तथा उत्सवहरुमा विभिन्न वाद्यवादनका सामग्रीहरुको सहारा लिइ वा नलिइ रागात्मक अभिव्यक्तिसँगै ईश्वरीय वा अनिश्वरीय विषयवस्तुमा आधारित गीतात्मक प्रस्तुतिलाई भनिन्छ । आफ्नो दैनिक जीवनदेखि मृत्युपर्यन्त धर्मकर्ममा ओतप्रोत भई धार्मिक गीतको सहाराले आफ्नो जीवनचर्या बिताउनु र तिनीहरुको अनुसरणले चाडपर्व, वर्त, धर्मसँग धार्मिक गीतको नङ मासुको सम्बन्ध राखेकाछन् । यिनै चाड पर्व, वर्त र धर्मसँग गाइने यी धार्मिक गीतले एकातिर शिक्षा प्रदान गरेका छन् भने अर्को तिर आ-आफ्नो धार्मिक संस्कारलाई बचाएर राखेका छन् । धार्मिक गीतहरु श्रुतिपरम्पराबाटै एक पुस्ताको ज्ञान, कल्पना र अनुभवहरु अर्को पुस्तामा हस्तान्तरण भई जीवन्त रहेका देखिन्छन् । धार्मिक गीतको इतिहासलाई हेर्दा यसको धेरै पुरानो परम्परा रही आएको देखिन्छ । आदिम मानव सभ्यताका साथै भाषाको विकास क्रमसँगै यसको सुरुवात भएको हुनुपर्छ । हाम्रो अतिप्राचीन धार्मिक ग्रन्थहरु वेद, धर्मशास्त्र, पुराण, उपनिषद, रामायण, महाभारत आदि श्रुतिपरम्पराबाट आधारित भई ईश्वरीय भक्ति भाव देखाइ विभिन्न देवीदेवताको स्तुति वन्दना गरेको पाइन्छ । जसको उद्देश्य समाजलाई कुनै किसिमको शिक्षा दिनु वा मोक्ष प्राप्त गर्नु रहेको देखिन्छ । धार्मिक गीत रागात्मक र स्वतः स्फूर्त लयात्मक अभिव्यक्ति हो । यसका सामुदायिकता, पारम्परिकता, मौलिकता, गतिशीलता आदि विशेषता रहेका छन् भने यसको आफ्नै किसिमको सैद्धान्तिक र प्रायःोगिक महत्त्व रहेको छ । धार्मिक गीतलाई भजनगीत, संस्कारगीत र पर्वगीत अन्तर्गत राखेर विश्लेषण गर्न सकिन्छ । भजनेगीत अन्तर्गत आरती र त्यसभित्र गुण, सम्प्रदाय, समय, विषयवस्तु आदिका आधारमा हेरिएको छ । निर्गुण भजन, चरित्र भजन, वाणी भजन, भिमलु भजन, कीर्तन चुड्किला भजन, सवाई र पुष्पाञ्जली भजन भनि वर्गीकरण गर्न सकिन्छ । संस्कारगीत अन्तर्गत मानिसका जन्मदेखि मृत्युसम्म गरिने कर्ममा गाइने गीत मागल/सगुन, रत्यौली/जिउँती पर्दछन् भने पर्वगीत अन्तर्गत फागु गीत, मारुनी गीत,

मालसिरी गीत, तीज गीत पर्दछन् । यसरी यी  धार्मिक गीतको उद्देश्य आध्यात्मिक चेतना फैलाउनु, नैतिक उपदेश दिनु, मनोरञ्जन  दिलाउनु संस्कृतिको संरक्षण गर्नु आदिका साथै लोक जीवनको सामाजिक सांस्कृतिक आध्यात्मिक भावना समेट्दै अर्घाखाँचीको वास्तविक लोक जीवनको साङ्गोपाङ्ग  परिचय दिएको छ ।

प्रस्तुत शोधपत्रको चौथो परिच्छेदको शीर्षक 'अर्घाखाँची जिल्लाका अर्घाराज्यमा प्रचलित धार्मिक गीतको सङ्कलन' रहेको छ । यहाँ विभिन्न ठाउँबाट सङ्कलन तथा रेकर्ड गरिएका धार्मिक गीतहरु भजन, संस्कारगीत र पर्वगीतको क्रमैसँग सङ्कलन गरिएको छ । यही परिच्छेद भित्र रहेर यसको वर्णन गरिएको छ । धार्मिक गीत पनि लोकसाहित्यका स्वतन्त्र विधा  हुन् । जसले लोक साहित्यका हाँगालाई विस्तारित गरेको छ । यसको लोक गीतसँग नजीकको सम्बन्ध रहेको छ । कतिपय कुराहरु लोकगीतसँग जस्तै सामुदायिकता, पारम्परिकता, मौलिकता, गतिशीलता, लयात्मकता जस्ता विशेषता समान रहेको छ भने सैद्धान्तिक र प्रायोगिक महत्त्व पनि लोकगीतसँग समान रहेको देखिन्छ । यसको पृष्ठभूमि नेपालीभाषाको जग वि.स. १८३१ देखि सुरु भई विभिन्न भाषा संस्कृत, हिन्दी, उर्दु आदि भाषाको  सम्मिश्रणले धार्मिक गीतको जन्म भएको देखिन्छ । धार्मिक गीतहरु वेद, धर्मशास्त्र, पुराण आदिबाट लिइएकाले यसलाई जेठो लोकगति भनेर पनि भन्न सकिन्छ  । धार्मिक  गीतमा संस्कृतको वाहुल्य धेरै हुनु यसको उदाहरण हो । यहाँ  अर्घाखाँचीमा प्रचलित धार्मिक गीतको वर्गीकरण क्रम अनुसार सङ्कलन गरिएको छ । सुरुमा धार्मिक गीत भजन अन्तर्गत आरती, चरित्र, वाणी, निर्गुण, भिमुल, चुड्का, कीर्तन, सवाई, पुष्पाञ्जली र जयकार राखिएको छ भने त्यसपछि संस्कार गीत अन्तर्गत तीजगीत, मालसिरी गीत, सोरठी गीत, र होली गीत राखी सङ्कलन गरिएको छ ।

यस शोधपत्रको पाँचौं परिच्छेदमा अर्घाखाँची जिल्लाका अर्घाराज्यमा प्रचलित धार्मिक गीतको विश्लेषण गरिएको छ । धार्मिक गीतलाई विषयवस्तुका आधारमा सामाजिक, सांस्कृतिक, आर्थिक र प्रकृति चित्रण गरिएको छ । भाषा प्रयोगका आधारमा, लय विधानका आधारमा, संरचनाका आधारमा, धार्मिक गीतका तत्त्वहरुका आधारमा, काव्यतत्त्वहरुका आधारमा, गायन विधिका आधारमा मञ्चीय दृष्टिका आधारमा र नृत्य विधानका आधारमा धार्मिक गीतको विश्लेषण गरिएको छ ।

यस शोधपत्रको छैटौं परिच्छेदमा उपसंहारका साथै परिच्छेदको सारांश दिइएको छ भने सम्भावित शोधशीर्षकहरु पनि राखिएको छ । साथै अर्घाखाँची जिल्लाका अर्घाराज्यमा प्रचलित धार्मिक गीतको अध्ययन शीर्षकको शोधपत्रको परिशिष्टलाई तीन भागमा वर्गीकरण गरिएको छ ।

परिशिष्ट 'क' मा शोधार्थीले सम्बन्धित जिल्लाको स्थलगत भ्रमण गरी सङ्कलन गरेका स्थानीय गीतका भाषिका राखिएको छ । परिशिष्ट 'ख' मा अन्तर्वार्ता दिइएको छ भने परिशिष्ट 'ग' मा स्रोतव्यक्तिको परिचय दिइएको छ ।

## ६.२ निष्कर्ष

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको पश्चिमाञ्चल विकासक्षेत्रको लुम्बिनी अञ्चलमा अवस्थित अर्घाखाँची जिल्ला नेपाली संस्कृति, भाषा, साहित्य र प्राकृतिक सौन्दर्यछटाले भरिएको पर्यटकीय दृष्टिले महत्त्वपूर्ण एक पहाडी जिल्ला हो । प्रस्तुत शोधपत्रमा यस जिल्लाको अर्घाराज्यमा प्रचलित धार्मिक गीतको सङ्कलन वर्गीकरण गरी त्यसको विश्लेषण गरिएको छ । त्यसैले धार्मिक गीत परम्परित भएर पनि समय र परिस्थिति अनुसार गतिशील र भाषिक रूपमा पनि परिमार्जित हुँदै प्रभावकारी माध्यमका रूपमा आएका छन् । धार्मिक गीतमा विविध चित्रण भेटिनुका साथै काव्यिक आश्वादनका दृष्टिले पनि महत्त्वपूर्ण रहेका देखिन्छन् । धार्मिक गीतका माध्यमबाट एकातिर मानिसका संस्कार र पर्वहरु संरक्षित भएका छन् भने अर्कातिर मानिसका मनोभावना, आस्था र चिन्तनलाई यी गीतहरुले प्रस्तुत गरेका छन् । धार्मिक गीत लोक साहित्यको रोमाञ्चक तथा मनोरञ्जनात्मक स्वतन्त्र आख्यानयुक्त पद्यविधा हुन् । धार्मिक गीतहरु नेपाली भाषाको विकाससँगै झ्याङ्गीएका देखिन्छन् । यिनीहरुले मानिसलाई आफ्ना संस्कार र संस्कृति जोगाउनका साथै सु-संस्कृत हुन महत्त्वपूर्ण योगदान दिएका छन् । यी धार्मिक गीतमा सामाजिक, सांस्कृतिक , धार्मिक र आर्थिक पक्षहरुको टड्कारो जीवन वर्णन गरिएको छ । यस्ता गीतहरुले सामाजिक जीवन र स्तरको यथार्थ चित्रण गरेका छन् भने यी गीतमा ज्ञान विज्ञानका नयाँ नयाँ प्रविधि र विकासको अभिव्यक्ति पनि भेटिन्छ । यी धार्मिक गीत काव्यिक आश्वादनका दृष्टिले अत्यन्तै महत्त्वपूर्ण रहेका छन् । विभिन्न पक्षबाट मानिसलाई मनोरञ्जन दिनाका साथै प्रत्यक्ष वा परोक्ष शिक्षा दिनेकार्य गरेका हुन्छन् । जसले गर्दा धार्मिक गीतहरु श्रृतिपरम्पराबाटै एक पुस्ताको ज्ञान, कल्पना र अनुभवहरु अर्को पुस्तामा हस्तान्तरण भई जीवन्त रहेका देखिन्छन् । यी गीतहरुले नेपालीपन र स्थानीय मूल्य मान्यतालाई पनि जोगाइराखेका छन् । मधुर आकर्षक र मनमोहक रूपमा अभिव्यक्त हुने यी गीतहरु लिखित साहित्यका बलिया आधारस्तम्भका रूपमा देखिएका छन् । अर्घाखाँचीको वास्तविक लोकजीवनको मूल्यमान्यता, संस्कार, संस्कृतिको स्तरलाई झल्काउँदै यिनीहरुमा साङ्गोपाङ्ग परिचय दिएको हुन्छ । यिनीहरुले अर्घाखाँचीको अर्घाराज्यको धार्मिक परिचय दिनुका साथै सम्पूर्ण क्षेत्र र देशवासीलाई समेत चिनाएका छन् । यिनै विविधताका कारण अर्घाखाँचीको धार्मिक गीतको

आफ्नै विशेष महत्त्व रहेको निष्कर्ष निस्किएको छ । धार्मिक गीतको अध्ययन तथा विश्लेषण परम्परामा यो सम्भवतः नवीन प्रयास हो । यी धार्मिक गीतहरुमा मानिसको चिन्तन, धार्मिक आस्था, सामाजिक जीवन र समय सापेक्ष परिवेशलाई समेत समेटिएको पाइन्छ ।

**सम्भावित शोधशीर्षकहरु**

क) अर्घाखाँची जिल्लामा प्रचलित सोरठी नाटकको अध्ययन ।

ख) अर्घाखाँची जिल्लामा प्रचलित धार्मिक गीतको समाजशास्त्रीय अध्ययन ।

ग) अर्घाखाँची जिल्लामा प्रचलित धार्मिक गीत र अन्य ठाउँमा प्रचलित धार्मिक गीतको तुलनात्मक अध्ययन ।

घ) अर्घाखाँचीका निर्गुण भजनमा पाइने दार्शनिकता ।

# परिशिष्टहरु

## परिशिष्ट-'क' स्थानीय भाषिका

अर्घाखाँचीका धार्मिक गीतमा रहेका स्थानीय भाषिका र स्तरीय नेपाली यहाँ राखिएको छ ।

| भाषिका | स्तरीय नेपाली | भाषिका | स्तरीय नेपाली |
|---|---|---|---|
| और | अरु | ऐसे | यस्तो |
| नही | छैन | पढेगा | पढेर |
| पटिरे | पढ | गिता | ज्ञान |
| पडि | पढि | नहि | हुँदैन |
| परि | पढि | श्रुतिको | वेदको |
| थाकै | थाके | सधा | सधै |
| अहुर | अरु | सोही | उही |
| भज | गाउनु (भजन गर्नु) | पानिया | पानी |
| गोद | काख | घैला | गहना विशेष |
| मथुरासै | मथुरामा | कठताल | चुरा |
| धावत | गएर | गागरि | गाग्री |
| नैया | छोरा | द्वारको | ढोकाको |
| भैया | भाइ | लेककहे | लोकभने(समुदायले भने) |
| तिरकुटि | कुटितिर | सोही | उही |
| धुनिया | आगो | नचने | नाच्ने |
| लावे | लाएर | श्रोर्तराखे | सुनिराखे |
| केश | कपाल | ओधन | पेट |
| निरतिर | नजिक | चापये | राखेर |
| ध्यानु | गाई | बोकिये | बोकेर |
| चरावे | चराएर | थकिये | थाकेर |
| वजावत | बजाएर | रंञ्जन | डोरी |
| हउ | हौ | गाय | गाई |
| वाला | पुत्र (बालक) | सोध्ये | सुहायो |
| पाला | पालक (रक्षक) | लि | लिई |
| चरण | पाऊ | म्यूल | बिचार |
| इच्छे | इच्छा | गरभ | गर्भ |
| थापनु | थाप्नु | औतार | अवतार |
| कथाहा | कथा | शत्ते | सत्य |
| निसी | रात्री | दशसिर | दशओटा शिर |
| अँघि | पहिले | विसभुजा | वीसहात |
| वाउले | हातले | राउन्नेको | रावणको |
| तमु | तिमी | जनमे | जन्मे |
| जाई | गएर | हुम | होम |

| | | | |
|---|---|---|---|
| जै | जय | तैंतो | तँता |
| उपर | माथि | चोर्ते | चोर्दैछस |
| अन्धाओंके | अन्धाहरुको | दोर्‍यो | दोरायो |
| बाधीओंके | बाँधाहरुको | लायो | लगायो |
| करे | गरे | पकडिकी | पक्रेर |
| और | अरु | छोडिदे | छोर्दे |
| एकुमा | एउटा | होइ | भए |
| जनम | जन्म | नाहीं | छैन |
| दुसरी | दोस्रो | मईले | मैले |
| तेसरी | तेस्रो | दुनु | दुई |
| तमुसं | तिम्रो | वाहु | हात |
| पुण्डे | पुन्य | मगन | खुसी |
| हामुकौ | हामीलाई | तमोजात | हामीभयौं |
| यारती | आरती | ल्यौमेतिर | ल्याउ मतिर |
| रावण्य | रावण | विलम | ढिला |
| चोरते | चोरिस | रियाई | गराई |
| तेरै | तैंले | चराव | चराएर |
| पडि-पडि | पढि-पढि | जाई | छ |
| थाकै | थाके | दिप्रका | वत्ति(दियो) |
| ये | यिनी | गर्चन् | गर्छन |
| खिडिका | अधिका | गर्चम् | गर्छौं |
| नहि-नहि | अरु होइन | राहा | बाटो |
| हरिके | हरिको | भूलिए | भुलेर |
| विराजये | घुमेर | तो | ता |
| यवर | अरु | रोई | रोएर |
| जगा | जागेर | तमुसौ | तिम्रो |
| जनि | मानिस | अस्नान | स्नान |
| भूलै | भुले | वञ्चीरका | वञ्चाराका |
| गर्चौ | गर्छौ | वरत | वर्त |
| होइए | हुन | जलनीर | जलको नजिक |
| माई | आमा | चरावै | चराएर |
| गोदरैये | काखमाछन | अहेर | अवेर |
| ल्याउ | लेउ | उपरमा | माथि |
| क्षेत्र | तीर्थ | करन | गरन |
| हुनन् | हुन | यकदार | एकवार |
| जहु | जौ | विलम | ढिला |
| वन्याहु | बनेको छ | यामादसी | एकादशी |
| याउनन् | आउनन् | मरिम भने | मरियो भने |
| सरमास्वती | सरस्वती | नाखै | नाक |

| | | | |
|---|---|---|---|
| टिकिया | टिको (टीका) | यवगयो | अब भयो |
| चोलिया | चोलो | गइम् | गइयो |
| पञ्चभाइ | भैलिसमुह | तिम्ला | तिमीलाई |
| जावस | होस | पर्चन् | पर्दछन् |
| झेगटि | खरविशेष | गर्चन् | गर्दछन् |
| खपिराखे | रहिरहे | आउँचन् | आउँदछन् |
| पूरवै | पूर्व | छेक्चन् | छेक्दछन् |
| जनम | जन्म | कईये | भने |
| चौदिशा | चारैदिशा | तृत्य | त्रेता |
| फिरे | गरे | सोय | सुते |
| काहाँ | कहाँ | क्या | के |
| आईड | आउँदो | कहे | भने |
| तिमरो | तिम्रो | ग्वालेनी | गोपिनी |
| सिमलुका | सिमलका | गाथ | हाँगामा |
| पानीया | पानी | सोहीया | के गर्ने |
| भैया | भाइ | जहाँ होलान् | जाँहाँ छन् |
| एकडाली | एउटाहाँगो | देखिम् | देखियो |
| हली | हलो समात्ने मान्छे | हरवा | गोरु |
| दोसरी | दोस्रो | तेसरी | तेस्रो |
| हाम्ले | हामीले | क्या–क्या | के – के |
| रहनु–बसनु | रहने–बस्ने | खेलने | खेल्ने |
| दिम्ला | दिउँला | सुनकेरे | सुनको |
| दैया | दहि | कनैया | कृष्ण |
| तिम्लाई | तिमीलाई | जान्चौ | जान्छौ |
| गरन | गर्न | टिपम् क्यार | टिपुँ कि |

# परिशिष्ट-'ख' अन्तर्वार्ता

**अर्घाखाँची जिल्लाको अर्घाराज्यमा पर्ने धार्मिक गीत भजन सम्बन्धित रहेर मुमलाल भक्तिसँग गरेको अन्तर्वार्ता यहाँ रहेको छ ।**

**<u>अन्तरर्वार्ता</u>**

आज मिति २०६९/११/२९ गते मंङ्गलबार श्री मुमलाल पाण्डे वर्ष ७६ हुनुभयो । उहाँले ठाउँठाउँमा गएर चतुर्मासा भजन मुखाग्र उतार्नुभएको छ । साथै विभिन्न भजन–सवाई, निर्गुण पनि लेख्नुभएको छ तर आफूले लेखेको भन्न भने चाहनुहुन्न । हाल उहाँका साथै गाउँका मानिसले जाने बुझे अनुसार उहाँ जत्तिको धार्मिक गीत भजन जान्ने व्यक्ति अब कोही पनि नभएको मैले पाएँ । उहाँसँग २–३ पटक सँगै बसेर भजन सङ्कलन गर्ने मौका पाएँ । उहाँ मरेङ्ग गा.वि.स. देउराली ८ निवासी हुनुहुन्छ । उहाँसँग भजन सम्बन्धी सोधिएका केही प्रश्न र उत्तर जस्ताको तस्तै यस प्रकार छन् :–

**प्रश्न नं. १. भजन केलाई भनिन्छ ? भजन भन्नाले के बुझिन्छ ?**

उत्तर – भजन भन्ने त यिनी माने जो शास्त्र र पुराणहरू हुन् । यिनी शास्त्र र पुराणबाट उतारेर बनाएका तिनी भजन हुन् । जसमा वाचक उपवाचक भएर वाचन गरिन्छ भनेपार त्यस्तै किसिमका भजनको पनि त्यस्तै उ आउन्छ र त्यस्तैको लागि गरिन्छ । भजन कीर्तन अब पुराण हुन् । पुराणबाट उतारेर बनाएका भजनहरू हुन् र कहिँ धर्म छन् पुजा आजा कोही पितृकार्ये इत्यादि माने जन्मोत्सव छैंटी कर्म हुँदा खेरी तिनी गाउनेहरू उत्सव मनाउने जाग्राम रहने भएको हुँदा अब भजन कीर्तन गाउने एउटा चलन गाउँघरे परम्परा अनुसार रहेको हुँदा त्यही गाइन्छ । भजनमा भक्ति भाव रहन्छ । लयले गाउने भएपछि त्यस्लाई भजन भनिन्छ ।

**प्रश्न नं. २. भजन कस्तो हुनुपर्छ ?**

उत्तर – भजन त कस्तो हुने हो गाउँदा खेरी कस्ता किसिमको हो ठाउँ अनुसार, समाज अनुसारको भजन हुन्छ । जस्तो ठाउँ, जस्ता समाजको उस्तै उस्तै हुन्छ ।

**प्रश्न नं. ३. भजन गाउन ब्राह्मण नै चाहिन्छ या अरु कसैले गाउन सक्छ ?**

उत्तर – गाउने भएपछि जोजुनले गाए पनि हुन्छ, त्यो माने ब्राह्मण नै चाहिन्छ भन्ने कुरा भएन, शुद्रले नि गाउँछ, वैश्यले गाउँछ, दलितले पनि गाउँछन् ।

**प्रश्न नं. ४. – भजन कति किसिमका हुन्छन् ?**

उत्तर – भजनहरूका किसिम भन्ने कुरा ता क्यारे जति ओटा उ छन् उति मिसिमका भजन हुन्छन् । पुराण अठार जति छन् । अठारै पुराणका भजन बनेका छन् । अठारै किसिमका भजन छन् । जस्तै– चुड्के भजन हुन्छन्, लस्के भजन हुन्छन्, कोही वाणीहरू हुन्चन्, सुनाउनला कोही सवाइहरू हुन्छन्, यसो तिमाल्ने मेसो गर्नला, अब रात हाल्ने कुरा हो, कर ।

**प्रश्न नं. ५. अर्घाखाँची जिल्लामा भजनको खानी कहाँ हो ?**

उत्तर– अर्घाखाँची जिल्लामा ता भजनको खानी भन्ने अँघि माभ्ककोट भन्ते ऐले माभ्ककोट उठाए र भगवती र मरेङ्ग भएको छ । माभ्ककोट बेग्लै थियो । माभ्ककोटमा हो यो भजनको खानी भन्ने अर्घाखाँची जिल्लामा । त्यहाँ जत्तिको भजन अन्त कहीँ पनि छैन ।

**प्रश्न नं. ६. कस्तो भजन राम्रो मानिन्छ ?**

उत्तर– भजन त सबै राम्रा हुन् भगवानका नाम हुन् अब कीर्तन हुन् यो कचरो र यो गतिलो छैन जौनो गावो उही राम्रै छ । कीर्तन हुन भगवानका ईश्वरका नाम हुन् सबै ।

**प्रश्न नं. ७. कति जनाले गाउने भजन महत्त्वपूर्ण हुन्छ ?**

उत्तर – महत्त्वपूर्ण त गाउँदा खेरी ता हाम्ले चार जनाले पनि गाउँचम्, छ जनाले पनि गाउँचम् । चार जना घटिको हुन्न । ६ जना टोली बनेर दुई तिरबाट गाउने हो दोहोरी, त्यसो गर्दा चार जना छ जना ।

**प्रश्न नं. ८. भजन गाउँदा कस्तो अनुभव हुन्छ ? यहाँलाई ।**

उत्तर– भजन गाउँदा ता एकदम राम्रो अनुभव हुन्छ ती हल्का भइन्च, फूर्ती खुसी भइन्च, अब राम्रो लाग्छ, सुन्नमा पनि जनताहरूले अब सबै समाजले ध्यान दिएर सुन्दा खेरी धेरै आफूलाई पनि उत्सव एउटा गौरव जस्तो पनि लाग्छ ।

**प्रश्न नं. ९. भजन के उद्देश्यले गाइन्छ ?**

उत्तर– भजन गाउने उद्देश्य यउटा उत्सवका लागि र एउटा जाग्राम रहनका लागि भजन गाउने चिज हो । त्यसैको लागि धेरै जसो गाइन्छ । आजा पूजा हुन्चन् कोही अब छैँटी कर्म हुन्छन्, कोही श्रराद्ध हुन्चन्, कसैका घर मोहल बनाउन्च भने त्यल्ला त्यसै किसिमका भजनहरू गाइन्चन् । ठाउँ हेरेर, जग्गा हेरेर, जस्तो किसिमको बोलाउँछन् उस्तै भजन गाइन्छ ।

**प्रश्न नं – १० भजन कति किसिमका हुन्छन् ?**

उत्तर – भजन त विभिन्न किसिमका हुन्छन् । भजन यत्ति किसिमका हुन्चन् भनेर भन्न सकिन्न धेरै किसिमका हुन्छन् भजन र विद्ये भन्ने कुरा त कसैले यकिन गर्न सक्दैन, विद्ये पनि अब पढेर सकिन्न । जस्तै– रामायण पनि हुन्चन्, कृष्णचरित्र हुन्चन्, शिवभजन हुन्चन् अब प्रल्हाद चरित्र, प्रल्हालका पनि भजन हुन्चन, धुर्व चरित्र पनि हुन्छन् धेरै किसिमका छन् निर्ग चरित्र हुन्चन्, निर्गुणहरू छन् ।

**प्रश्न नं. ११ – भजन र कीर्तनमा के फरक छ ?**

उत्तर – भजन र कीर्तनमा फरक त एउटा के हुन्छ भने, भजन भन्ने कुरा एउटा बसेर लयले गाउने चिज हो । कीर्तन भन्ने कुरा बेसरी हात छटाउने, बेसरी ताली मार्ने नचाउने फूर्ती जस्तो हुन्च, अब उ भजनको लय सून्नला राम्रो रोचक हुन्छ । जस्तै – “हरे राम हरे कृष्ण” भनेर जो भनिन्च भने त्यल्ला कीर्तन मानिन्छ । बसेर लयले गाइन्च भने पार त्यल्लाई भजन मानिन्छ । अरु सबै भजन हुन् ।

**प्रश्न नं. १२. भजनमा राग कति किसिमका हुन्छन् ?**

उत्तर – जतिवटा रितक छन् उतीरागमा हुन्छन् । जस्तै रामायणमा धेरै नौ दिन दश दिन बाह्रदिन सम्म गाइन्च भने जतिका हुन उत्ति फरक फरक रागका हुन्छन् कोही चहतेमा आउन्चन्, कोही लयमा आउँन्चन्, वाणीमा आउन्चन्, धेरै किसिमका हुन्चन् यिनी राग । रागमा भजन हुन्नन्, जति वटा उछन् उति वटा राग हुन्चन् राग भन्नु नै लय हो । त्यस्को रितकै पक्षका लय हुन्चन् । एउटै लयमा हुन्नन् भजन ।

**प्रश्न नं. १३. भजनमा स्वर लय नमिले के हुन्छ ?**

उत्तर – अलि खल्लो हुन्छ, अब त्यो स्वर पनि मिलेन, लय पनि मिलेन, फेरि बजाई पनि मिलेन, गाई पनि मिलेन भने खल्लो हुन्छ । राम्रो, रोचक हुन्न सुन्ने मान्छेला ।

**प्रश्न नं. १४. धार्मिक गीत भजन गाउन पूजा आजा गर्नुपर्छ पर्दैन ?**

उत्तर – गाएमा त्यसै गाए पनि हुन्छ । खासै पूजा आजा नगरि गाउन हुन्न भन्ने कुरा हुन्न । अब चार जना बसिकन भजन भएन, जुट्नला आजा पूजा एउटामाध्यम नभई जुटिन्न, त्यसो गर्दा भजन गाइन्न ।

**प्रश्न नं. १५. अर्घाखाँचीमा तपाइँ जस्तो भजन गाउने अरु छन् कि छैनन् ?**

उत्तर – खै मसित जाद्रै अगुवा भएर गाउने फेला परेको छैन कर अब कुना काप्चाको हो चन् भने थाहा भएन, अगाँडी लाएर गाउने छैनन् ।

**प्रश्न नं. १६. अर्घाखाँचीको कुन कुन ठाउँमा भजन गाउन जानुभयो ?**

उत्तर – अर्घाखाँची ता के गुल्मीमा पनि अर्घाखाँचीमा पनि ठाउँ भन्ने कुरा त जहिँ तहिँ गइयो, अर्घा गइयो, नरपानी तिर पनि गइयो यता ढाँड खिदिमतिर पनि गइयो, यो गाउँघर पनि अर्घाखाँची कौंही बाँकि छैन । अब यता गुल्मीको पेंगा गइयो, धरम्पानी गइयो, रिडी गइयो अब कहाँ कहाँ गइयो, सन्धिखर्क बालमन्दिर गइयो ।

**प्रश्न नं. १७. यहाँका नाम चलेका पुराना भक्ति को-को चिन्नुहुन्छ ?**

उत्तर – पुराना भक्ति ता अब ता तिनिता भजन रचना गरेका घने पाडे भन्ने उन्ला पनि चिन्यो देख्यो । मित्रदास भन्ने उन्ला पनि देख्यो, अब यो सुरदास भन्ने एउता कवि हुनुहुन्छ । उहाँ भन्ने अघि सून्यो मात्रै देख्येन अरु सबैला चिनियो ।

**प्रश्न नं. १८. भजन गाउँदा कसैबाट अपमान र सम्मान के पाउनु भएको छ ? यहाँले ।**

उत्तर – भजन गाउँदा खासै त्यस्तो माने अपमान कहिँ पाइयो छैन सम्मान हुन्छ । हाम्रो ठूलो सम्मान हुन्च, प्रेम हुन्च । प्रेमका साथमाजो बसिन्च, उन्ले बोलाउन्चन अब गइसके पछि हाम्रो सम्मान ठूलो पाइन्च र गाइन्च । अपमान कहिँ पाइयो छैन, गर्दैनन् ।

**प्रश्न नं १९. भजन गाउँदा ठाउँ, परिवेश र व्यक्ति अनुसार गाइन्छ कि फरक किसिमले गाइन्छ ?**

उत्तर – ठाउँ अनुसार पनि हुन्च, व्यक्ति हिसाबले पनि हुन्च, एउटा समाज हिसाबले पनि हुन्च, फरक गाउने कुरा त भएन तर व्यक्ति अनुसार समाज अनुसार गाइन्च । अब समाजले कौनो चाहना छ । जे चाहना गर्चन् उही पनि गाइन्छ । अब यो भजन गाउने विषय कसैको पितृकार्य भयो भने कसैको मेसो गाइन्छ । कोही मानेतिर्थमा गयो भने देखिन तिर्थको भजन गाइन्छ । कोही अब जन्मस्व भयो, छैटी कर्म भयो भने छैटी कर्ममा कृष्ण भगवान

जन्मेको मेसो गाइन्च । कोही राम जन्मेको मेसो गाइन्छ । कोही चतुर्मासा भयो भने रामायण जो गाइन्च । अब यस्तैकिसिमका जले जे इच्छा गर्छ उही गाइन्छ ।

**प्रश्न नं. २०. आज भोलि पनि भजन गाउँछन् भनेर कसैले नराम्रो भन्छ भने तपाई के भन्नुहुन्छ ?**

उत्तर – नराम्रो भने त भजन गाउने नराम्रो त भनिन्न, त्यलाई राम्रै मान्नुपर्छ । राम्रै भन्नुपर्छ । अब यो त्यस्तो नराम्रो भन्ने मान्छे त त्यो के हो भनेपार मूर्खहरूमा एउटा आफ्नो परम्परा संस्कृति हो त्यो संस्कृति जोगाउन पट्टि लाग्ने हो । मेट्न पट्टी लाग्दा खेरी ता त्यो ता मूर्खै ता भयो कर त्यो मूर्ख हुन्छ ।

**प्रश्न नं. २१. कति जनाले गाउने भजन महत्त्वपूर्ण हुन्छ ?**

उत्तर – महत्त्वपूर्ण त त्यै चार जनाले, छ जनाले गाउने भजन हुन्छ ।

**प्रश्न नं. २२. भजन गाउन भक्ति नै चाहिन्छ ?**

उत्तर – भजन गाउन त गाइराखेको भक्ति जो चाहिन्छ । अब सबकैलेता कहाँ मिलाउन जो सक्दैन, गाउन पनि सक्दैन, गाउन परो, मिलाउन परो कर ।

**(क) भजनमा भक्ती भाव हुनै पर्छ ?**

उत्तर– भजन गाउन भाव त हुनै परो नभईकन त त्यल्लाई भजनै आउँदैन, गाउन मेसै पाउन्न ।

**(ख) भक्ति भनेको के हो ?**

उत्तर – भक्ति भनेको त ज्ञान अब भक्ति भनेको के भनेपार बुझेको यसो जानेको भनम् ।

**प्रश्न नं. २३ – घणदासबाट भजन सुरु भएको भन्छन् नि तपाईं के भन्नुहुन्छ ? उहाँलाई चिन्नुहुन्छ ? अरु पनि को को बाट भएको हो ? उहाँसित गाउनु भयो ?**

उत्तर – गाउन गाइएन तर उहाँहरूले रचेका भजन नै घोकेर भजन गाउने भएका हौँ । हाम्ले रचना गरेका हैनम्, जति छन् कृष्ण चरित्र भए, धुर्व चरित्र भए, रामायण भए, घणदासबाट भएका हुन् । अनि निर्गुण जति भए केही केही यिनी प्रल्हाद चरित्र सुरदासबाट भएका छन्, केही हरिदासबाट भएका छन् । केही फेरी मित्रदासबाट पनि भएका छन् । कविहरू हुनुहुन्छ । चिन्न मैले बेसरी चिन्दछु । जाने तर उहाँहरूसँग भजन जाद्रै गाइएको छैन ।

# परिशिष्ट-'ग' स्रोत व्यक्तिका नाम

**यहाँ अर्घाखाँचीका सङ्कलित धामिक गीतको स्रोतव्यक्तिहरुको परिचय यहाँ दिइएको छ ।**

**१.** अर्घाखाँची जिल्लाको अर्घाराज्य भित्र पर्ने सन्धिखर्क गा.वि.स. वडा नं. ६ मा पर्ने भक्तिटोला मन्दिरमा वि.सं. २०६९/०१/२० गते बिहिवार शुक्ल एकादशीका दिन साँझ ९:३० बजे रात्री धार्मिक गीत भजन गाइएको थियो । जसमा भजन गाउनेहरूमा उमेर, वर्ष, लिङ्ग, ठाउँ यस प्रकार छ :–

| **समूह "क"** | **वर्ष** | **लिङ्ग** | **ठेगाना** |
|---|---|---|---|
| १. यज्ञप्रसाद खनाल | ४३ | पुलिङ्ग | धरम्पानी ३ अर्घा |
| २. सुमन्त पोखेल | ३० | पुलिङ्ग | सन्धिखर्क ६ भक्तिटोला |
| ३. केशवराज आचार्य | २३ | पुलिङ्ग | रुब्धी अर्घा |
| ४. लक्ष्मीनारायण चुँदाली | ३८ | पुलिङ्ग | चुत्रावेशी सन्धिखर्क |
| ५. भरत आचार्य | ३५ | पुलिङ्ग | चुत्रावेशी सन्धिखर्क |
| **समूह "ख"** | **वर्ष** | **लिङ्ग** | **ठेगाना** |
| १. यज्ञप्रसाद पराजुली | ३५ | पुलिङ्ग | तुम्कोट सन्धिखर्क |
| २. प्रकाश भट्टराई | २३ | पुलिङ्ग | तुम्कोट सन्धिखर्क |
| ३. वसन्त मरासिनी | ३५ | पुलिङ्ग | तुम्कोट सन्धिखर्क |
| ४. गुरूप्रसाद पोखेल | ५१ | पुलिङ्ग | सन्धिखर्क ६ भक्तिटोला |
| ५. भेषराज चुँदाली | २६ | पुलिङ्ग | अर्घा ३ धरम्पानी |

जसमा वाद्यवादन निम्न छन् :– १. खैंजडी २. मजुरा

उक्त गीत सार्वकालिक हो भनि स्वीकारिएको छ ।

२. आज मिति २०६९/०८/०९ गते शनिवार बेलुका ११-३० बजे खन गा.वि.स. वडा नं. १ नुवालीटोलको भीमप्रसाद रिजालका घरमा पुत्रदाएकादशीका दिन पाञ्चायन मन्दिरको प्राङ्गणमा निम्न धार्मिक गीत गाइयो । जसमा वाद्यवादक खैंजडी, मजुरा प्रयोग गरिएको थियो । जसमा स्रोत व्यक्तिहरु हुनुहुन्छ ।

| **समूह "छ"** | **वर्ष** | **लिङ्ग** | **ठेगाना** |
|---|---|---|---|
| १. भीमप्रसाद रिजाल | ६६ | पुरुष | खन १ नुगालीटोल |
| २.दीपक रिजाल | ३० | पुरुष | खन १ नुगालीटोल |
| ३.युवराज रिजाल | २८ | पुरुष | खन १ नुगालीटोल |
| **समूह "ज"** | | | |
| ४. हरिप्रसाद रिजाल | ३५ | पुरुष | खन १ नुगालीटोल |
| ५.रामप्रसाद रिजाल | ४० | पुरुष | खन १ नुगालीटोल |
| ६.लक्ष्मण रिजाल | ३१ | पुरुष | खन १ नुगालीटोल |

उक्त धार्मिक गीत सार्वकालिक भनिएको छ । सङ्कलक - मेघनाथ आचार्य ।

**३.** आज मिति २०६९/११/१४ गते शुक्ल पूर्णिमाका दिन अर्घाखाँची जिल्लाको अर्घाराज्य अन्तर्गत पर्ने धारापानी गा.वि.स. कल्लेरी गाउँ वडा नं ४ मा कृष्ण कलादेवी पौडेलका घरमा बेलुकी ठिक १० बजे स्वस्थानीका नाममा मोक्षका लागि निम्न धार्मिक गीत वा संस्कार गीत वा सार्वकालीक गीत गाइयो ।

**स्रोत व्यक्तिहरु**

| समूह "झ" | वर्ष | लिङ्ग | ठेगाना |
|---|---|---|---|
| १. प्रमुख गुरु होमकान्त पोखेल | ८० | पुलिङ्ग | ढिकुरा २ |
| २. ऋषिराम चुँदाली | ६३ | पुलिङ्ग | कल्लेरी ४ |
| ३.रामलाल भूसाल | ६५ | पुलिङ्ग | कल्लेरी ४ |
| ४. माधवप्रसाद चुँदाली | ३२ | पुलिङ्ग | कल्लेरी ४ |
| ५. विष्णुप्रसाद चुँदाली | २३ | पुलिङ्ग | कल्लेरी ४ |
| ६. प्रकाश पौडेल | २३ | पुलिङ्ग | कल्लेरी ४ |
| ७. केशव चुँदाली | २० | पुलिङ्ग | कल्लेरी ४ |
| ८. झविन्द्र चुँदाली | २६ | पुलिङ्ग | कल्लेरी ४ |
| ९. दुर्गा भूसाल | ४६ | पुलिङ्ग | कल्लेरी ४ |
| **महिलाहरुमा** | | | |
| १. लक्ष्मी पौडेल | ४३ | स्त्री | कल्लेरी ४ |
| २. देवकला दमासे | ४५ | स्त्री | कल्लेरी ४ |

साथै धार्मिक गीतमा खैंजडी र मजुरा वाद्यवादन आलैपालो गरी बजाइएको थियो ।

सङ्कलक व्यक्ति :– मेघनाथ आचार्य ।

४. आज मिति २०६९/०२/१८ गते बिहिवारका दिन अर्घाखाँची जिल्ला वाङ्ला गा.वि.स. वडा नं. ७ रानीपोखरा निवासी श्री छविलाल अधिकारीको घरमा राती ११ बजे चौमासा एकादशी भजन कीर्तन गाइयो । उक्त गीतमा वाद्यवादन खैंजडी र मजुरा प्रयोग गरिएको थियो । उक्त गीतका स्रोत व्यक्तिहरू हुनुहुन्छ ।

| समूह "ग" मा | वर्ष | लिङ्ग | वडा नं. |
|---|---|---|---|
| १. रेमलाल पाण्डे | ७० | पुलिङ्ग | ७ |
| २. टोमलाल भूसाल | ५८ | पुलिङ्ग | ५ |
| ३. नुमानिधि पाण्डे | ५७ | पुलिङ्ग | ७ |
| ४ छविलाल अधिकारी | ७२ | पुलिङ्ग | ७ |
| **समूह "घ" मा** | | | |
| १. चन्द्रमणि पाण्डे | ४५ | पुलिङ्ग | ५ |
| २. चेतनारायण भूसाल | ४४ | पुलिङ्ग | ५ |
| ३. ओमप्रकाश भूसाल | ३५ | पुलिङ्ग | ५ |

यहाँ अन्य गाउँका महिला जनसमुदायहरूको पनि निक्कै ठुलो सहभागिता रहेको थियो । सङ्कलकः मेघनाथ आचार्य ।

५. आज मिति २०६९/०७/१४ गते स्थान भगवती गा.वि.स. वडा नं ६ मा समय रात्री १०-३० बजे श्री यदुनाथ पाण्डेका घरमा चौरासीको प्रयोजनका लागि धार्मिक भजन गाइयो । जसमा वाद्यवादक खैंजरी, मजुरा प्रयोग गरिएको थियो ।

| स्रोत व्यक्ति : – समूह "ङ" | वर्ष | लिङ्ग |
|---|---|---|
| १. श्री चूडामणि मरासीनी | ६५ | पुलिङ्ग |
| २. श्री ताराप्रसाद मरासीनी | ६० | पुलिङ्ग |
| ३. श्री शंकरप्रसाद न्यौपाने | ४१ | पुलिङ्ग |

| समूह "च" | | |
|---|---|---|
| १. गिरिराज पाण्डे | ४६ | पुलिङ्ग |
| २. चन्द्रमणि पाण्डे | ४५ | पुलिङ्ग |
| ३. पुरुषोत्तम पन्थी | ५१ | पुलिङ्ग |

उक्त धार्मिक गीत सार्वकालिक हो भनि स्वीकारिएको छ। सङ्कलकः मेघनाथ आचार्य।

६. आज मिति २०६९/१०/११ गते बिहिवार दिँउसो ११ बजे पछिको समय, अर्घाखाँची जिल्ला मरेङ्ग गा.वि.स. रानीचौर गाउँ वडा नं ४ स्थानमा प्रेमबहादुर बिकका घरमा निम्न धार्मिक गीत सवाईहरू गाइयो। उक्त गीतको स्रोत व्यक्ति हुनुहुन्छ।

१. प्रमुख व्यक्ति प्रेमबहादुर विक उमेर ७५ वर्ष पुलिङ्ग। सङ्कलकः मेघनाथ आचार्य।

७. आज मिति २०६९/१०/११ गते बिहिवार दिँउसो ११ बजे पछिको समय, अर्घाखाँची जिल्ला मरेङ्ग गा.वि.स. देउराली ८ निवासी श्री मुमलाल पाण्डे वर्ष ७६, पुलिङ्ग, समय १२ बजे निम्न सवाई गाइयो। सङ्कलकः मेघनाथ आचार्य।

८. आज मिति २०६९/०३/०२ गते शनिबार अर्घाखाँची जिल्ला वाङ्ला गा.वि.स. २ आइतपूर जनार्जन आचार्यका घरमा दिउसो १ बजे विवाहमा गाउने मागलगीत (मङ्गल गीत) गाइयो जसका स्रोत व्यक्ति हुनुहुन्छ –

| व्यक्तिको नाम र थर | उमेर | लिङ्ग |
|---|---|---|
| मिना आचार्य | ६४ | स्त्रीलिङ्ग |
| अम्बिका आचार्य | ७० | स्त्रीलिङ्ग |
| गीता आचार्य | ४३ | स्त्रीलिङ्ग |

उक्त गीतमा मिना आचार्यले अहम् भूमिका निर्वाह गर्नु भएको छ। सङ्कलकः– मेघनाथ आचार्य।

९. अर्घाखाँची जिल्लाको डिभर्ना गा.वि.स. वडा नं. २ भैस्थलामा मिति २०६९/३/१० गते चिरन पौडेलको विवाह भयो। उक्त दिन रत्यौली वा जिउँतीको सुरुवातमा जोरवत्ती बालेर (जोरवत्ती बाल्नुको अर्थ एक दुलाहाको अर्को दुलहीको वत्ती) दिन रात ननिभाउने यसले गर्दा दुलाहा दुलहीको लामो आयु हुने कथन छ। यसरी जोरवत्ती बाली सकेपछि जिउँती गीत धार्मिक दृष्टिले महत्त्वपूर्ण हुने चलन छ।

गीत गाउँदा मङ्गलाचरण गाउने चलन छ। स्रोत व्यक्तिहरू –

| व्यक्तिको नाम र थर | उमेर | लिङ्ग |
|---|---|---|
| शशिकला पौडेल | ६० | स्त्रीलिङ्ग |
| घनकला पौडेल | ७५ | स्त्रीलिङ्ग |
| मीना खनाल | २६ | स्त्रीलिङ्ग |
| रिमा आचार्य | २७ | स्त्रीलिङ्ग |
| रमादेवी खनाल | ५७ | स्त्रीलिङ्ग |
| सुमित्रा खनाल | ५३ | स्त्रीलिङ्ग |
| भीमकला आचार्य | ५५ | स्त्रीलिङ्ग |
| दीपकला खनाल | ४९ | स्त्रीलिङ्ग |

आदि महिलाहरूको उपस्थिती थियो। सङ्कलकः– मेघनाथ आचार्य।

१०. आज मिति २०६९/०६/४ गते बिहिवार ऋषि पञ्चमीका दिन अर्घाखाँची जिल्ला डिभर्ना २, भैस्थला रमादेवी खनालका घर ऋषि पञ्चमीको पूजा सकेर ठीक ३ बजे तीजगीत गाइयो । उक्त गीतका श्रोत व्यक्तिहुनुहुन्छ –

| **व्यक्तिको नाम थर** | **वर्ष** | **लिङ्ग** | **ठेगाना** |
|---|---|---|---|
| रमादेवी खनाल | ५७ | स्त्रीलिङ्ग | डिभर्ना २, भैस्थला |
| श्रृजना खनाल | ३४ | स्त्रीलिङ्ग | डिभर्ना २, भैस्थला |
| सुमित्रा खनाल | ५३ | स्त्रीलिङ्ग | डिभर्ना २, भैस्थला |
| विष्णुमाया खनाल | २५ | स्त्रीलिङ्ग | डिभर्ना २, भैस्थला |
| मीना खनाल | २६ | स्त्रीलिङ्ग | डिभर्ना २, भैस्थला |
| भीमकला आचार्य | ५५ | स्त्रीलिङ्ग | डिभर्ना २, भैस्थला |
| रिमा आचार्य | २७ | स्त्रीलिङ्ग | डिभर्ना २, भैस्थला |
| दीपकला खनाल | ४९ | स्त्रीलिङ्ग | डिभर्ना २, भैस्थला |
| निर्मला खनाल | २५ | स्त्रीलिङ्ग | डिभर्ना २, भैस्थला |
| मीना आचार्य | २२ | स्त्रीलिङ्ग | डिभर्ना २, भैस्थला |

लगायत अन्य दिदीबहिनीहरू (उक्त गीतमा मजुरा प्रयोग गरिएको थियो ।)

सङ्कलकः– मेघनाथ आचार्य ।

११. आज मिति २०६९/७/१६ गते बिहिवार अर्घा गा.वि.स. वडा नं. १ कोटमा कोटका पुजारी तेजनाथ भुसालबाट निम्न मालसिरी गाइयो । उहाँ त्यस ठाउँमा पुजारी भएर जीवन व्यतित गर्नुभएको छ । उहाँका कैयौं पुस्तादेखि यस अर्घाकोटमा पुजारी भएर आएका थिए । उहाँ त्यही संस्कृति धान्न यहाँ बस्नु भएको रहेछ । मालसिरीको कुरा गरी सकेपछि उहाँले सम्पूर्ण वृत्तान्त बताउनु भएको छ । सुरुमा उहाँद्वारा गाइएको मालसिरी यसप्रकार छ । स्रोत व्यक्ति– तेजनाथ भुसाल वर्ष ६५ पुलिङ्ग अर्घा गा.वि.स. वडा नं १ पार्थवाङ्ग कोट ।

सङ्कलक : मेघनाथ आचार्य ।

१२. आज मिति २०६९/०७/१३ गते पूर्णिमाका दिन अर्घा गा.वि.स. वडा नं. १ पाथ्रवाङ्गमा साँझ बेलबहादुर गन्धर्वका घर निम्न मालसिरी गाइयो । उक्त मालसिरी कोटमा केवल वाक्खै बेगर केही भएन । आलम समात्ने र सराय निकाल्ने बाहेक अरु नभएर मालसिरी गाउने व्यक्ति खोजी उक्त मालसिरी गाइएको थियो । स्रोत व्यक्ति बेलबहादुर गन्धर्व उमेर ७० वर्ष, अर्घाखाँची जिल्ला, अर्घा १, कोट पाथ्रवाङ्ग गाउँ । सङ्कलक : मेघनाथ आचार्य ।

१३. आज मिति २०६९/१०/११ गते बिहिवार दिँउसो ११ बजे पछिको समय, अर्घाखाँची जिल्ला मरेङ्ग गा.वि.स. रानीचौर गाउँ वडा नं ४ स्थानमा प्रेमबहादुर बिकका घरमा निम्न धार्मिक गीत सोरठी गाइयो । उक्त गीतको स्रोत व्यक्ति हुनुहुन्छ ।

१. प्रमुख व्यक्ति प्रेमबहादुर विक उमेर ७५ वर्ष पुलिङ्ग साथै सहयोगी हुनुहुन्छ ।

२. यमप्रसाद आचार्य वर्ष ४४ मरेङ्ग, ५ फाप्रे ।

उक्त गीतमा मादल, कर्नाल, मुरली जस्ता वाद्यवादन प्रयोग गरिन्छ । तर यहाँ ति उपलब्ध छैनन् । उहाँहरुको भनाइ अनुसार सोरठी गीत गाउने पुराना पुस्तामा प्रेमबहादुर विक वाहेक जानेको अर्को व्यक्ति कोही

भेटिदैन, यो लोप प्रायःभएको छ । उक्त गीत ऋतुकालीन भनि स्वीकारिएको छ । प्रस्तुत छ, उहाँहरुबाट गाइएको सोरठी नाचका गीतहरुः-  सङ्कलक : मेघनाथ आचार्य ।

१४. आज मिति २०६९/११/१८ गते शुक्रबार १ बजे अर्घाखाँची जिल्ला अर्घातोष गा.वि.स. धरम्पानी सत्यवती स्थानमा लोकनाथ सुवेदीका घरमा निम्न होली गाइयो । उहाँ होली गाउँदा गाउँदै आठ दशक पार गर्नुभयो । यस गाउँमा होली गाउने उहाँ जत्तिको अरु कुनै व्यक्ति छैन । विभिन्न गाउँका मानिसद्वारा र वहाँकै कथनद्वारा पनि बुझिन्छ । उक्त होलीहरू यस प्रकार छन् ।

१५. आज मिति २०६९/२/२७ गते शनिबार अर्घाखाँची जिल्ला अर्घातोस गा.वि.स. चौरी ६ निवासी मणिराम खनाल वर्ष ५० पुरुष उहाँकै घरमा दिउसो १२ बजे उक्त होली गीत गाइयो । स्रोत व्यक्ति हुनुहुन्छ मणिराम खनाल ५० वर्ष । संकलकः– मेघनाथ आचार्य ।

# सन्दर्भ सामग्रीसुची


अधिकारी, हेमाङ्गराज, **पूर्वीय समालोचना सिद्धान्त,** छैटौं सं., काठमाडौंः साझा प्रकाशन, २०५६ ।

आचार्य, गोविन्द, **लोकगीतको विश्लेषण,** काठमाडौं : पैरवी प्रकाशन, २०६२ ।

आचार्य, नारायण, **अर्घाखाँची जिल्लाका ऐतिहासिक स्थलहरु**, अर्घाखाँचीः कर्मचारी मिलन केन्द्र, २०५३ ।

अर्घाखाँची जिल्ला कार्य समिति, **अर्घाखाँची जिल्लाको संक्षिप्त परिचय,** गा.वि.स. आवाज, अर्घाखाँचीः जिल्ला कार्य समिति, २०६६ ।

काफ्ले, दिलिपकूमार, 'नेपाली लोक साहित्यको अनूसन्धान परम्परा' अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौंः नेपाली केन्द्रीय विभाग, २०५८ ।

घिमिरे, कृष्णप्रसाद 'पटौटी गाउँ पञ्चायतका लोक गीतहरुको विश्लेषणात्मक अध्ययन' अप्रकाशित, भिजेल प्रोफाइल, त्रि.वि.रा.वि.से.२०४२ ।

—————————— **अनुसन्धानात्मक समालोचना**, काठमाडौंः कला बुक्स सेन्टर, २०६९ ।

—————————— **समय, सन्दर्भका समीक्षा**, काठमाडौंः कला बुक्स सेन्टर, २०६९ ।

चूँदाली, माधवराज 'अर्घाखाँची जिल्लाको साहित्यिक योगदान', अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौंः नेपाली केन्द्रीय विभाग, २०५५ ।

चूँदाली, हरिप्रसाद 'गूल्मी जिल्लामा प्रचलित लोकभजनको सङ्कलन वर्गीकरण तथा विश्लेषण' अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुरः नेपाली केन्द्रीय विभाग २०६३ ।

जिल्ला विकास समिति, **जिल्ला विकास योजना,** जिल्ला विकास समितिको कार्यालय, अर्घाखाँचीः जिल्ला परिषद, २०६६/६७ ।

न्यौपाने, कुसुमाकर, "गण्डकी अञ्चलमा प्रचलित नेपाली लोकगीतः एक अध्ययन", **प्रज्ञा,** अङ्क २ पूर्णाङ्क १०४, काठमाडौंः नेपाल प्रज्ञा प्रतिष्ठान, २०६७ पृ. ८९-११३ ।

पन्त, नयराज **इतिहास संशोधन प्रमाण प्रमेय,** काठमाडौंः राष्ट्रिय अभिलेखालय, २०१९ ।

पराजूली, उत्तरकूमार, **अर्घाखाँचीलाई सम्झने सूत्रहरु,** अर्घाखाँचीः कर्मचारी मिलन केन्द्र, २०६७ ।

पराजुली, कृष्णप्रसाद, **नेपाली लोकगीतको आलोक**, काठमाडौंः वीणा प्रकाशन, २०५७ ।

पोखेल, लक्ष्मी 'अर्घाखाँची जिल्लाका लोक गीतहरुको सङ्कलन, वर्गीकरण र विष्लेषण' अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौंः नेपाली केन्द्रीय विभाग, २०६३ ।

थापा, धर्मराज र हंसपूरे सूवेदी, **नेपाली लोक साहित्यको विवेचना**, काठमाडौँः पाठ्यक्रम विकास केन्द्र, २०४१ ।

भट्टराई, रमेशचन्द्र 'अर्घाखाँची जिल्लामा प्रचलित नेपाली लोककथाको अध्ययन' अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपूरः नेपाली केन्द्रीय विभाग, २०६४ ।

भूसाल, तेजनाथ, **भु-उद्यान,** अर्घाखाँचीः भूसाल मण्डल, २०६८ ।

श्री ५ को सरकार, **मेचीदेखि महाकालीसम्म,** सञ्चार मन्त्रालय, भाग ३, काठमाडौँः सुचना विभाग, २०३१ ।

बन्धु, चूडामणि, **नेपाली लोहसाहित्य**, काठमाडौँः एकता बुक्स, २०६९ ।

________________ **अनुसन्धान तथा प्रतिवेदन लेखन,** काठमाडौँः रत्न पुस्तक भण्डार, २०५२ ।

शर्मा, पूष्करनाथ, **अर्घाखाँची एक संक्षिप्त चिनारी,** काठमाडौँ, अर्घाखाँची सम्पर्क सदन, २०४३ ।

श्रेष्ठ, ईश्वरकुमार, **पूर्वीय एवं पाश्चात्य साहित्य समालोचना**, तेस्रो सं., काठमाडौँः साझा प्रकाशन, २०५१ ।

श्रेष्ठ, दयाराम, **साहित्यको इतिहासः सिद्धान्त र सन्दर्भ**, काठमाडौँः त्रिकोण प्रकाशन, २०५९ ।